CC-0. In Public Domain. Digitization by eGangotri

आं०
नेपाली

अनिवार्य नेपाली

(नेपाली व्याकरण: खण्ड १)

शिक्षण निर्देशन



प्रकाशक

पाठ्यक्रम विकास केन्द्र
त्रिभुवन विश्वविद्यालय
काठमाडौं, नेपाल
२०३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनिवार्य नेपाली शिक्षण निर्देशन

(नेपाली व्याकरण: खण्ड १)

श्री आं.अा. २३६

पाठ्यक्रम विकास केन्द्र
त्रिभुवन विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनिवार्य नेपाली शिक्षण-निर्देशन

२०३६

(संशोधन र परिमार्जन २०३८)

लेखक तथा परिमार्जन कर्ताहरू

डा० बासुदेव त्रिपाठी

डा० बल्लभमणि दाहाल

डा० चूडामणि बन्धु

श्री मोहनराज शर्मा

श्री गोपीकृष्ण शर्मा

श्री हेमाङ्गराज अधिकारी


श्री वलदेव जुजू

त्रिभुवन विश्वविद्यालय

पाठ्यक्रम विकास केन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



491.495
PAT

92388

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न अध्ययन संस्थानमा पढाइने अनिवार्य नेपालीको पाठ्यक्रमहरूको एकीकरण गरी एउटै किसिमको पाठ्यक्रम बनाउने र विभिन्न विषयका पाठ्यपुस्तक तथा सहायक र सन्दर्भ पुस्तकहरू पनि क्रमश: तयार गर्दै जाने त्रि०वि० पाठ्यक्रम विकास केन्द्रको उद्देश्य भएको कुरा विद्वान शिक्षकहरूलाई भनिरहनु आवश्यक छैन। एकातिर स्तरीय पाठ्यसामग्री तयार गर्न निकै समय लाग्ने र अर्कोतिर वर्तमान समयमा विविध विषयका पाठ्य सामग्रीको तीव्र अभाव भएको कुरा पनि अनुभव गरिएकै हो । यस्तै प्रकारका अनुभवको परिणामस्वरूप यस शिक्षण निर्देशनको निर्माण २०३६ सालमा भएको हो । त्यस समयको शिक्षक खाँचो टार्नु नै त्यसको उद्देश्य थियो ।

तर २०३७ सालमा त्रि.वि. अन्तर्गत वार्षिक प्रणाली लागू भएबाट अनिवार्य नेपालीका पाठ्यक्रममा संशोधन हुनाको साथै केही मात्रामा पाठ्यवस्तुमा पनि हेरफेर भएकाले समेत अनिवार्य नेपाली शिक्षण निर्देशनमा संशोधन आवश्यक हुन आयो । यस प्रयोजनका निम्ति त्रि.वि. पा.वि.के द्वारा गठित परिमार्जन कार्यटोलीले उक्त परिप्रेक्ष्यमा शिक्षण निर्देशनको संशोधन गर्नाका साथै सैद्धान्तिक कुरा, शिक्षण प्रक्रिया र मूल्यांकन प्रक्रियामा पनि अत्यावश्यक देखिएका ठाउँमा थपघट गरी यस शिक्षण निर्देशनलाई वर्तमान रूप दिइएको हो ।

यो निर्देशिका प्रवीणता प्रमाणपत्र र स्नातक स्तरमा अनिवार्य नेपाली पढाउने शिक्षकहरूका आवश्यकतालाई ध्यानमा राखेर तयार गरिएको हो । यसबाट आवश्यक सामग्री लिएर विद्यार्थीहरूलाई दिन सकिन्छ, तर विद्यार्थीलाई पूरै शिक्षण निर्देशन पढ्ने सिलाह दिनु व्यावहारिक हुने छैन । यस कारण शिक्षकका निम्ति भनेर सीमित मात्रामा यसको प्रकाशन गरिएको छ ।

यसमा विशेष गरी पाठ्य विषयको सैद्धान्तिक व्याख्या, शिक्षण विधि र मूल्यांकन विधि दिइएका छन् । प्रमाणपत्र र स्नातक स्तरका पाठ्यविषयहरू एकै ठाउँमा राखिएका छन् र तदअनुसार विषयहरूको विवेचना र शिक्षण तथा मूल्यांकन विधिहरूका प्रयोगमा जोड दिइएको छ । शिक्षकले शिक्षणका क्रममा यस शिक्षण निर्देशिकाका सामग्रीको छनोट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरी प्रयोग गर्नु र आवश्यकता अनुसार अन्य शैक्षिक सामग्रीको पनि समावेश गर्नु बा)-छनीय छ ।

यस निर्देशनका ठाउं-ठाउंमा व्याकरणको परम्परागत परिभाषा र वर्गीकरणसंग नमिल्ने कुरा पनि देखिनेछन्. । भाषा र भाषाका तत्वलाई अनेक कारणबाट हेर्न सकिन्छ र यहां दिइएका भन्दा बेग्लै परिभाषा र वर्गीकरण पछि पछि पनि आउलान्-नेपाली भाषिक चिन्तनका क्रममा ।तर यस निर्देशिकामा न त परम्पराको पूर्ण मात्रामा पालन गरिएका छ न परम्परासंग पूरै सम्बन्ध विच्छेदनै । यसमा धेरै ठाउंमा परम्परा पालन र केही ठाउंमा समन्वयात्मक मध्यममार्ग लिएको पाइएला ।

अन्तमा हामी के कुरामा जोड दिन चाहन्छौं भने यस निर्देशिकामा परेका कुरा नेपाली भाषाको पठन-पाठनका क्रममा नेपालीका शिक्षक-हरूको चिन्तन, मनन, अध्ययन र अनुभवका साझा परिणाम हुन् । यस सन्दर्भमा नेपाली पढाउने शिक्षकका कार्यशाला र गोष्ठीका सुझाउ-हरू विशेषरूपले उल्लेख्य छन् । शिक्षकका कुरा तपाईं शिक्षकहरूलाई नै अर्पण गर्दा कार्यटोलीका सदस्यहरूका नाताले हामीलाई केही भन्न भन्नु हुन्छ भन्ने हामी यति नै भन्छौं :

त्वदीयं वस्तु गोविन्द, तुभ्यमेव समर्पये ।

अनिवार्य नेपाली शिक्षण निर्देशन
परिमार्जन कार्यटोली
२०३८

:कमल:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुई शब्द

त्रि० वि० का विभिन्न अध्ययन संस्थानहरूमा पढाइ हुने अनिवार्य विषयहरू (नेपाली, अंग्रेजी एवं नेपाल परिचय) को अध्यापन मूल्यांकनका स्थितिलाई निर्देशित एवं सुव्यवस्थित जिम्मेवारी पाठ्यक्रम विकास केन्द्रमा रहेअनुसार यसले उक्त विषयहरूका पाठ्यक्रम बनाउने, परिमार्जन गर्ने कार्यका अतिरिक्त समय समयमा अध्ययन-अध्यापनको स्थितिमा उत्तरोत्तर सुधारका निम्ति कार्यशाला गोष्ठीहरूको पनि आयोजना गर्दै आएको छ । अध्ययन अध्यापनमा स्वरूपता ल्याउने एवं गुणात्मकताको वृद्धि गर्ने उद्देश्यबाट उक्त विषयका विषय समितिहरूका सिफारिसअनुसार बेलाबेलामा अध्यापनलाई सहायक हुने पाठ्य-सामग्रीहरू तैयार गराई शिक्षकहरू समक्ष प्रस्तुत पनि गरिएको छ ।

प्रस्तुत पाठ्य-सामग्री 'अनिवार्य नेपाली शिक्षण निर्देशिका' अनिवार्य नेपालीका पाठ्यांशहरूसित सम्बन्धित छ । २०३६ सालमा यसको निर्माणका निम्ति गठित कार्य टोलीका सदस्यहरूका साथै २०३९ सालमा कार्यरत परिमार्जन टोलीका सदस्यहरूको परिश्रमको फलस्वरूप तैयार भएको यस निर्देशिकाले अनिवार्य नेपालीको शिक्षणमा लागेकाहरूलाई केही मात्र सघाउन सक्यो भने पनि पाठ्यक्रम विकास केन्द्रको प्रयत्न फलप्रद नै भएको मान्न सकिएला ।

शिक्षकहरूबाट शिक्षकहरूका निम्ति तैयार गरिएको प्रस्तुत सामग्री शिक्षकहरूकै निम्ति समर्पण छ । अन्त्यमा प्रस्तुत निर्देशिका तैयार गर्ने कार्यटोलीलाई धन्यवाद दिन चाहन्छौं ।

निर्देशक
पाठ्यक्रम विकास केन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रका आयोजनामा
अनिवार्य नेपाली विषयको
शिक्षण निर्देशिका-परिमार्जन कार्यटोलीद्वारा परिमार्जित
अनिवार्य नेपाली शिक्षण निर्देशिका -२०३९
(प्रवीणता प्रमाणपत्र र स्नातक दुवै तहको निम्ति)

१. प्रस्तुत शिक्षण निर्देशिकाको निर्माण र परिमार्जन प्रक्रिया

(१) प्रस्तुत शिक्षण निर्देशनको प्रारूपलाई अनिवार्य नेपाली क्षेत्रीय अभिमुखीकरण कार्यशालाहरू (२०३५ जेठ - असार) मा सामग्रीका रूपमा प्रयोग गरी ती कार्यशालाबाट प्राप्त अनुभव र सुझाउसमेतका आधारमा परिमार्जित गरी २०३६ सालमा पहिलो पल्ट प्रस्तुत गरिएको थियो ।

(२) २०३९ सालमा अनिवार्य नेपाली विषयको पाठ्यक्रममा थपघट गरी संशोधन गरिएकाले सो अनुरूप यस शिक्षण निर्देशनमा पनि संशोधन गर्नै क्रममा विगत वर्षहरूमा प्राप्त शैक्षणिक अनुभव समेतका आधारमा अद्यावधिक तुल्याई यसलाई २०३९ सालमा गठित कार्यटोलीद्वारा वर्तमान रूप दिइएको हो ।

(३) शिक्षण कार्यमा यो संशोधित शिक्षण-निर्देशिका प्रयोग गर्दा प्राप्त अनुभवका आधारमा त्रि० वि० पा० वि० कें० अनिवार्य नेपाली विषय समितिमा सुझाउहरू पठाउन संबन्धित शिक्षकहरूलाई आग्रह गरिन्छ । यसरी प्राप्त हुने सुझाउहरू उपर विचार गरी यस शिक्षण निर्देशिकालाई अरू परिमार्जित तुल्याई अन्तिम रूप दिइनेछ ।

२. (अनिवार्य नेपाली शिक्षण सम्बन्धी सामान्य निर्देशन,

(१) अनिवार्य नेपाली पाठ्यक्रम र शैक्षणिक प्रक्रिया

वार्षिक प्रणाली अन्तर्गत प्रमाणपत्र र स्नातक दुवै तहमा सामान्य नेपाली र विशेष नेपाली गरी दुई प्रकारका पाठ्यक्रम छन् । सामान्य नेपाली पाठ्यक्रम १०० पूर्णाङ्कका र तदनुसार वार्षिक प्रतिहप्ता ५ पाठ-घण्टाका छन् भने विशेष नेपालीका पाठ्यक्रमहरू चाहिं ५० पूर्णाङ्कका र तदनुसार वार्षिक प्रतिहप्ता २-३- अर्थात ३ पाठघण्टाका छन् । १०० पूर्णाङ्कका सामान्य नेपाली पाठ्यक्रम अन्तर्गत दुई पाठ्यांश छन् भने विशेष नेपाली पाठ्यक्रम अन्तर्गत चाहिं ५० पूर्णाङ्कको एउटै पाठ्यांश छ । अर्धवार्षिक सत्र प्रणालीका तुलनामा हाल प्रचलित वार्षिक सत्र प्रणाली अन्तर्गत हुने पाठ्यांश पढाउने शिक्षण समयावधि दोब्बर (पहिलेको ६ महीनाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तुलनामा हाल एक वर्ष) भएकाले त्यसको पाठघण्टा भार चाहिं आधा हुन आएको तथ्य तर्फ ध्यान दिनु अपेक्षित छ । यस परिप्रेक्ष्यमा अनिवार्य नेपाली विषयका प्रवीणता प्रमाणपत्र र स्नातक तहका विभिन्न पत्र र ती पत्र अन्तर्गतका पाठ्यांशहरूको शिक्षणमा निम्नलिखित अनुसार शिक्षण भारको वितरण गर्नु आवश्यक छ :-

तह	पत्र र पुर्णाङ्क	पाठ्यांश र पूर्णाङ्क	वार्षिक प्रति हप्ता पाठघण्टा
प्रवीणता प्रमाणपत्र	प्रथम: सामान्य नेपाली - १००	(क) नेपाली १७१ नेपाली व्याकरण ४० अंक	२ पाठघण्टा
		(ख) नेपाली १७२ नेपाली बोध र अभिव्यक्ति ६०अंक	३ पाठघण्टा
	द्वितीय: विशेष नेपाली -५०	नेपाली २७१ विशेष नेपालीको अध्ययन ५० अंक	२-१/२-पाठघण्टा
स्नातक	प्रथम: सामान्य नेपाली - १००	(क) नेपाली ३७१ नेपाली व्याकरणको विस्तृत अध्ययन ५०अंक	२-१/२-पाठघण्टा
		(ख) नेपाली ३७२ नेपाली बोध र अभिव्यक्तिको वृी वृस्तृत अध्ययन ५०अंक	२-१/२-पाठघण्टा
	द्वितीय: विशेष नेपाली - ५०	नेपाली ४७१ (कानुनी नेपाली) ५० अंक	२-१/२-- ३ पाठघंटा

उपर्युक्त विभिन्न पत्र र तिनका पाठ्यांशहरू विभिन्न एकाइहरूमा वितरित छन् तर ती एकाइहरू पाँच पाठघण्टे सत्र प्रणालीमा झैं समानरूपमा वितरित भएँ छैनन् बरू निम्नलिखित दुई प्रकारका छन् :-

(क) २० अंकका र वार्षिक प्रतिहप्ता १ पाठघण्टा भार भएका ।

(ख) १० अंकका र वार्षिक प्रतिहप्ता १/२-पाठघण्टा भार भएका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सत्र प्रणाली अन्तर्गत प्रत्येक एकाइका निम्ति १० अंक र प्रति सत्र प्रति हप्ता एक पाठघण्टा र तदनुसार जम्मा १५ कक्षा घण्टाको निर्धारण गरिएको थियो भने हाल चालु वार्षिक प्रणाली अन्तर्गत उपर्युक्त दुई प्रकारका एकाइहरूका निम्ति निम्नलिखित अनुसार जम्मा कक्षा घण्टा अपेक्षित हुने हुनाले तदनुरूप पठनपाठनको व्यवस्था गर्नु आवश्यक छ :-

एकाइको किसिम	एकाइगत अंक	एकाइगत पाठघण्टा	एकाइगत जम्मा कक्षा घण्टा
(क)	२०	१	३०
(ख)	१०	१/२	१५

माथिको तालिकामा (ख) समूह अन्तर्गत उल्लेख गरिएका एकाइहरूको पठनपाठन गर्दा वार्षिक प्रतिहप्ता १/२-पाठघण्टाको हिसाबले कक्षा लिनु सम्भव नभएकोले सो पत्र अन्तर्गतको यस्तै अर्को एकाइसंग जोडा मिलाई यस्ता एकाईको पठनपाठनका निम्ति १ पाठघण्टाकै प्रयोग गर्नु आवश्यक छ । तर जम्मा ५० पूर्णांक मात्र भएकाद्वितीयपत्र विशेष नेपालीका भने यस्ता १० अंक वा आधा पाठघण्टा भार भएका एकाइका निम्ति पूरै एक पाठघण्टा भार दिई पठन पाठनको संचालन गरी त्यस एकाइका निम्ति जम्मा कक्षा घण्टा १५ सम्म मात्र लिने व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

प्रत्येक एकाइका शिक्षणका क्रममा त्यस एकाइको शिक्षण गर्नुपर्ने जम्मा कक्षा घण्टीमध्ये त्यसको ८० प्रतिशत कक्षा घण्टीभित्र सम्बन्धित एकाइको शिक्षण सामान्यतः पूरा गरी बाँकी २० प्रतिशत कक्षा घण्टामा त्यस एकाइको विषयवस्तुको शिक्षणको पुनरावृत्ति (एकाइ छलफल र प्रश्नोत्तर आदि) र मूल्यांकनका निम्ति दिइनु आवश्यक छ । यस कुरालाई निम्नलिखित तालिकाद्वारा स्पष्ट्याइएको छ :-

एकाइको किसिम	एकाइगत अंक	एकाइगत पाठघण्टा	एकाइगत जम्मा कक्षा घण्टा	एकाइगत विषयवस्तु शिक्षण	पुनरावृत्ति र मूल्यांकन
(क)	२०	१	३०	२४ कक्षाघंटा	६ कक्षा घण्टा
(ख)	१०	१/२	१५	१२ कक्षाघंटा	३ कक्षा घण्टा

(२) शैक्षणिक प्रक्रियाबारे सामान्य निर्देशन

१) प्रत्येक पत्र पाठ्यांश वा एकाइ पढाउनुभन्दा आदि छोटकरीमा त्यसको उद्देश्य पाठ्य विषयवस्तुको रूपरेखा र पाठ्यसामग्री तथा सन्दर्भसामग्री शिक्षकले कक्षामा विद्यार्थीहरूलाई बताइदिनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२) अनिवार्य नेपाली विषयको शिक्षण गर्दा कछुवा या खरायोको गति (ज्यादै ढीलो र ज्यादै तन्नेताने) नगरी उपलब्ध पाठघण्टा र पढाउनु पर्ने विषय वस्तुमा सामन्जस्य आउने एकाइ-योजना अनुसार संबन्धित विषयवस्तुका मुख्य मुख्य बुंदाका आधारमा त्यस विषयवस्तुको मर्म बुझाउंदै पर्याप्त अभ्यास गराउनुपर्छ ।

३) भाषा शिक्षणका विभिन्न कुरा प्राय: एक अर्कासंग सापेक्ष र सम्बन्धित रहन्छन् । उदाहरणार्थ वर्णविन्यास शिक्षण शब्द निर्माण प्रक्रिया वाक्य रचनासित सापेक्षित रहन्छ । त्यसैले कुनै खास विषय वस्तु शीर्षक वा एकाइ पढाइसकेपछि अर्को विषय वस्तु पढाउंदा पनि पहिले पढाइ-सकेका विषय वस्तुसंग मिल्दोजुल्दो वा सम्बन्धित प्रसंग आएमा शिक्षकले सो पूर्व प्रसङ्गका बारेमा संकेत उल्लेख प्रश्नोत्तर आदि गर्नु वान्छनीय छ ।

४)(क) प्रत्येक एकाइका शीर्षक एवं उपशीर्षकहरू पढाउंदा लाग्ने समयको बांडफांड गरी एकाइ-अध्यापन-योजना बनाएर त्यसका आधारमा प्रत्येक घण्टीमा आफूले कै कति विषय वस्तु कुन विधिमले पढाउने भन्ने कुरामा सुनिश्चित हुन शिक्षकहरू प्रत्येक पाठ्यांशका अन्त्यमा दिइएका सहायक सामग्री, सन्दर्भ सामग्री र अन्य उपयुक्त सामग्रीहरूका साथै प्रस्तुत अनिवार्य नेपाली शिक्षण निर्देशन पनि पहिले नै अध्ययन गरी तिनका मन्थनबाट आफूले पढाउने निजी टिपोट तयार पारी त्यसआधारमा शिक्षण गरिनु पर्छ ।

(ख) अनिवार्य नेपाली विषयको पाठ्यक्रम अन्तर्गत प्रत्येक पाठ्यांशका अन्त्यमा सम्बन्धित पाठ्यांश र तत्सम्बन्धी शैक्षिक सामग्रीको प्राप्यताको स्थिति अनुरूप पाठ्यपुस्तक, शैक्षिक सामग्री, सहायक सामग्री र सन्दर्भ सामग्री आदि दिइएका छन् । अनिवार्य नेपाली शिक्षणलाई जुन दिशातिर उन्मुख तुल्याउंदै त्यस परिप्रेक्ष्यमा उपयुक्त वा कामचलाउ शैक्षिक सामग्री पाउने स्थितिमा शैक्षिक सामग्रीका रूपमा पाठ्यपुस्तकहरू नै तोकिएका छन् भने त्यस्ता पाठ्यपुस्तक उपलब्ध नरहेका स्थितिमा चाहिं सहायक सामग्रीको व्यवस्था गरिएको छ र उपर्युक्त दुवै स्थितिमा पठन-पाठन कार्यलाई अझ सघन र निखार बनाउन विशेष सहयोगी हुन सक्ने सामग्री-लाई चाहिं खासगरी सन्दर्भ सामग्रीका रूपमा दिइएको छ । विभिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाठ्यांशका सन्दर्भमा उपर्युक्त विभिन्न स्थितिलाई निम्नलिखित अनुसार अझ स्पष्ट्याउन सकिन्छ :-

अ) शैक्षिक सामग्री

शैक्षिक सामग्री भन्नाले कुनै पाठ्यांश एकाइ वा उप-एकाइका अध्ययन - अध्यापनका क्रममा प्रयोग गरिने सम्पूर्ण सामग्री हो । यस पाठ्यक्रम प्रति शैक्षणिक सामग्री भन्नाले सामान्यत: सबै प्रकारका शैक्षणिक सामग्री पर्दछन्, तापनि कुनै खास पाठ्य विषयवस्तुका पठन-पाठनका निम्ति प्रयोग हुनसक्ने निर्धारित पाठ्यपुस्तकहरूलाई वा सहायक सामग्रीलाई समेत पनि कहीं कहीं शैक्षिक सामग्रीका रूपमा राखिएको छ ।

आ) पाठ्यपुस्तक

पाठ्यांश, एकाइ वा उप-एकाइका पाठ्य विषयवस्तुलाई ढाक्नसक्ने मूल शैक्षिक सामग्री उपलब्ध छन् भने त्यस्ता स्थितिमा यस पाठ्यक्रम अन्तर्गत पाठ्यपुस्तककै व्यवस्था गरिएको छ ।

इ) सहायक सामग्री

सम्बन्धित पाठ्यांशका पाठ्य विषयवस्तुहरूलाई ढाक्नसक्ने पाठ्यक्रम अनुरूपको एउटै पाठ्यपुस्तक उपलब्ध नभएको र विभिन्न पुस्तकहरूबाट सम्बन्धित अंशहरू बटुली शैक्षिक सामग्री प्राप्त गर्नुपर्ने अवस्था जहां-जहां रहेको छ, ती पाठ्यांशका निम्ति नै प्राय: यस पाठ्यक्रममा सहायक सामग्रीको प्रयोग गरिएको छ । कहीं-कहीं चाहिं पाठ्यपुस्तक उपलब्ध हुंदाहुंदै पनि ती अति अपर्याप्त भई विशेष ज्ञान र अभ्यासका निम्ति अन्य पुस्तक-पत्रिकाहरूको उपयोग पनि अत्यावश्यक भएको स्थितिमा सहायक सामग्रीका रूपमा सहायक पुस्तक र पत्रिका-हरूको निर्धारण पनि यस पाठ्यक्रममा गरिएको छ । यसरी सहायक सामग्रीका रूपमा निर्धारित पुस्तकहरूको उपयोग शिक्षकले गर्दा जुन प्रसंग पढाउनु छ त्यसका निम्ति उपयुक्त अंश निर्धारित विभिन्न पुस्तकहरूबाट लिई आफ्ना शैक्षणिक टिपोट तयार पार्नु पर्दछ । यसका निम्ति यस निर्देशनअन्तर्गत पनि ठाउं-ठाउंमा आवश्यक परामर्श दिइएको छ । यस पाठ्यक्रममा सम्बन्धित अंश भनी तोकिएका सहायक सामग्रीको प्रयोग गर्ने क्रममा प्रत्येक सामग्रीका सम्बन्धित पृष्ठ वा परिच्छेदहरूको संस्करण अनुरूप स्पष्ट उल्लेख गरी शिक्षकले कक्षामा विद्यार्थी-हरूलाई टिपाइदिनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ई) सन्दर्भ सामग्री

दुवै पाठ्यांशका पाठ्य विषयवस्तुको पठन-पाठनका क्रममा शैक्षिक सामग्रीको निर्धारण गर्दा पाठ्यपुस्तक र । वा सहायक सामग्री (सहायक पुस्तक र पत्रिकासमेत) दिइएका साथै प्राय: सन्दर्भ सामग्रीको पनि व्यवस्था गरिएको छ । यस प्रकारको सन्दर्भ सामग्री सम्बन्धित विषयवस्तुको अझ सघन र विस्तृत पठन-पाठनका निम्ति विशेष सहायता पुग्ने सु, भन्ने हेतुले राखिएको हो । त्यसैले शिक्षकले आफ्नो शैक्षणिक टिपोट तयार गर्दा अनिवार्य रूपले सन्दर्भ सामग्रीका सम्बन्धित अंशको प्रयोग गर्नु पर्दछ र विद्यार्थीहरूलाई पनि कक्षामा सन्दर्भ सामग्री अन्तर्गतका पुस्तक - पत्रिका आदिको सम्वन्धित पृष्ठ र परिच्छेदको संस्करणअनुरूप स्पष्ट उल्लेख गरी टिपाइदिनु पर्दछ ।

सहायक सामग्री र सन्दर्भ सामग्रीको प्रयोग गर्ने प्रसंगलाई व्याकरणसम्वन्धी पाठ्यांश वा एकाइहरूसंग सम्वन्धित एक उदाहरण दिई अझ स्पष्ट पार्न सकिन्छ । प्रवीणता प्रमाणपत्र तहको प्रथम पत्र अन्तर्गतको पाठ्यांश नेपाली १७१ नेपाली व्याकरणको अध्ययन वा स्नातक तहको प्रथम पत्र अन्तर्गतको पाठ्यांश नेपाली ३७१ नेपाली व्याकरणको विस्तृत अध्ययन पढाउने सिलसिलामा सहायक सामग्रीअन्तर्गत उल्लेख गरिएका व्याकरणसम्वन्धी पुस्तकहरू आवश्यक सैद्धान्तिक आधार र नियमका निम्ति प्रयोग गर्नु पर्दछ र सन्दर्भ सामग्री अन्तर्गत दिइएका पुस्तकहरू चाहिं ती सैद्धान्तिक आधार र नियमबारे अझ सघन र विस्तृत जानकारीका साथै तिनको प्रयोगात्मक अभ्यासका निम्ति पनि प्रयोग गर्नु पर्दछ । निर्धारित पाठ्य विषयवस्तुका निम्ति उपयोगी हुनसक्ने तहअनुरूपका अन्य पुस्तक र पत्र-पत्रिकाको प्रयोग पनि शिक्षकले आवश्यकताअनुरूप गरे हुन्छ । उदाहरणार्थ : शब्द निर्माण प्रक्रिया सिकाउंदा सहायक सामग्री " मध्यचन्द्रिका " र " रचनाकेशर " आदि सैद्धान्तिक पुस्तक तथा सन्दर्भ सामग्रीमा " शव्द-रचना र वर्ण-विन्यास " आदि पुस्तकका साथै अन्य प्रासंगिक पुस्तक र पत्रिकाको समेत प्रयोग गर्न सकिन्छ । यस्तै उखान-टुक्का निपात, र अनुकरणात्मक शव्द आदिका शिक्षणका निम्ति " नासो " र यस्तै किसिमका अन्य उपयोगी पुस्तकको र पत्रिकाको पनि प्रयोग गर्न सकिन्छ । त्यस्तै तत्सम शव्द निर्माण र संयुक्त र मिश्र वाक्यका निम्ति " गोरखापत्र " आदि पत्रिका र अन्य उपयुक्त ग्रन्थलाई पनि सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५) सन्दर्भसामग्रीअन्तर्गत सहायक सामग्रीका पुस्तकहरूमा प्राप्त हुने आधारभूत सैद्धान्तिक नियमलाई अरू परिपुष्ट, विस्तृत र स्पष्ट पार्न सघाउ दिने खालका सामग्री राखिएका छन् । यदि सहायक सामग्री र संदर्भसामग्रीका सैद्धान्तिक कुराहरू बाझिएमा प्रचलनमा स्वीकृत र मान्य रहेका नियमलाई नै अङ्गीकार गर्नु उपयुक्त हुन्छ । व्याकरण शिक्षणका प्रसङ्गमा पनि यस सन्दर्भमा अनिवार्य नेपाली विषयको अभिमुखीकरण क्षेत्रीय कार्यशाला गोष्ठीहरू (विराटनगर, पाल्पा र काठमाडौं, २०३५) मा त्रि० वि० का नेपाली शिक्षकहरूको छलफलबाट यस प्रकारको निष्कर्ष प्राप्त भएको कुरा स्मरणीय छ :-

(क) व्याकरणका नियमहरूका दृष्टिले " मध्यचन्द्रिका " र अन्य व्याकरण - ग्रन्थ परस्पर बाझिएमा " मध्यचन्द्रिका " लाई प्रामाणिक मान्ने ।

(ख) " मध्यचन्द्रिका का नियम र शिष्ट प्रचलन बाझिएमा शिष्टप्रचलनलाई प्रामाणिक मान्ने ।

(ग) शिष्ट प्रयोगमै मतभेद पर्न गएमा बहुसंख्यक शिष्टहरूको प्रयोगलाई प्रामाणिक मान्ने ।

६) भाषिक अभ्यासकार्यलाई अरू प्रभावपूर्ण र सक्रिय बनाउन पाठका मुख्य - मुख्य बुंदा, सहायक सामग्री, सन्दर्भ सामग्री वा अन्य सामग्रीहरूबाट उद्धृत अंश अथवा शिक्षक आफैंद्वारा निर्मित सामग्रीहरू पाठपत्र (हस्तपत्र) का रूपमा कक्षामा यथाशक्य वितरण गरिनु वाञ्छनीय छ ।

७) अनिवार्य नेपालीको पाठ्यांशको उद्देश्य सैद्धान्तिक ज्ञानका पृष्ठभूमिमा भाषिक अभ्यास गराउने भएकोले संबन्धित पाठ्यांश, एकाइ वा उपएकाइको प्रकृति हेरी यस किसिमका पाठ्यांश पढाउँदा निर्धारित पाठघण्टा वा कक्षाघण्टाको आधादेखि तीन चौथाइ वा सोभन्दा बढीसमय प्रयोग र अभ्यासलाई दिनुपर्छ । उदाहरणार्थ :- नेपाली ९७१ को एकाइ (क) अन्तर्गतको वर्णविन्यास र चिन्ह परिचय तथा शब्द-निर्माण प्रक्रिया र शब्द भण्डारको शिक्षणको कुरा गरौं । यस एकाइअन्तर्गत यी पाँच एकाइहरू छन् :- (अ) वर्णविन्यास सम्बन्धी नियम, (आ) लेख्य चिन्ह परिचय (इ) छपाइशुद्धि, (ई) शब्दनिर्माण प्रक्रिया (उ) शब्द-भण्डार । २० अङ्क र ६ पाठघण्टा भार भएको यस एकाइका निम्ति उपलब्ध ३० कक्षाघण्टा भन्दा उपर्युक्त उपएकाइहरूलाई शैक्षणिक कार्ययोजना बनाउँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमशः (अ) लाई ६, (आ) लाई २, (इ) लाई २ (ई) लाई १० र (उ) लाई ४ कक्षाघण्टा गरी जम्मा २४ कक्षाघण्टा दिई बाँकी ६ कक्षाघण्टामा एकाइ पुनरावृत्ति र मूल्यांकन गर्न सकिन्छ । यी उपएकाइहरूको शिक्षण गर्दा सैद्धान्तिक ज्ञानका साथै अभ्यास समेत पाठ्यविषयवस्तुको प्रकृतिहेरी सन्तुलित मात्रामा गराउनु पर्दछ । यस सिलसिलामा सम्बन्धित उपएकाइको प्रकृति र प्रयोजनअनुसार विचार गर्दा (अ) वर्ण विन्यासलाई ६ कक्षा दिइएकोमा यसका शिक्षणका निम्ति नियमको ज्ञान पनि उत्तिकै महत्वपूर्ण भएकोले प्रत्येक पाठ्य विषयवस्तु पढाउँदा आधा समय सैद्धान्तिक ज्ञान र बाँकी आधा समय त्यसका अभ्यासका निम्ति प्रयोग गर्नु उपयुक्त हुन्छ । तर (आ) चिन्ह परिचय र (इ) छपाइशुद्धिका निमित्त दिइएका २+२ = ४ कक्षामध्ये चाहिं पाठ्य विषयवस्तुको प्रकृति र प्रयोजनअनुरूप बढी समय अभ्यासमै केन्द्रित गर्नुपर्ने हुनाले सैद्धान्तिक ज्ञानका-निम्ति एकचौथाइ समयमात्र र अभ्यासका निम्ति बाँकी समय लाउनु उपयुक्त हुन्छ । त्यस्तै (ई) शब्दनिर्माणप्रक्रियाका लागि दिइएका १० कक्षामध्ये यस पाठ्य विषयवस्तुको प्रकृति र प्रयोजनअनुरूप आधा समय सैद्धान्तिक ज्ञानकानिम्ति र आधा समय अभ्यासका निम्ति प्रयोग गर्नु उपयुक्त हुन्छ । (उ) शब्दभण्डारका लागि दिइएका ४ कक्षामध्ये यस पाठ्य विषयवस्तुको प्रकृति र प्रयोजनअनुरूप एकचौथाई समय सैद्धान्तिक ज्ञानका निम्ति र दुइचौथाइ समय अभ्यासका निम्ति प्रयोग गर्नु उपयुक्त हुन्छ ।

८) अनिवार्य नेपाली शिक्षणको खास सफलता व्यक्ति-विद्यार्थीका भाषिक कौशलका विकासमा निर्भर रहन्छ । शिक्षकले प्रत्येक विद्यार्थीउपर जति ज्यादा वैयक्तिक शैक्षणिक निरीक्षण गर्न सक्यो त्यति ज्यादा विद्यार्थीको भाषिक कौशल विकसित हुनैमा मद्दत हुने भएकाले अनिवार्य नेपालीको कक्षामा शिक्षक विद्यार्थी अनुपात बढीमा १:३० गराउने प्रयास हुनु आवश्यक छ ।

९) भाषा-शिक्षण भन्ने कुरा अभ्यासमूलक भएकाले शिक्षकले कक्षा-अभ्यासका अतिरिक्त अझै बढी अभ्यासका निम्ति विद्यार्थीहरूलाई गृहकार्य पनि दिनुपर्दछ र यस्तो गृहकार्य पाठका प्रयोजनअनुकूल छोटो र विद्यार्थीलाई ज्यादा भार नपर्ने खालको हुनु आवश्यक छ, जसबाट विद्यार्थीहरू ज्यादा लगनशील बन्न सकून् र शिक्षकले उनीहरूका कार्यहरूका बारेमा भरसक कक्षामै पनि टिप्पणी गर्ने समय निकाल्न सकून । विद्यार्थीहरूले गरेका गृहकार्यको उत्तरपुस्तिकालाई शिक्षक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूले दैनिकजस्तो गरेका कापी हेरेर आवश्यक सुधारात्मक टिप्पणीका साथ विद्यार्थीहरूलाई फिर्ता दिनु पर्छ ।

१०) विद्यार्थी संख्या तीसभन्दा धेरै भएका कक्षामा पाठ्यक्रमको अनुसार नियमित कक्षा बाहेक हप्तामा कम्तीमा पनि एक घण्टाको अतिरिक्त अभ्यास कक्षाको व्यवस्था गरिनु अति आवश्यक छ । त्यस्ता अतिरिक्त अभ्यास कक्षालाई नियमित कक्षामा पढाइएका पाठका बारेमा प्रश्नोत्तर तथा मूल्याङ्कनात्मक टिप्पणी र सुझाउ दिने माध्यमका रूपमा प्रयोग गर्न सकिन्छ । अतिरिक्त अभ्यास कक्षाहरूलाई विद्यार्थीको संख्या हेरी बढीमा १:३० का अनुपातअनुसार समूहमा विभाजित गर्नु वाञ्छनीय छ ।

११) विद्यार्थीहरूले माध्यमिक तहसम्मको पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा नि.मा.वि.का अनिवार्य नेपाली पाठ्यांशका धेरै जसो पाठ्यवस्तुहरू र विशेष गरी वर्णविन्यासको प्रयोग, शब्दनिर्माण र वाक्यरचनाको सामान्य परिचय तथा बोध र अभिव्यक्तिसम्बन्धी विभिन्न सीपको सामान्य अभ्यास प्राप्त गरिसकेका हुन्छन् । यस कारण यस्ता कुराहरू पढाउँदा शिक्षकले विद्यार्थीको पूर्वज्ञानको प्रशस्त उपयोग गर्न सक्नुपर्छ र यसबाट समय-समयमा प्रश्नोत्तर गर्ने प्रक्रियालाई प्रोत्साहित गरी कक्षाका कार्यकलापलाई विद्यार्थीपरक बनाउन पनि सहायता प्राप्त हुन्छ ।

१२) साधारणतया प्रायः नेपाली भाषाका व्याकरण शिक्षणमा परिभाषा, लक्षण आदि दिई उदाहरणद्वारा त्यसलाई स्पष्ट्याउने विधि अँगालिएकोमा भाषा शिक्षणका निम्ति उदाहरण वा प्रयोगबाट शुरु गरी तिनबाट प्राप्त हुने निष्कर्षका रूपमा नियम, परिभाषा, लक्षण वा सूत्रसम्म पुग्ने विधि समेत अँगाल्नु उपयोगी हुने हुनाले आवश्यकता हेरी यस विधिको पनि प्रयोग गर्नु वाञ्छनीय छ । जस्तै सर्वनामका पदान्त इकार-उकार दीर्घ हुन्छन् भन्ने नियम बनाई तिमी, हामी, ऊ, उनी, आफू आदि उदाहरण दिने प्रचलित सूत्र-विधिको मात्र प्रयोग नगरी तिमी, हामी, आफू, उनी आदि सर्वनामका उदाहरण जम्मा दिएर ती उदाहरणका आधारमा सर्वनामका पदान्त इकार-उकार दीर्घ हुन्छन् भन्ने नियममा पुग्ने विधि पनि आवश्यकता हेरी अँगाल्नु वाञ्छनीय छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१३) नेपाली १७१ र ३७१ पाठ्यांशका सबैजसो एकाइ शीर्षक वा उपशीर्षकहरू (व्याकरणसंग सम्बन्धित छन् । प्रत्येक शीर्षक वा उपशीर्षक अन्तर्गतका पाठ्य विषयवस्तुलाई ससाना रूपमा टुक्याएर वा छुट्याएर पढाउन सकिन्छ । र पढाइनु पनि पर्छ । उक्त विषयवस्तुका प्रत्येक ससाना अंश वा टुक्रामा अधिकतम विद्यार्थीलाई सहभागी बनाउन प्राय: विद्यार्थीहरूलाई कक्षा-कार्यको अभिन्न अंगका रूपमा गृहकार्य दिई केही न केही गृहकार्य सम्पन्न गरी सो लिएको कक्षामा वा अतिरिक्त कक्षामा आउन प्रोत्साहित गर्न सकिन्छ र त्यसलाई बनाएर गराएर कक्षाको पढाइ शुरू गरी छलफल वा प्रश्नोत्तर रोचक ढंगले पाठलाई अघि बढाउने पनि गर्नु पर्छ । उदाहरणार्थ :- वर्णविन्यासको शिक्षणका प्रसंगमा पदका अन्त्यका " ई " (दीर्घ) हुने नपुंसकलिंगी शव्दहरू खोजी ल्याउन वा शव्दनिर्माण प्रक्रियाका शिक्षणका क्रममा खास-खास उपसर्ग र तद्धित प्रत्ययहरू लगाएर शव्दनिर्माण गर्दा प्रत्येक प्रत्ययबाट बढीमन्दा बढी शव्दहरू निर्माण गर्ने क्रमलाई प्रोत्साहित गर्न प्रत्येक विद्यार्थीलाई कुनै एक प्रत्ययबाट बन्न सक्ने अधिकतम संख्याका शव्दहरू आफ्नो ज्ञान, समझ र खोजका आधारमा आउँदा कक्षामा ल्याउन लगाउने गृहकार्य दिन सकिन्छ । यस कुरालाई अन्य एकाइका विषयवस्तुहरूमा पनि कुनै न कुनै रूपमा उपयोग गर्न सकिन्छ, तर यस्तो कार्य पाठको प्रयोजनअनुकूलताका साथै विद्यार्थीका लागि कमभन्दा कम भार पर्ने खालको पनि हुन आवश्यक छ ।

१४) यस शिक्षण निर्देशन अन्तर्गत प्रवीणता प्रमाणपत्र (नेपाली १७१, १७२ र २७१) र स्नातक (नेपाली ३७१, ३७२ र ४७१) का प्रमुख पाठ्य शीर्षक - उप-शीर्षकलाई मिलाई पाठ्यवस्तुसम्बन्धी सैद्धान्तिक पृष्ठभूमि र शिक्षण - प्रयोजन तथा शिक्षणविधि र मूल्यांकन विधिको दिग्दर्शन गरिएको छ । सो आधारमा प्रत्येक पाठ्यांशको पाठ्यवस्तु विवरण र स्तरअनुसार यस शिक्षण निर्देशनको प्रयोग शिक्षकहरूले गर्नु उपयुक्त हुनेछ ।

३. अनिवार्य नेपाली विषयका प्रवीणता प्रमाणपत्र र स्नातक पाठ्यांशहरूको परिचय

(१) प्रवीणता प्रमाणपत्र तह

प्रवीणता प्रमाणपत्र तहको अनिवार्य नेपाली पाठ्यक्रम अन्तर्गत सामान्य नेपालीका साथै विशेष नेपालीका पाठ्यक्रमहरू पर्दछन् । सामान्य नेपाली पाठ्यक्रम १०० पूर्णाङ्कको छ र यसको पाठघण्टा भार ५ छ । यो सामान्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली पाठ्यक्रम सबै अध्ययन संस्थानमा प्रवीणता प्रमाणपत्र तहमा समान रूपमा लागू हुन्छ । अनिवार्य नेपाली पाठ्यक्रमअन्तर्गत प्रथम पत्रका रूपमा सामान्य नेपाली पत्र रहेको छ । विशेष नेपाली पाठ्यक्रम चाहिं खास-खास अध्ययन संस्थानका प्रयोजनका निम्ति मात्र तयार गरिएको हो र यसको पूर्णाङ्क ५० हुनाका साथै पढाइ भार २-½ =३ छ । यो विशेष नेपालीको पाठ्यक्रम प्रवीणता प्रमाणपत्र तहमा अनिवार्य नेपाली विषयका निम्ति १५० पूर्णाङ्कको व्यवस्था भएका मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थान, कानुन अध्ययन संस्थान आदि अध्ययन संस्थानमा मात्र लागू हुन्छ । यी दुई सामान्य नेपाली र विशेष नेपाली पाठ्यक्रमअन्तर्गत निम्नलिखितअनुसारका पाठ्यांशहरू छन् :-

पाठ्यक्रम	पत्र	पूर्णाङ्क	सङ्केताङ्क	पाठ्यांश	अङ्क
सामान्य नेपाली	प्रथम	१००	१७१	नेपाली व्याकरण	४०
			१७२	नेपाली बोध र अभिव्यक्ति	६०
विशेष नेपाली	द्वितीय	५०	२७१	विशेष नेपाली	५०

उपर्युक्त दुई पाठ्यांशहरूको परिचय यस प्रकार दिन सकिन्छ :-

१) पाठ्यांश :- नेपाली १७१ : नेपाली व्याकरण

त्रिभुवन विश्वविद्यालयका सबै अध्ययन संस्थानका प्रवीणता प्रमाणपत्र तहमा पढाउनु पर्ने अनिवार्य नेपाली पाठ्यक्रमअन्तर्गत यो पाठ्यांश रहेको छ । यसका निम्ति वार्षिक प्रतिहप्ता २ पाठघण्टा निर्धारित गरिएका छन् र यसका दुई एकाइ छन् ।

यस पाठ्यांशका निम्नलिखित उद्देश्यहरू रहेका छन् :-

(क) स्तरीय कथ्य र लेख्य भाषाका दृष्टिले माध्यमिक तह पूरा गर्दा पनि बाँकी रहन गएका भाषिक त्रुटि र गल्तीहरूको निराकरण गर्ने ।

(ख) नेपाली लेखनमा शुद्धताका निम्ति वर्णविन्यास र चिन्ह परिचयका आधारभूत नियमहरूका साथ-साथै लेखाइ र छपाइमा ती नियमहरूको प्रयोग गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) नेपाली शव्द-निर्माण प्रक्रियाका ज्ञानका साथै शव्दकोशको प्रयोग समेतका आधारमा प्राविधिक शब्द र अन्य विशेष शव्दको अर्थबोध तथा उपयुक्त वाक्यमा तिनको प्रयोग गर्ने ,

(घ) वाक्य र वाक्यनिर्माणका आधारभूत तत्वको ज्ञानका साथै तिनको शुद्ध प्रयोग गर्ने र वाक्यान्तरण गर्ने ,

उपर्युक्त उद्देश्यहरूको प्राप्तिका निम्ति नेपाली १७१ अन्तर्गत राखिएका विभिन्न एकाइका पाठ्यवस्तुहरूको वर्गीकरण निम्नलिखित अनुसार गर्न सकिन्छ :-

(१) निराकरणात्मक
(२) स्तरीकरणात्मक
(३) समावेशात्मक

निराकरणात्मक पाठ्यवस्तु भन्नाको तात्पर्य माध्यमिक तह उत्तीर्ण विद्यार्थीले प्राप्त गर्नु पर्ने नेपाली भाषासम्बन्धी भाषिक ज्ञान र सीपका दृष्टिले बाँकी रहेका गल्ती र त्रुटिहरूको निराकरणका निम्ति राखिएको पाठ्यवस्तु भन्ने बुझिन्छ । माध्यमिक तहसम्मको नेपाली पाठ्यक्रमले राखेका उद्देश्य र तदनुरूप तोकिएका पाठ्यवस्तुको शिक्षणबाट माध्यमिक तह उत्तीर्ण विद्यार्थीहरूमा प्राप्त हुनु पर्ने नेपाली भाषासम्बन्धी ज्ञान र सीपको तह उत्तीर्ण विद्यार्थीहरूमा कतिपय कारणहरूले गर्दा पूरा मात्रामा प्राप्त हुन नसकेको देखिन्छ र प्रमाणपत्र तहको पाठ्यक्रम अन्तर्गत ती गल्ती र त्रुटी तथा कसरहरूको निराकरणात्मक उपचार गर्नु पर्ने परिस्थिति छ । नेपाली भाषालाई प्रथम वा द्वितीय भाषाका रूपमा ग्रहण गर्ने विद्यार्थीहरू अवश्यै माध्यमिक तहको पढाइ पूरा गरिसकेपछि नेपाली भाषालाई लगभग प्रथम भाषाकै स्तरमा अध्ययन गर्न समर्थ भइरहेका हुन्छन् , तैपनि स्तरीय कथ्य र लेख्य भाषाको बोध र अभिव्यक्तिका दृष्टिले " माध्यमिक तह उत्तीर्ण स्तर " जो हुनु पर्ने हो त्यस स्तरका संदर्भमा चाहिं उपर्युक्त दुबै धरी विद्यार्थीहरूमा गल्ती, त्रुटि र कसरहरू बाँकी रहिरहेका देखिन्छन् र सो रहनाका कारणहरू पनि छन् । उपर्युक्त गल्ती र त्रुटि तथा कसरहरू मोटामोटीमा मातृभाषागत र नेपालीकै विभिन्न भाषिकागत प्रभावबाट उत्पन्न भएका देखा पर्छन् अर्थात नेपाली बाहेक अन्य मातृभाषा भैका विद्यार्थीहरूको नेपाली भाषा आ-आफ्ना मातृभाषाका प्रभावमा र नेपाली मातृभाषा हुनेहरूको नेपाली भाषा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली भाषाकै विभिन्न क्षेत्रीय र सामाजिक भाषिकाका प्रभावका परी माध्यमिक तह उत्तीर्ण हुंदा पनि स्तरीय कथ्य र लेख्य भाषाका दृष्टिले आंशिक रूपमा त्रुटिपूर्ण रहन गएको पाइन्छ । नेपाली १७१ का निराकरणात्मक पाठ्यवस्तुको उद्देश्य खासगरी लेख्य भाषाका त्रुटिहरूको निराकरणसित सम्बन्धित छ । त्यसैले नेपाली १७१ का शिक्षणका क्रममा आफ्ना कक्षाका विद्यार्थीहरूका भाषिक त्रुटि-क्षेत्र (अन्य भाषागत वा नेपालीका क्षेत्रीय र सामाजिक भाषिकागत विशेषत: वर्णविन्यास र वाक्यगठनसम्बन्धी) लाई ठम्याई तदनुरूप उपचार हुने गरी पढाउनु अपेक्षित छ जसबाट यस पाठ्यांशको निराकरणात्मक प्रयोजन पूरा हुन सकोस् ।

स्तरीकरणात्मक पाठ्यवस्तु भन्नाको तात्पर्य चाहिं माध्यमिक तहसम्मना मोटामोटी रूपमा वा केही मात्रामा प्रारंभिक रूपमा मात्र पढेका पाठ्यवस्तुमाथि विशेष जोड दिई तिनको सबलीकरण गर्दै मूलत: प्रवीणता प्रमाणपत्र तहअनुरूप को पाठ्यवस्तुलाई स्तरीकृत रूपमा अझ गहन र व्यापक किसिमले शिक्षण गर्ने अभिप्रायले राखिएको पाठ्यवस्तु भन्ने हुन आउंछ । त्यसैले माध्यमिक तहसम्म ती पाठ्यवस्तुको जे-जति शिक्षण भएको छ त्यसको सबलीकरणकासाथ मूलत: ती पाठ्यवस्तुको तहअनुरूप स्तरीकरण हुने गरी नेपाली १७१ को शिक्षण गर्नु अपेक्षित छ ।

समावेशात्मक पाठ्यवस्तु भन्नाको तात्पर्य चाहिं प्रमाणपत्र तहअनुरूप भाषिक ज्ञान र सीप प्रदान गर्ने दृष्टिले माध्यमिक तहसम्म नपढेका नयां पाठ्यवस्तुको समावेशसित सम्बन्धित छ । सबलीकरणात्मक र स्तरीकरणात्मक पाठ्यवस्तुका शिक्षणमा विद्यार्थीको पूर्वज्ञानलाई आधार बनाई त्यसैका सबलीकरण तथा स्तर-अनुरूप गहनता र विस्तारतर्फ जोड दिने आकांक्षा नेपाली १७१ मा राखिएको छ भने थप समावेश गरिएका समावेशात्मक पाठ्यवस्तुको शिक्षणबाट भने पूरापूर नयां ज्ञान र सीप प्रदान गर्ने अपेक्षा राखिएको छ ।

उपर्युक्त परिप्रेक्ष्यमा नेपाली १७१ का पाठ्यवस्तुहरूलाई निम्नलिखित तालिका अन्तर्गत राखी स्पष्ट तस्वीर प्रस्तुत गर्न सकिन्छ :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	एकाइहरू	
	क	ख
१. मूलत: निराकरणात्मक	वर्ण विन्यास र चिन्ह परिचय	
२. स्तरीकरणात्मक	शव्दनिर्माण प्रक्रिया, अनुकरणात्मक शव्द	उद्देश्य-विधेय र उक्ति परिवर्तनबाहेक अन्य सबै अंश
३. समावेशात्मक	छपाइ शुद्धि मूल र व्युत्पन्न शव्द परिचय, पारिभाषिक शव्द र शव्दकोष प्रयोग	उक्ति-परिवर्तन, उद्देश्य-विधेय

द्रष्टव्य - एकाइ (ख) का उक्ति परिवर्तन र उद्देश्य-विधेय बाहेकका अन्य सबै पाठ्यवस्तु मोटामोटी रूपमा माध्यमिक तहसम्म पनि पढाइन्छन् र वाक्यगठनको दृष्टिले प्रवीणता प्रमाणपत्र तहमा पनि यिनको निराकरणात्मक शिक्षण अपेक्षित छ तापनि यिनमा स्तरीकरणात्मक पाठ्यवस्तुको प्रचुरताका कारणले उपर्युक्त तालिकामा यी पाठ्य विषयवस्तुलाई स्तरीकरणात्मक कोभित्र राखिएको छ ।

प्रवीणता प्रमाणपत्र तहको नेपाली १७१ पाठ्यांश उपर्युक्त किसिमले नेपाली भाषाको व्याकरणमूलक ज्ञान र अभ्यासमा केन्द्रित छ । माध्यमिक तहसम्मको न नेपाली शिक्षणअन्तर्गत विविध पाठका माध्यमबाट नेपाली भाषाको संरचना सम्बन्धी अभ्यास गराई व्याकरण-शिक्षण गौण रूपमा मात्र गरिन्छ भने यसरी नेपाली भाषा सिक्ने विद्यार्थीहरूलाई शुद्ध र स्तरीय नेपाली भाषाको स्वरूपको विश्लेषणात्मक सुझबुझ समेत प्रदान गर्दै प्रवीणता प्रमाणपत्र तहअनुरूप नेपाली भाषाको बोध र अभिव्यक्तिका विकासका निम्ति अपेक्षित नेपाली व्याकरण-सम्बन्धी पूर्वाधार प्रदान गर्नु नै यस पाठ्यांशको विषयगत मूल उद्देश्य रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुई पाठघण्टाका यस पाठ्यांशअन्तर्गत जम्मा दुई एकाइहरू रहेका छन् :-

एकाइ क : वर्णविन्यास र चिन्हपरिचय, छपाइशुद्धि तथा शब्दनिर्माण प्रक्रिया र शब्दभण्डार,

एकाइ ख : वाक्य तत्व ।

उपर्युक्त दुई एकाइमध्ये एकाइ - क अन्तर्गत पाँच उप-एकाइहरू छन् -(अ) वर्णविन्यास सम्बन्धी नियम, (आ) लेख्यचिन्ह परिचय (इ) छपाइशुद्धि (ई) शब्द-निर्माण प्रक्रिया र (उ) शब्द भण्डार । क्रमशः यी उप-एकाइ र यिनका पाठ्यवस्तुबारे चर्चा गरौं ।

एकाइ क : वर्णविन्यास र चिन्हपरिचय, छपाइशुद्धि तथा शब्दनिर्माण प्रक्रिया र शब्दभण्डार

नेपाली १७१ अन्तर्गतको एकाइ क का उप-एकाइ (अ) र (आ) वर्णविन्यास र चिन्ह परिचयका शिक्षणमा केन्द्रित छन् । यी उप-एकाइ मूलतः निराकरणात्मक (अंशतः स्तरीकरणात्मक पनि) हुन् अर्थात् माध्यमिक तहसम्मना सिकेका तर पूरापूर प्राप्त हुन नसकेका र स्तरीकृत रूपमा प्रमाणपत्र तहमा समेत विस्तारपूर्वक सिकाउनु पर्ने वर्णविन्यास र लेख्यचिन्हसम्बन्धी नियमको ज्ञान र अभ्यासमा यी उप-एकाइ खासगरी आधारित छन् । यी उप-एकाइअन्तर्गत खास नेपाली शब्दहरूको वर्णविन्यास व्यवस्थाको शिक्षणमा जोड दिइएको छ र व्युत्पन्न तत्सम नेपाली शब्दनिर्माण-प्रक्रिया र शब्द-भण्डार अन्तर्गत पनि अप्रत्यक्ष रूपमा वर्ण विन्यासबाट सहयोगी पाठ्यवस्तु पढाउने व्यवस्था गरिएको छ । यसपछि उप-एकाइ (इ) अन्तर्गतको छपाइ शुद्धि अंश चाहिं पूरै नयाँ अर्थात् समावेशात्मक पाठ्यवस्तु हो ! र यसबाट छपाइशुद्धिसम्बन्धी प्रारंभिक ज्ञान र अभ्यास भई छपाइ शोधक (प्रुफ रिडर) का रूपमा काम गर्ने कार्यमूलक क्षमताका प्राप्तिमा सघाउ पुग्नेछ ।

एकाइ - क का उप-एकाइ (अ), (आ), र (इ) को शिक्षणको खास उद्देश्य नेपाली भाषाको शुद्धलेखन र छपाइ संशोधनका निम्ति प्रवीणता प्रमाणपत्र तहअनुरूप विद्यार्थीहरूलाई सक्षम तुल्याउनु हो । भाषिक सीपका हिसाबले शुद्धलेखन र छपाइसंशोधनको सीप अत्यावश्यक कुरा हो र निराकरणात्मक तथा स्तरीकरणात्मक दुवै दृष्टिले तहअनुरूप सो सीपको सम्बर्द्धन नै यी उप-एकाइलाई पाठ्यांशअन्तर्गत राख्नाका प्रयोजन तथा औचित्य हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षित नेपालीहरूमा समेत प्रायः शुद्ध नेपाली लेखनको प्रवृत्ति देखा पर्दैन र उनीहरू प्रायः शुद्ध वर्णविन्यासका दृष्टिले घबराइरहेका हुन्छन् । यसरी विभिन्न अड्डाखाना र संस्था तथा सार्वजनिक प्रसंगमा लिखित वा मुद्रित रूपमा अशुद्ध नेपाली भाषाको प्रयोग हुनु स्तरीय लेखाइका दृष्टिले दुर्भाग्यपूर्ण हुन आएको छ । त्यसैले अनिवार्य नेपाली पाठ्यक्रमअन्तर्गत वर्णविन्यासको शिक्षण राखिएको छ र यसबाट त्रि० वि० का सबै अध्ययन संस्थानअन्तर्गत उत्पादित जनशक्तिमा शुद्ध नेपाली लेखनको बानी र अभ्यास बसी बिभिन्न संस्थामा र सार्वजनिक क्षेत्रमा शुद्ध नेपाली लेखन, टंकन र मुद्रणको प्रवृत्ति विकास हुनामा सहायता प्राप्त हुने देखिन्छ । यी उप-एकाइको शिक्षण यसै उद्देश्यलाई ध्यानमा राखी नेपाली वर्णविन्यास र लेख्य चिन्हका नियमको ज्ञान र अभ्यास तथा उपाधिहरूको सजगता विद्यार्थीहरूमा विकसित हुने गरी गर्नु पर्दछ ।

नेपाली ११७१ अन्तर्गतको एकाइ " क " का अन्य उप-एकाइ हुन् - (ई) शव्दनिर्माण प्रक्रिया र (उ) शव्दभण्डार ।

" शव्दनिर्माण प्रक्रिया " स्तरीकरणात्मक पाठ्यवस्तु हो अर्थात् माध्यमिक तह पूरा गरेर आएका विद्यार्थीहरूले नेपाली भाषाको शव्दनिर्माण प्रक्रियाका पाठ्यवस्तुहरूबारे प्रारंभिक परिचय प्राप्त गरिसकेका भए पनि नेपाली शव्दनिर्माण प्रक्रियाको सैद्धान्तिक विस्तृत ज्ञान तथा अभ्यास गरेका हुँदैनन् र उनीहरूको शव्दभण्डारसम्बन्धी ज्ञान र सुझबुझ सीमित रूपमा मात्र हुन्छ भने स्तरीकृत रूपमा प्रमाणपत्र तहको आवश्यकताअनुरूप नेपाली शव्दनिर्माण प्रक्रियाअन्तर्गत यसका विभिन्न प्रक्रियाको ज्ञान र सीप प्रदान गर्नु यस उप-एकाइको प्रयोजन हो । प्रमाणपत्र तहका विद्यार्थीहरूले माध्यमिक तहसम्म प्राप्त गरेका शव्दनिर्माण प्रक्रियासम्बन्धी प्रारंभिक पूर्वज्ञान र सीपको पुनर्बलीकरण गर्दै अझ विस्तारपूर्वक र स्तरीकृत रूपमा नेपाली भाषाको शव्दनिर्माण प्रक्रियाको शिक्षण गर्नु यस एकाइको अभीष्ट रहेको छ ।

यस उप-एकाइ शव्दनिर्माण प्रक्रियाअन्तर्गत पाँच शीर्षकहरू पाठ्यवस्तुका रूपमा रहेका छन् - मूल तथा व्युत्पन्न शव्दपरिचय, उपसर्ग, कृत प्रत्यय, तद्धित प्रत्यय र समास ।

उपर्युक्त पाँच पाठ्य शीर्षकहरूमध्ये मूल तथा व्युत्पन्न शव्द परिचयले नेपाली शव्दलाई व्युत्पत्ति र स्रोतका दृष्टिले वर्गीकृत तथा परिभाषित गरी गराई नेपाली शव्दभण्डारको स्वरूपसम्बन्धी सामान्य ज्ञान विद्यार्थीहरूलाई प्रदान गर्ने लक्ष्य राखेको छ र व्युत्पत्तिका दृष्टिले अव्युत्पन्न (मूल) र व्युत्पन्न (उपसर्ग, कृत, तद्धित, समास, द्वित्व र आपातिवर्तन) दुई वर्गमा तथा स्रोतका दृष्टिले, तत्सम----------------- तद्भव र आगन्तुक तीन वर्गमा बाँडी नेपाली शव्दनिर्माण प्रक्रियासम्बन्धी सुझबुझका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षित नेपालीहरूमा समेत प्रायः शुद्ध नेपाली लेखनको प्रवृत्ति देखा पर्दैन र उनीहरू प्रायः शुद्ध वर्णविन्यासका दृष्टिले घबराइरहेका हुन्छन् । यसरी विभिन्न अड्डा, खाना र संस्था तथा सार्वजनिक प्रसंगमा लिखित वा मुद्रित रूपमा अशुद्ध नेपाली भाषाको प्रयोग हुनु स्तरीय लेखाइका दृष्टिले दुर्भाग्यपूर्ण हुन आएको छ । त्यसैले अनिवार्य नेपाली पाठ्यक्रमअन्तर्गत वर्णविन्यासको शिक्षण राखिएको छ र यसबाट त्रि० वि० का सबै अध्ययन संस्थानअन्तर्गत उत्पादित जनशक्तिमा शुद्ध नेपाली लेखनको बानी र अभ्यास बसी व्यक्तिगत संस्थागत र सार्वजनिक क्षेत्रमा शुद्ध नेपाली लेखन, टंकन र मुद्रणको प्रवृत्ति विकास हुनामा सहायता प्राप्त हुने देखिन्छ । यी उप-एकाइको शिक्षण यसै उद्देश्यलाई ध्यानमा राखी नेपाली वर्णविन्यास र लेख्य चिन्हका नियमको ज्ञान र अभ्यास तथा व्यावहारिको क्षमता विद्यार्थीहरूमा विकसित हुने गरी गर्नु पर्दछ ।

नेपाली १७१ अन्तर्गतको एकाइ " क" का अन्य उप-एकाइ हुन् - (ई) शव्दनिर्माण प्रक्रिया र (उ) शव्दभण्डार ।

" शव्दनिर्माण प्रक्रिया" स्तरीकरणात्मक पाठ्यवस्तु हो अर्थात् माध्यमिक तह पूरा गरेर आएका विद्यार्थीहरूले नेपाली भाषाको शव्दनिर्माण प्रक्रियाका पाठ्यवस्तुहरूबारे प्रारंभिक परिचय प्राप्त गरिसकेका भए पनि नेपाली शव्दनिर्माण प्रक्रियाको सैद्धान्तिक विस्तृत ज्ञान तथा अभ्यास गरेका हुँदैनन् र उनीहरूको शव्दभण्डारसम्बन्धी ज्ञान र सुझबुझ सीमित रूपमा मात्र हुन्छ भ नै स्तरीकृत रूपमा प्रमाणपत्र तहको आवश्यकताअनुरूप नेपाली शव्दनिर्माण प्रक्रियाअन्तर्गत यसका विभिन्न प्रक्रियाको ज्ञान र सीप प्रदान गर्नु यस उप-एकाइको प्रयोजन हो । प्रमाणपत्र तहका विद्यार्थीहरूले माध्यमिक तहसम्म प्राप्त गरेका शव्दनिर्माण प्रक्रियासम्बन्धी प्रारंभिक पूर्वज्ञान र सीपको नवीकरण गर्दै अझ विस्तारपूर्वक र स्तरीकृत रूपमा नेपाली भाषाको शव्दनिर्माण प्रक्रियाको शिक्षण गर्नु यस एकाइको अभीष्ट रहेको छ ।

यस उप-एकाइ शव्दनिर्माण प्रक्रियाअन्तर्गत पाँच शीर्षकहरू पाठ्यवस्तुका रूपमा रहेका छन् - मूल तथा व्युत्पन्न शव्दपरिचय, उपसर्ग, कृत प्रत्यय, तद्धित प्रत्यय र समास ।

उपर्युक्त पाँच पाठ्य शीर्षकहरूमध्ये मूल तथा व्युत्पन्न शव्द परिचयले नेपाली शव्दलाई व्युत्पत्ति र स्रोतका दृष्टिले वर्गीकृत तथा परिभाषित गरी गराई नेपाली शव्दभण्डारको स्वरूपसम्बन्धी सामान्य ज्ञान विद्यार्थीहरूलाई प्रदान गर्ने लक्ष्य राखेको छ र व्युत्पत्तिका दृष्टिले अव्युत्पन्न (मूल) र व्युत्पन्न (उपसर्ग, कृत, तद्धित, समास, द्वित्व र आपारिवर्तन) दुई वर्गमा तथा स्रोतका दृष्टिले तत्सम---------------
तद्भव र आगन्तुक तीन वर्गमा बाँडी नेपाली शव्दनिर्माण प्रक्रियासम्बन्धी सुझबुझका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निमित्त सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्ने लक्ष्य समेत लिएको छ । वस्तुतः यो पाठ शीर्षक समावेशात्मक नयाँ पाठ्यवस्तु पनि हो भन्न सकिन्छ ।

शब्दनिर्माण प्रक्रियाअन्तर्गतका उपसर्ग, कृत, तद्धित र समाससम्बन्धी पाठ्यवस्तुहरू सैद्धान्तिक ज्ञान र अभ्यास दुवै गराउने दृष्टिले पाठ्यवस्तुका रूपमा राखिएका छन् । नेपाली शब्दनिर्माणका क्रममा देखा पर्ने यी प्रमुख प्रक्रियाका सैद्धान्तिक र अभ्यासात्मक शिक्षणबाट विद्यार्थीहरूलाई व्युत्पत्तिमूलक दृष्टिले शब्दनिर्माणसम्बन्धी सुझबुझ प्रदान गरी ठीक-ठीक शब्दार्थ ठम्याउन र प्रयोग गर्नमा मद्दत पुऱ्याउनु नै यी पाठ्यवस्तुहरूको प्रयोजन हो ।

उपएकाइ (उ) शब्दभण्डार अंशतः स्तरीकरणात्मक र अंशतः समावेशात्मक उपएकाइका रूपमा रहेको छ । यसका पारिभाषिक शब्द र शब्दकोशको प्रयोग सम्बन्धी अंश मात्रै समावेशात्मक पाठ्यवस्तु हुन् भने अनुकरणात्मक शब्दचाहिँ स्तरीकरणात्मक पाठ्यवस्तु हो ।

अनुकरणात्मक शब्दका बारेमा विद्यार्थीहरूले माध्यमिक तहसम्ममा केही मात्रामा ज्ञान र अभ्यास गरिसकेका हुन्छन् तापनि उच्चस्तरीय कथ्य अभिव्यक्ति र साहित्यका आख्यानात्मक अभिव्यक्तिका बोध र त्यस्तै किसिमका अभिव्यक्तिका निम्ति अपेक्षित अनुकरणात्मक शब्दसम्बन्धी ज्ञान र सीपको स्तरीकृत शिक्षण नै यस पाठ्यवस्तुको प्रयोजन हो । त्यसैले माध्यमिक तहसम्मको अनुकरणात्मक ज्ञानसम्बन्धी प्रारंभिक पूर्वज्ञानको सबलीकरण समेत गर्दै त्यसको प्रवीणता प्रमाणपत्र तहअनुरूप प्रारंभिक विस्तार तथा स्तरीकरण यस पाठ्यवस्तुको शिक्षणका क्रममा अपेक्षित छ । यो पाठ्यवस्तु पढाउँदा वा यसको अभ्यास गराउँदा केही मात्रामा साहित्यको आख्यानात्मक (नाटक, कथा, उपन्यासका प्रत्यक्ष-अप्रत्यक्ष कथन र वर्णनहरू) अभिव्यक्तिको उपयोग अपेक्षित छ र कथ्य नेपाली भाषाको सुदृढीकरणमा जोड दिनु पनि वाञ्छनीय छ ।

शब्दभण्डार अन्तर्गत कै 'प्राविधिक शब्दहरूको शब्दार्थ, ज्ञान र अभ्यास' शीर्षकका पाठ्यवस्तुहरूचाहिँ मूलतः समावेशात्मक हुन् । माध्यमिक तह पूरा गरी प्रवीणता प्रमाणपत्र तहमा प्रवेश लिएपछि ज्ञान-विज्ञानका विभिन्न फाँटमा उन्मुख हुने विद्यार्थीहरूका लागि ज्ञान-विज्ञानका विभिन्न फाँटमा प्रयुक्त हुँदै आइरहेका नेपाली भाषाका प्राविधिक-पारिभाषिक शब्दहरूको शिक्षण गर्नु पर्ने यो पूरै समावेशात्मक पाठ्यवस्तु हो र शब्दभण्डार र विशिष्ट शब्दार्थको बोध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढाउने क्रममा शब्दकोशको उपयोग गर्ने कुरा पनि समावेशात्मक नयाँ पाठ्यवस्तु हो, किनभने माध्यमिक तहसम्ममा फाटफुट पारिभाषिक-प्राविधिक शब्द पढाइए पनि योजनाबद्ध र विस्तृत रूपमा पारिभाषिक-प्राविधिक शब्दको शिक्षण भएको हुँदैन अनि विशेष शब्दार्थ माध्यमिक तहसम्ममा सिकाइने भए पनि योजनापूर्वक सिकाइएको हुँदैन र शब्दकोशको उपयोगद्वारा शब्दार्थ बोध गर्ने सीपको योजनाबद्ध शिक्षण पनि गरिएको हुँदैन ।

उप-एकाइ (ई) र (उ) का उपर्युक्त किसिमका पाठ्यवस्तुको व्यवस्थाले के संकेत गरेको छ भने मूलत: यी उप-एकाइको प्रयोजन नेपाली भाषाको शब्द-निर्माण प्रक्रिया र अनुकरणात्मक शब्दहरूको सबलीकृत, स्तरीकृत तथा अरू विस्तृत अभ्यासका साथै नेपाली भाषामा प्रयोग हुन लागेका प्राविधिक-पारिभाषिक शब्दहरूको तहअनुरूप अभ्यास तथा शब्दकोश-उपयोगद्वारा विशेष शब्दार्थका शिक्षणमा निहित छ । ज्ञान-विज्ञान र व्यवहारका विभिन्न फाँटका बोध र अभिव्यक्ति क्षमताको विकासका लागि उपर्युक्त पाठ्यवस्तुहरूको तहअनुकूल अभ्यास गराउनु यी उपएकाइको अभीष्ट हो ।

निष्कर्षमा शब्दनिर्माण प्रक्रिया र शब्दभण्डारसम्बन्धी उप-एकाइहरूको खास प्रयोजन विद्यार्थीहरूमा प्रवीणता प्रमाणपत्र तहअनुरूप नेपाली शब्दभण्डारको अभिवृद्धि गरी उनीहरूलाई स्तरीय नेपाली कथ्य र लेख्य अभिव्यक्ति बुझ्न र आफैं पनि ज्ञान-विज्ञान र व्यवहारका विभिन्न फाँटमा नेपाली भाषाका माध्यमबाट स्तरीय कथ्य र लेख्य अभिव्यक्ति गर्नमा सहायता गर्नु नै हो । कुनै पनि स्तरीय कथ्य र लेख्य बोध र अभिव्यक्तिका निम्ति शब्दभण्डारको समृद्धता एक महत्वपूर्ण कारकका रूपमा रहन्छ र बोध तथा अभिव्यक्तिको सामर्थ्य र त्यसको मात्रा भन्ने कुरा मूलत: त्यस बोधकर्ता र अभिव्यक्तिकर्ताको शब्दभण्डार र शब्दको उत्पत्ति र प्रजनन प्रक्रियामा भएको दखलमाथि निर्भर गर्दछ । त्यसैले शिक्षित नेपाली जनशक्तिलाई विभिन्न व्यक्तिगत, संस्थागत र सार्वजनिक प्रयोजनका निम्ति अपेक्षित तह अनुरूपको नेपाली भाषासम्बन्धी बोध र अभिव्यक्ति शक्ति प्राप्त गर्न सहायक हुने गरी नेपाली शब्दभण्डार र त्यसमाथिको दखलको मात्रा र स्तर बढाउन उत्प्रेरित गर्नु र समर्थ तुल्याउनु नै यी उप-एकाइको मूल लक्ष्य हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकाइ ख: वाक्यतत्व

नेपाली १७१ अन्तर्गतको एकाइ 'ख' वाक्यतत्वका ज्ञान तथा अभ्यासमा केन्द्रित छ। यो एकाइ खासगरी स्तरीकरणात्मक हो र यसका उक्ति परिवर्तन र उद्देश्य-विधेय पाठ्यवस्तु चाहिं समावेशात्मक छन्। माध्यमिक तहसम्म पूरा गरेका विद्यार्थीहरू प्रारंभिक रूपमा नेपाली वाक्य तत्वसंग परिचित भएका हुन्छन् र यी वाक्य तत्वहरूको विस्तृत सैद्धान्तिक ज्ञान र अभ्यास भने माध्यमिक तहसम्ममा भइसकेको हुन्न। माध्यमिक तहसम्म नेपाली वाक्यका तत्वहरूको प्रयोगात्मक ज्ञान र र सीपमा नै विशेष जोड दिइएको हुनाले उक्त तहका विद्यार्थीहरूमा यी कुराको सैद्धान्तिक ज्ञान उपयुक्त मात्रामा हुन नसक्ने कुरा स्पष्टै छ। उपर्युक्त तथ्यबाट प्रवीणता प्रमाणपत्र तहमा वाक्यका तत्वहरूको सैद्धान्तिक ज्ञान र अभ्यासलाई पाठ्यवस्तुका रूपमा राख्नाको प्रयोजन स्पष्टिन्छ। त्यसैले यो एकाइ सम्बन्धित तह अनुरूप नेपाली वाक्यसम्बन्धी पूर्वज्ञानको सबलीकृत, स्तरीकृत एवं व्यापक सैद्धान्तिक ज्ञान र अभ्यास गराउनका निम्ति पाठ्यक्रममा राखिएको छ।

यस एकाइअन्तर्गत एघार उपएकाइहरू छन् -- (१) सरल वाक्यका उद्देश्यविधेय, (२) सकर्मक, अकर्मक, द्विकर्मक र पूरकापेक्षी क्रियाहरू, (३) कारक र विभक्ति नियम, (४) काल, पक्ष र भाव, (५) पदसंगति (६) वाक्यपरिवर्तन, (७) करण-अकरण, (८) वाच्य, (९) मिश्र र संयुक्त वाक्य तथा तिनको संश्लेषण-विश्लेषण, (१०) उक्ति-परिवर्तन र (११) निपात। अब क्रमश: यी उप-एकाइका बारेमा छलफल गरौं। उपएकाइ (१) अन्तर्गतको सरल वाक्यका उद्देश्य र विधेयलाई पाठ्य-वस्तुका रूपमा समावेश गर्नाको प्रयोजन विद्यार्थीहरूमा सरल वाक्यका घटक अंगहरूको विश्लेषणात्मक सुझबुझ विकसित गराउनु हो। उप-एकाइ (२) अन्तर्गतका सकर्मक, अकर्मक, द्विकर्मक र पूरकापेक्षी क्रियालाई पाठ्यवस्तुका रूपमा राख्नाको प्रयोजन वाक्यका मुख्य अंगका रूपमा रहेका क्रियाहरू स्वभाव र कार्यका दृष्टिले सकर्मक, अकर्मक, द्विकर्मक र पूरकापेक्षी के कस्ता हुन्छन् भन्ने कुराको सैद्धान्तिक ज्ञान र अभ्यास गराउनु हो। उप-एकाइ (३) अन्तर्गत कारक र विभक्ति नियमको शिक्षण गर्नाको प्रयोजन वाक्यका नियामकका रूपमा रहेका, कारकहरूका साथै कारक विभक्ति र सम्बन्ध विभक्तिहरूको सैद्धान्तिक ज्ञान गरी वाक्य निर्माण सम्बन्धी प्रयोगात्मक अभ्यासद्वारा विद्यार्थीहरूको वाक्यगत ज्ञान र सीप बढाउनु हो। त्यस्तै उप-एकाइ(४) अन्तर्गत क्रियाका काल, पक्ष तथा भावहरूको सैद्धान्तिक ज्ञान र प्रयोगको अभ्यासको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षणको अभीष्ट हो । नेपाली भाषाका क्रियासंग सम्बन्धित काल, पक्ष र भाव के कस्ता र के कति छन् र तिनको प्रयोग के कसरी हुन्छ भन्ने कुरामा विद्यार्थीहरूको दखल बढाउनु । उप-एकाइ (५) अन्तर्गत राखिएका पदसंगतिको प्रयोजन चाहिं नेपाली वाक्य भित्रका पदहरूका बीच अपेक्षित संगति वा मेलको सैद्धान्तिक ज्ञान प्राप्त गर्नाका साथै तिनको प्रयोग के कसरी गरिन्छ भन्ने कुरा विद्यार्थीहरूलाई स्तरीकृत रूपमा सिकाउनु हो । उप-एकाइ (६) अन्तर्गत नेपाली सामान्य वाक्यलाई प्रश्नार्थक, आज्ञार्थक विध्यर्थक, अनिश्चयार्थक र प्रेरणार्थक वाक्यमा परिवर्तन गर्ने पाठ्यवस्तु राखिएको छन् र यी पाठ्यवस्तु पाठ्यक्रममा राख्नाको उद्देश्य सामान्य वाक्यलाई विभिन्न अर्थमा र प्रेरणार्थमा पनि वाक्यान्तरण गर्ने सैद्धान्तिक वाक्यात्मक सीपका विकासमा मदत पुऱ्याउनु हो । उप-एकाइ (७) अन्तर्गतको करण-अकरण पाठ्यवस्तुको प्रयोजन हो विभिन्न किसिमका नेपाली करण वाक्यहरूलाई अकरणमा र अकरण वाक्यलाई करणमा परिवर्तन गर्ने सैद्धान्तिक ज्ञान र अभ्यास गराउनु । उप-एकाइ (८) को वाच्य अन्तर्गत चाहिं विभिन्न किसिमका कर्तृ वाच्यहरूलाई कर्म र भाव वाच्यमा परिवर्तन गर्ने सैद्धान्तिक प्रक्रियाको ज्ञान र अभ्यास गराउने अभिप्राय राखिएको छ । उप-एकाइ (९) का संयुक्त र पाठ्यवस्तुले मिश्र वाक्य तथा तिनको संश्लेषण- विश्लेषण संबन्धी नेपाली भाषाका संयुक्त र मिश्र वाक्यहरूको गठनका प्रमुख प्रक्रिया र ती वाक्य अन्तर्गतका वाक्यखण्डहरूको संश्लेषण र विश्लेषण गर्ने प्रक्रियाको सामान्य सैद्धान्तिक ज्ञान र अभ्यास गराउने अपेक्षा राखेको छ । उपएकाइ (१०) अन्तर्गतको उक्ति-परिवर्तन सम्बन्धी पाठ्यवस्तु चाहिं थप समावेशात्मक खालको पाठ्यवस्तु हो । माध्यमिक तह सम्ममा विद्यार्थीहरूले यस किसिमको सामान्य प्रारंभिक अभ्यास गरे पनि खास पाठ्यवस्तुका रूपमा यसको विशेष अभ्यास नगरेको हुँदा यसको सैद्धान्तिक ज्ञान तथा विस्तृत अभ्यास प्रमाणपत्र तहअनुरूप यस शीर्षक अन्तर्गत गराउनु अपेक्षित छ । यस अन्तर्गत नेपाली भाषाको प्रत्यक्ष कथन र अप्रत्यक्ष कथनसम्बन्धी सैद्धान्तिक ज्ञान तथा अभ्यास गराउने लक्ष्य राखिएको छ, जसबाट कथ्य र लेख्य नेपाली भाषाका प्रयोगको विभिन्न फाँट र पत्रकारिता र प्रशासन तथा आख्यानात्मक साहित्य आदि क्षेत्रमा अपेक्षित भाषिक सीपका प्राप्तिमा सघाउ हुने छ । उप-एकाइ(११) अन्तर्गतको निपात स्तरीकरणात्मक पाठ्यवस्तु हो । माध्यमिक तह पूरा गरेर आएका विद्यार्थीहरूमा यस पाठ्यवस्तुको प्रारंभिक ज्ञान र अभ्यास भइसक्ने हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नै यस पाठ्यवस्तुलाई स्तरीकरणात्मक भनिएको हो । यसरी कथ्य नेपाली भाषालाई तिखार तुल्याउने र साहित्यिक अभिव्यक्तिलाई पनि फरो-मीठो पार्ने निपातहरूको मर्मबोध गरी यिनका प्रायोगिक अभ्यासबाट भाषण, कुलफल, बातचित आदि र साहित्यिक र अन्य लेखनको क्षेत्रमा समेत अभि-व्यक्तिका विकासका निम्ति मदत पुग्ने छ । निपातहरू आंशिक रूपमा अर्थका वाचक हुंदाहुंदै खास गरी अर्थका द्योतक वाक्यगत तत्व भएकाले अभिव्यक्तिका आवश्यकताअनुसार यिनको उपयुक्त प्रयोगबाट अभिव्यक्तिमा अर्थगत तीव्रताको संवर्द्धन हुने हुंदा त्यसैअनुरूप यस पाठ्यवस्तुको शिक्षणको अपेक्षा राखिएको छ।

समष्टिगत यस एकाइ (ख) अन्तर्गत रहेका पाठ्यवस्तुहरूको शिक्षणको मूल प्रयोजन हो नेपाली वाक्य गठनअन्तर्गत देखा पर्ने आधारभूत तत्वहरू र वाक्यान्तरणका विभिन्न प्रक्रियाको सैद्धान्तिक ज्ञान र प्रयोगात्मक अभ्यासद्वारा विद्यार्थीहरूलाई नेपाली भाषाका विविध प्रकारका वाक्यका गठनमा, वाक्यान्तरणमा र वाक्य संश्लेषण र विश्लेषणका साथै उक्ति परिवर्द्धन र निपातका प्रयोगमा समेत निपुण तुल्याई शुद्ध, स्तरीय कथ्य र लेख्य नेपाली भाषा-का बोध र अभिव्यक्तिमा तह अनुरूप समर्थ तुल्याउनु शिक्षित नेपाली जनशक्तिले नेपाली भाषाको वाक्यगठन र वाक्यान्तरण शुद्ध रूपमा गर्न नसकी नेपाली भाषालाई आफ्ना बोध र अभिव्यक्तिका प्रयोजनका निम्ति प्रयोग गर्न नसकेको हिचकिचाइरहेको वा अशुद्ध रूपमा मात्र प्रयोग गर्न सकेको पाइन्छ भने बोध र अभिव्यक्तिसम्बन्धी यस्ता संकट, धामर वा कसरहरू आउंदा शिक्षित नेपाली जनशक्तिले बेहोर्न नपरोस् भन्ने अभिप्रायले नै यस एकाइ अन्तर्गत तह-अनुरूप नेपाली वाक्यका आधारभूत तत्वहरू र वाक्यान्तरणको प्रक्रियाको ज्ञान र अभ्यासमा जोड दिइएको छ ।

२) पाठ्यांश - नेपाली - १७२: नेपाली बोध र अभिव्यक्ति

त्रिभुवन विश्वविद्यालयका सबै अध्ययन संस्थानका प्रवीणता प्रमाणपत्र तहमा पढाउनु पर्ने अनिवार्य नेपाली पाठ्यक्रमको प्रथमपत्र अन्तर्गत यो पाठ्यांश रहेको छ । यसका निम्ति साठी अंक र तीन पाठघण्टाको समय निर्धारित गरिएको छ र यसका जम्मा चार एकाइ छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस पाठ्यांशका निम्नलिखित उद्देश हरू रहेका छन् :-

(क) ज्ञान-विज्ञान तथा सार्वजनिक व्यवहारका विभिन्न क्षेत्र (मानविकी र सामाजिक शास्त्र, विज्ञान र प्रविधि, चिकित्सा, वन, कृषि, संचार, इंजिनियरिंग, व्यापार वाणिज्य तथा जन-प्रशासन, कानून, शिक्षा आदि) मा प्रयोग गरिने विशेष शब्दावली, वाक्यरचना र अभिव्यक्तिको बोध गर्ने,।

(ख) नेपाली भाषाका विविध फांटका पुस्तक, लेख र लेखापढीको पठन गर्ने, बुंदा टिपोट गर्ने, संक्षेपीकरण गर्ने र विवेचना गर्ने ।

(ग) ज्ञानविज्ञान र सार्वजनिक व्यवहारका साथै आत्माभिव्यक्तिका संदर्भमा विभिन्न प्रकार र शैलीमा अनुच्छेदलेखन, टिप्पणीलेखन, र निबन्धलेखनका साथै विस्तृतीकरणको अभ्यास गर्ने ।

उपर्युक्त उद्देश्यहरूको प्राप्तिका निम्ति नेपाली - १७२ का विभिन्न एकाइअन्तर्गत राखिएका पाठ्यवस्तुहरूको वर्गीकरण निम्नलिखित अनुसार गर्न सकिन्छ :-

(१) स्तरीकरणात्मक

(२) विशेष समावेशात्मक ।

उपर्युक्त वर्गीकरणका संदर्भमा माध्यमिक तहसम्मको नेपाली अध्ययन-अध्यापन समेतका सापेक्षतामा नेपाली - १७२ का पाठ्यवस्तुका बारेमा निम्न-लिखितअनुसार टिप्पणी गर्न सकिन्छ :-

(१) नेपाली- १७२ का विभिन्न एकाइ अन्तर्गतका पाठ्यवस्तुमध्ये कतिपय पाठ्यवस्तुहरू माध्यमिक तहसम्मको पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्यांकन प्रक्रियाअन्तर्गत माध्यमिक तह उत्तीर्ण भई प्रमाणपत्र तहमा भर्ना भएका विद्यार्थीहरूको नेपाली भाषासम्बन्धी बोध र अभिव्यक्तिका पूर्व क्षमता-को सबलीकरण तथा स्तरीकरण गर्ने अभिप्रायले राखिएका छन् । यी पाठ्यवस्तुहरू नै नेपाली - १७२ को स्तरीकरणात्मक पाठ्यवस्तुहरू हुन् । सामान्यत : माध्यमिक तहसम्मको नेपाली पाठ्यक्रमले नेपाली भाषाको पढाइ र लेखाइ दुवैमा विशेष जोड दिएको छ तापनि पाठ्यपुस्तकहरू चाहि विधागत संरचनात्मक किसिमका पाठहरूमा बढी केन्द्रित हुंदै पाठका अन्तमा दिइएका अभ्यासका क्रममा मात्र हेतर्फ फुकेको पाइन्छ भने शिक्षण र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मूल्यांकनका क्रममा चाहिं संज्ञानात्मकताको नै बढी बोलबाला रहेको देखिन्छ । यसको फलस्वरूप भाषिक बोध र अभिव्यक्तिका विभिन्न तरिकाहरूको समुचित अभ्यास त्यहां हुन सकेको देखिन्न । त्यसैले प्रवीणता प्रमाणपत्र तहको अनिवार्य नेपाली पाठ्यक्रमअन्तर्गत पर्ने नेपाली १७२ पाठ्यांश प्रवीणता प्रमाणपत्र तहमा आइपुगेका विद्यार्थीहरूको नेपाली भाषासम्बन्धी बोध र अभिव्यक्तिका विभिन्न तरिका र सीपहरूका स्तरीकृत अभ्यासमा बढी केन्द्रित रहेको छ । यसबाट माध्यमिक तहसम्म-मा प्राप्त हुनु पर्ने तर त्यति हुन नसकेका बोध र अभिव्यक्तिसम्बन्धी सीपको सबलीकरण र स्तरीकरण गर्ने लक्ष्य राखिएको छ ।

उपर्युक्त संदर्भमा नेपाली -१७२ का संक्षेपीकरण, विस्तृतीकरण, अनुच्छेद लेखन, निबन्ध लेखन र बोधसम्बन्धी पाठ्यवस्तुहरू मूलत: सबली-करणका साथै स्तरीकरणात्मक देखिन्छन्:, किनभने यी अभिव्यक्ति र बोधसम्बन्धी सीपहरू माध्यमिक तहसम्मका विधागत पाठका अभ्यासका क्रममा सामान्यत: प्रयोग गरिएका छन् ।

(२) नेपाली - १७२ का बुंदाटिपोट, टिप्पणी लेखन, प्रयोजनपरक नेपाली तथा पठन र विवेचना सम्बन्धी पाठ्यवस्तुहरू मूलत: विशेष समावेशात्मक छन् । माध्यमिक तहसम्मको नेपाली शिक्षणका क्रममा यी पाठ्यवस्तुमा केन्द्रित खास अभ्यास भएको पाइंदैन ।

तीन पाठघण्टाका नेपाली १७२ नेपाली बोध र अभिव्यक्ति पाठ्यांशअन्तर्गत निम्नलिखित चार एकाइहरू छन् :-

एकाइ क: बुंदा-टिपोट, संक्षेपीकरण र सामान्य बोध,

एकाइ ख: विस्तृतीकरण तथा अनुच्छेद, टिप्पणी र निबन्धलेखन

एकाइ ग: प्रयोजनपरक नेपाली

एकाइ घ: पठन र विवेचना ।

यी विभिन्न एकाइहरूका बारेमा परिचयात्मक र प्रयोजनपरक छलफल निम्नलिखित अनुसार गर्न सकिन्छ:-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकाइ क: बुंदाटिपोट, संक्षेपीकरण र सामान्य बोध

यस एकाइअन्तर्गत रहेका उप-एकाइगत पाठ्यवस्तुहरू हुन् — (१) बुंदाटिपोट, (२) संक्षेपीकरण र (३) सामान्य बोध ।

उप-एकाइ (१) को बुंदाटिपोट भनेको पढेका, सुनेका वा सोचेका विषयका मूल बुंदाहरू पहिचानी तिनलाई छोटकरीमा स्पष्टसंग टिप्नु हो । यसबाट बोध-शक्तिका साथै विश्लेषणात्मक र संक्षेपीकरणात्मक शक्तिका विकासका निम्ति पनि सघाउ प्राप्त हुन्छ र आफैले लेख्न र बोल्नका निम्ति पनि पूर्व अध्ययन र पूर्व चिन्तन गरी त्यसको ठोस पूर्वाधार वा रूपरेखा प्राप्त गर्न सकिन्छ । बुंदाटिपोटका यिनै प्राज्ञिक र व्यावहारिक प्रयोजनलाई ध्यानमा राखी यस पाठ्यवस्तुलाई पाठ्यांश अन्तर्गत राखिएको हो ।

उप-एकाइ (२) अन्तर्गतको संक्षेपीकरणको तात्पर्य आफूले पढेका, सुनेका वा सोचेका विस्तृत कुराको मूल बुंदा समाती सिलसिलेवार रूपमा संक्षेपमा बोलेर वा लेखेर व्यक्त गर्नु हो । यसबाट विस्तृत कुराहरूको सार खिची समय र शक्तिको मितव्ययिताका साथ संक्षिप्त अभिव्यक्ति गर्ने क्षमताको प्राप्तिमा सघाउ पुग्छ । शिक्षित नेपालीहरूका व्यक्तिगत, संस्थागत र सार्वजनिक प्रयोजनका संदर्भमा अपेक्षित नेपाली भाषासम्बन्धी बोध र अभिव्यक्तिका सिलसिलामा व्यावहारिक र प्राज्ञिक दुवै दृष्टिले अपेक्षित कथ्य र लेख्य संक्षिप्त अभिव्यक्तिको सीप विद्यार्थीहरूलाई दिने अभिप्रायले यस पाठ्यवस्तुलाई पाठ्यांश अन्तर्गत राखिएको हो ।

उप-एकाइ (३) को सामान्य बोध भन्ने पाठ्यवस्तु स्तरीय नेपाली भाषाको बोधसम्बन्धी अभ्यासमा केन्द्रित छ । बोध भनेको संज्ञानात्मक क्षमता हो । प्रारंभिक, निम्न माध्यमिक र माध्यमिक तहका विभिन्न विधाका पाठहरूका माध्यमबाट विद्यार्थीहरूले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा नेपाली भाषासम्बन्धी बोधको अभ्यास गर्दै आएका छन् तापनि बोधलाई नै केन्द्र बनाई त्यसका निम्ति विभिन्न पाठ्य सामग्रीको उपयोग गर्ने दृष्टिले नेपाली - १७२ को एकाइ (८) अन्तर्गत सामान्य बोधलाई राखिएको छ । वस्तुत: बोधको अभ्यासको प्रक्रिया तहअनुसार बढाउँदै जानु अपेक्षित हुन्छ, किनभने पढाइको बढ्दो तह अनुरूप बोध्य विषयवस्तु र सामग्रीको स्तर पनि बढ्दै जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाषिक सन्दर्भमा बोध भनेको सामान्यत: कुनै पनि लिखित वा मौखिक अभिव्यक्ति पढी वा सुनी त्यसको अभिप्राय बुझ्न सक्नु हो तापनि यस एकाइका संदर्भमा बोधको तात्पर्य नेपाली भाषाका विभिन्न फांट (ज्ञान, विज्ञान र साहित्य) का विभिन्न विषयका अभिव्यक्तिका भाव र विचारको बोध हो । यसबाट विद्यार्थीहरूमा नेपाली भाषाका माध्यमबाट गरिएका स्तरीय अभिव्यक्तिको बोध गर्ने र सो बोधलाई प्रकट गर्ने सक्ने क्षमतामा वृद्धि हुन जान्छ । यसै प्रयोजनलाई ध्यानमा राखी यस पाठ्यवस्तुलाई पाठ्यक्रमअन्तर्गत राखिएको छ र शिक्षित नेपालीहरूमा आफ्ना व्यक्तिगत, संस्थागत र सार्वजनिक जीवनका बौद्धिक व्यावहारिक प्रयोजनका क्रममा अपेक्षित भइरहने नेपाली भाषाका बिभिन्न फांटका अभिव्यक्तिको सही बोधका निम्ति यसबाट सघाउ प्राप्त हुनेछ ।

समष्टिमा यो एकाइ प्रवीणता प्रमाणपत्र तहअनुरूप स्तरीय नेपाली बोध र अभिव्यक्तिका निम्ति अपेक्षित बोधका साथै अभिव्यक्ति सम्बन्धी टिपोट तथा संक्षेपीकरणका रचनागत सीपमा केन्द्रित छ । यसले विद्यार्थीहरूमा स्तरीय नेपाली सामग्रीको बोध शक्तिका विकासका साथै मूलत: लेख्य र अंशत: कथ्य अभिव्यक्ति शक्तिका संबर्द्धनका क्रममा अपेक्षित टिपोट गर्ने र संक्षेपीकरण गर्ने सीप प्रदान गर्दछ । उपर्युक्त बोध-शक्ति र अभिव्यक्तिगत सीपहरू शिक्षित नेपाली जनशक्तिलाई आफ्ना व्यक्तिगत, संस्थागत र सार्वजनिक जीवनका विभिन्न प्रसंगमा अत्यावश्यक भइरहने कुराहरू हुन् । यीनै सीपहरू व्यावहारिक र प्राज्ञिक दुबै कार्यहरूमा अपेक्षित छन् ।

एकाइ ख: विस्तृतीकरण तथा अनुच्छेदलेखन, टिप्पणी र निबन्ध लेखन

यस एकाइ अन्तर्गतका विभिन्न उपएकाइहरूमा पर्ने पाठ्यवस्तुहरू हुन् — विस्तृतीकरण, अनुच्छेदलेखन, टिप्पणीलेखन र निबन्धलेखन ।

एकाइ (ख) को उप-एकाइ (१) अन्तर्गतको पाठ्यवस्तु हो विस्तृतीकरण । छोटा सूक्ति वा सूत्रात्मक उक्तिलाई सिलसिलाबद्ध रूपमा व्याख्या वा विस्तार गर्नु नै विस्तृतीकरण हो । यस पाठ्यवस्तुबाट मार्मिक र गहन कथनहरूमा अन्तर्निहित भाव वा विचारको व्याख्या गर्ने सीप प्राप्त भई वक्ता, बक्ता वा लेखाइका शक्तिका विकासमा मदत पुग्दछ । यही व्यावहारिक र प्राज्ञिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोजनलाई ध्यानमा राखी पाठ्यांशअन्तर्गत यस पाठ्यवस्तुलाई राखिएको छ ।

यस एकाइअन्तर्गतको उप-एकाइ (२) को पाठ्यवस्तु हो अनुच्छेदलेखन । सामान्यत: कुनै विषयका बारेमा छोटकारिमा एक अनुच्छेद लेख्नु नै अनुच्छेद-लेखन हो । यस पाठ्यवस्तुबाट विभिन्न प्रकारका विषयमा विभिन्न ढंगले विभिन्न शैलीमा लेख्न सक्ने सीपको प्रारंभिक अभ्यास भई शिक्षार्थीका लेखन शैलीका विकासमा सघाउ प्राप्त हुन्छ । यस पाठ्यांशअन्तर्गत अभिव्यक्तिका आख्यानात्मक, वस्तुपरक, आत्मपरक र भावमय तरिकाहरूको समावेश गरिएको छ । यिनीहरूबाट कुनै वस्तु वा विषयको वस्तुगत वर्णन, कुनै घटना क्रमको आख्यानात्मक कथन, आफूलाई केन्द्र बनाई आफ्ना आत्मपरक पाराबाट अभिव्यक्ति तथा भावुकतापूर्ण उद्गारसम्बन्धी छोटा-छोटा अभिव्यक्तिका लेखनको बानी बस्तै पनि देखिन्छ । यसबाट छोटकरीमा उपर्युक्त विभिन्न किसिमका अभिव्यक्ति गर्ने सीप विद्यार्थीहरूले प्राप्त गर्ने छन् ।

यसै एकाइ अन्तर्गतको उप-एकाइ (३) को पाठ्यवस्तु हो - टिप्पणी-लेखन । विभिन्न विषय, समस्या र घटनाका बारेमा आफ्ना विचार, दृष्टिकोण वा राय विश्लेषणात्मक रूपमा लेखी प्रस्तुत गर्नु नै टिप्पणी-लेखन हो । अनुच्छेद लेखनभन्दा लामो र निबन्ध लेखनभन्दा छोटो हुनाले यो लेखन मझौला लम्बाइको हुन्छ । यस पाठ्यवस्तुबाट शिक्षार्थीहरूमा विश्लेषणात्मक लेखन-शक्तिको प्रस्फुटन हुँदै जान्छ । शिक्षित नेपालीहरूका जीवनका विभिन्न प्रसंगमा अपेक्षित भइरहने मझौला लम्बाइको उपर्युक्त लेख्य अभिव्यक्तिका विकासका प्रयोजनका निम्ति यो पाठ्यवस्तु राखिएको छ ।

उपर्युक्त एकाइ अन्तर्गतको उप-एकाइ (४) को पाठ्यवस्तु हो - निबन्धलेखन। कुनै विषय वा शीर्षकमा केन्द्रित रही विस्तारपूर्वक त्यसको वस्तुपरक वर्णन या विवेचना गर्नु वा आत्मपरकता मिसाई भावमय ढंगले त्यस विषय वा शीर्षकमा आफ्नो भावना व्यक्त गर्नु नै निबन्धलेखन हो । यस पाठ्यवस्तुबाट शिक्षार्थीहरूमा वर्णनात्मक, विश्लेषणात्मक र भावात्मक लेखन-शक्ति विकसित हुँदै जान्छ र उनीहरूका जीवनका विभिन्न प्रसंगमा विस्तृत लेख्य प्रतिपादन वा अभिव्यक्तिको यो सीप अत्यन्त उपयोगी हुन सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समष्टिमा यो एकाइ लेख्य अभिव्यक्तिका चार रूपसंग सम्बन्धित छ र ती अभिव्यक्तिहरू अपेक्षाकृत छोटा, मझौला र लामा समेत लेख्य रूप हुन् । अनुच्छेदलेखन लेख्य अभिव्यक्तिको अपेक्षाकृत संक्षिप्त रूप हो भने विस्तृतीकरण र टिप्पणीलेखन अपेक्षाकृत मझौला रूप हो र निबन्धलेखन चाहिं अपेक्षाकृत विस्तृत रूप हो । शिक्षित नेपालीहरूका व्यक्तिगत संस्थागत र सार्वजनिक जीवनका व्यावहारिक र प्राज्ञिक दुवै थरी प्रसंगमा आवश्यक भइरहने उपर्युक्त छोटा, मझौला र लामा रूपमा गरिने मूलत: वस्तुगत र विश्लेषणात्मक तथा अंशत: आख्यानात्मक, आत्मपरक र भावपरक लेख्य अभिव्यक्तिमा अभ्यस्त गराई त्यसको रचनागत सीप प्रवीणता प्रमाणपत्र तहअनुरूप प्रदान गर्नु नै यस एकाइको प्रयोजन हो ।

एकाइ ग: प्रयोजनपरक नेपाली

यो एकाइ (ग) ज्ञान-विज्ञान र व्यवहारका विभिन्न क्षेत्रमा प्रयुक्त नेपाली भाषाको प्रयोजनपरक भेदहरूको शिक्षणमा केन्द्रित छ ।

मानविकी र सामाजिक शास्त्र, व्यापार, जन प्रशासन, कानून, विज्ञान र प्रविधि, वन, कृषि, संचार, शिक्षा, चिकित्सा, इंजिनियरिंग आदि विभिन्न विषय र सार्वजनिक व्यवहारका क्षेत्रमा प्रयुक्त नेपाली भाषाका प्रयोजनपरक भेदहरूको विशेष अध्ययन नै यसको प्रयोजन हो । यस पाठ्यवस्तु बाट उपर्युक्त विभिन्न फांटमा प्रयुक्त नेपाली भाषा बुझ्ने र ती फांटमा नेपाली भाषाका माध्यमबाट अभिव्यक्त गर्ने सीपका विकासमा सघाउ पुग्नेछ ।

यो एकाइ विभिन्न अध्ययन संस्थानका विषय क्षेत्रको न्यूनतम प्रतिनिधित्व गराई मूलत: आफ्ना अध्ययन संस्थानका विषय-क्षेत्रमा प्रयुक्त नेपाली भाषाका प्रयोजनपरक भेदको अध्ययनमा बढी केन्द्रित छ । यस क्रममा ती विषय-क्षेत्रका विशेष प्राविधिक शब्द र तिनका विशिष्ट अर्थ तथा विशिष्ट वाक्यरचना र अभिव्यक्ति प्रणालीका बारेमा अभ्यास गराउंदै तिनका आधारमा ती विषय क्षेत्रमा नेपाली भाषाका माध्यमबाट गरिएका स्तरीय अभिव्यक्तिको बोध, बुंदा टिपोट, संक्षेप र विस्तार गर्ने र ती विषय क्षेत्रमा विभिन्न शीर्षकमा विषयगत अनुच्छेद, टिप्पणी र लेख लेख्ने अभ्यास गराउने लक्ष्य राखिएको छ । यसबाट दोहोरो प्रयोजन प्राप्त हुने देखिन्छ —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) विषयगत प्राविधिक शब्द तथा बोध, बुंदा टिपोट, संक्षेप र विस्तार तथा अनुच्छेद, टिप्पणी र निबन्ध (लेख) लेखनको सबलीकरण, र

(२) विभिन्न विषय क्षेत्रमा प्रयुक्त नेपाली भाषा (विशेष नेपाली भाषा) का बोध र ती विषय क्षेत्रमा नेपाली भाषाद्वारा अभिव्यक्ति गर्ने क्षमताको विस्तार तथा सबलीकरण ।

उपर्युक्त संदर्भमा यस एकाइको मूल प्रयोजन हो -- विभिन्न अध्ययन संस्थानबाट उत्पादित प्रमाणपत्र स्तरीय जनशक्तिलाई सामान्यत: ज्ञान-विज्ञान र व्यवहारका मूलभूत विषय-क्षेत्रमा र विशेषत: आफ्ना विषय-क्षेत्रमा प्रयुक्त नेपाली भाषाको बोध गर्ने र ती विषय क्षेत्रमा नेपाली भाषाका माध्यमबाट अभिव्यक्ति गर्ने क्षमता प्रदान गर्नु ।

आजको नेपाली बौद्धिक समुदाय आफ्ना जानकारी, ज्ञान, अनुभव र चिन्तनलाई उपयुक्त नेपाली भाषाका माध्यमबाट नेपाली सचेत जन-समुदाय समक्ष व्यक्त गर्न प्राय: कठिनाइ अनुभव गर्ने स्थितिमा छ । किनभने आफ्ना विषय-क्षेत्रमा नेपाली भाषाको माध्यम अंगाल्न हाम्रो बौद्धिक समुदाय त्यति अभ्यस्त छैन । साथै ती विषय-क्षेत्रमा नेपाली भाषाका माध्यमबाट जे जति अभिव्यक्ति भएका छन् तिनको बोध गर्ने क्षमता र बानी पनि शिक्षित नेपालीमा त्यति विकसित भएको छैन । यस परिप्रेक्ष्यमा ज्ञानविज्ञान र व्यवहारका विभिन्न विषयक्षेत्रमा अभिव्यक्तिका माध्यमका रूपमा नेपाली भाषा त्यति फस्टाउन नसकेको पाइन्छ । यस एकाइका मूल प्रयोजन उपर्युक्त अवस्थामा सुधार ल्याउन प्रमाणपत्र तहका विद्यार्थीहरू-लाई ज्ञानविज्ञानका विभिन्न क्षेत्रमा नेपाली भाषासम्बन्धी बोध र अभिव्यक्तिका निम्ति उत्प्रेरित गर्नु हो ।

एकाइ घ: पठन र विवेचना

यो एकाइ (घ) विद्यार्थीहरूको पठन र विवेचना सम्बन्धी सीपका विकासमा केन्द्रित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पठन र विवेचना भन्नाले सामान्यत: कृतिहरू पढ्नु र तिनको विवेचना गर्नु भन्ने बुझिन्छ । प्रस्तुत शैक्षिक सन्दर्भमा पनि 'पठन र विवेचना' को तात्पर्य कृतिहरू पढी तिनमा निहित भाव र विचारको आस्वादन र बोध गरी विवेचना समेत गर्नु हो । नेपाली वाङ्मयका स्तरीय साहित्यिक (कथा, उपन्यास, हास्यव्यङ्ग्य, निबन्ध र नाटक विधाका) कृतिहरू पढी तिनमा अन्तर्निहित अभिप्राय (भाव र विचार) को आस्वादन र बोध गर्नाका साथै संबन्धित प्रस्तुति र भाषिक संरचनासंग पनि सामान्यत: परिचित भई ती कृतिको भाषिक अध्ययन र सामान्य विवेचना गर्ने कौशल (सीप) सित 'पठन र विवेचना' संबन्धित छ । पठन र आस्वादनका साथै बोध र विवेचनाको सीपलाई विभिन्न विधाका स्तरीय साहित्यिक कृतिको सन्दर्भमा विकसित गराउनु नै यस पाठ्यवस्तुको शिक्षणको प्रयोजन हो । यसबाट विद्यार्थीहरूका पठन र बोधका साथै विवेचना गर्ने क्षमताका विकासमा सहायता प्राप्त हुनेछ ।

३) पाठ्यांश: नेपाली २७१: विशेष नेपाली

त्रिभुवन विश्वविद्यालयका खास खास अध्ययन संस्थानका प्रवीणता प्रमाणपत्र तहमा पढाउनु पर्ने अनिवार्य नेपाली पाठ्यक्रम अन्तर्गत यो पाठ्यांश द्वितीय पत्रमा रूपमा रहेको छ । यसका निम्ति वार्षिक प्रतिहप्ता २½ = ३ पाठघण्टा, वार्षिक जम्मा कक्षा घण्टा ७५ र पूर्णाङ्क ५० निर्धारित गरिएको छ । यसका तीन एकाइ छन् ।

यस पाठ्यांशका निम्नलिखित उद्देश्यहरू रहेका छन् --

(१) नेपाली वाङ्मयका साहित्यिक र साहित्येतर सामग्रीको पठन र तिनमा अन्तर्निहित सूक्ष्म विचार र अनुभूतिको मर्मबोध गर्ने,

(२) उपर्युक्त बोधलाई विश्लेषणात्मक, विवेचनात्मक र समीक्षात्मक ढंगले समेत अभिव्यक्त गर्ने,

(३) विशेषत: मौखिक र सामान्यत: लेख्य अभिव्यक्तिक्रममा सहायक उखान टुक्का जस्ता तत्वले दिएको अभिव्यंजना र तीक्ष्णतालाई ग्रहण गर्ने र आफ्ना अभिव्यक्तिमा समेत तिनको प्रयोग गरी अभिव्यक्ति प्रखरताको संबर्धन गर्ने,

(४) स्तरीय मौखिक अभिव्यक्तिका क्रममा सहायक विभिन्न लेख्य सीप प्राप्त गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त उद्देश्यहरूको प्राप्तिका लागि नेपाली २७१ अन्तर्गत राखिएका विभिन्न एकाइका पाठ्यवस्तुहरू मुख्यत: स्तरीकरणात्मक छन् । स्तरीकरणको दृष्टिले पनि यस पाठ्यांशका पाठ्यवस्तुहरूलाई दुई विभागमा वर्गीकरण गर्न सकिन्छ ।

१. माध्यमिकतहका दृष्टिले स्तरीकरणात्मक
२. प्रवीणता प्रमाणपत्र तहका सामान्य नेपाली पाठ्यांशका दृष्टिले स्तरीकरणात्मक

उपर्युक्त दुई वर्गमध्ये पहिलो वर्गमा एकाइ (ख) का सबै पाठ्यवस्तुहरू (ब्यान, टुक्का, संवादात्मक आदि विभिन्न अभिव्यक्ति) पर्दछन् भने दोस्रो वर्गमा एकाइ (क) र (ग) का सबै पाठ्यवस्तुहरू (विशिष्ट बोध तथा कृति विश्लेषण र समीक्षा) पर्दछन् ।

प्रवीणता प्रमाणपत्र तहको यो नेपाली २७१ पाठ्यांश स्तरीय मौखिक र लेख्य अभिव्यक्तिको ज्ञान र अभ्यासमा सीमित छ । नेपाली वाङ्मयका साहित्यिक र साहित्येतर फाँटका विशिष्ट सामग्रीमा आधारित बोध तथा विश्लेषणात्मक र समीक्षात्मक सीपको साथै स्तरीय मौखिक अभिव्यक्तिका संदर्भमा सहायक विभिन्न अभिव्यक्ति प्रक्रियाको लेखन सामर्थ्यका विशेष विकासका निम्ति विशेष दक्षता प्रदान गर्नु नै यस पाठ्यांशको विषयगत मूल प्रयोजन रहेको छ ।

$२\frac{१}{२}$ - ३ पाठ्घण्टाको यस पाठ्यांश अन्तर्गत निम्नलिखित अंक र पाठघण्टाका जम्मा ३ एकाइहरू यसप्रकार रहेका छन् :-

एकाइ	शीर्षक	अंक	पाठघण्टा	जम्मा कक्षा घण्टा
एकाइ क:	विशिष्ट बोध	१०	$\frac{१}{२}$	१५
एकाइ ख:	मौखिक अभिव्यक्तिका निम्ति सहायक लेख्य अभिव्यक्तिको अभ्यास	१५	$\frac{३}{४}$	$२२\frac{१}{२}$
एकाइ ग:	कृतिविश्लेषण र समीक्षा	२५	$१\frac{१}{२}$	$३७\frac{१}{२}$

अब उपर्युक्त एकाइ र तिनका उप-एकाइहरूको क्रमश: चर्चा गरिनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकाइ क: विशेष बोध

उपर्युक्त ३ एकाइमध्ये एकाइ 'क' अन्तर्गत विशिष्टबोध रहेको छ ।

एकाइ 'क' को विशिष्ट बोध पाठ्यवस्तुका रूपमा राखिएको कारण प्रवीणता प्रमाणपत्र तहमा अनिवार्य नेपाली विषयका निम्ति बढी अंक र पाठघण्टा प्रदान गर्ने [illegible] अध्ययन संस्थानको अनिवार्य नेपाली शिक्षण अन्तर्गत बोध र अभिव्यक्ति संबन्धी विशेष स्तरीकृत अभ्यासलाई प्रोत्साहित गर्नु हो । प्रवीणता प्रमाणपत्र तहको पाठ्यांश नेपाली १७२ : नेपाली बोध र अभिव्यक्ति' अन्तर्गत एकाइ 'क' उप-एकाइ (३) को सामान्य बोध कै सबलीकरण गर्दै विशेष सीप प्रदान गर्ने उद्देश्य यस पाठ्यवस्तुले राखेको छ ।

एकाइ ख: मौखिक अभिव्यक्तिका निम्ति सहायक लेख्य अभिव्यक्तिको अभ्यास

यस एकाइ अन्तर्गत ३ उप-एकाइ रहेका छन् -- उप-एकाइ (१) उखान उप-एकाइ (२) टुक्का र उपएकाइ (३) विभिन्न अभिव्यक्ति ।

उपएकाइ (१) र (२) का पाठ्यवस्तुहरूले चलन चल्तीका नेपाली उखान र टुक्काको ज्ञान र वाक्य तथा वाक्य भन्दा पनि विस्तृत मौखिक र लेख्य अभिव्यक्ति प्रक्रियामा प्रयोग गर्ने अभ्यास गराउने लक्ष्य राखेको छन् । माध्यमिक तह पूरा गरेर आएका विद्यार्थीहरूमा उक्त पाठ्यवस्तुहरूका प्रारंभिक ज्ञान र अभ्यास भइसक्ने हुनाले यी पाठ्यवस्तुहरू स्तरीकरणात्मक हुन । कथ्य नेपाली भाषालाई प्राणवान् तुल्याउने र साहित्यिक तथा अन्य लेख्य अभिव्यक्तिलाई फरर्रो-मीठो पार्ने क्षमता उखान र टुक्कामा देखिन्छ । पाठ्यवस्तुका प्रायोगिक अभ्यासबाट भाषण, छलफल, बातचित आदि र साहित्यिक लेखन आदिका क्षेत्रमा बोध र अभिव्यक्तिका विकासका निम्ति मद्दत पुग्दछ ।

यसै एकाइको उप-एकाइ (३) अन्तर्गत रहेका स्तरीय कथ्य अभिव्यक्ति सीपहरू स्तरीकरणात्मक पाठ्यवस्तु हुन् । यस अन्तर्गतका सम्वादात्मक वाद-विवादात्मक, मनोवादात्मक तथा वक्तृतात्मक अभिव्यक्ति सम्बन्धी पाठ्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तुहरू मूलत: कथ्य भाषिक सीपसंग संबन्धित छन् तापनि लेख्य भाषिक सीपसंग पनि अंशत: जोडिएका छन् । सम्वादात्मक र वादविवादात्मक, मनोवादात्मक तथा वक्तृतात्मक अभिव्यक्तिका क्रममा मूलत: कथ्य र अंशत: त्यसैको लेख्य रूपसंग सम्बन्धित यी विधाहरूलाई कथ्य नेपालीका विभिन्न पक्ष र तिनलाई सघाउने उखान, टुक्का, निपात आदिका अभ्यासका निमित्त समेत प्रयोग गर्नु अपेक्षित छ । संवाद कथ्य भाषाकै कथोपकथन हो । वाद-विवादमा पक्ष र विपक्षका बीचको तर्कपूर्ण संवाद हुन्छ भन्ने मनोवादमा मनमनै कथन हुन्छ । वक्तृता चाहिं विस्तृत सम्बोधित कथन हो । यी विधाका कथ्य-लेख्य रूपका माध्यमबाट नेपाली भाषाको स्तरीय कथ्य रूप र त्यसको लेख्य रूपमा अभ्यास गराउनु यस पाठ्यवस्तुको अभीष्ट हो ।

एकाइ ग: कृतिविश्लेषण र समीक्षा

यस एकाइ `ग` अन्तर्गत कृतिविश्लेषण र समीक्षा सम्बन्धी पाठ्य-वस्तुहरू रहेका छन् । एकाइ `ग` को कृतिविश्लेषण र समीक्षा पाठ्यवस्तुका रूपमा राखिनाको कारण प्रवीणता प्रमाणपत्र तहमा अनिवार्य नेपाली विषयका निम्ति बढी अंक र पाठघण्टा दिई जोडदिनाका निम्ति अनिवार्य नेपाली शिक्षण अन्तर्गत `पठन र विवेचना` संबन्धी विशेष स्तरीकृत अभ्यासलाई प्रोत्साहित गर्नु हो । प्रवीणता प्रमाणपत्रको पाठ्यांश नेपाली १७२ नेपाली बोध र अभिव्यक्ति अन्तर्गत एकाइ `घ` को पठन र विवेचना-कै सबलीकरण गर्दै विशेष सीप प्रदान गर्ने उद्देश्य यस पाठ्यवस्तुले राखेको छ ।

कृति विश्लेषण र समीक्षा भन्नाले सामान्यत: कृतिहरू अध्ययन गरी तिनको विश्लेषण र समीक्षा गर्नु भन्ने बुझिन्छ । प्रस्तुत शैक्षिक सन्दर्भमा पनि `कृति विश्लेषण र विवेचना` को अभिप्राय नेपाली भाषा-का स्तरीय कृतिहरू पढी तिनमा निहित भाव र विचारको आस्वादन र बोध गरी विश्लेषण समेत गर्नु हो । नेपाली वाङ्मयका स्तरीय साहित्यिक (कविता, कथा र नाटक) कृतिहरू पढी तिनमा अन्तर्निहित अभिप्राय(भाव र विचार) को आस्वादन र बोध गर्नाका साथै सम्बन्धित प्रस्तुति र भाषिक संरचनासंग पनि परिचित भई ती कृतिका भाषिक अध्ययन, विश्लेषण र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समीक्षा गर्ने कौशल (सीप) सित `कृति विश्लेषण र समीक्षा` सम्बन्धित छ । पठन र आस्वादनका साथै बोध र विश्लेषणको सीपलाई विभिन्न साहित्यिक विधाका स्तरीय साहित्यिक कृतिका सन्दर्भमा विकसित गराउन नै यस शिक्षणको प्रयोजन हो । यसबाट विद्यार्थीहरूमा पठन र बोधका साथै विश्लेषण र समीक्षा गर्ने क्षमताका विकासमा सहायता प्राप्त हुन्छ । यसबाट पाठ्यांश नेपाली १७२ का एकाइ (घ) को `पठन र विवेचना` का प्रक्रियाको विशेष संवर्धन पनि हुन जान्छ ।

समष्टिमा स्तरीय मौखिक अभिव्यक्ति र लेखन सामर्थ्यका निम्ति पाठ्यांशबाट खासखास अध्ययन संस्थानको प्रवीणता प्रमाणपत्र तहमा भर्ना भएका विद्यार्थीहरूमा रहन जाने स्तरीय कथ्य नेपाली भाषासम्बन्धी कसर-हरूको निराकरणका साथै लेख्य भाषिक अभिव्यक्ति र सीपको स्तरीकरण समेतको लक्ष्य राखिएको छ । साथै साहित्यिक तथा साहित्येतर सामग्रीको पठन तिनका मर्मबोध र प्रखर अभिव्यक्ति गर्ने क्षमताको विकास गर्नु पनि यसको अर्को प्रयोजन रहेको छ ।

(२) स्नातक तह

स्नातक तहको अनिवार्य नेपाली पाठ्यक्रमअन्तर्गत सामान्य नेपालीका साथै विशेष नेपालीका पाठ्यक्रमहरू पर्दछन् । सामान्य नेपाली पाठ्यक्रम १०० पूर्णाङ्कको छ र यसको पाठघण्टा भार '५ छ । सामान्य नेपाली पाठ्य-क्रम मा.सा.अ.सं. संस्कृत अ.सं. र कानून अध्ययन संस्थानको स्नातक तहमा समान रूपमा लागू हुन्छ । विशेष नेपाली पाठ्यक्रम चाहिं ५० पूर्णाङ्कको छ । यसको पाठघण्टा भार २½ = ३ छ । यो पाठ्यक्रम कानून अध्ययन संस्थानका निम्ति मात्र निर्धारित गरिएको छ । यी दुई पाठ्यक्रमअन्तर्गत निम्नलिखित अनुसारका पाठ्यांशहरू छन्:-

पाठ्यक्रम	पत्र	पूर्णांक	संकेतांक	पाठ्यांश	अंक
सामान्य नेपाली	प्रथम	१००	नेपाली ३७१	नेपाली व्याकरणको विस्तृत अध्ययन	५०
			,, ३७२	नेपाली बोध र अभिव्यक्तिको विस्तृत अध्ययन	५०
विशेष नेपाली	द्वितीय	५०	नेपाली ४७१	विशेष नेपाली	५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१) पाठ्यांश: नेपाली ३७१ नेपाली व्याकरणको विस्तृत अध्ययन

त्रिभुवन विश्वविद्यालयका अध्ययन संस्थानहरूमा स्नातक तहमा पढाउनु पर्ने अनिवार्य नेपाली पाठ्यक्रम अन्तर्गत यो पाठ्यांश रहेको छ । यसका निम्ति वार्षिक प्रतिघण्टा २$\frac{१}{२}$ पाठघण्टा निर्धारित गरिएको छ यसका तीन एकाइ छन् ।

यस पाठ्यांशका निम्न लिखित उद्देश्यहरू रहेका छन् :-

(क) नेपाली भाषाका भाषिक संरचनाको विश्लेषणात्मक अध्ययन-द्वारा वाक्य निर्माण र वाक्यान्तरण प्रक्रियाको सूक्ष्म ज्ञान तथा विशेष प्रयोग गर्ने,

(ख) नेपाली पदविचारका साथै शब्दनिर्माण प्रक्रियाका विभिन्न पदको सूक्ष्म विश्लेषणात्मक अध्ययनका र शब्दकोशको प्रयोग समेतका आधारमा विशिष्ट प्राविधिक शब्द तथा विशेष शब्दको अर्थबोध तथा उपयुक्त वाक्यमा तिनको प्रयोग गर्ने,

(ग) तत्सम शब्दका वर्णविन्यास विधिको ज्ञानका साथै प्रयोग गर्ने,

(घ) उपर्युक्त विभिन्न आधारमा शुद्ध र सशक्त रूपमा स्तरीय लेख्य नेपाली भाषाको प्रयोग गर्ने ।

उपर्युक्त उद्देश्यहरूका प्राप्तिका निम्ति नेपाली - ३७१ का वि विभिन्न एकाइ अन्तर्गत राखिएका पाठ्यवस्तुहरूको वर्गीकरण निम्न-लिखित किसिमले गर्न सकिन्छ :-

(१) स्तरीकरणात्मक

(२) विशेष समावेशात्मक

स्तरीकरणात्मक र विशेष समावेशात्मक भन्नाको तात्पर्य बारेमा नेपाली - ३७१ का पाठ्यांश-अभिमुखीकरणका प्रसंगमा प्रशस्त छलफल गरिसकिएको छ । नेपाली ३७१ का संदर्भमा स्तरीकरणात्मक भन्नाले प्रमाणपत्र तहमा सामान्य अध्ययन गराइएको र स्नातक तहमा त्यसको अरू विस्तृत र गहन ज्ञान तथा अभ्यास गराउनु पर्ने पाठ्यवस्तुलाई लिइएको छ र यसका उदाहरणका रूपमा यस पाठ्यांशका वाक्यतत्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दनिर्माण र शब्दकोशको प्रयोगसम्बन्धी पाठ्यवस्तुहरू मूलत: स्तरीकरणात्मक देखापर्छन् । विशेष समावेशात्मक भन्नाको तात्पर्य चाहिं लगभग नयाँ रूपमा समावेश हो र यसका उदाहरणका रूपमा यस पाठ्यांशका पद-विचार र तत्सम शब्दको वर्णविन्याससम्बन्धी पाठ्यवस्तुहरू लिका छन् । नेपाली - ३७१ मा नयाँ रूपमा समावेश गरिएका अर्थात् प्रमाणपत्र तहमा नपढाइएका र स्नातक तहमा नै थालिएका नयाँ पाठ्यवस्तुहरू नै विशेष समावेशात्मक पाठ्यवस्तु हुन् । अझ गहिरिएर विश्लेषण गर्दा चाहिं निम्नलिखित तालिकाद्वारा यस पाठ्यांशका वर्गीकृत पाठ्यवस्तुहरूको स्थिति यसरी औंल्याउन सकिन्छ :

एकाइहरू

पाठ्यवस्तु वर्गीकरण	क	ख	ग.
मूलत: स्तरीकरणात्मक	शब्दनिर्माण प्रक्रिया (समासगत सन्धि, नाम धातु र द्वित्व प्रक्रिया बाहेक)	वाक्यतत्व (विशेष समावेशात्मक वर्गमा उल्लेख गरिएका पाठ्यवस्तु बाहेक)	शब्दकोशको प्रयोग
विशेष समावेशात्मक	पदविचार	उद्देश्य र विधेय विस्तार, तिर्यक् कारक, पदक्रम, पदावली, उपवाक्य र मिश्रित वाक्य	तत्सम शब्दका वर्णविन्यास

उपर्युक्त तालिकाको अध्ययन गर्दा नेपाली - ३७१ अन्तर्गत निम्नलिखित दुई प्रकारका पाठ्यांशगत विषयवस्तु लिएको कुरा स्पष्ट हुन्छ :-

(क) प्रवीणता प्रमाणपत्र तहअन्तर्गत नेपाली - १७१ मा पढाइएका पाठ्यवस्तुलाई अझ विस्तृत र गहन रूपमा शिक्षण गरी ती पाठ्यवस्तुको स्नातक तहअनुरूपको सैद्धान्तिक ज्ञान र अभ्यास गराउने। यसरी प्रवीणता प्रमाणपत्र तहमा सामान्य रूपमा पढाइएका पाठ्यवस्तुको स्तरीकृत शिक्षण गर्नाको पहिलो प्रयोजन ती पाठ्यवस्तुको सबलीकरण हो भने दोस्रो र मूल प्रयोजन चाहिं प्रमाणपत्र तहमा त्यस तहअनुरूप विषय ज्ञान र अभ्यास गराइएका ती पाठ्यवस्तुबारे स्नातक तहअनुरूप अपेक्षित स्तरीकृत अर्थात् अझ बढी विस्तृत र गहन शिक्षण नै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) प्रवीणता प्रमाणपत्र तहअन्तर्गत समावेश नभएका र स्नातक तहको तह-अनुरूप अपेक्षित नयाँ पाठ्यवस्तुहरूको विशेष समावेश गर्ने ।

नेपाली - ३७१ को यो पाठ्यांश नेपाली व्याकरणका विस्तृत अध्ययन-मा केन्द्रित छ र प्रमाणपत्र तहमा गराइएको नेपाली व्याकरणको सामान्य अध्ययनको स्तरीकृत र विशेष समावेशात्मक समेत शिक्षणको लक्ष्य नेपाली-३७१ ले राखेको छ । उच्च शिक्षा प्रणालीअन्तर्गत अनिवार्य नेपाली शिक्षणको अन्तिम तह स्नातक तह नै हो र शिक्षित नेपाली मध्यम स्तरीय जन-शक्तिका निम्ति व्यक्तिगत, संस्थागत र सार्वजनिक प्रयोजनका लागि अपेक्षित स्तरीय नेपाली भाषाको बोध र स्तरीय तथा शुद्ध नेपाली अभिव्यक्तिका निम्ति दिनु पर्ने भाषिक ज्ञान र सीप प्रदान गर्नु पर्ने अन्तिम तह यही नै हो । त्यसैले प्रमाणपत्र तहको नेपाली -१७१ द्वारा नेपाली भाषा-सम्बन्धी प्रमाणपत्र स्तरीय बोध र अभिव्यक्तिसम्बन्धी ज्ञान र सीपका प्राप्तिका निम्ति नेपाली व्याकरणगत पूर्वाधार विद्यार्थीलाई प्रदान गर्ने लक्ष्य राखिएको छ भने त्यसै पूर्वाधारमा टेकी स्तरीकरणात्मक र विशेष समावेशात्मक पाठ्यवस्तुका आधारमा मध्यम स्तरीय जनशक्तिमा अपेक्षित नेपाली भाषासम्बन्धी बोध र अभिव्यक्ति क्षमताका लागि आवश्यक मात्रा-मा नेपाली व्याकरणको विस्तृत शिक्षण नै नेपाली -३७१ को प्रयोजन हो। यसबाट शिक्षित नेपालीहरूले आफ्ना व्यक्तिगत, संस्थागत र सार्वजनिक प्रयोजनका निम्ति नेपाली भाषाको प्रयोग गर्ने क्षमता प्राप्त गर्नेछन् ।

५० अंक र तदनुरूप २$\frac{1}{2}$ पाठघण्टाका यस पाठ्यांशअन्तर्गत जम्मा निम्न-लिखित किसिमका तीन एकाइ रहेका छन्:-

एकाइ	शीर्षक	अंक	पा.घ.	कक्षाघण्टा
(क)	पदविचार र शब्दनिर्माण प्रक्रिया	२०	१	३८
(ख)	वाक्यतत्व	२०	१	३०
(ग)	शब्दकोशको प्रयोग र तत्सम शब्दको वर्णविन्यास ।	१०	$\frac{1}{2}$	१५

उपर्युक्त तीन ओटै एकाइका बारेमा परिचयात्मक र प्रयोजनपरक छलफल छोटकरीमा यस प्रकार गर्न सकिन्छ :-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकाइ क: पदविचार र शब्दनिर्माण प्रक्रिया

नेपाली ३७१ को यो एकाइ (क) अन्तर्गत निम्नलिखित दुई उप-एकाइ छन्, ती हुन् :-

(१) पदविचार,

(२) शब्दनिर्माण प्रक्रिया ।

उपर्युक्त दुई उप-एकाइहरूमध्ये पहिलो उप-एकाइ पदविचार सम्बन्धी आधारभूत कुराहरूको ज्ञान र अभ्यासमा केन्द्रित छ । यो उप-एकाइ पाठ्य-वस्तुगत वर्गीकरणका दृष्टिले विशेष समावेशात्मक हो । पदविचारसम्बन्धी पाठ्यवस्तुको अतिसामान्य परिचय मात्र माध्यमिक तहसम्मको नेपाली अध्ययनका क्रममा विद्यार्थीहरूले प्राप्त गरेको भए पनि प्रवीणता प्रमाणपत्र तहको नेपाली -१७१ मा निराकरणात्मक विभिन्न पाठ्यवस्तुका बोझले र संरचनामूलक उन्मुखताले गर्दा पदविचारसम्बन्धी सैद्धान्तिक ज्ञानसँग सम्बन्धित पाठ्यवस्तुको स्तरीकरणात्मक तथा समावेशात्मक शिक्षण हुन सकेको छैन र स्नातक तहमै पदविचारमा केन्द्रित यस उप-एकाइको विशेष समावेश गरिएको छ ।

यस उप-एकाइअन्तर्गत नेपाली भाषाका पदहरूको वर्गीकरण तथा पदका विभिन्न प्रकार (संज्ञा, सर्वनाम, विशेषण, क्रिया र अव्यय) को परिचय तथा तिनका भेद र कार्यसम्बन्धी पाठ्यवस्तु पर्दछन् । यस उप-एकाइ-मा परेका उपर्युक्त पाठ्यवस्तुका अध्ययनबाट नेपाली भाषामा के-कस्ता कति प्रकारका पदहरू छन् र तिनका के-कति भेद छन्, अनि ती पदका खास-खास कार्य के हुन् इत्यादि कुराको सैद्धान्तिक ज्ञानका साथै तिनको पहिचान र प्रयोग गर्ने सामर्थ्य विद्यार्थीहरूमा पैदा गर्ने लक्ष्य राखिएको छ । पद-विचार वा वाग्विभागको अध्ययन नेपाली वाक्यहरूमा पदहरूको स्थिति र कार्यका पहिचानका दृष्टिले अत्यन्त उपयोगी देखिन्छ । यसबाट नेपाली बोध र अभिव्यक्तिका क्रममा पदहरूमा ठीक अभिप्रायको पहिचान र सही किसिमले प्रयोग गर्ने सीप प्राप्त हुन जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकाइ 'क' अन्तर्गतको दोस्रो उप-एकाइ हो शब्दनिर्माण प्रक्रिया। यो उप-एकाइ मूलत: स्तरीकरणात्मक र अंशत: विशेष समावेशात्मक पनि हो। यस उप-एकाइको पाठ्यवस्तु अन्तर्गतका उपसर्ग, कृत र तद्धित प्रत्यय तथा समास प्रक्रियाद्वारा शब्दनिर्माण तथा अनुकरणात्मक र प्राविधिक शब्दसम्बन्धी पाठ्यवस्तु मूलत: स्तरीकरणात्मक हुन् र यिनमा नेपाली १७१ का तुलनामा स्तरीकरण (परिष्कार तथा विस्तार) एवं नयाँ पाठ्य-वस्तुको आंशिक समावेश समेत गरिएको छ र तत्सम शब्द-निर्माण प्रक्रियामा विशेष जोड दिइएको छ। नामधातु र द्वित्व प्रक्रियाद्वारा शब्द-निर्माण र समासगत सन्धि चाहिं पूर्णत: नयाँ विशेष समावेशात्मक पाठ्यवस्तु हुन्।

स्नातक तह अर्थात् माध्यम तहको शिक्षित नेपाली जनशक्तिका लागि आफ्ना व्यक्तिगत, संस्थागत र सार्वजनिक प्रयोजनका निम्ति अपेक्षित नेपाली भाषासम्बन्धी स्तरीय बोध र अभिव्यक्तिका क्रममा अपरिहार्य नेपाली शब्द-निर्माण प्रक्रिया र शब्द भण्डारसम्बन्धी ज्ञान र प्रयोगको सीप प्रदान गर्नु नै यस पाठ्यांशको मूल लक्ष्य हो। यस एकाइको प्रयोजनपरक तात्पर्यको विस्तृत झलक चाहिं नेपाली -१७१ को एकाइ (क) उप-एकाइ (ई),(उ) र (ऊ) सित मिल्दा, खास भेद प्रवीणता प्रमाणपत्र र स्नातक तहका आ-आफ्ना स्तरीय परिधिमा नै देखापर्दछ।

एकाइ ख: वाक्यतत्व

नेपाली ३७१ को यो एकाइ (ख) अन्तर्गत निम्नलिखित दुई उप-एकाइ छन्, ती हुन् :-

(१) वाक्यनिर्माण प्रक्रिया,

(२) वाक्यान्तरण प्रक्रिया।

उपर्युक्त दुई उप-एकाइहरूमध्ये पहिलो उप-एकाइ वाक्यनिर्माण प्रक्रिया सम्बन्धी यो उप-एकाइ मूलत: स्तरीकरणात्मक र अंशत: विशेष समावेशात्मक पनि हो। यसअन्तर्गत वाक्यका उद्देश्य र विधेय, संगति र शासन तथा सरल, संयुक्त र मिश्र वाक्यको शिक्षण स्तरीकरणात्मक अर्थात् नेपाली - १७१ का तुलनामा विस्तृत र गहन किसिमले हुन्छ भने अंशत: विशेष समावेशात्मक पाठ्यांश हुन् - उद्देश्य-विधेय विस्तार, तिर्यक्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कारक, वाक्यगत पदक्रम, पदावली र उपवाक्य तथा मिश्रित वाक्य ।

यस एकाइका अंशतः विशेष समावेशात्मक अर्थात् नयाँ पाठ्यवस्तुहरू-मध्ये उद्देश्य र विधेयको विस्तारअन्तर्गत विस्तार अंश नयाँ हो र यसले वाक्यका उद्देश्य र विधेय खण्डको व्यापक विश्लेषण गर्ने कुरा सिकाउँछ र तिर्यक् कारक अन्तर्गत वाक्यको थरोत (विभक्ति नियम) का क्रममा आउने तिर्यक् कारक सिकाइन्छ र यसबाट नेपाली वाक्यको चोखो र स्तरीय रूप बुझ्न र प्रयोग गर्न सघाउ प्राप्त हुन्छ । वाक्यगत पदक्रमका शिक्षणबाट नेपाली वाक्य-गठनमा कर्ता, कर्म, पूरक, क्रिया विशेषण र अव्यय जस्ता पदहरूको प्रयोगक्रम कुन किसिमको हुन्छ भन्ने कुरा बुझ्न र ठीकसँग तिनको प्रयोग गर्न सहायता प्राप्त हुन्छ; पदावली र उपवाक्यका शिक्षणबाट वाक्यका यी घटकहरूको परिचय र प्रयोगको ज्ञान तथा प्रयोगात्मक अभ्यास भई नेपाली वाक्य-गठनको अन्तर्मर्म बुझ्न र तदनुसार तिनको सही अर्थबोध र प्रयोग गर्न सघाउ पुग्ने देखिन्छ र लिखित वाक्यका शिक्षणबाट नेपाली वाक्यगठनको सर्वाधिक विशिष्ट स्वरूप र त्यसका घटक वाक्य-खण्ड (उप-वाक्य) हरूको सैद्धान्तिक ज्ञान तथा विश्लेषणात्मक सीप र ठीक प्रयोग गर्ने क्षमता प्राप्त हुन जान्छ । यी सबै पाठ्यवस्तुहरू नेपाली वाक्यगठनको सैद्धान्तिक ज्ञान र अभ्यासको तहअनुरूप सुदृढीकरणका निम्ति राखिएका हुन् ।

एकाइ 'ख' अन्तर्गत दोस्रो उपएकाइ वाक्यान्तरण प्रक्रिया हो । यो उप-एकाइ पूरै स्तरीकरणात्मक हो अर्थात् यसअन्तर्गत नेपाली- ३७१ मा रहेका वाक्यान्तरण सम्बन्धी प्रमुख पाठ्यवस्तुको स्नातक तहअनुरूप विस्तृत र गहन ज्ञान तथा अभ्यास गराउने लक्ष्य राखिएको छ। यसमा पर्ने पाठ्यवस्तुहरू हुन् - वाच्य, वाक्य-संश्लेषण वाक्य-विश्लेषण तथा उक्ति-परिवर्तन ।

नेपाली वाक्यका वाक्यान्तरणका विभिन्न तरीकाहरूको विस्तृत सैद्धान्तिक ज्ञानका साथै विभिन्न प्रकारका नेपाली वाक्य र तिनका घटक-हरूको संश्लेषण र विश्लेषण कसरी गर्न सकिन्छ भन्ने मर्मबोध तथा प्रयोगात्मक अभ्यास एवम् नेपाली भाषाका प्रत्यक्ष र अप्रत्यक्ष कथन(उक्ति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र तिनको परिवर्तनका प्रक्रियाको सैद्धान्तिक ज्ञान र प्रयोगात्मक अभ्यास गराई शिक्षार्थीहरूमा स्तरीय नेपाली बोध र अभिव्यक्तिका क्रममा अपेक्षित नेपाली वाक्यसम्बन्धी तहअनुरूपको ज्ञान र सीप प्रदान गर्ने ध्येय यस उप-एकाइले राखेको छ। यस उप-एकाइको प्रयोजनपरक तात्पर्य चाहिं उप-एकाइ (१) सगै जोडिएको छ।

समष्टिमा यस एकाइ अन्तर्गतका दुवै उप-एकाइहरूका स्तरीकरणात्मक र विशेष समावेशात्मक पाठ्यवस्तुका शिक्षणबाट नेपाली वाक्य निर्माण प्रक्रिया र वाक्यान्तरणका स्नातक तहअनुरूप विस्तृत सैद्धान्तिक ज्ञान र अभ्यास गराउने लक्ष्य राखिएको छ। यस एकाइको प्रयोजनपरक तात्पर्य चाहिं नेपाली -१७१ का एकाइ (ख) कै प्रयोजनपरक तात्पर्यसित मिल्दो-जुल्दो छ; मूल भेद प्रवीणता प्रमाणपत्र र स्नातक तहका आ-आफ्ना स्तरीय परिधिमा नै देखापर्छ।

एकाइ ग: शब्दकोशको प्रयोग र तत्सम शब्दको वर्णविन्यास

नेपाली ३७१ को एकाइ (ग) अन्तर्गत निम्नलिखित दुई उप-एकाइ छन्, ती हुन् :-

(१) तत्सम वर्णविन्यास,

(२) शब्दकोशको प्रयोग।

उपर्युक्त उप- एकाइहरू अंशत: स्तरीकरणात्मक र अंशत: विशेष समावेशात्मक हुन्। यी उप-एकाइहरू अन्तर्गत पर्ने उप-एकाइ (१) तत्सम शब्दको वर्णविन्यास विशेष समावेशात्मक नयां पाठ्यवस्तु हो र प्रवीणता प्रमाणपत्र तहमा प्रत्यक्षत: तद्भव नेपाली शब्दहरूका वर्णविन्यास संबन्धी पाठ्यवस्तुमा नै सीमित छ भने ज्ञान, विज्ञान र व्यवहारका विभिन्न फांटमा प्रचलित तत्सम (संस्कृत) नेपाली शब्दहरूको वर्णविन्यासका नियम-हरूको ज्ञान र प्रयोग सम्बन्धी पाठ्यवस्तु स्नातक तहमा नेपाली - ३७१ को यस एकाइअन्तर्गत राखिएकोछ।

उप-एकाइ (२) शब्दकोशको प्रयोग चाहिं नेपाली -१७१ कै संबन्धित पाठ्यवस्तुको स्तरीकरणमा आधारित छ र यसमा विशेष शब्दको वर्ण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विन्यास, पर्याय, प्रयोग तथा व्याकरणात्मक कोटिका सन्दर्भमा वाक्यगत प्रयोग समेतका अभ्यासमा विशेष जोड दिइएको छ ।

समष्टिमा यस एकाइबाट स्तरीय नेपालीको बोध र अभिव्यक्तिका क्रममा अत्यावश्यक विशेष शब्दभण्डार र तिनको प्रयोग तथा त्यस्ता तत्सम शब्दहरूको सही वर्णविन्यासमा विद्यार्थीहरूको दखल बढाउन सघाउ पुऱ्याउने अपेक्षा राखिएको छ । यसबाट शुद्ध नेपाली लेखनका साथै नेपाली शब्द भण्डारमाथि दखल र ठीक अर्थमा ती शब्दको प्रयोगको क्षमता बढाउन प्रशस्त सहयोग प्राप्त हुने छ । यस एकाइको प्रयोजनपरक तात्पर्यको विस्तृत छलफल नेपाली १७१ को एकाइ (क) को उप-एकाइ (अ) र (उ) सित मिल्दछ , खास अन्तर चाहिं प्रवीणता प्रमाणपत्र र स्नातक तहका आ-आफ्ना स्तरीय परिधिमा नै देखा पर्दछ ।

२) पाठ्यांश - नेपाली - ३७२: नेपाली बोध र अभिव्यक्तिको विशेष अध्ययन

त्रिभुवन विश्वविद्यालयका सबै अध्ययन संस्थानका स्नातक तहमा पढाउनु पर्ने अनिवार्य नेपाली पाठ्यक्रम अन्तर्गत यो पाठ्यांश रहेको छ । यसका निम्ति ५० अंक र तदनुरूप २½ = ३ पाठघण्टा र जम्मा वार्षिक कक्षाघण्टा ७५ निर्धारित गरिएको छ र यसका जम्मा चार एकाइ छन् ।

यस पाठ्यांशका निम्नलिखित उद्देश्यहरू रहेका छन् :-

(क) उच्च स्तरीय ज्ञानविज्ञान र साहित्य तथा व्यवसायका विभिन्न क्षेत्र (मानविकी र समाजिक शास्त्र, विज्ञान र प्रविधि, चिकित्सा, वन, कृषि, संचार, इंजिनियरिंग, व्यापार-वाणिज्य तथा जन-प्रशासन, कानून, शिक्षा आदि) मा प्रयोग गरिने विशिष्ट नेपाली भाषाका विशेष शब्दावली, वाक्यरचना र अभिव्यक्तिका सूक्ष्मता-को बोध गर्ने,

(ख) नेपाली भाषाका विभिन्न प्रयोग-क्षेत्रका उच्च स्तरीय पुस्तक, लेख र लेखापढीको पठन गर्ने, तिनका विशेष बुंदाको टिपोट र संक्षेपी-करण गर्ने र तिनका गहन चिन्तन र भावको विवेचना गर्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) ज्ञानविज्ञान र व्यवसायका विभिन्न क्षेत्रका साथै आत्माभिव्यक्तिका सन्दर्भमा विभिन्न प्रकारका शैलीमा स्तरीय अनुच्छेद-लेखन, टिप्पणी-लेखन र निबन्धलेखनको विशेष अभ्यास गर्ने,

उपर्युक्त उद्देश्यहरूका प्राप्तिका निम्ति नेपाली - ३७२ का विभिन्न एकाइअन्तर्गत राखिएका सबै पाठ्यवस्तुहरू स्तरीकरणात्मक छन् ।

प्रवीणता प्रमाणपत्र तहको नेपाली -१७२ का विभिन्न एकाइका पाठ्यवस्तुहरू मध्ये विस्तृतीकरण बाहेक अन्य पाठ्यवस्तु स्नातक तहअनुरूप विस्तृत र गहन सीपका प्राप्तिका निम्ति बढी अभ्यास गराउने अभिप्रायले ती पाठ्यवस्तुहरूलाई स्नातक तहमा अपेक्षित स्तरीकरणका साथ नेपाली ३७२ अन्तर्गत राखिएको छ र ती पाठ्यवस्तुहरू हुन् -- बुंदा टिपोट र संक्षेपीकरण, बोध, अनुच्छेद, टिप्पणी र निबन्धलेखन तथा प्रयोजनपरक नेपालीका साथै पठन र विवेचना सम्बन्धी विशेष अभ्यास । नेपाली -१७२ को एकाइ (ख) को उप-एकाइ (१) को विस्तृतीकरणसम्बन्धी पाठ्यवस्तु-चाहिं प्रवीणता प्रमाणपत्र तहमै टुङ्गिन्छ ।

नेपाली - १७२ का विभिन्न पाठ्यवस्तुलाई स्तरीकरणका साथ नेपाली -३७२ अन्तर्गत पनि राख्नाको खास तात्पर्य छ, बोध र अभिव्यक्ति-को प्रक्रिया पढाइको तहअनुसार स्तरीकृत हुँदै जाने प्रक्रिया भएकाले स्नातक स्तरीय बौद्धिक परिप्रेक्ष्यअनुरूप नेपाली भाषासम्बन्धी बोध र अभिव्यक्तिको विशेष सीप प्रदान गर्ने अभिप्रायले नै उपर्युक्त पाठ्यवस्तुहरू स्तरीकरणका साथ नेपाली - ३७२ अन्तर्गत राखिएका हुन् । उपर्युक्त पाठ्यवस्तुहरूबाट प्राप्त हुने भाषिक सीपको सामान्य अभ्यास मात्र प्रवीणता प्रमाणपत्र तहमा उपलब्ध पाठघण्टाअन्तर्गत संभव भएकाले र संक्षेपीकरण, बोध, अनुच्छेद, टिप्पणी र निबन्धलेखन वा पठन र विवेचनात्मक लेखन जस्ता सीपका विशेष अभ्यास अपेक्षित हुनाले अनि स्नातक तहको बौद्धिक स्तरका सापेक्षतामा उपर्युक्त सीपको स्तरपूर्ण संबर्द्धन पनि वांछनीय भएकाले नै उपर्युक्त पाठ्यवस्तुहरूको स्तरअनुरूप विशेष अभ्यासमा जोड दिइएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली -३७२ का विभिन्न एकाइका पाठ्यवस्तुहरूको परिचय र प्रयोजनबारे नेपाली -१७२ का क्रममा नै छलफल गरिसकिएको छ , खास अन्तर चाहिं स्तरीय परिधिमै देखा पर्दछ ।

३) पाठ्यांश : नेपाली ४७१ विशेष नेपाली

त्रिभुवन विश्वविद्यालयको कानून अध्ययन संस्थानका स्नातक तहमा पढाउनु पर्ने अनिवार्य नेपाली पाठ्यक्रम अन्तर्गत यो पाठ्यांश द्वितीय पत्रका रूपमा रहेको छ । यसका निम्ति वार्षिक प्रतिघण्टा $२\frac{१}{२}$ = ३ पाठघण्टा वार्षिक जम्मा कक्षाघण्टा ७५ र पूर्णाङ्क ५० निर्धारित गरिएको छ । यसका तीन एकाइ छन् ।

यस पाठ्यांशका निम्नलिखित उद्देश्यहरू रहेका छन् —

(क) नेपाली वाङ्मयका मूलत: कानूनी क्षेत्र र अंशत: सामान्य क्षेत्रका सामग्रीको पठन र तिनमा अन्तर्निहित सूक्ष्म विचार र अनुभूतिको मर्मबोध गर्नाका साथै संक्षेपीकृत विश्लेषणात्मक र विवेचनात्मक ढंगले लिखित रूपमा अभिव्यक्त गर्ने ।

(ख) कानूनी पारिभाषिक शब्दहरूको निर्माण प्रक्रिया र तिनको शब्दार्थ बोधका साथै प्रयोग गर्ने ।

(ग) भाषाको सामान्य सैद्धान्तिक परिचयका साथै राष्ट्रभाषा नेपालीको विकास प्रक्रिया र वर्तमान स्थितिबारे जानकारी प्राप्त गर्ने ।

(घ) कानूनी नेपाली भाषाको ऐतिहासिक विकास प्रक्रियाको ज्ञान गर्ने ।

(ङ) कानूनी नेपालीका वाक्यस्तरीय र सोभन्दा माथिको संरचनात्मक स्वरूपको ज्ञान गर्ने ।

उपर्युक्त उद्देश्यहरूका प्राप्तिका निम्ति नेपाली ४७१ अन्तर्गत राखिएका विभिन्न एकाइका पाठ्यवस्तुहरू निम्नलिखित प्रकारका छन्:-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	एकाइ क	एकाइ ख	एकाइ ग
१. स्तरीकरणात्मक		कानूनी नेपाली भाषाको परिचय र अभ्यास(आंशिक रूपमा प्राविधिक शब्द र प्रयोजनपरक भेदहरूका सन्दर्भमा प्रवीणता प्रमाणपत्र तहमा पढाइएको ।)	साहि[illegible] नेपाली [illegible]
२. समावेशात्मक	भाषापरिचय	कानूनी नेपाली परिचय र अभ्यास	कानूनी नेपाली [illegible]

माथिको तालिकामा देखाइएका स्तरीकरणात्मक पाठ्यवस्तुहरू प्रवीणता प्रमाणपत्र तहका सामान्य र विशेष नेपाली पाठ्यक्रमका साथै स्नातक तहका सामान्य नेपाली पाठ्यक्रम अन्तर्गत पनि पढाइएका हुन् ती पनि नेपाली भाषाको भाषिक बोध र अभिव्यक्तिको क्षमताका विकासमा स्नातक तहमा विशेष जोडदिन चाहने कानून अध्ययन संस्थानको विशेष प्रयोजनका निम्ति तयार गरिएको प्रस्तुत विशेष नेपाली पत्र अन्तर्गत पनि अझ सबलीकरण र स्तरीकरणका निम्ति यी पाठ्यवस्तु स्तरीकृत रूपमा राखिएका छन् ।

स्नातक तहको नेपाली यो नेपाली ४७१ पाठ्यांश नेपाली भाषाका परिचयात्मक अध्ययनका साथै वाङ्मयका विभिन्न विषय क्षेत्रमध्ये मूलतः कानूनी क्षेत्र र अंशतः अन्य क्षेत्रका विशिष्ट सामग्रीमा आधारित बोध र विश्लेषणात्मक लेख्य अभिव्यक्तिका सीपका विशेष विकासमा केन्द्रित छ । उपर्युक्त सन्दर्भमा कानूनी पारिभाषिक शब्दको निर्माण प्रक्रिया तथा शब्दार्थबोध तर्फ पनि यस पाठ्यांशले विशेष दृष्टि दिएको छ र कानूनी नेपाली भाषाका भाषिक विशेषताको अध्ययन पनि यस पाठ्यांशअन्तर्गत हुनेछ । २$\frac{१}{२}$ = ३ पाठघण्टाको यस पाठ्यांश अन्तर्गत निम्नलिखित अंक र पाठघण्टामा जम्मा तीन एकाइहरू यस प्रकार रहेका छन् :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकाइ	शीर्षक	अंक	पाठघण्टा	जम्मा कक्षाघण्टा
एकाइ क:	भाषा परिचय	१०	$\frac{१}{२}$	१५
एकाइ ख:	कानूनी नेपाली भाषाको परिचय र अभ्यास -	३०	१$\frac{१}{२}$	४५
एकाइ ग:	विश्लेषणात्मक नेपाली गद्य -	१०	$\frac{१}{२}$	१५
	जम्मा	५०	२$\frac{१}{२}$ = ३	७५

अब उपर्युक्त एकाइ र तिनका उप-एकाइहरूको क्रमश: चर्चा गरिने छ ।

एकाइ क: भाषा परिचय

विभिन्न उप-एकाइ शीर्षकहरूमा विभाजित यस एकाइको पाठ्यवस्तु हो भाषा परिचय । भाषा परिचय भन्नाको तात्पर्य भाषाको परिभाषा र विशेषता सहित यसका भेदहरूको सामान्य सैद्धान्तिक परिचयका साथै नेपाली भाषाको उद्भव र विकास तथा वर्तमान स्थितिको परिचय समेत रहेको छ । यसबाट विद्यार्थीहरूले भाषाको परिभाषा र विशेषतालाई ठम्याउँदै भाषाका सामान्य भेद र प्रयोजनपरक भेदको ज्ञानका साथै राष्ट्र-भाषा नेपालीको ऐतिहासिक विकास-क्रम र वर्तमान स्वरूपको समेत जानकारी प्राप्त गर्नेछन् ।

एकाइ ख: कानूनी नेपाली भाषाको परिचय र अभ्यास

यस एकाइका पाठ्यवस्तुस्वरूप कानूनी नेपाली भाषाको परिचय र अभ्यासको तात्पर्य कानूनी नेपाली भाषाको विकास-क्रमको सामान्य ज्ञान तथा यसका शब्दगत, वाक्यगत, अर्थगत र अभिव्यक्तिगत विशेषताको संक्षिप्त परिचय र अभ्यास समेत हो । यसबाट विद्यार्थीहरूले कानूनी नेपाली भाषा-को विकास प्रक्रिया र वर्तमान स्वरूपको विशेष परिचयका साथै कानूनी नेपाली भाषाको विश्लेषण गर्ने सीप समेत प्राप्त गर्नेछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकाइ ग: विश्लेषणात्मक नेपाली गद्य

एकाइ `ग` को पाठ्यवस्तुस्वरूप विश्लेषणात्मक नेपाली गद्यको तात्पर्य वैचारिक गहनता भएका विवेचना - योग्य साहित्यिक र कानूनी नेपाली गद्यात्मक अनुच्छेदसमूहको विश्लेषणात्मक अध्ययन हो । यसबाट विद्यार्थीहरूले विवेचना-पूर्ण र विश्लेषण-प्रधान गहन गद्य-अभिव्यक्तिको मर्म ठम्याउन र त्यस्ता गद्यको अभिव्यक्तिगत विशेषताबारे लिखित रूपमा चर्चा गर्न सक्नेछन् ।

यस एकाइ अन्तर्गत दुई उप-एकाइहरू छन् —

(१) साहित्यिक नेपाली गद्य,

(२) कानूनी नेपाली गद्य ।

समष्टिमा उपर्युक्त विभिन्न एकाइका पाठ्यवस्तुहरूका माध्यमबाट नेपाली भाषा र यसको प्रयोजनपरक विशेष भेद स्वरूप कानूनी नेपाली भाषाको विकास प्रक्रिया र वर्तमान स्वरूप तथा त्यसका संरचनात्मक घटकहरूको ज्ञानको परिप्रेक्ष्यमा नेपाली भाषाका सर्वाधिक विकसित साहित्यिक र कानूनी नेपालीका स्तरीय सामग्रीको बोध र तत्सम्बन्धी विश्लेषणात्मक लेखनका सीपका अभिवृद्धिमा सघाउ पुग्नेछ ।

:कमल:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४. वर्णविन्यास र चिन्हपरिचयको शिक्षण सम्बन्धी निर्देशन

सम्बन्धित पाठ्यांश	एकाइ	शीर्षक
नेपाली १७१	क	(अ) वर्णविन्यास
		(आ) चिन्हपरिचय
नेपाली ३७१	ग	(१) तत्सम वर्णविन्यास

(१) वर्णविन्यास र यसको शिक्षण

(अ) वर्णविन्यासका बारेमा

वर्णविन्यास भाषाको लेख्य (लिखित, अभिलिखित, टङ्कित, मुद्रित आदि) रूपसंग सम्बन्धित छ । भाषाको मूल रूप उच्चार्य - श्रव्य रूप नै हो तापनि लिपि वा लेख्य चिन्हका माध्यमबाट सो भाषाले दृश्य रूप प्राप्त गर्दछ र यसको ग्रहण चाहिं पाठ्य रूपमा गरिन्छ । यसैलाई लेख्य भाषा भनिन्छ । यस लेख्य भाषाका सन्दर्भमा व्यापक तात्पर्यमा वर्ण-विन्यास भन्नाले दुई कुरा बुझिन्छन् -

१) वर्ण, अङ्क, विराम आदि सबै लेख्य चिन्हहरू र

२) लेख्य नियमका आधारमा ती लेख्य चिन्हहरूको प्रयोग गर्ने पद्धति । भाषाको लेखन-पद्धति अन्तर्गतका लेख्य नियमहरूले लेख्य भाषामा अङ्क र विराम आदिका साथै विशेषत: शब्द वा पदको स्तरीय लेख्य रूप र पदयोग-पदवियोग आदिको निर्धारण गर्दछन् । व्यापक तात्पर्यमा यसैलाई वर्णविन्यास भनिन्छ तापनि प्रस्तुत शैक्षिक सन्दर्भमा चाहिं वर्णविन्यास भन्नाले निर्धारित र स्तरीकृत लेख्य नियमका आधारमा लेख्य नेपाली भाषाका शब्द वा पदहरूको वर्णगत[१] लेखन-व्यवस्था (पदयोग र वियोग समेत) लाई लिइएको छ । कुनै शब्दको कथ्य-रूप जेजस्तो भए पनि लेखाइमा एकरूपता, नियमितता र व्यवस्थाका निम्ति मानक लेख्य नियम अनुसारको वर्ण-विन्यासलाई नै स्वीकार गरिन्छ र यो पाठ्यवस्तु त्यसैका शिक्षणसित सम्बन्धित छ ।

---

१. यहां वर्णगत लेखन व्यवस्था भनेको भाषाका प्रत्येक स्वर र व्यञ्जन वर्णको प्रतिनिधित्व गर्ने छुट्टाछुट्टै लेख्य चिन्ह भएको लेखन-व्यवस्था हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:

नेपाली भाषाले छापाखानाका क्षेत्रमा प्रवेश गरेको केही वर्ष पछि मानक वर्णविन्यासका आवश्यकताको बोध क्रमश: हुँदै आयो र त्यस मानक रूपका बारेमा फाटफुट चर्चा पनि देखापर्न लागे । यसै संदर्भमा हलन्त बहिष्कार आन्दोलन र त्यसबारे उठेका पदाविपदाका चर्चा परिचर्चा पनि स्मरणीय छन् । विक्रमको बीसौं शताब्दीको सातौं दशकतिर नेपाली भाषाका व्याकरणहरू छापिन थाल्दछन् र यो प्रक्रिया चल्दै जान्छ, मूलत: 'चन्द्रिका' र 'मध्यचन्द्रिका' जस्ता नेपाली व्याकरण ग्रन्थका आधारमा नेपाली वर्णविन्यासको मानक रूपको निर्धारणको प्रक्रियाले सर्वसम्मति नभए पनि नेपाली भाषाका शिष्टहरूको बीच व्यापक सहमतिका साथै आधिकारिकता प्राप्त गर्न लाग्दछ । विशेषत: विक्रमको बीसौं शताब्दीको अन्तिम दशकतिरदेखि ने०भा०प्र०स० का माध्यमबाट नेपाली वर्णविन्यासको उपयुक्त मानकरूपको कार्यान्वयन लेखन र प्रकाशनको क्षेत्रमा हुन थाल्दछ र यसको असर शिक्षणका क्षेत्रमा पनि बढ्दै आउँछ । यसै संदर्भमा ने०भा०प्र०स० द्वारा प्रकाशित 'नेपाली कसरी शुद्ध लेख्ने?' भन्ने लघु पुस्तिकाको व्यापक प्रभाव पनि स्मरणीय छ । यसरी नेपाली भाषाका बहुसंख्यक शिष्टहरूको मोटामोटी सहमति र व्यापक प्रचलनका आधारमा विक्रमका बीसौं शताब्दीको अन्त सम्ममा नेपाली भाषाको मानक वर्णविन्यासले आधारभूत स्वरूप लगभग प्राप्त गरेको पाइन्छ भने त्यसपछिको बितेका साढे तीन दशकका अवधिमा उपर्युक्त मानक वर्णविन्यासले विविध प्रयोग, प्रचलन र विभिन्न अभियानका चापमा सामान्य विचलन मात्र बेहोरी आफ्नो मूलभूत स्वरूपलाई सुरक्षित राख्नको साथै उत्तरोत्तर बढी आधिकारिकता पनि प्राप्त गरेको देखिन्छ । मोटामोटीमा नेपाली वर्णविन्यासको मानकस्वरूप भन्नाले उपर्युक्त क्रमिक विकास प्रक्रियाको फलस्वरूप प्रचलित र मान्यता प्राप्त नेपाली वर्णविन्यास पद्धति भन्ने बुझिन्छ ।

नेपाली वर्णविन्यास पद्धतिकाबारेमा त्रिभुवन विश्वविद्यालयका नेपाली शिक्षकहरूको क्षेत्रीय अभिमुखीकरण कार्यशाला गोष्ठीहरू (विराटनगर, पाल्पा र काठमाडौं २०३५) मा प्रशस्त छलफल भई निस्किएका निम्नलिखित निष्कर्षहरू उल्लेखनीय छन् :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) संस्कृतका तत्सम शब्दहरूलाई संस्कृतकै वर्णविन्यासका नियमअनुसार लेख्ने, अति प्रचलित भई तद्भव तुल्य भस्का तत्सम संस्कृत शब्दहरूलाई चाहिं नेपाली वर्णविन्यासका नियमअनुसार पनि लेख्न सकिने (जस्तै:- शीतल, सितल, वन, बन आदि) ।

(ख) विभिन्न भाषाबाट आस्का आगन्तुक शब्दहरूलाई नेपाली वर्णविन्यासका नियम र ध्वनि व्यवस्थाअनुसार नै लेख्ने (जस्तै: हजुर ब्रिटिश, इंजिनियरिङ्, तालिम, क्याम्पस, म्याक्समुलर, व्याङ्क आदि) ।

(ग) नेपालीमा प्रचलित संस्कृत तत्सम शब्दहरूको वर्णविन्यास संस्कृत अनुसार नै हुने र ती संस्कृत वर्णविन्यासका नियमहरूको ज्ञान विना शुद्ध नेपाली लेखन हुन नसक्ने भस्काले नेपाली वर्णविन्यास सम्बन्धी नियमहरूअन्तर्गत नेपालीमा प्रचलित संस्कृत तत्सम शब्दको वर्णविन्यासबारे पनि उल्लेख हुनु आवश्यक छ ।

(आ) <u>नेपाली तद्भव र आगन्तुक शब्दको वर्णविन्याससम्बन्धी नियमको सामान्यीकरण</u> १

(१) ह्रस्व र दीर्घको नियम-

(क) ह्रस्व (इ,उ)

(अ) शब्द (निर्विभक्तिक) का आदि र मध्यमा, जस्तै:-

१. व्युत्पन्न नाम - (व्युत्पादक प्रत्ययलागी बनेका) बुढ्याइं, मितेरी, सिङौरी, धुपौरो, सिलौटो, सम्धिनी, पुजारी . . . ।

२. व्युत्पन्न विशेषण (व्युत्पादक प्रत्यय लागी बनेका) जस्तै:- पिराहा, नुनिलो, दुधालु, भित्रिया . . . ।

---

१. यहां विभिन्न नेपाली व्याकरण ग्रन्थ तथा शिष्ट परंपरामा चलेका तद्भव र आगन्तुक नेपाली वर्णविन्यासका नियमलाई संक्षेपमा स्कै ठाउंमा राखी सामान्यीकरण गर्ने प्रयास गरिस्को छ । यो प्रारंभिक प्रयास मात्र हो र यसको क्रमिक परिमार्जन गर्दै जाने आवश्यकता छ । त्यसैले संबन्धित शिक्षकहरूलाई हालसालको प्रचलित शिष्ट मान्यता र प्रचलनका संदर्भमा यस सामान्यीकरणका प्रयासमा रहेका त्रुटिहरू औंल्याई त्रि०वि०, पा०वि०के० लाई सूचित गर्नु हुन अनुरोध गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. संख्यावाचक समस्त शब्दको पदादिमा मात्र – त्रिचालीस, त्रिहत्तर, उनान्सय, उनन्तीस ... ।

४. व्युत्पन्न अव्यय – जस्तै :– उहिले, पछिल्तिर, माथ्तिर, त्यतिन्जेल, उहां ... ।

५. सम्पूर्ण धातु – जस्तै :– दिनु, हुनु, उभिनु, चम्किनु, दुह्नु... ।

६. सर्वनाम (पदादिमा मात्र)

(अ) तिर्यक् रूपमा जस्तै :– उस, तिन, यिन ... ।

(आ) सरल रूपमा जस्तै :– उनी, तिनी, तिमी, यिनी उहा ... ।

७. संस्कृतबाहेक आगन्तुक अन्य स्रोतबाट आएका शब्दमा, जस्तै:– हजुर, इंजिनियर, डिभिजन, हाजिर, तरिका, नतिजा... ।

आ) विशेषण बाहेक अन्य अव्युत्पन्न (मूल) शब्दका आदि र मध्यमा, जस्तै :–

१. नाम – कुकुर, मुजुर, सपुरा, घिउ, हिउं, कुनो, गुन, मानिस, जिब्रो, भानिज, भतिज ... (सीङ०, मीत, दूध, पीठो फूल (पुष्प) जस्ता शब्द बाहेक)।

द्रष्टव्य

क. संस्कृत अवस्थामा शब्दका मध्यमा रहेका संयुक्त व्यंजनहरू प्राकृत अवस्थामा समीभवनको प्रक्रिया बेहोरी आधुनिक आर्यभाषा कालमा ती समीभूत व्यंजन मध्ये एक व्यंजनको लोप भई अग्रवर्ती स्वर दीर्घ हुन गएको मान्ने शिष्ट परंपरा अनुरूप यी शब्दको दीर्घ वर्णविन्यास स्वीकारिएको हो, जस्तै :

संस्कृत	प्राकृत	नेपाली
श्रृङ्ग	सिङ्ग	सीङ
दुग्ध	दुद्ध	दूध
मित्र	मित्त	मीत
पिष्ठ	पिट्ठ	पीठो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ख. १. संस्कृतका केही शब्दहरू नेपालीमा आई परिवर्तित हुंदा पनि संस्कृतअनुसार नै दीर्घ लेख्ने शिष्टहरूको परम्परा चलेको छ । जस्तै:

संस्कृत	नेपाली
पीडा	पीर
कर्पूर	कपूर

२. संख्यावाचक (पदादिमा मात्र), जस्तै - दुई मात्र ।

३. अव्यय (नामयोगी र निपात समेत), जस्तै -- भित्र, तिर, सित, निर, छुरु, पुरु, चिन, हिजो, बाहिर.. ।

इ) कृदन्त र मिलित क्रियाको पद-मध्यमा, जस्तै -

१. कृदन्त - गरिसको, गरिने, गरिने, गरिंदा ... ।

२. मिलित क्रिया र क्रियापद - गरिरहनु, दिइराख्नु, छुइहाल्नु... ।

३. मिलित क्रियामूलक कृदन्त - गरिराखेका, गरिछाडेको, दिइसकेको... ।

ई) `आइ, आइं, आउ, आलु, एलु, नु` प्रत्ययद्वारा व्युत्पन्न शब्दका अन्त्यमा, जस्तै -

नाम - पढाइ, रूखाइ, बसाइ, अटेर्याइ, जानु ...

विशेषण- सिकारु, लजालु, घरेलु...

उ) अव्युत्पन्न अव्ययका (नामयोगी र निपात समेत) अन्त्यमा, जस्तै -

अधि, पछि, अनि, पनि, कि, झि, देखि, बरु, फेरि, भोलि, अस्ति, चाहिं ... ।

(लाई ... बाहेक) ।

ऊ) `ति` अन्त्यमा आउने सार्वनामिक शब्दका अन्त्यमा, जस्तै - यति, उति, कति, त्यति, जति,... ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ए) (१) नाताबोधक पुलिङ्ग शब्द
नाति, पनाति, ज्वाइँ, पोइ, भाइ, दाइ, दाजु,
बराजु, भिनाजु, बाबु,... ।
(सम्धी ... बाहेक) ।

(२) जनावरवाचक (पुलिङ्ग) - गोरु, भालु,
(हात्ती, खसी बाहेक) ।

ऐ) नपुंसक नाम (उकारान्त) - गाउं, हिउं, घिउ, धनु, हाउ,
भाउ, ठाउं, घाउ... ।

(ख) दीर्घ (ई, ऊ)-

अ) उपर्युक्त (दफा १ -(क) को अ) देखि ए) सम्म व्यवस्था
भएको) बाहेक अन्य सबै शब्दमा, जस्तै -
नाम- (आदिमा) बूफ,पीर,मीत,नून,दूध,सीङ, जीउ,
सूत, कीरो, (मध्यमा) कपूर, कपूत, अछूत, मङ्सीर,
(अन्त्यमा) जैसी, थारू, छोरी, सासू, साहू, हली,
बिचारी, जांचकी, रेग्मी, नेपाली, कास्की, गुल्मी,
जवानी, चाकरी, ठेकी, थाली, थैली, मित्री, छिमेकी,
जुरेली, कौसी, धुरी, सिक्री, फर्सी... ।

सर्वनाम- (अन्त्यमा) हामी, तिमी, तिनी, यिनी, आफू, ऊ,
तपाईं... ।

विशेषण-(आदिमा) मीठो, तीतो, भूठो, बूढो, ठूलो,
(दुब्लो, हरियो .. जस्ता शब्द बाहेक) ।
(अन्त्यमा) गंजेडी, लाली, नेपाली, कोकाली,
अरू, केही, गुनी... ।

संख्यावाचक- (आदिमा) बीस, तीस, तीन (दुई... बाहेक),
(मध्यमा)चालीस, छत्तीस, बयालीस,
(अन्त्यमा)दुई, असी, साठी ... ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रिया (विध्यर्थक) - जानू, खानू, मर्नू ... ।

अव्यय (व्युत्पन्न) - (अन्त्यमा) यसरी, कसरी, देखी, भनी, कहीं, त्यहीं, राम्ररी, बेसरी, त्यसरी, दनदन्ती, सरासरी, बसैंनी (अगाडि, पछाडि... जस्ता शब्द बाहेक)।

द्रष्टव्य:-

प्रचलित नेपाली वर्ण-विन्यास सम्बन्धी नियमहरूको सामान्यीकरण गर्ने यस प्रयासअन्तर्गत ह्रस्व इ, उ सम्बन्धी नियम विस्तारमा प्रस्तुत गरी दीर्घ ई,ऊ सम्बन्धी नियमको उदाहरण मात्र दिइएको छ तापनि सुविधाका दृष्टिले पदान्त दीर्घ ई,ऊ सम्बन्धी मुख्य-मुख्य केही नियमहरूलाई यस प्रकार राख्न सकिन्छ, जस्तै- १) जात - ज्यापू, कामी, दमाई... ।

२) पेसा - साहू, धोबी... ।

३) थर - रेग्मी, अधिकारी, राई... ,

४) वतन - ठिमी, गुल्मी, डोटी... ,

५) स्त्रीलिङ्ग- दिदी, सासू, घर्तिनी... ,

६) आदरार्थी - ... जी, ... ज्यू,

७) ईकारान्त नपुंसक लिङ्गी - कौसी, धुरी, सरानी ..

८) सम्बन्धबोधक तद्धित- चाकरी, सुनी, नोकरी... ,

९) कृदन्त - भनी, हेरी, देखी... ,

१०) स्त्रीलिङ्गी क्रिया- गरी, गर्दथी... ,इत्यादि ।

(२) `श,ष, स` को नियम-

(क) तद्भव र आगन्तुक शब्दमा `स` मात्र हुन्छ +

सय, दस, सेतो, ससुरा, सुगा, सिकार, रासन, स्टेसन पेसा, केस, सेक्सपियर... ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) 'ब' र 'व' को नियम -

(क) तद्भव र आगन्तुक शब्दमा उच्चारणअनुसार 'ब' र 'व' लेख्ने ।

(ख) 'व' लेखिने शब्दका केही उदाहरणहरू -

(अ) संयुक्ताक्षर भएमा 'व', जस्तै - क्वाल्ल, ह्वाल्ल, ट्वांट, ग्वांक... ।

(आ) 'आवट, उवा, वाला, वार, वारी, प्रत्ययद्वारा व्युत्पन्न शब्दमा 'व', जस्तै - बोलावट, ढुकुवा, फाटवारी, उम्मेदवार, किसावाल...

(इ) केही अव्ययमा 'व', जस्तै -
वर, वारि, वरिपरि, वाकक, वाल्ल...

(ई) केही नाममा 'व', जस्तै -
वकिल, कछुवा, वारिस, वाग्ले, वस्ती, ...

(ग) तद्भव र आगन्तुक शब्दमा नेपाली जिब्रोले 'ब' उच्चारण हुने ठाउँमा उच्चारण अनुसार 'ब' नै लेख्नु पर्छ । जस्तै - बाकलो, बकुल्लो, बापत, बलक आदि ।

(४) हलन्तको नियम:

नेपाली तद्भव र आगन्तुक शब्दहरूको अन्त्यमा हल् उच्चारण हुने (नाम, सर्वनाम र विशेषण तथा अनुकरणात्मक शब्दहरू) ठाउँमा पनि 'अ' स्वर सहित लेखिन्छ अन्यत्र चाहिं उच्चारणअनुसार हल भए हलन्त र अच् भए अजन्त नै लेखिन्छ । जस्तै :

नाम	सर्वनाम	विशेषण	अनुकरणात्मक
कपाल	त्यस	असल	गडबड
कलम	त्यस	इमान्दार	फलफल

अन्यत्र:

उच्चारण अनुसार अजन्त: तर, पर, अब, गर, भन, बाट...

उच्चारणअनुसार हलन्त:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अ) क्रियापदको मध्यम पुरूष एक वचन (जस्तै: गर्, खालास्,
साइस् इत्यादि) तथा अन्य वा तृतीय पुरूषको बहुवचन
(जस्तै: खान्छन्, जाऊन्, खान्छन् इत्यादि)

आ) अन्य पुरूषकै विध्यर्थक एकवचनमा पनि (जस्तै: आओस्, खाओस्,
जाओस् इत्यादि) ।

इ) अव्यय शब्दमा जस्तै: भन्, हजारन्, इस्,उस्,......... ।

त्यसैले निष्कर्ष रूपमा के भन्न सकिन्छ भने क्रियापदका मध्यम पुरूषको एकवचनमा अनि अन्य पुरूषको बहुवचनमा र अन्य पुरूषकै विध्यर्थक एकवचनमा पदान्तमा उच्चारणअनुसार हलन्त नै देखिन्छन् जस्तै:
गर्,गरिस्, जालास्, खान्छस्, खाओस्, खाऊन्, खान्छन्..... ।

(५) पदयोग र पदवियोगको नियम -

(क) पदयोग -

अ) विभक्ति जस्तै - देखेकामा, गएदेखि, रामले, छानाबाट,
घरअगाडिबाट.....

आ) नामयोगी, जस्तै: त्यसपछि, देखेपछि, यसबाहेक,
छानामास्तिर....

इ) समस्त शब्द, जस्तै: केटाकेटी, आजभोलि, गाईगोठ,
बाँसउट्दो, गरिहाल....

ई) द्वित्व शब्द, जस्तै - घरघर, भातसात, मालताल, मरमसला,
भैभगडा, ऐँचोपैँचो...

उ) अकरणको न, जस्तै - नखेल, नराम्रो, नजान्ने....

ऊ) काल(लिङ्ग,वचन आदि समेत) सूचक प्रत्यय, जस्तै - भन्छ,
भन्यौ, भन्ला, भन्छ..... ।

(ख) पदवियोग -

अ) प्रत्येक शब्द छुट्टाछुट्टै लेखिन्छ,

आ) विभक्ति पछाडिको नामयोगी, जस्तै - रामको पछि,
घरदेखि बाहिर, त्यसभन्दा बाहेक ।

इ) निपात, जस्तै - राम नै, ऊ त, यो चाहिं... ।

ई) कृदन्तीय काल(पदा) जनाउने पद, जस्तै - खाँदो छु,
पढेको छ, हेर्ने थियो, जानु छ, खोजी थियो... ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उ) विभाजक ने, जस्तै - नं ऊ न म... ।

ऊ) बीचमा अवधारणाबोधक शब्द आएमा मिलित क्रियापद तथा मिलित क्रियामूलक कृदन्त पनि - जस्तै: जानु नै पर्छ, खाने नै छ ।

ए) माथि 'क' - पदवियोगमा नपर्ने ।

(इ) तत्सम वर्ण-विन्यास सम्बन्धी चर्चा

स्रोतका दृष्टिले नेपाली शब्दभण्डारको वर्गीकरणका क्रममा संस्कृत भाषाका स्रोतबाट कुनै विकार वा परिवर्तन नभई नेपाली भाषाका यथावत् आएका वा लिइएका शब्दहरू नै नेपाली भाषाका तत्सम शब्द हुन् । यी तत्सम शब्दको लेखन-पद्धति र वर्ण-विन्यास संस्कृत लेखन-पद्धति र वर्ण-विन्यास अनुरूप हुने व्यापक शिष्ट प्रचलन छ । यस परिप्रेक्ष्यमा तत्सम नेपाली वर्ण-विन्यास पद्धति संस्कृत व्याकरण कोश आदि र प्रयोग-परम्पराअनुसार नै नेपाली भाषामा पनि चल्छ ।

यसरी नेपाली तत्सम (संस्कृत) शब्दहरूको वर्ण-विन्याससम्बन्धी नियमहरू संस्कृत व्याकरण, कोश र प्रयोगपरम्परामै आधारित हुने भएकाले अनिवार्य नेपाली शिक्षणका क्रममा वर्ण-विन्यास शिक्षण गर्दा व्युत्पन्न संस्कृत तत्सम शब्दको शिक्षणको मूल आधार संस्कृत व्याकरणलाई नै स्वीकार्नु र अव्युत्पन्न संस्कृत तत्सम शब्दलाई संस्कृत कोश र प्रयोग परम्पराअनुसार नै अंगाल्नु पर्ने हुन्छ । यस पाठ्यक्रम अन्तर्गत शब्दनिर्माण प्रक्रिया पढाउँदा व्युत्पन्न तत्सम शब्दको जुन व्युत्पत्ति प्रक्रिया पढाइन्छ त्यसबाट व्युत्पन्न तत्सम शब्दका वर्ण-विन्यास प्रक्रियाका आधारभूत नियम पनि प्राप्त हुन्छन् । त्यस्तै नेपाली शब्द प्रयोगका शिक्षणका क्रममा पनि तत्सम अव्युत्पन्न (व्युत्पन्न समेत) शब्दको वर्ण-विन्यासबारे जानकारी प्राय: हुन्छ । यिनै आधारहरूलाई अंगाली संस्कृत(तत्सम) शब्दको वर्ण-विन्यास प्रक्रियालाई कतिपय सूत्रहरूमा समेट्ने मोटामोटी प्रयास अवश्य नै गर्न सकिन्छ र यस्तो एक प्रयासलाई नेपाली ३७१ को एकाइ (ग) को उपएकाइ (१) तत्सम वर्ण-विन्यासका शिक्षणका प्रयोजनका निम्ति सहायक सामग्री अन्तर्गत चौथो सामग्रीका रूपमा राखिएको पनि छ ।

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ई) वर्णविन्यासको शिक्षण

क) खास नेपाली वा तत्सम वर्णविन्यास अन्तर्गत जुन जुन अंश पढाउनु छ ती ती अंश प्रयोग हुने खास खास १० शव्दहरू शिक्षकले उदाहरणका रूपमा श्यामपाटीमा लेखी तिनका माध्यमबाट सम्बन्धित वर्णविन्यासको नियम-बोध गराउने जस्तै: शव्दको अन्त्यमा ह्रस्व ` इ ` हुने खास नेपाली शव्दको वर्णविन्यास नियम पढाउनु छ भने सबभन्दा पहिले भाइ, दाइ, अनि, पनि, भोलि पर्सि, गराइ, हिंडाइ आदि शव्द श्यामपाटीमा लेखी यस्ता अन्य शव्दहरू विद्यार्थीहरूबाट पनि लिई कस्ता शव्दका अन्त्यमा ह्रस्व ` इ ` हुन्छ त्यसको सूत्र वा नियमको बोध गराउने ।

ख) पढाउन लागिएको वर्णविन्यास नियमका दृष्टिले अशुद्ध वर्णविन्यास भएका शव्द वा वाक्यहरू श्यामपाटीमा लेखिदिएर विद्यार्थीहरूलाई नै के कारणले कहाँ के अशुद्ध छ भनी सोधी सुद्ध्याउन लाउने र उनीहरूले सुद्ध्याउन नसकेका ठाउँमा नियम पनि बताई शिक्षकले नै सुद्ध्याएर देखाइदिने ।

ग) वर्णविन्यासको प्रयोगको भिन्नताले अर्थमा भिन्नता आउने शव्दहरू उदाहरणका रूपमा श्यामपाटीमा लेखी तिनीहरूको अर्थको भिन्नता बताइदिने र विद्यार्थीहरूलाई त्यस्ता ह्रस्व शव्दहरू पनि खोज्न लाउने, जस्तै - काठ । काँठ, चरण । चरन, दिन । दीन, फूल । फुल, दिशा । दिसा, वर बर, भने । भनें, गए । गएं, ताती । टाटी, पाथी । पाठी, तोप । टोप आदि

घ) स्थानीय बजार र कार्यालयका सङ्केतपाटी, सार्वजनिक सूचना र विज्ञापन तथा सम्वन्धित पत्र-पत्रिका र पुस्तकपुस्तिका आदिमा भएका वर्णविन्यास सम्वन्धी अशुद्धि पत्ता लाउने प्रेरणा शिक्षकले आफ्ना विद्यार्थीहरूलाई दिई त्यस्ता अशुद्धि बटुली नमूनाका रूपमा कक्षामा छलफल गर्ने ।

ङ) वर्णविन्यास शिक्षणका संदर्भमा श्रुतिलेखन गराउनु पनि उपयोगी हुन सक्छ । यहाँ श्रुतिलेखन भनेको कसैले भनेको कुरा सुनी सोअनुसार लेख्नु हो । सुनेका आधारमा समुचित ठाउँमा समुचित किसिमले विन्यास र विराम चिन्हहरूको प्रयोग गरेर लेख्नु सामान्यत: श्रुतिलेखनको अभिप्राय हो । शिक्षकले कक्षाका स्तर अनुकूल शव्दहरू प्रयोग भएको निर्धारित सहायक वा संदर्भ सामग्री वा अन्य सामग्रीबाट छुने उपयुक्त अनुच्छेद वा अंश लिई कक्षामा विद्यार्थीहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती कुरा सुनेअनुसार शुद्ध रूपमा लेख्न लगाउनु पर्छ । श्रुतिलेख लेखाउँदा सम्बन्धित अनुच्छेदका शब्द-शब्द, यही शब्द तथा वाक्यका बीच-बीचमा उचित विश्रामका साथ कम्तीमा पनि दुईपल्ट दोहो-याएर पढी पूरा अनुच्छेद लेखाइसकेपछि उक्त अनुच्छेदको शुद्ध रूप श्यामपाटीमा शिक्षकले लेखी विद्यार्थीहरूलाई तदनुसार उनीहरूले लेखेको श्रुतिलेख शुद्ध गर्न लगाउने अथवा विद्यार्थीहरूलाई श्रुतिलेख अन्तर्गतका शब्दको शुद्ध वर्णविन्यास सोध्दै उनीहरूलाई शुद्ध वर्णविन्यास श्यामपाटीमा लेख्न लगाउने अथवा उनीहरूलाई आ-आफूले लेखेका श्रुतिलेखका कापी साटासाट गरी एक अर्काले लेखेका श्रुतिलेख शुद्ध गर्न लगाउने र शिक्षकले विद्यार्थीहरूको कार्यको निरीक्षण गर्ने र आवश्यक निर्देशन पनि दिने ।

च) आफ्नो कक्षामा पढ्ने विद्यार्थीहरूका वर्णविन्यासका विशिष्ट त्रुटि-दोषहरू पत्ता लाई त्यसको सामान्य विवेचनामा आधारित सामग्री तयार गरी शिक्षकहरूले पाठ्पत्रका रूपमा कक्षामा वितरण गर्ने । जस्तै : ज्ञान।ग्यान, इच्छा।इक्षा, शान्ति।सान्ति, पाथी।पाठी, टाटो।टाटो, छन्।छन, गर।गर्, हुँदैन।हुन्दैन, घोडा।घोरा, गएर।गयर आदि आदि ।

छ) वर्णविन्यासका शुद्ध रूपको ज्ञान र प्रयोगका लागि शब्दकोशको उपयोग गर्न लगाउने । यस सिलसिलामा कुनै पनि शब्दको वर्णविन्यासका बारेमा शङ्का, धरमर वा अनिश्चय हुनासाथ तुरुन्त उपयुक्त नेपाली शब्दकोशको प्रयोग गर्ने बानी बसाल्न विद्यार्थीहरूलाई शिक्षकले प्रेरित गर्ने । यसका निम्ति कक्षामा पनि बेला-बखत केही शब्दहरूको वर्णविन्यासको निर्णयका निम्ति शब्दकोशको उपयोग गरी देखाउने र स्वयं विद्यार्थीहरूलाई पनि प्रयोग गर्न लगाउने । क्याम्पस-पुस्तकालयमा अनिवार्य रूपमा विभिन्न स्तरका नेपाली शब्दकोशहरू विद्यार्थीहरूलाई पर्याप्त हुने गरी राखिनु अत्यावश्यक छ र संभव भएसम्म प्रत्येक विद्यार्थीलाई घरमा मझौला नेपाली शब्दकोश र साथमा बगली नेपाली शब्दकोश राख्न प्रेरित गर्नु पनि वाञ्छनीय छ ।

ज) विद्यार्थीहरूलाई अन्य विषय (आफ्ना ऐच्छिक विषय) को लेखाइमा पनि शुद्ध वर्णविन्यासको प्रयोग गर्न शिक्षकले प्रेरणा दिने ।

झ) निरन्तरको नियमित अभ्यास र सतर्कताविना वर्णविन्यास अनुसार शुद्ध लेखनमा दक्षता प्राप्त नहुने हुनाले नेपाली भाषामा लेख्दा एकपटक गरेको गल्ती औंल्याई शिक्षकले सच्याइदिएपछि फेरि सो नदोहोरिने स्थिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त गर्न विद्यार्थीहरूलाई शिक्षकले ध्यान पुऱ्याउनु पर्छ । यस क्रममा विद्यार्थीहरूका गृहकार्य वा आन्तरिक मूल्यांकन हेर्दा उनीहरूको ध्यान आकर्षित हुने किसिमले शिक्षकले गल्ती औंल्याइदिनुपर्छ ।

ञ) लेखन क्रममा शुद्ध वर्णविन्यासको प्राप्तिका निमित्त विद्यार्थीहरूका बीच अतिरिक्त क्रियाकलाप वा आन्तरिक मूल्यांकनका रूपमा प्रतियोगिता पनि गराउन सकिन्छ ।

ट) पदयोग र पद वियोगसम्बन्धी वर्णविन्यास सिकाउँदा कहिं कुन पद वा शब्द जोडेर वा छुट्याएर लेख्नुपर्छ भन्ने कुरालाई ध्यानमा राखी विभिन्न शब्दका केही उदाहरण श्यामपाटीमा शिक्षकले लेखी विद्यार्थीहरूलाई पनि त्यस्ता किसिमका शब्दहरू भन्न र खोज्न प्रोत्साहित गर्दै उक्त पदयोग र पद वियोगसम्बन्धी विभिन्न किसिमका नियमहरूको बोध गराउनु पर्छ जस्तै :-

(१) विभक्तिहरू र नामयोगीहरू पदसंग जोडिएर लेखिन्छन् भन्ने कुरा सिकाउनु छ भने पहिले विभक्तिलाई श्यामपाटीमा लेखिदिने र केही विभक्तिहरूलाई शब्द वा पदसंग जोडेर लेखिदिने तथा यसै गरी अरू विभक्तिहरूलाई पनि शब्दमा जोडेर लेख्न लाउने जस्तै घरको, वनमा, घरमाथि, घरभित्र ।

(२) पछाडि, बाहिर, बमोजिम आदि नामयोगीहरू विभक्तिका पछाडि आए भने छुट्टै लेख्नु पर्छ भन्ने कुरा सिकाउँदा नाम योगी शब्दहरू श्यामपाटीमा लेखी शब्दमा लागेका विभक्ति पछाडि ती नामयोगीहरू छुटै रहेका प्रयोग (उदाहरणार्थ : सडकदेखि पछाडि, घरबाट बाहिर आदि) देखाउने र यसै गरी अरू प्रयोग गर्न लाउने ।

(३) पदयोग र पदवियोग सिकाउंदा पनि अरू सामान्य वर्णविन्यास शिक्षणका निम्ति पूर्वचर्चित (क) देखि (ध) सम्मका उपयुक्त बुंदाहरूको समुचित प्रयोग गर्ने ।

ठ) स्नातक तहअन्तर्गत तत्सम नेपाली वर्णविन्यासको शिक्षण गर्दा माथि विभिन्न दफामा लेखिएका मध्ये उपयुक्त तरिकाहरूको प्रयोग गर्नु उचित हुन्छ । यस सन्दर्भमा नेपाली भाषामा सामान्य प्रचलनमा आएका तत्सम शब्दको सूची स्रोत विद्यार्थीहरूलाई टिपाई वा उपलब्ध गराई तत्सम शब्दका वर्णविन्यास सम्बन्धी खास नियमबारे अभ्यास गराउंदा अपवाद नियम र अपवाद शब्दका बारेमा समेत अभ्यस्त तुल्याउनु पनि आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उ) वर्णविन्यास शिक्षणको मूल्यांकन

वर्णविन्यास शिक्षणको मूल्यांकन गर्दा निम्नलिखित तरिकाको प्रयोग गर्ने:

(१) सोदाहरण व्याख्या गर्नाका निम्ति कुनै एक वर्णविन्यास नियम सोध्ने ।

(२) विभिन्न प्रकारका २० जति गल्तीहरू समावेशभएको उपयुक्त अनुच्छेद दिई शुद्ध गर्न लाउने ।

(३) विभिन्न प्रकारका वर्णविन्यास परेका ३० शब्द जति भएको अनुच्छेदको श्रुतिलेखन गर्न लाउने ।

(४) विभिन्न प्रकारका खास गल्ती (१० जति) भएको अनुच्छेद दिई कारण-सहित गल्ती सच्याउन दिने ।

(५) कुनै शब्दको एक गलत र एक सही वर्णविन्यास राखी कुन सही र कुन गलत हो छुट्याउन लाउन जम्मा १० शब्द दिने ।

(६) नजिक-नजिकको (उस्तैउस्तै) वर्णविन्यास भएका जोडी शब्द (१० जति) दिई अर्थ भिन्नता सोध्ने (जस्तै: सीता। सिता, फूल। फुल आदि)

(७) शब्दहरूको शुद्ध हिज्जे छनोट गर्न लाउन बहुविकल्पी प्रश्नहरू पनि दिन सकिन्छ । जस्तै :

(क) तीन शुद्ध र एक अशुद्ध शब्द दिई शुद्ध शब्दमा चिनो लगाउने,

(ख) कुनै शब्दका तीन गलत र एक शुद्ध वर्णविन्यास दिई शुद्ध चाहिमा चिनो लाउने ।

(ऊ) शिक्षण - सामग्री

वर्णविन्यास शिक्षण गर्दा अध्ययन गर्नु पर्ने सामग्री - अंशहरूको निर्देशन यस प्रकार छ :-

(१) मध्यचन्द्रिका, परिशिष्ट अंश

(२) नेपाली भाषा र व्याकरण, पृष्ठ १०८-१२६

(३) रचना केशर, पृष्ठ ५५-७७

(४) राम्रो रचना मीठो नेपाली, पृष्ठ १२२-१३२

(५) शब्दरचना र वर्णविन्यास, भाषा वैज्ञानिक पद्धति पृष्ठ

(६) नेपाली सजिलो व्याकरण, पृष्ठ ६७-१०४

(७) नेपाली कसरी शुद्ध लेख्ने (पूरै)

(८) संस्कृत तत्सम शब्दको वर्णविन्यासको रूपरेखा (पाठ्यांशमा तोकिएको अंश)

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) चिन्ह परिचय र यसको शिक्षण

अ) चिन्ह परिचयबारे

कुनै पनि भाषाका लेखनमा लेख्य चिन्हहरूका महत्वपूर्ण भूमिका हुन्छ । स्वर र व्यन्जनका वर्णात्मक लेख्य चिन्ह जस्तै: विरामादि लेख्य चिन्हहरू पनि भाषिक मूल्य भएका हुन्छन् । वाक्यभित्र र वाक्य-वाक्यका बीचका भाषिक विराम वा अडान तथा विभिन्न भावसंकेतहरूलाई लेख्य भाषामा चिन्हहरूले नै जनाउँछन् । चिन्ह-परिचयको शिक्षणको प्रयोजन कथ्य नेपाली भाषाका उच्चारणगत अन्तराल (मौन) विधान र भावसङ्केतलाई उचित र बोधगम्य रूपमा लेख्नाका निम्ति प्रयोग गरिने अन्तराल र चिन्हहरूमा विद्यार्थीहरूलाई अभ्यस्त गराउनु नै हो ।

चिन्ह परिचयअन्तर्गत नै प्रमाणपत्र तहमा छपाइशुद्धिसम्बन्धी प्रमुख चिन्हहरूको समावेश पाठ्यांश ९७१ का एकाइ (क) मा गरिएको छ । यी चिन्हहरूचाहिं सामान्य भाषिक लेख्य चिन्ह नभइ छपाइका सिलसिलामा भाषा संशोधनका कामना प्रयोग गरिने प्राविधिक चिन्ह-हरू मात्र हुन् । यी छपाइशुद्धि सम्बन्धी, चिन्हहरूका शिक्षणको तात्पर्य विद्यार्थीहरूमा टाइप, लिपी र छापाखानाका भाषा संशोधन कार्यका सिलसिलामा आवश्यक हुने प्रारम्भिक सीपको विकासमा सघाउ पुऱ्याउनु नै हो ।

आ) चिन्हहरूको शिक्षण

१) शिक्षकले लेख्य चिन्हहरू सिकाउँदा निम्नलिखित कार्यकलापहरू गराउनु आवश्यक छ:-

(क) शिक्षकले स्याम्पाटीमा विभिन्न लेख्य चिन्हहरू र तिनका नाम लेख्ने र प्रत्येकलाई विभिन्न वाक्यमा प्रयोग गरी देखाइने,

(ख) प्रत्येक लेख्य चिन्हको सङ्केत वा अभिप्राय के हो र कस्ता अभिव्यक्तिका सिलसिलामा कुन कुन चिन्हको प्रयोग के कस्तो किसिमले हुन्छ भन्ने सैद्धान्तिक ज्ञान उदाहरणका माध्यमबाट स्पष्ट हुने गरी गराउने ।

(ग) चिन्ह प्रयोगका भिन्नताले वाक्यका अभिप्रायमा आउने भिन्नतालाई विभिन्न उदाहरण दिई शिक्षकले स्पष्ट गर्ने,

जस्तै:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किताब कुर्सीमा बस्छ ।

किताब कुर्सीमा बस्छ ?

किताब कुर्सीमा बस्छ । आदि

घ) कुनै अनुच्छेद दिएर लेख्य चिन्हहरूले सङ्केत गरअनुसार उक्त अनुच्छेदको भाव स्पष्ट हुने गरी विद्यार्थीहरूलाई वाचन गर्न लगाउने । यसका लागि नाटक-एकाङ्कीहरूबाट र कथा-उपन्यासका सम्वादात्मक अंशहरूबाट लिइएको अनुच्छेद बढी उपयोगी हुन्छ ।

ङ) गलत चिन्हहरू प्रयोग भएका वाक्य वा अनुच्छेद श्यामपाटीमा लेखी या पढ्न दिई विद्यार्थीहरूलाई शुद्ध गर्न लगाउने ।

च) कुनै पनि चिन्हहरूको प्रयोग नगरी शिक्षकले श्यामपाटीमा एक अनुच्छेद लेख्ने र विद्यार्थीहरूलाई ठीक-ठीक ठाउँमा चिन्हहरूको प्रयोग गर्न लगाउने । यसो गर्दा विद्यार्थीहरूलाई के कारणले कुन ठाउँमा के कस्तो चिन्ह प्रयोग गरे ठीक पर्छ भनी सोधी सही प्रयोग गर्न सिकाए पनि हुन्छ अथवा प्रत्येक विद्यार्थीलाई उक्त अनुच्छेद आ-आफ्नो कापीमा सार्न लगाई सही चिन्हहरूको प्रयोग गर्न लगाए पनि हुन्छ ।

छ) श्रुतिलेखन गराएर समुचित चिन्ह प्रयोगको अभ्यास गराउने (हेर्नुहोस्: वर्णविन्यासको शिक्षण (ङ) ।

ज) शिक्षकले विभिन्न चिन्हहरू श्यामपाटीमा लेखिदिने र ती चिन्हहरूको प्रयोग गरी कुनै विषयमा एक अनुच्छेद लेख्न लगाउने ।

२) (क) छपाइशुद्धिसम्बन्धी चिन्हहरूको परिचय र प्रयोग सिकाउँदा पाठ्यांशमा उल्लिखित सबै चिन्हहरूको उपयोग हुने खालका छोटा-छोटा अशुद्ध वाक्यहरू श्यामपाटीमा लेखी अशुद्धि भएको ठाउँ र त्यसका दायाँ बायाँ खालि किनाराका क्रमशः उपयुक्त चिन्हहरूको प्रयोग गरी ती वाक्यहरूका छपाइशुद्धि गरेर देखाइदिँदै प्रत्येक चिन्हहरूको साङ्केतिक अभिप्रायको जानकारी साथै प्रयोग गर्ने तरिका बताउने, जस्तै:-

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिमि कहिले घर जान्छौ भनी भैले सोधें। उसले उत्तर दिएन।

(ख) अशुद्ध छपाइका नमुनाका रूपमा केही वाक्यहरू दिई विद्यार्थीहरूलाई सो सच्याउन लगाउने। यसका लागि टाइप वा स्त्रो गरिएका अथवा अशुद्ध कापिएका वा लेखिएका (विद्यार्थीद्वारा आफ्नै कापीमा अशुद्ध रूपमा लेखिएका पनि) कुरालाई सामग्रीका रूपमा प्रयोग गर्ने। छपाइशुद्धिका चिन्हहरूको प्रयोग गरी उक्त अशुद्ध सामग्रीलाई सच्याउने अभ्यास गराउन पनि सकिन्छ।

(ग) छपाइशुद्धिका निम्ति भाषिक शुद्धताको पूर्वज्ञान पूर्व शर्तका रूपमा रहने हुनाले आफूलाई कुनै शव्दको वर्णविन्यासका बारेमा शंका वा धरमर हुनासाथ शव्दकोशको प्रयोग गर्ने बानी बसाल्नु आवश्यक भएकोले त्यसका निम्ति शिक्षकले विद्यार्थीलाई प्रेरित गर्ने।

(ङ) चिन्हहरूको शिक्षणको मूल्यांकन

चिन्ह परिचयको शिक्षणको मूल्यांकन निम्नलिखित आधारमा गराउने:-

(१) सोदाहरण दुई-तीन लेख्य चिन्हको परिचय लेख्न लगाउने।

(२) त्यसरी नै छपाइ-शुद्धि चिन्हहरूको परिचय लेख्न लगाउने।

(३) लेख्य चिन्हको वेठीक प्रयोग भएको अनुच्छेद दिई सो सच्याउन लगाउने।

(४) कुनै पनि लेख्य चिन्हको प्रयोग नभएको अनुच्छेद दिई सो सच्याउन लगाउने।

(५) सात लेख्य चिन्ह (४ वटा जति) दिई तिनको प्रयोग गरी अनुच्छेद लेख्न लगाउने।

(६) अशुद्ध लेखिएको अनुच्छेद दिई त्यसका दायाँ-बयाँ किनारामा ठाउँ खाली राखी छपाइ-शुद्धि चिन्हको प्रयोग गरी शुद्ध गर्न लगाउने।

(७) आन्तरिक मूल्यांकनका निम्ति कुनै अनुच्छेदको श्रुतिलेखन गराई चिन्हको ठीक प्रयोग गर्न लगाउने पनि सकिन्छ।

क्रमशः....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ई) शिक्षण-सामग्री

चिन्ह परिचयको शिक्षण गर्दा अध्ययन गर्नु पर्ने सामग्री-अंशहरूको निर्देश:

(१) राम्रो रचना मीठो नेपाली -------- पृष्ठ १३२-१३९
(२) रचना कौशर -------------------------- पृष्ठ १८२-१८८
(३) नेपाली भाषा र व्याकरण --------- पृष्ठ १२६-१४१
(४) मध्यचन्द्रिका ----------------- पृष्ठ १९६-१९८
(५) शब्दरचना र वर्णविन्यास भाषा वैज्ञानिक पद्धति पृष्ठ २३३-२३८
(६) चिन्ह परिचय ------------------- पृष्ठ (पूरै)
(७) भाषा तत्व ------------------- पृष्ठ १७८-१९१

५. शब्द निर्माण प्रक्रिया र शब्दभण्डारको शिक्षणसम्बन्धी निर्देशन

सम्बन्धित पाठ्यांश	एकाइ	उपएकाइ वा शीर्षक
नेपाली ९७१	(क)	(ई) शब्दनिर्माण प्रक्रिया
		(उ) शब्दभण्डार
नेपाली ३७१	(क)	२.(अ-उ) शब्दनिर्माण प्रक्रिया
		३. अनुकरणात्मक शब्द
		४. विशिष्ट प्राविधिक शब्दावली
नेपाली ३७१	(ग)	२. शब्दकोशको प्रयोग

१. शब्द तथा यसका भेद

१.१. सैद्धान्तिक छलफल

अव्युत्पन्न (मूल) शब्दको परिचयका साथै व्युत्पन्न शब्दको परिचय र अभ्यास सिकाउँदा शब्द र शब्द निर्माण प्रक्रियाका बारेमा ज्यादा मत-मतान्तरमा नगई शिक्षकहरूले निम्नलिखित सहमान्य सैद्धान्तिक पृष्ठभूमिलाई मूल आधार बनाउनु वान्छनीय छ:-

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) शब्दको तात्पर्य -

शब्दको तात्पर्य अत्यन्त व्यापक छ तापनि सामान्यतः शब्द भन्नाले नेपाली भाषाका संदर्भमा 'पद' भन्ने र 'धातु' बाहेक आधार पद भन्ने पनि तात्पर्य बुझिन्छ । त्यसैले:-

(अ) पद शब्द हो अर्थात् विभक्ति सहित।रहित नामिक (नाम सर्वनाम सार्वनामिक विशेषण र विशेषण) समापिका क्रिया र अव्यय (रूप नचल्नेः पूर्वक्रिया र उत्तरक्रिया समेत) पद हुन् भने यस्ता पदलाई पनि शब्द भनिन्छ । उदाहरणार्थः-

(i) विभक्ति सहित (विकारी वा रूप चल्ने अर्थात् लिङ्ग र वचन लाग्ने तर विभक्ति नलाग्ने) पदलाई शब्द भनिन्छ । तलका वाक्यहरूमा रेखाङ्कित पदहरू शब्द हुन्:

हरिले भात खायो। (विभक्ति सहित)

हरि हुँदछ। (विभक्ति रहित)

बिहान डुल्नु राम्रो हो । (विभक्ति रहित)

बिहान डुल्नाले स्वास्थ्य राम्रो हुन्छ । (विभक्ति सहित)

सानी केटी गई ।(विभक्ति रहित)

हामीहरू पढ्छौं । (विभक्ति रहित)

(ii) विकारी वा रूप चल्ने समापिका क्रिया पदलाई पनि शब्द भनिन्छ । तल रेखाङ्कित समापिका क्रियापद जस्तैः- उसले किताब किन्यो ।विद्यार्थीहरू गएछन् ।

(iii) अविकारी रूप नचल्ने (अव्यय, पूर्वक्रिया र उत्तरक्रिया समेत) पदलाई पनि शब्द भनिन्छ । तल रेखाङ्कित पद पनि शब्द हुन्: जस्तैः- म पनि जान्छु ।.(संयोजकः अव्यय)

तिमी जाऊ है । (निपातः अव्यय)

राम भात खाएर गयो । (पूर्वक्रियाः अव्यय)

राम पढ्न गयो । (उत्तर क्रियाः अव्यय)

(आ) धातुबाहेक आधारपद अर्थात् स्वतन्त्र रूपमा अभिन्न र अभिन्न रचनाका साथै विभक्ति सहित ।रहित आउने नामिक पद र अव्ययका रूपमा निष्पन्न हुने 'पद' हुन सक्ने आधारपदहरू पनि शब्द नै हुन् ।

जस्तैः- 'रामले' (राम + ले) मा 'राम' ।

'घरेलु' (घर + एलु) मा 'घर' ।

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'भनाइलै' (भनाइ + लै) मा 'भनाइ' ।
'गर्नु' मा 'गर्नु' ।
'पनि' मा 'पनि' ।
'गरेर' मा 'गरेर' ।
'गर्न' मा 'गर्न' ।

द्रष्टव्य: अन्य आधारपदहरु 'शव्द' मानिन्छन् तर 'धातु' चाहिं आधारपद भए तापनि शव्दका रुपमा व्यवहृत हुदैन, किनभने धातु मात्रको स्वतन्त्र प्रयोग हुन सक्दैन, जस्तै, 'गर्द' मा आधार्भ 'गर' धातुलाई शव्द मानिन्न ।

(इ) माथि उल्लेख गरेअनुसार वस्तुत: "शव्द" का (१) पद भन्ने र (२) धातु बाहेक आधारपद भन्ने पनि तात्पर्य बुझिन्छ । परन्तु शव्द निर्माण प्रक्रियाअन्तर्गत चाहिं पदका रुपमा निष्पन्न हुनुँगन्दा पहिलेका ती संपूर्ण आधारपद (धातु समेत) लाई शव्दका रुपमा लिने गरेको देखिन्छ (मध्य चन्द्रिका नियम १६० को (दफा १)) जुन शव्दका रुपमा व्यवहृत हुन वा नहुन पनि सक्छन् । वास्तवमा उपर्युक्त आधारपदलाई चर्चा अनुसार स्वतन्त्र रुपमा उभिन नसक्ने हुनै पनि पद वा शव्द मान्नु उपयुक्त देखिन्न ।

(२) स्रोतका दृष्टिले शव्दको वर्गीकरण

शव्दको वर्गीकरण स्रोतका दृष्टिले विभिन्न प्रकारले गरिएको पाइन्छ र यसबाट शिक्षणका क्रममा यदाकदा भ्रम र अनेकरुपता उत्पन्न भएको पनि देखिन्छ । त्यसैले शिक्षण-व्यवहारमा निश्चितता र र एकरुपताका निम्ति स्रोतका दृष्टिले नेपाली शव्दहरुको वर्गीकरण निम्नलिखितअनुसार गर्नु व्यावहारिक देखिन्छ :-

(क) तत्सम: संस्कृत स्रोतबाट नेपाली भाषामा आएका (तत् संस्कृतबाट, सम अपरिवर्तित र उस्तै रुपमा) आएका शव्दहरु । जस्तै: ग्लानि, भ्रम, शान्ति, बुद्धि पिता, माता, सम्पादक, ख्याति आदि ।

(ख) तद्भव: संस्कृत स्रोत हुदै नेपाली भाषामा परिवर्तित रुपमा रहेका (तत् संस्कृत बाट, भव परिवर्तन हुदै) आएका शव्दहरु । जस्तै:-

संस्कृत	प्राकृत	नेपाली	संस्कृत	प्राकृत	नेपाली
हस्त	हत्थ	हात ।	हस्तिन्	हत्थि	हात्ती ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्त भत्त भात । पत्र पत्त पात ।
ज्योतिषी जोइसी जैसी । रिक्तक: रित्तओ रित्तो ।
भगिनी भइणी बहिनी । दधि दहि दही ।

(ग) आगन्तुक: संस्कृत स्रोत (संस्कृत, प्राकृत र अपभ्रंश) - बाट सीधै नेपाली भाषामा आएका बाहेक अन्य स्रोतबाट नेपालीमा आएका शब्दहरू । जस्तै:- कोट (अंग्रेजी), किताब (अरबेली), पसल (नेवारी), रोदी (गुरुङ०), पैनी (मैथिली, डम्फू (तामाङ०), गम्छा (बाङ्गला) आदि ।

द्रष्टव्य:

१ नेपाली भाषाको शब्द-भण्डारबारे चर्चा गरिएका विभिन्न ग्रन्थमा मौलिक र आगन्तुक तथा तत्सम र तद्भव यस्तो शब्दको प्रयोग बेग्लाबेग्लै तात्पर्यमा गरिएको पाइन्छ । यस सिलसिलामा कतिपय विद्वानहरूले संस्कृत भाषाबाट वा संस्कृत प्राकृत, अपभ्रंश भाषाबाट सीधै यथावत् रूपमा या परिवर्तित रूपमा नेपाली भाषामा आएका शब्दलाई पनि आगन्तुक कोटिमा राखेका छन् र संस्कृत(स्रो बाहेक अन्य स्रोतबाट आएका आगन्तुक शब्दका पनि तत्सम र तद्भव भेद देखाएका छन् भने कतिपय विद्वानहरूले चाहिँ संस्कृत भाषा वा संस्कृत-प्राकृत-अपभ्रंश भाषाबाट सीधै यथावत् वा परिवर्तित रूपमा नेपाली भाषामा आएका शब्दलाई नेपाली भाषाका पैत्रिक उत्तराधिकारका रूपमा प्राप्त भएको हुँनाले मौलिक शब्द मानी तिनको मतलब संस्कृत (प्राकृत व्याकरणकार वररुचिका अनुसार) स्वीकारी तिनै मौलिक शब्दको मात्र तत्सम र तद्भव दुई भेद देखाएका छन् र यी बाहेक अन्य स्रोतबाट आएका शब्दलाई मात्र आगन्तुक शब्द मानेका छन् अनि ती आगन्तुक शब्दका भेदका निम्ति तत्सम र तद्भव शब्दको प्रयोग गरेका छैनन् ।

२ अनिवार्य नेपाली विषयको क्षेत्रीय अभिमुखीकरण कार्यशाला गोष्ठी (विराटनगर, पाल्पा र काठमाडौं, २०३५) मा त्रि०वि०का० नेपाली शिक्षकहरूका बीच भएको व्यापक सहमति लेखका आधारमा यस शिक्षण निर्देशिकाले पनि उक्त पहिलो दफामा चर्चित दोस्रो मतलाई विशेष तर्क सहित स्वीकारी शैक्षिक व्यवहारमा ल्याउनु उपयुक्त ठह्र्याएको छ ।

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३ दफा दुईका सन्दर्भमा स्रोतका दृष्टिले नेपाली शब्दहरूको वर्गीकरण मूलत: मौलिक र आगन्तुक दुई भेदका आधारमा गरी मौलिक वर्ग-अन्तर्गत केवल संस्कृतबाट यथावत् रूपमा नेपाली भाषामा आएका तत्सम शब्द र संस्कृत - प्राकृत - अपभ्रंश स्रोतबाट परिवर्तित हुँदै सीधै नेपालीमा आएका तद्भव शब्दलाई लिने र सो बाहेक अन्य स्रोतबाट आएका आगन्तुक शब्दलाई चाहिं तिनको यथावत् वा परिवर्तित स्थितिअनुसार अविकृत र विकृत (अपरिवर्तित र परिवर्तित) दुई भेदमा बाँडिने । कतिपय ग्रन्थकारहरूद्वारा वर्णित देश्य या देशज भनिने शब्द चाहिं अहिले सम्म व्युत्पत्ति पत्ता नलागेका मौलिक वा आगन्तुक दुवै प्रकारका शब्द हुनसक्ने भएकाले सामान्य शैक्षिक व्यवहारमा यस वर्गीकरणको प्रयोग नगर्ने तर सैद्धान्तिक सम्भावनाका दृष्टिले चाहिं मौलिक शब्दका तत्सम, तद्भव र देश्य तीन वर्ग स्वीकार्ने ।

उपर्युक्त वर्गीकरणलाई निम्नलिखित उदाहरणद्वारा स्पष्ट्याउन सकिन्छ:

१. मौलिक:

(क) तत्सम -------- पिता, पुत्र, पण्डित, राजा, समिति... ।

(ख) तद्भव -------- हात, पात, भात, जैसी......... ।

२. आगन्तुक:

(क) अविकृत (अपरिवर्तित)-- कोट, पैनी, सैनी, रकेट, किताव... ।

(ख) विकृत (परिवर्तित) ----- अस्पताल, हजुर, लालटिन, इस्त्री.......... ।

(३) व्युत्पत्ति वा निर्माण प्रक्रियाका दृष्टिले शब्दको वर्गीकरण

बनोटका आधारमा वा व्युत्पत्ति गरिने र नगरिने आधारमा नेपाली शब्दहरू दुई किसिमका हुन्छन् - अव्युत्पन्न (मूल) र व्युत्पन्न ।


(क) अव्युत्पन्न वा मूल भनेका त्यस्ता शब्द हुन् जसको निर्माण वा व्युत्पत्ति (बनोटको प्रक्रिया) हुदैन वा गरिदैंन र तिनीहरू न्यूनतम अंशका दृष्टिले अविभाज्य हुनाले केवल प्रकृतिको रूपमा मात्र रहेका हुन्छन् ।

जस्तै:- घर, राम, बाघ, तर, स्वा, न्याउ, हु, भनु, गर, आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) व्युत्पन्न शब्द भनेको चाहिँ प्रकृतिमा अघिल्तिर केही थपिई अर्थात् पूर्वसर्ग (उपसर्ग) लागेर वा प्रकृतिमा पछिल्तिर केही थपिई अर्थात् परसर्ग (प्रत्यय) लागेर वा दुई वा दुईभन्दा बढी शब्दहरू मिलेर अथवा शब्द वा शब्दांशको द्वित्व भएर बनेका हुन्छन् र यसरी केवल अविभाज्य प्रकृति मात्र रही विभाज्य वा व्युत्पत्ति गर्न सकिने हुनाले यी शब्द व्युत्पन्न भनिएका हुन् । व्युत्पन्न शब्दहरू निम्नलिखित प्रक्रियाद्वारा निर्मित वा व्युत्पन्न हुन्छन् ।



द्रष्टव्य :

१. शब्द निर्माणका सिलसिलामा पूर्वसर्ग र परसर्गका योगका सन्दर्भमा प्रकृति भन्नाले निम्नलिखित कुरा बुझिन्छ:

(क) अव्युत्पन्न (मूल) आधारपद जस्तै:- "हुनु" मा "हु", "राष्ट्रिय" मा "राष्ट्र", "घरेलु" मा "घर", "सरर" मा, "सर", "टिकटिक" मा "टिक"

(ख) शब्दनिर्माणको प्रक्रियाअन्तर्गत पूर्वोक्त चार प्रक्रियामध्ये कुनै एक प्रक्रियाद्वारा शब्दनिर्माण हुँदाका साथै यसरी बनेका व्युत्पन्न शब्दमा पुन: पूर्वसर्ग वा परसर्ग लागी दोस्रो, तेस्रो, चौथो ....पटक व्युत्पन्न शब्द बन्दा चाहिं प्रकृति भन्नाले ती पूर्वसर्ग वा परसर्ग ग्रहण गर्ने निम्नलिखित किसिमका आधारपद भन्ने पनि बुझिन्छ । जस्तै:-

(i) पूर्वसर्ग (उपसर्ग) लागेका व्युत्पन्न र अव्युत्पन्न आधारपद, जस्तै:- "उपकारी" मा उपकार । "उपकारिता" मा "उपकारी", "उपाध्यक्षता" मा "उपाध्यक्ष" "बेगुनी" मा "बेगुन" बेइमानी मा "बेइमान", "निराशा" मा "निराश" ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ii) परसर्ग (प्रत्यय) लागेका व्युत्पन्न र अव्युत्पन्न आधारपद । जस्तै:- "बनावटी" मा "बनावट", "धुपौरे" मा "धुपौरो", "अनौपचारिकता" मा "औपचारिक" आदि ।

(iii) समस्त आधारपद: जस्तै :- "उपसभापति" मा "सभापति", "सभापतित्व" मा "सभापति" ।

२) व्युत्पन्न शब्द निर्माण प्रक्रियाअन्तर्गत आपरिवर्तन प्रक्रिया पनि उल्लेखनीय छ । जस्तै: मर् (नु) को ठाउँमा मार्(नु) (प्रेरणार्थक)

फर् (नु) का ठाउँमा फार्(नु)

फुट् (नु) का ठाउँमा फाड्(नु)

,, ,, ,, फोर्(नु)

३) व्युत्पन्न शब्द निर्माणका विभिन्न प्रक्रिया अन्तर्गत सन्धि, लोप, आगम र आदेश जस्ता विधिहरूको पनि भूमिका देखिन्छ ।

जस्तै:- उप + अध्यक्ष - उपाध्यक्ष (सन्धि)

सूर्य + उदय - सूर्योदय (,,)

दाजु र भाइ - दाजुभाइ (लोप)

सानी + नानी - सान्नानी (,,)

सानी + आमा - सान्मा (,,)

देशका निम्ति सेवा- देशसेवा (,,)

चार मुहानको समुदाय - चौमुहानी (आदेश)

बाघको जस्तो मुख भएको - बघमुखा (,,)

छ + औं - छैटौं (आगम)

४. कृदन्त र धातुका बीचमा नाम (विशेषण र अव्यय स्रोत) र धातुहरूका बीचमा र कृदन्तहरूका बीचमा पनि समास प्रक्रिया देखिन्छ (यसबारेमा समास प्रक्रिया अन्तर्गत छुट्टै चर्चा गरिने छ) । जस्तै:-

लिएर जानु - लैजानु

आई पर्नु - आइपर्नु

गरी राख्छ - गरिराख्छ

देखेको सुनेको - देखेसुनेको

हुनु र खानु - हनुखानु

दिनु र खानु -दिनुखानु

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घुमी र फिरी - घुमिफिरी
पूजा गर्नु - पूजागर्नु

५. द्वित्व प्रक्रिया अन्तर्गत चाहिं आधारपद (शब्द) का साथै शब्दांशलाई पनि प्रकृतिका रूपमा लिइन्छ । जस्तै:-
(क) घरघरै, तीरतीरै, जांदाजांदा, रातोराती ।
(ख) "सरूसरैना" सरू", "फलल्लै" मा" फलू" ।

६. व्युत्पन्न शब्दहरूलाई साधारणत: प्रथम व्युत्पन्न र द्वितीय व्युत्पन्नका रूपमा विभाजित गर्ने पनि चलन छ । यसरी विभाजित गर्दा धातुमा परसर्ग (कृत् प्रत्यय) लागी बनेका शब्दलाई प्रथम व्युत्पन्न र आधारपद वा शब्द बनिसकेपछि लाग्ने पूर्वसर्ग (उपसर्ग) र परसर्ग (तद्धित प्रत्यय) लागी बनेका शब्दलाई द्वितीय व्युत्पन्न भनिन्छ । द्वितीय व्युत्पन्न शब्दको प्रकृति चाहिं मूल शब्द (अव्युत्पन्न आधार पद) र प्रथम व्युत्पन्न (कृदन्त) शब्द पनि हुन सक्छन् तापनि मूल शब्दमा तद्धित प्रत्यय लाग्दा पनि द्वितीय व्युत्पन्न भनिन्छ । शिक्षकले उदाहरणहरूद्वारा विद्यार्थीहरूलाई यस प्रक्रियासंग अवगत तुल्याउने । जस्तै:-

(१)

धातु	कृत् प्रत्यय	प्रथम व्युत्पन्न	तद्धित प्रत्यय	द्वितीयव्युत्पन्न
भुज्	अ	भोग	ई	भोगी
बन्	आवट	बनावट	ई	बनावटी

(२)

धातु	कृत् प्रत्यय	प्रथम व्युत्पन्न	उपसर्ग	द्वितीय व्युत्पन्न
गम्	ति	गति	प्र	प्रगति
चल्	अन	चलन	बद	बदचलन

(३)

मूलशब्द	तद्धितप्रत्यय	उपसर्ग	द्वितीय व्युत्पन्न
घर	एलु	-	घरेलु
राष्ट्र	इय	-	राष्ट्रिय
ज्ञान	-	वि	वैज्ञानिक

92388

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७. नाल रूपका दृष्टिले उस्तै देखिने प्रत्ययहरू पनि अर्थका दृष्टिले भिन्न भई विभिन्न किसिमका कृदन्त र तद्धितान्त शब्द निर्माण-मा बेग्लाबग्लै भूमिका खेल्न पुग्दछन् । शिक्षकले उदाहरणहरू-द्वारा विद्यार्थीहरूलाई यस कुरासंग परिचित तुल्याउने, जस्तै:-

प्रत्यय	अर्थ	धातु (प्रकृति)	शब्द(प्रकृति	कृदन्त शब्द	तद्धितान्त
ई	"गर्ने"	उप+कृ	-	उपकारी	-
ई	"भएको" जससित छ		धन	-	धनी
ई	स्त्रीत्व		नर	-	नारी
इ	पूर्वक्रिया	गर्	-	गरी	-
ई	भाव वा पना		गरिब	-	गरिबी

१.२ शिक्षण प्रक्रिया

मूल (तत्सम, तद्भव र आगन्तुक) तथा व्युत्पन्न शब्दको परिचय र अभ्यास सिकाउंदा पूर्व उल्लिखित सैद्धान्तिक पृष्ठभूमिको निर्वाहका आधारमा श्यामपाटीमा वर्गीकरण तालिका देखाई विभिन्न उदाहरण दिई व्याख्याद्वारा स्पष्ट पार्नु आवश्यक छ ।

१.३ मूल्यांकन प्रक्रिया

शब्द परिचय र यसको वर्गीकरणसम्बन्धी सैद्धान्तिक शिक्षणको मूल्यांकनका निम्ति निम्नलिखित तरीकाको प्रयोग गर्ने:

(१) कुनै एक उपयुक्त अनुच्छेद दिई तत्सम, तद्भव र आगन्तुक शब्द जनाई रेखांकित गर्न लाउने,

(२) कुनै एक उपयुक्त अनुच्छेद दिई व्युत्पन्न र अव्युत्पन्न शब्द छुट्याउन लाउने,

(३) कुनै एक उपयुक्त अनुच्छेद दिई व्युत्पन्न शब्दहरूको विभिन्न भेदहरू पहिचानी रेखांकित गर्न लाउने,

(४) सोदाहरण व्याख्याका निम्ति शब्दको स्रोतसम्बन्धी वर्गीकरण वा निर्माण प्रक्रियासम्बन्धी प्रश्न सोध्ने ।

२. पूर्वसर्ग (उपसर्ग)द्वारा शब्द निर्माण: शिक्षण र मूल्यांकन विधि

२.१ शिक्षण विधि

उपसर्गबाट शब्दनिर्माण हुने प्रक्रिया सिकाउंदा निम्नलिखित उपायहरू प्रयोग गर्नु पर्छ:

क्रमश:....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) कार्य योजनाअन्तर्गत एउटा कक्षाघण्टामा जति उपसर्गबाट हुने शब्द निर्माण सिकाउने हो सो अनुसार त्यस कक्षामा ती उपसर्गहरू श्यामपाटीको माथिल्लो भागमा सिकाकले लेखिदिने उपसर्गबाट बन्ने दुईचार शब्द आफूले लेखिदिएर यस्तै किसिमले उक्त उपसर्ग लागेर बनन सक्ने अरू शब्दहरू विद्यार्थीहरूलाई सोध्दै जाने र उनीहरूले भनेका शब्दहरू क्रमशः मिलाएर श्यामपाटीमा लेखिदिन र सार्न लगाउने ।

(ख) शब्द वा आधारपदका अघिल्तिर लागी सो लाग्नुभन्दा अगाडिको शब्द वा आधारपदको अर्थलाई विभिन्न रूपमा प्रभावित पार्ने अव्यय, शब्दनिर्माण क्रममा उपसर्गका अघिल्तिर लाग्ने उपसर्ग(उप+ सर्ग)अथवा पर्वसर्ग(पूर्व+सर्ग हुन) पनि उपसर्ग लाग्न सक्छ भन्ने कुरा उदाहरणद्वारा सिकाकले कक्षामा स्पष्ट्याइदिने, जस्तैः-

(१) शब्दका अघिल्तिर लाग्ने अव्यय उपसर्ग हुन् : उप, प्र, अति, अ, अनु, कु, न, बे, बै, बद्, वि, गैर, स, सह आदि ।

(२) उपसर्ग लागेर शब्दको अर्थमा परिवर्तन हुने प्रक्रिया उदाहरण दिई रोचक रूपमा बताउने र विद्यार्थीहरूलाई त्यस्ता शब्दहरू खोज्न लगाउने । उदाहरणार्थ, उपसर्ग लागेर अर्थ परिवर्तन हुने शब्दहरू - सं + योग, वि + योग, प्र + योग, आ + योग, उप + योग आदि ।

(३) शब्द निर्माणमा एकभन्दा बढी उपसर्गको योग हुन सक्छ, जस्तैःध

अन् + अधि + कार - अनधिकार

सु + सम् + चालन - सुसञ्चालन

अ + प्रति + आशित - अप्रत्याशित

उप + अधि + अक्ष - उपाध्यक्ष

(४) नेपाली उपसर्गहरू तत्सम, तद्भव र आगन्तुक गरी तीन किसिमका हुन्छन् भन्ने कुरा उदाहरणद्वारा स्पष्ट्याइदिने, जस्तैः

(अ) तत्सम- अ, अति, अधि, अनु, अनु, अप, अभि, अव, आ, उत्(उद्), उप, कु, दुस्, दुर्, निस्, निर्, परा परि, प्र, प्रति, वि, सम्(सं), स , सह, सु, आदि ।

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(आ) तद्भव- अन (अनपत्यार) स (सपूत), क (कपूत) आदि ।

(इ) आगन्तुक-बे, वि, बद, गैर, हर आदि ।

(ग) प्रत्येक उपसर्गले शब्दसंग जोडिंदा आ-आफ्ना अर्थ विशेष अनुसार सो जोडिंनु भन्दा अगाडिका शब्द वा आधारपदको अर्थलाई प्रभावित गर्दछ । यस संदर्भमा निम्नलिखित उपसर्गले निम्नलिखित अर्थ विशेषको द्योतन गर्दछ भन्ने कुरा ती-ती उपसर्ग पढाउँदै जांदा शिक्षकले तहअनुसार प्रष्ट्याइदिने, जस्तै:

उपसर्ग	द्योतित अर्थविशेष	उदाहरण
अ	निषेध, विपरीतता	अज्ञान, अमेल, अनित्य, असार, अनाचार, अनधिकार,
अन्	,, ,,	अनाश्चित,
अन्	,, ,,	अनविश्वासी, अनपत्यार, अनमोल, अनन्य,
न	,, ,,	नकाम, नराम्रो नमिले, नमीठो,
नि	,, ,,	निमुखा, निषेध, निवारक,
बि	,, ,,	बिकामे, बिस्वाद, बिथिति, बिसुर,
बे	,, ,,	बेइमान, बेमतलब , बेसुर, बेठेगान ,
बै	,, ,,	बैगुन,
प्र	प्रकर्ष? उत्कर्ष	प्रगति, प्रभाव, प्रसिद्ध, प्रचण्ड,
अप	अपकर्ष	अपमान, अपकार, अपवाद,
अव	न्यूनता, सीमांकन	अवनति, अवचेतन, अवसर, अवलम्बन,
अनु	अनुसरण, अनुसार, प्रश्चात्	अनुज, अनुमान, अनुवाद अनुशासन,
उप	न्यूनता-विशेष, निकटता	उपकार, उपसचिव, उपाध्यक्ष, उपचार,
कु	खराब	कुख्यात, कुपुत्र, कुमलो, कुचक्र, कुकाठ,
बद	,,	बदनाम, बदनियम, बदचलन ,
अधि	प्रभुत्व, बढ्ता	अधिकार, अधिराज्य, अधीन, अध्ययन,
अभि	विशेष, उत्कर्ष	अभिवृद्धि, अभिसार, अभिमान, अभिवादन,
उत्	उत्कर्ष	उन्नति, उत्थान, उद्भव, उच्चारण,
अति	ज्यादा	अत्याचार, अत्यधिक, अतिदुष्ट, अतिधनि

क्रमशः. . .

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आ	व्याप्ति	आक्रमण, आचार, आकार, आव्हान,
प्रति	विपरीतता	प्रतिकार, प्रतिवादी, प्रतिज्ञा, प्रत्याव्हान, प्रतिपदा, प्रत्युत्तर,
सम्	विशेष राम्रो	संकलन, संस्कार, संचालन, संस्कृति ।

द्रष्टव्य:

उपसर्गद्वारा द्योतित विशेष अर्थको उल्लेख मोटामोटी रूपमा मात्र गरिएको छ ।

(घ) पढाइसकेका प्रत्येक उपसर्ग लगाएर कम्तीमा पांचपांचवटा शब्दहरू ल्याउन विद्यार्थीहरूलाई गृहकार्य दिने र ती गृहकार्यलाई अर्को दिन कक्षामै सुनाउन लगाई सबैजसो विद्यार्थीहरूलाई एकअर्काको कार्यमा टिप्पणी गर्न लगाउने तथा आवश्यक परेमा आफूले पनि टिप्पणी गरिदिने ।

(ङ) खासखास आधारपद वा शब्द (जस्तै: योग, कार, करण, हार, चार, वाद, भव, गति आदि) दिई तिनमा कम्तीमा चारपांच उपसर्ग लगाई शब्द बनाउन र उपसर्ग लागी बनेका ती शब्दहरूको अर्थ लेखी अर्थ भिन्नता देखाउन अनि वाक्यमा प्रयोग गर्नाका निम्ति विद्यार्थीलाई गृहकार्य दिने र सो हेर्ने ।

(च) विभिन्न उपसर्ग लागी बनेका विभिन्न किसिमका कम्तीमा पनि बीस शब्दहरूलाई अर्थअनुरूप वाक्यमा प्रयोग गर्न लगाउने ।

(छ) 'गोरखापत्र' का लेख अथवा अन्य सामग्रीबाट उद्घृत गरिएका विभिन्न उपसर्गहरू प्रशस्त रूपमा उपयोग भएका उपयुक्त अनुच्छेद पाठ्यक्रमका रूपमा सबै विद्यार्थीहरूलाई बांडी उक्त अनुच्छेदमा उपसर्ग लागेका शब्द के कति छन् र कुन कुन उपसर्गको उपयोग भएको छ सो विद्यार्थीहरूलाई पत्ता लगाउन लगाउने ।

(ज) शब्दमा उपसर्ग लाग्दा सन्धि भई उपसर्ग र आधारपद (शब्द) मा परिवर्तन भएका कम्तीमा दश शब्द दिई विद्यार्थीहरूलाई पूर्वसर्ग (उपसर्ग) र आधारपद (शब्द) छुट्याउन लगाउने । जस्तै :-

उदाहरण - उत् + आहरण

समाचार - सम् + आचार

क्रमशः....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्क्रमण - सम् + क्रमण
संचालन - सम् + चालन
संयम - सम् + यम
उच्छृङ्खल - उद् + शृङ्खल (T)
प्रत्याकर्षण - प्रति+आकर्षण
अनुच्छेद - अनु + छेद
विच्छेद - वि + छेद
उत्थान - उद् + स्थान
संस्कार - सम् + कार
प्राध्यापक - प्र + अध्यापक

(फ) खासखास आधारपद वा शब्दमा मात्र र अफ तिनमा पनि खासखास उपसर्ग मात्र लाग्दछन् । कुनैकुनै आधारपद वा शब्दसित मात्र र तिनमा पनि के कस्ता उपसर्ग मात्र लाग्दछन् भन्ने कुरा व्यवहार, प्रयोग र प्रचलनमै निर्भर गर्दछ । त्यसैले उपसर्गको योगद्वारा शब्द निर्माणको प्रक्रिया कनै या नत्र शब्द उत्पादन प्रक्रिया होइन र स्वेच्छाअनुसार धमाधम शब्द उत्पादन हुने होइन भन्ने कुरामा शिक्षकले विद्यार्थीलाई सावधान गराई प्रचलन र प्रयोगअनुसार भए मात्र उपसर्ग प्रक्रियाद्वारा शब्दको निर्माण वा व्युत्पादन गर्न सकिन्छ भन्ने कुरा स्पष्टरूपले बुझाइ दिनु पर्छ :

	प्रचलनअनुसार साधु शब्दहरू	प्रचलन विरुद्ध हुनाले असाधु शब्दहरू
आधारपद:कार	प्रकार, संस्कार, उपकार अपकार, विकार, आकार, अधिकार आदि	अनुकार, पराकार, अतिकार आदि ।
उपसर्ग : बे	बेइमान, बेइज्जत, बेकसुर बेकाइदा, बेठिक, बेचली, बेहिसाब आदि ।	बेराम्रो, बधर्म, बेपाप , बेदुष्ट आदि ।

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२. २. मूल्यांकन विधि

उपसर्गद्वारा शब्दनिर्माण प्रक्रियाका शिक्षणको मूल्यांकनमा ती सबै विधिहरूको प्रयोग गर्न सकिन्छ । जुन शिक्षणका क्रममा माथिका विभिन्न दफामा चर्चित छन् तैपनि यसका मूल्यांकनका निम्ति निम्नलिखित तरिका अपनाउनु उपयुक्त देखिन्छ :

(१) बेग्लाबेग्लै १० उपसर्ग युक्त शब्द भएका कुनै अनुच्छेद दिई उपसर्ग रेखांकित गर्न लगाउने,

(२) कम्तीमा पांच उपसर्ग दिई तिनबाट शब्द बनाई अर्थ लेखि वाक्य-मा प्रयोग गर्न लगाउने,

(३) कुनै एक उपयुक्त आधारपद (कार,मान, योग जस्ता चारपांच शब्द बन्न सक्ने) दिई त्यसमा भिन्नभिन्न उपसर्ग लगाएर कम्तीमा चार पांच शब्द बनाई ती निर्मित शब्दहरूको अर्थ भिन्नता देखाउन लगाउने ।

३. परसर्ग (प्रत्यय)द्वारा शब्दनिर्माण: शिक्षण र मूल्यांकन विधि

परसर्ग (प्रत्यय)द्वारा शब्दनिर्माण हुने प्रक्रियाको शिक्षण गर्दा क्रमश: धातु र शब्दका पछिल्तिर प्रत्यय थपिई कृदन्त (धातुप्रत्ययक) र तद्धितान्त (शब्दप्रत्ययक) व्युत्पन्न शब्द बन्ने कुरा उदाहरणद्वारा स्पष्ट गर्ने ।

३. १. कृदन्त (धातुप्रत्ययक) शब्दनिर्माण

३. १. १. शिक्षण विधि

३. १. १. १. धातुमा प्रत्यय थपिई कृदन्त (धातुप्रत्ययक) शब्द यसरी बन्दछन्:-

	धातु		प्रत्यय		शब्द
तद्भव:	गर्	+	आइ	-	गराइ
	बन्	+	आवट		बनावट
	हु (भ)	+	ई	-	भई
	भन्	+	एर	-	भनेर
तत्सम	गम्	+	अन	-	गमन
	लिख् (लेख्)	+	अक	-	लेखक
	पठ्	+	इत	-	पठित
	कृ (कर्)	+	तव्य	-	कर्तव्य
	[illegible]	+	ति	-	वृत्ति
	[illegible] (कर्)	+	ता	-	कर्ता
	वृष	+	ति	-	वृष्टि

क्रमश:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(सर्व) + नाश् + ई - सर्वनाशी

(वि) + कृ(कार्) + ई - विकारी

भुज्(भोग्) + ई - भोगी

त्यज् + त - त्यक्त

मुच्(मुक्) + ति - मुक्ति

भुज्(भोग) + अ - भोग

द्रष्टव्य: १ तत्सम धातुप्रत्ययक (कृदन्त) शब्दनिर्माण सिकाउँदा प्रत्ययको खास देखिने रूपलाई आधार बनाउने, जस्तै: क्तिन्, तृच्, इन्, इतच्, ल्युट्, ण्वुल् आदिलाई प्रत्ययका रूपमा नदेखाई खास देखिने रूप क्रमश: ति, ता, ई, इत, अन, अक आदिलाई प्रत्यय मानी तदनुसार सिकाउने ।

२ धातुप्रत्ययक (कृदन्त) शब्द निर्माण हुँदा धातु र प्रत्ययको योगमा हुन जाने परिवर्तनको प्रक्रियालाई पनि उदाहरण दिई विद्यार्थीहरूलाई अवगत गराउने,

जस्तै:

धातु	प्रत्यय	शब्द	परिवर्तन (धातुगत।प्रत्ययगत)
दृश +	ति	- दृष्टि	प्रत्ययको 'त' 'ट' मा परिवर्तित
त्यज+	त	- त्यक्त	धातुको 'ज्' 'क्' मा ,,
मुच् +	ति	- मुक्ति	,, 'च्' 'क्' मा ,,
युज् +	अ	- योग	,, 'उ' 'ओ' मा र
			'ज्' 'ग' मा ,,
कृ +	ता	- कर्ता	,, 'ऋ' 'अर' मा ,,
लिख +	अन	- लेखन	,, 'इ' 'ए' मा ,,
कृ +	अन	- करण	,, 'ऋ' 'अर्' मा र
			प्रत्ययको 'न' 'ण' मा ,,
कृ +	अक	- कारक	धातुको 'ऋ' 'आर' मा ,,

३ निर्धारित तत्सम धातुप्रत्ययक (कृदन्त) निर्माणमा प्रकृतिका रूपमा रहेका धातु (दृश, वृष्, लिख, पठ्, मुच्, युज्, कृ, शुष्, त्यज् आदि) को अर्थ धातुप्रत्ययक (कृदन्त) शब्दको अर्थबाट प्रत्यय छुट्याई अनुमानद्वारा निकाल्न र त्यसै याद गर्न शिक्षकले विद्यार्थीहरूलाई लगाउने । जस्तै:-

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृदन्त शब्द	अर्थ	धातु	अर्थ
दृष्टि	'हेराइ (हेर् + आइ)	दृश	'हेर्नु'
योग	'जोड (युज् + अ)	युज्	'जोड्नु'
कर्ता	'गर्ने (गर् + ने)	कृ	'गर्नु'

४ धातुप्रत्यय (कृदन्त) शब्द निर्माणका क्रममा धातु भन्दा अघिल्तिर पूर्वसर्ग (उपसर्ग) वा पूर्वपद पनि लाग्न सक्छ भन्ने कुरा उदाहरणद्वारा शिक्षकले विद्यार्थीहरूलाई अवगत गराउने । जस्तै:-

उपसर्ग		धातु		प्रत्यय		कृदन्त शब्द
वि	+	युज्	+	ई	-	वियोगी
अ + वि	+	नश्	+	ई	-	अविनाशी
वि	+	कृ	+	ई	-	विकारी
पूर्वपद:						
सर्व	+	नश्	+	ई	-	सर्वनाशी
सूक्ष्म	+	दृश्	+	ई	-	सूक्ष्मदर्शी

५. धातु प्रत्यय (कृदन्त) शब्द निर्माण खास तात्पर्यमा धातुदेखि पारितिर लाग्ने प्रत्ययहरूले खास आ-आफ्नो तात्पर्य जनाउने हुंदा कृदन्त शब्दको अर्थबाट धातुको अर्थ कट्टा गरी बांकी रहने प्रत्ययार्थ (प्रत्ययको अर्थ) का बारेमा उदाहरणद्वारा शिक्षकले विद्यार्थीलाई बोध गराउने ।

जस्तै:-

	कृदन्त शब्द	अर्थ	धात्वर्थ	प्रत्यय	प्रत्ययार्थ
तत्सम:	वृष्टि	'वर्षाइ'	'वर्सिनु'	ति	'कार्य (काम)
	योग	'जोड'	'जोड्नु'	अ	'कार्य' (काम)
	लेखक	'लेख्ने'	'लेख्नु'	अक	'कर्ता' (गर्ने)
	लेखन	'लखाइ'	लेख्नु'	अन	'कार्य' (काम)
तद्भव:	हिंडाइ	'हिंड्ने कार्य'	हिंड्नु'	आइ	'कार्य' (काम)
	हंसिलो	'हांसे -ठट्टा'	हांस्नु'	इलो...	'भरको'
	बनावट	'बनाएको'	'बन्नु'	आवट	'प्रक्रिया'
	ढंटुवा	'ढांट्ने	'ढांट्नु	उवा	'गर्ने

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चुनाउ	चुन्ने काम	चुन्नु	आउ	कार्य, प्रक्रिया
गरी	गरिसकेर	गर्नु	ई	पूर्वक्रिया
गर्न	गर्नाका निम्ति	गर्नु	न	उत्तरक्रिया
खाएको	खाने काम पूरा गरेको	खानु	एको	पूर्णक्रिया
जांदो	गइरहेको	जानु	दो	सातत्य
खाइन्जेल	खाने अवधिसम्म	खानु	इन्जेल	समयावधि,

६ धातुप्रत्ययका शब्दनिर्माण प्रक्रिया सिकाउने सिलसिलामा धातुबाट के-कस्ता प्रत्यय लागी के-कस्ता पदविभाग अर्थात् संज्ञा, विशेषण र अव्यय (पूर्वक्रिया, उत्तरक्रिया आदि) बन्दछन् भन्ने कुराको सामान्य बोध उदाहरणद्वारा शिक्षकले विद्यार्थीलाई गराउने, जस्तै:

धातु	प्रत्यय	शब्द	पद-विभाग
हाँस्(नु)	आई	हँसाइ	भाववाचक संज्ञा
हाँस्(नु)	इलो	हंसिलो	गुणबोधक विशेषण
गर्(नु)	एर	गरेर	अव्यय (पूर्वक्रिया)

३.१.१.२. धातुप्रत्ययका (कृत प्रत्यय) लागी शब्द निर्माण हुने प्रक्रिया सिकाउंदा शिक्षकले निम्नलिखित तरिकाको प्रयोग गर्नु उपयुक्त हुनेछ:

(१) कार्य योजनाअनुसार कक्षाघण्टामा के-कति, कुन-कुन प्रत्ययबाट शब्द निर्माण सिकाउने हो सो अनुसार त्यस कक्षामा प्रत्ययहरू श्यामपाटीको माथिल्लो भागमा शिक्षकले लेखिदिने र प्रत्येक प्रत्ययबाट बन्ने दुईचार शब्द आफूले लेखिदिएर यस्तै किसिमले प्रत्ययहरू लागेर बन्न सक्ने अरू शब्दहरू विद्यार्थीहरूलाई सोद्धै उनीहरूले भनेका शब्दहरू क्रमश: मिलाएर श्यामपाटीमा लेखिदिने र सार्न लगाउने अनि त्यस आधारमा धातु प्रत्यय (कृत प्रत्यय) भनेको के हो र शब्दनिर्माणमा यसले के-कस्तो भूमिका खेल्छ भनी स्पष्ट पारिदिने ।

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) शब्दनिर्माण क्षमताका दृष्टिले धातु प्रत्यय (कृत् प्रत्ययहरू)लाई दुई प्रकार(सामान्य र सीमित कृत् प्रत्यय) मा बाँड्न सकिन्छ । सामान्य कृत् प्रत्यय प्रायः सबै धातुमा लाग्दछन् र बढी उत्पादक हुन्छन् भने सीमित कृत्प्रत्यय चाहिं खासखास धातुमा मात्र लाग्दछन् । र कम उत्पादक हुन्छन् । स्यामपाटीमा दुवै किसिमका उदाहरण लेखी शिक्षकले यो भिन्नता स्पष्ट पारिदिने र विद्यार्थीहरूलाई दुवै श्रेणीका अन्य उदाहरण पनि भन्न लगाउने, जस्तै:

सामान्य कृत्प्रत्यय	उदाहरण
आइ	हिंडाइ, बोलाइ, गराइ, भनाइ, सोचाइ...
अन (ण)	लेखन, करण, चलन, भजन, प्रहसन, मनन, चिन्तन.....

सीमित कृत्प्रत्यय	
अक्कड	बुझक्कड, घुमक्कड, पियक्कड, बोलक्कड ।

द्रष्टव्य: सीमित कृत्प्रत्ययहरू खासखास धातुसित मात्र लाग्दछन् अर्थात् खासखास धातुबाट खास तात्पर्यमा मात्र खासखास कृत्प्रत्ययहरू लाग्दछन् । उपसर्गद्वारा शब्द निर्माण गर्ने प्रक्रिया जस्तै कृदन्त प्रक्रिया पनि पूर्ण यान्त्रिक र पूर्ण उत्पादक प्रक्रिया नभएकाले प्रयोग र प्रचलन हेरी तदनुसार नै सीमित कृत् प्रत्ययको प्रयोग गर्न विद्यार्थीहरूलाई सावधान तुल्याउने, जस्तै:

धातु	प्रत्यय	प्रचलनअनुसार साधु शब्द	प्रचलन विरुद्ध हुनाले असाधु शब्द
बुझ्	अक्कड	बुझक्कड	-
बुझ्	आलु	-	बुझालु
लेख्	अन्ते	लेखन्ते	-
लेख्	आडी	-	लेखाडी
सुत्	आहा	सुताहा	-
सुत्	आरू	-	सुतारू

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिख्	इत	लिखित	-
लिख	ति	-	लिप्ति
सम्पाद	अक	सम्पादक	-
सम्पाद	ता	-	सम्पादकता

३.१.३. मूल्यांकन विधि

धातुप्रत्ययक (कृदन्त) को अभ्यास र मूल्यांकनका निम्ति निम्नलिखित तरिका प्रयोग गर्न सकिन्छ:-

(अ) पहिचान गर्न लगाउने

(१) पुस्तक वा पत्रिकाबाट कुनै उपयुक्त अनुच्छेद दिई कृदन्त शब्द चिनी रेखांकित गर्न वा छुट्टै टिप्ने ।

(२) उपर्युक्त किसिमकै अनुच्छेदको कृदन्त शब्दको प्रकृति वा प्रत्यय छुट्याउने अथवा व्युत्पत्ति गर्ने जस्तै:

शब्द	व्युत्पत्ति: प्रकृति	+	प्रत्यय
दृष्टि	दृश्	+	ति
हंसिलो	हांस्	+	इलो

(आ) शब्द बनाउन लगाउने:-

(१) केही प्रकृति (धातु) दिई प्रत्येक धातुबाट पांचपांच विशिष्ट कृत्प्रत्यय लगाई शब्द बनाउन लगाउने ।

द्रष्टव्य :

ई, एर, नु, ने, एको, तो, दो, ए, ता, दा, ते, दै, इन्जेल उन्जेल, न, आइ जस्ता सामान्य कृत्प्रत्यय सबै धातुमा लाग्ने भएकोले धातुबाट सीमित कृत्प्रत्यय लगाई शब्द बनाउने प्रक्रियामा विशेष जोड दिनु आवश्यक छ, जस्तै:

धातु	कृदन्त शब्द
कृ	कर्तव्य, कर्ता, कृति, उपकार, उपकारी ।
गम्	गति, गत, आगमन, गन्तव्य, आगत ।
लेख्	लेख, लेखोट, लेखक, लेखन, लेखन्ते ।

(२) केही सीमित धातु (तत्सम र सामान्य कृत्प्रत्यय समेत) दिई कम्तीमा पांचपांच शब्द बनाउन लगाउने, जस्तै:

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृपत्प्रत्यय	शब्द
अक्कड	बुझक्कड, भुलक्कड, पियक्कड, घुमक्कड, बोलक्कड
आहा	चुराहा, पिराहा, लुटाहा, फटाहा, रिसाहा
ओट	लेखोट, बनोट, अड्गोट, भरोट, टिपोट
ता	कर्ता, दाता, वक्ता, श्रोता, द्रष्टा
इत	लिखित, पठित, कथित, अनूदित, उचित
अक	लेखक, संपादक, अध्यापक, प्रचारक, अभिभावक
अन।अण	वाचन, श्रवण, लेखन, पठन, पाठन ।

(इ) वाक्यमा प्रयोग गर्न लगाउने

केही धातु प्रत्ययक (कृदन्त) शब्द दिई तात्पर्य स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न लगाउने ।

(ई) प्रत्ययार्थ लेख्न लगाउने

केही कृदन्त शब्द दिई त्यसमा लागेको प्रत्ययको अर्थ लेख्न लगाउने ।

(उ) धात्वर्थ लेखन लगाउने

केही तत्सम कृदन्त शब्द दिई प्रकृति अर्थात् धातुको अर्थ लेख्न लगाउने ।

३.२. तद्धितान्त (शब्दप्रत्ययक) शब्दनिर्माण

३.२.१. सैद्धान्तिक सन्दर्भ र शिक्षण

शब्दप्रत्ययक (तद्धितान्त) शब्दनिर्माण-प्रक्रिया सिकाउने सन्दर्भमा शिक्षकले निम्नलिखित सैद्धान्तिक कुरामा ध्यान दिनु आवश्यक छ.

(१) आधारपद (धातुबाहेक) अर्थात् शब्दमा परसर्ग (प्रत्यय) लागी बन्ने व्युत्पन्न शब्दहरू नै तद्धितान्त (शब्दप्रत्ययक) शब्द हुन् र तद्धितान्त शब्दका प्रकृति निम्नलिखित किसिमका हुन सक्छन्:

शब्दका किसिम	प्रकृति	प्रत्यय	शब्द
(अ) अव्युत्पन्न शब्द	घर +	एलु	घरेलु
	राष्ट्र +	इय	राष्ट्रिय
(आ) व्युत्पन्न (पूर्वसर्ग लागेका)	उपकार +	ई	उपकारी
(इ) व्युत्पन्न (कृदन्तशब्द)	बनावट +	ई	बनावटी

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	योग		ई	योगी
(ई) व्युत्पन्न समस्त शब्द(पूर्वपद लागेको)	अर्धसप्ताह	+	इक	अर्द्धसाप्ताहिक
	दुइदिन	+	ए	दुइदिने
(उ) व्युत्पन्न(द्वित्व शब्द)	सर्सर	+	ई	सर्सरी
(ऊ) व्युत्पन्न(तद्धितान्त)	राष्ट्रिय	+	ता	राष्ट्रियता

द्रष्टव्य:

(१) तत्सम शब्दप्रत्ययक (तद्धितान्त) शब्दनिर्माण सिकाउँदा प्रत्ययको जस्ता देखिने रूपलाई आधार बनउने, जस्तै: 'ठक्, – ठञ्, छ' आदिलाई प्रत्ययका रूपमा नदेखाई खास रूप क्रमश: 'इक, ईय' आदिलाई प्रत्यय मानी तदनुसार सिकाउने ।

(२) शब्द र तद्धित प्रत्ययको योगमा हुन आउने परिवर्तनको प्रक्रिया उदाहरणद्वारा विद्यार्थीहरूलाई अवगत गराउन, जस्तै:

अ. स्वर र अर्धस्वर आदिमा भएका परसर्ग लागेमा प्रकृतिको अन्तिम स्वरको लोप हुन्छ:

प्रकृति	लुप्त अंश		प्रत्यय	शब्द
राष्ट्र	(अ)	+	इय	राष्ट्रिय
आवास	(अ)	+	ईय	आवासीय
उपकार	(अ)	+	ई	उपकारी
लघु	(उ)	+	इमा	लघिमा
सेर्पा	(आ)	+	इनी	सेर्पिनी
मित्र	(अ)	+	इया	मित्रिया
बाहिर	(अ)	+	ई	बाहिरी
गोलो	(ओ)	+	आइ	गोलाइ
सभा	(आ)	+	य	सभ्य

आ. प्रकृतिका आदि र अन्तमा निम्नलिखित किसिमका परिवर्तनहरू देखिन्छन्:

प्रकृति		प्रत्यय	शब्द	परिवर्तन
समाज	+	इक	सामाजिक	प्रकृतिको आदिको 'अ' 'आ' मा परिवर्तित

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नीति +	इक	नैतिक	प्रकृतिको आदिको 'ई' 'ऐ' मा
इतिहास +	इक	ऐतिहासिक	प्रकृतिको आदिको 'इ' 'ऐ' मा
पुष्ट +	इक	पौष्टिक	प्रकृतिको आदिको 'उ' 'औ' मा
रूद्र +	अ	रौद्र	प्रकृतिको आदिको 'उ' 'औ' मा
सुन्दर +	य	सौन्दर्य	प्रकृतिको आदिको 'उ' 'औ' मा

दरिद्र +	य	दारिद्र्य	प्रकृतिको आदिको 'अ' 'आ' मा
मधुर +	य	माधुर्य	,, ,, ,,
पशु +	इक	पाशविक	,, ,, ,, ,, र अन्त्यको 'उ' 'अव्' मा परिवर्तित
स्नायु +	इक	स्नायविक	प्रकृतिको आदिको 'उ' 'अव्' मा ,,
मंत्री +	त्व	मन्त्रित्व	,, ,, 'ई' 'इ' मा ,,
कर्ता +	त्व	कर्तृत्व	,, ,, 'आ' 'ऋ' मा ,,
गुरू +	अ	गौरव	,, ,, 'उ' 'औ' मा र अन्त्यको 'उ' 'अव्' मा परिवर्तित
गुरू +	इमा	गरिमा	प्रकृतिको आदिको 'उ' 'अ' मा परिवर्तित र अन्त्यको 'उ' को लोप
महान् +	इमा	महिमा	प्रकृति अन्त्यको 'आन्' को लोप
यश (:) +	वी	यशस्वी	,, ,, 'विसर्ग' 'स' मा
तप(:) +	वी	तपस्वी	,, ,, ,, ,,
महान् +	त्व	महत्व	,, ,, 'आन्' 'अत्' मा ,,
विद्वान् +	ता	विद्वता	,, ,, ,, ,, ,,
महान् +	ता	महत्ता	,, ,, ,, ,, ,,
थापा +	इनी	थपिनी	,, आदिको 'आ' 'अ' मा परिवर्तित र अन्त्यको 'आ' को लोप

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घाम	+	आइलो	घमाइलो	प्रकृति आदिको 'आ' 'अ' मा परिवर्तित र अन्तको 'अ' लोप
नून	+	इलो	नुनिलो	,, 'ऊ' 'उ' मा परिवर्तित
हाँसो	+	इलो	हँसिलो	,, आदिको 'आ' 'अ' मा परिवर्तित र अन्त्यको 'ओ' को
तीन	+	की	तिर्की	,, 'तीन' का ठाउँमा 'तिर्' आदेश .
चार	+	वर	चौवर	,, 'चार' का ठाउँमा 'चौ' आदेश
ठिमी	+	ले	ठिमिले	,, 'अन्तको 'ई' 'इ' मा मा परिवर्तित

(३) नाम धातु र स्त्रीलिंगी प्रत्ययका रूपमा राखने गरेको पाणिनि वा प्रत्ययलाई पनि तद्धितअन्तर्गत समावेश गरी सो शब्दनिर्माण-प्रक्रिया सिकाउन सकिन्छ, जस्तै:

	प्रकृति		प्रत्यय	शब्द
नामधातु	मित्र	+	इ (नु)	मित्रिनु
	होचो	+	इ (नु)	होचिनु
	रोग	+	आउ(नु)	रोगाउनु
स्त्रीलिंग	बाघ	+	इनी	बघिनी
	छोरो	+	ई	छोरी

(४) प्रकृतिबाट तद्धित प्रत्ययलागी निर्मित शब्दमा पनि पुनः तद्धित प्रत्यय लाग्न सक्छ, जस्तै:

प्रकृति		प्रथम तद्धित		द्वितीय तद्धित प्रत्यय	शब्द
राष्ट्र	+	इय	+	ता	राष्ट्रिय
गुरु	+	अ	+	मय	गौरवम
सभा	+	य	+	ता	सभ्यता
मल	+	इलो	+	पन	मलिलोप
बही	+	दार	+	नी	बहिदा

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५) शब्द प्रत्यय (तद्धितान्त) शब्द निर्माणमा बाज तात्पर्यमा शब्द देखि पछाडि लाग्ने प्रत्ययहरूले आ-आफ्नो खास तात्पर्य जनाउने हुंदा तद्धितान्त शब्दबाट प्रकृतिको अर्थ छुट्टा गरी बाँकी रहने प्रत्ययार्थलाई उदाहरणद्वारा शिक्षकले शिक्षार्थीलाई बोध गराउने, जस्तै:

तद्धितान्त शब्द	अर्थ	प्रकृति+ प्रत्यय	प्रत्ययार्थ
सांसारिक	'संसारसम्बन्धी वा संसारको'	संसार + इक	'त्यससम्बन्धी', 'त्यससंग संबन्धित'
बुद्धिमान्	'बुद्धि भएको' वा 'जससित बुद्धि छ'	बुद्धि +मान्	'भएको', 'युक्त'
धनी	'धन भएको' वा 'जससित धन छ'	धन + ई	,,
पौत्रीय	'पौत्रसम्बन्धी'	पौत्र + ईय	'सम्बन्धी'
राष्ट्रिय	'राष्ट्र सम्बन्धी'	राष्ट्र +ईय	'सम्बन्धी'
लाघव	'लघुको भाव'	लघु + अ	'त्यसको भाव'
महत्व	'महान्को भाव'	महान्+ त्व	,,
नागरिकता	'नागरिकको भाव'	नागरिक+ता	,,
लघिमा	'लघुको भाव'	लघु + इमा	,,
सौन्दर्य	'सुन्दरको भाव'	सुन्दर+ य	,,
पाल्पाली	'पाल्पाको' वा 'पाल्पामा भएको' वा 'पाल्पामा बस्ने' वा 'पाल्पासम्बन्धी'	पाल्पा+ आली	'त्यस ठाउँको' 'त्यस ठाउँमा भएको' 'त्यस ठाउँमा रहने' 'त्यस ठाउँसित संबन्धित'
सहरिया	'सहरको' 'सहरमा भएको' 'सहरमा बस्ने' 'सहरसम्बन्धी'	सहर +इया	,,
पाटने	'पाटनको' 'पाटनमा भएको' 'पाटनमा बस्ने' 'पाटनसम्बन्धी'	पाटन + ए	,,
अशामी	'अशामको',	अशाम+ई	,,

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घाम	+	आइलो	घमाइलो	प्रकृति आदिको 'आ' 'अ' मा परिवर्तित र अन्तको 'आ' लोप
नून	+	इलो	नुनिलो	,, 'ऊ' 'उ' मा परिवर्तित
हांसो	+	इलो	हंसिलो	,, आदिको 'आ' 'अ' मा परिवर्तित र अन्त्यको 'ओ' लोप
तीन	+	की	तिर्की	,, 'तीन' का ठाउंमा 'तिर्' आदेश
चार	+	वर	चौवर	,, 'चार' का ठाउंमा 'चौ' आदेश
ठिमी	+	ले	ठिमिले	,, 'अन्तको 'ई' 'इ' मा परिवर्तित

(३) नाम धातु र स्त्रीलिंगी प्रत्ययका रूपमा राखने गरेको परसर्ग वा प्रत्ययलाई पनि तद्धितअन्तर्गत समावेश गरी सो शब्दनिर्माण-प्रक्रिया सिकाउन सकिन्छ, जस्तै:

	प्रकृति		प्रत्यय	शब्द
नामधातु	मित्र	+	इ (नु)	मित्रिनु
	होचो	+	इ (नु)	होचिनु
	रोग	+	आउ(नु)	रोगाउनु
स्त्रीलिंग	बाघ	+	इनी	बघिनी
	छोरो	+	ई	छोरी

(४) प्रकृतिबाट तद्धित प्रत्ययलागी निर्मित शब्दमा पनि पुन: तद्धित प्रत्यय लाग्न सक्छ, जस्तै:

प्रकृति		प्रथम तद्धित		द्वितीय तद्धित प्रत्यय	शब्द
राष्ट्र	+	इय	+	ता	राष्ट्रियता
गुरु	+	अ	+	मय	गौरवमय
सभा	+	य	+	ता	सभ्यता
मल	+	इलो	+	पन	मलिलोपन
बही	+	दार	+	नी	बहिदार्नी

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५) शब्द प्रत्यय (तद्धितान्त) शब्द निर्माणमा खास तात्पर्यमा शब्द देखि पछाडि लाग्ने प्रत्ययहरूले आ-आफ्नो खास तात्पर्य जनाउने हुंदा तद्धितान्त शब्दबाट प्रकृतिको अर्थ छुट्टा गरी बाँकी रहने प्रत्ययार्थलाईमा उदाहरणद्वारा शिक्षकले शिक्षार्थीलाई बोध गराउने, जस्तै:

तद्धितान्त शब्द	अर्थ	प्रकृति+ प्रत्यय	प्रत्ययार्थ
सांसारिक	'संसारसम्बन्धी वा संसारको'	संसार + इक	'त्यससम्बन्धी', 'त्यससंग संबन्धित'
बुद्धिमान्	'बुद्धि भएको' वा 'जससित बुद्धि छ'	बुद्धि +मान्	'भएको', 'युक्त'
धनी	'धन भएको' वा 'जससित धन छ'	धन + ई	,,
पौत्रीय	'पौत्रसम्बन्धी'	पौत्र + ईय	'सम्बन्धी'
राष्ट्रिय	'राष्ट्रसम्बन्धी'	राष्ट्र +ईय	'सम्बन्धी'
लाघव	'लघुको भाव'	लघु + अ	'त्यसको भाव'
महत्व	'महान्को भाव'	महान्+ त्व	,,
नागरिकता	'नागरिकको भाव'	नागरिक+ता	,,
लघिमा	'लघुको भाव'	लघु + इमा	,,
सौन्दर्य	'सुन्दरको भाव'	सुन्दर+ य	,,
पाल्पाली	'पाल्पाको' वा 'पाल्पामा भएको' वा 'पाल्पामा बस्ने' वा 'पाल्पासम्बन्धी'	पाल्पा+ आली	'त्यस ठाउँको' 'त्यस ठाउँमा भएको' 'त्यस ठाउँमा बस्ने' 'त्यस ठाउँसित संबन्धित'
सहरिया	'सहरको' 'सहरमा भएको' 'सहरमा बस्ने' 'सहरसम्बन्धी'	सहर+इया	,,
पाटने	'पाटनको' 'पाटनमा भएको' 'पाटनमा बस्ने' 'पाटनसम्बन्धी'	पाटन + ए	,,
अछामी	'अछामको',	अछाम+ई	,,

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'अशाममा भएको'
'अशाममा जस्तै',
'अशामसम्बन्धी'

गाग्री	'सानो गाग्रो'	गाग्रो + ई	'क्षुद्रता'
उचाइ	'उच्चताको भाव'	उच्चो + आइ	'भाव'
गरिबी	'गरीबको भाव'	गरिब + ई	'भाव'
रसिलो	'रस भएको रसयुक्त'	रस + इलो	'भएको' 'युक्त'
खर्चालु	'खर्च गर्ने'	खर्च + आलु	,,
थपिनी	'थापाकी स्वास्नी'	थापा + इनी	'स्त्रीत्व'
कमिनी	'कामीकी स्वास्नी' 'कामीकी छोरी'	कामी + इनी	,,
छात्रा	'स्त्री विद्यार्थी'	छात्र + आ	,,
कुमारी	'अविवाहिता'	कुमार + ई	,,
उज्यालि(नु)	'उज्यालो हुनु'	उज्यालो + इ(नु)	'हुनु'
रिसाउ(नु)	'रिस हुनु'	रिस + आउ(नु)	'हुनु'

द्रष्टव्य:

प्रत्ययार्थका आधारमा तद्धित प्रत्ययहरू मोटामोटीमा निम्नलिखित किसिमका देखिन्छन्:

(अ) तद्भव (त्यस ठाउँमा हुने वा भएको) जस्तै:- पाल्पाली मा 'आली' प्रत्यय आदि ।

(आ) सम्बन्धी वा धर्मी, जस्तै:- सांसारिकमा 'इक' होशियारमा 'इयार' प्रत्यय आदि ।

(इ) भाववोधक, जस्तै: गरिबी मा 'ई' र सौन्दर्यमा 'य' प्रत्यय आदि ।

(ई) क्षुद्रतावाचक, जस्तै: गाग्री मा 'ई', डोरीमा 'ई' आदि ।

(उ) स्त्रीलिंगी, जस्तै: छात्रामा 'आ', थपिनीमा 'इनी' आदि ।

(ऊ) नामधातु, जस्तै: रिसाउनुमा 'आउनु' प्रत्यय आदि ।

(ह) विभिन्न व्याकरणात्मक पद कोटिहरू (संज्ञा, सर्वनाम, विशेषण, अव्यय) का रूपमा रहेका शब्द (प्रकृति) मा तद्धित प्रत्यय लागि

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बन्ने शब्दहरूका व्याकरणात्मक पद कोटिका बारेमा उदाहरण दिई शिक्षकले विद्यार्थीलाई अवगत गराउने, जस्तै:

शब्द (प्रकृति)	पद-कोटि	प्रत्यय	तद्धितान्त शब्द	पद-कोटि
धूप	द्रव्यवाचक संज्ञा	औरो	धुपौरो	जातिवाचक संज्ञा
धुपौरो	जातिवाचक संज्ञा	ए	धुपौरे	गुणवाचक विशेषण
गहीरो	गुणवाचक विशेषण	आइ	गहिराइ	भाववाचक संज्ञा
पांच	प्राथमिक संख्यावाचक विशेषण	औं	पांचौं	क्रमवाचक
पर	स्थानवाचक।समयवाचक	लो	पल्लो	गुणवाचक विशेषण
भित्र	स्थानवाचक अव्यय	इ(नु)	भित्रि(नु)	नामधातु
फरफर	अनुकरणात्मक अव्यय	आउ(नु)	फरफराउ(नु)	नामधातु

द्रष्टव्य:

१) माथिका उदाहरणबाट तद्धित प्रत्ययहरू लागेर शब्दनिर्माण हुंदा साधारणत: एउटा पदकोटिबाट अर्को पदकोटिमा परिवर्तन भएको वा यस्ता प्रत्यय लागेर उही पद कोटिमा रहंदा पनि पद-कोटिको प्रकारका दृष्टिले चाहिं परिवर्तन आएको देखिन्छ ।

२) दोहोरा-तेहोरा तद्धित प्रत्यय लाग्दा चाहिं पद-कोटिगत वा पद-कोटिको किसिमसम्बन्धी परिवर्तनको प्रक्रिया पनि दोहोरिंदै जान्छ, जस्तै:

१. शब्द पद-कोटि	२.प्रत्यय।शब्द।पद-कोटि	३.प्रत्यय।शब्द।पद-कोटि	४.प्रत्यय।शब्द।पद-कोटि
धूप।द्रव्यवाचक संज्ञा.	औरो।धुपौरो जातिवाचक संज्ञा	ए।धुपौरे।गुणवाचक विशेषण	पना।धुपौरेपना।भाववाचक संज्ञा ।
सुन्दर।गुणवाचक विशेषण	य।सौन्दर्य ।भाववाचक संज्ञा	मय।सौन्दर्यमय गुणवाचक विशेषण	ई । सौन्दर्यमयी । गुणवाचक विशेषण, स्त्रीलिंग ।

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७) खासखास शब्ददेखि अर्थमा खासखास तद्धितान्त प्रत्यय मात्र लाग्दछन् । तद्धित प्रत्ययद्वारा शब्दनिर्माण गर्ने प्रक्रिया पनि पूर्ण यान्त्रिक र स्वेच्छानुसार शब्दनिर्माण गर्ने प्रक्रिया होइन। त्यसैले शिष्ट प्रचलन र प्रयोग अनुसार नै खासखास शब्दबाट तात्पर्यमा खास प्रत्यय र आपरिवर्तन भई शब्दनिर्माण हुन्छ र मनगढन्त रूपमा शब्द (प्रकृति) मा प्रत्यय लगाउन र असाधु प्रयोग गर्न हुँदैन भन्ने कुरामा शिक्षकले विद्यार्थीहरूलाई सावधान तुल्याउनु आवश्यक छ । जस्तै:

शब्द (प्रकृति)	प्रत्यय	प्रचलनअनुसार साधु शब्द	प्रचलनविरूद्ध हुनाले असाधु शब्द
नेपाल	ई	नेपाली	-
नेपाल	एली	-	नेपालेली
संसार	इक	सांसारिक	-
संसार	ईय	-	संसारीय
गाग्रो	ई	गाग्री	-
गाग्रो	इलो	-	गाग्रिलो
बुद्धि	मान्	बुद्धिमान्	-
बुद्धि	वान्	-	बुद्धिवान्
बाठो	याइ	बठ्याइ	-
बाठो	आइ	-	बठाइ
सौन्दर्य	ता	-	सौन्दर्यता
सौजन्य	ता	-	सौजन्यता
राजनीति	इक	राजनैतिक	राजनीतिक
इतिहास	इक	ऐतिहासिक	इतिहासिक

३.२.२. शिक्षण विधि

तद्धित प्रत्यय लागी शब्दनिर्माण गर्ने प्रक्रियाको शिक्षण गर्दा शिक्षकले निम्नलिखित तरीकाको प्रयोग गर्नु उपयुक्त हुनेछ:-

१) कार्ययोजनाअन्तर्गत एक कक्षाघण्टामा जति तद्धित प्रत्ययहरूबाट शब्दनिर्माण-प्रक्रिया सिकाउने हो, सोअनुसारका प्रत्ययहरू श्याम-पाटीको माथिल्लो भागमा शिक्षकले लेखिदिने र प्रत्येक प्रत्ययबाट बन्ने २-४ शब्द स्वयं लेखी विद्यार्थीहरूलाई सार्न लगाउने अनि उनीहरूसंग पनि सोध्ने ।

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२) उपर्युक्त किसिमले चर्चित उदाहरणका आधारमा तद्धित भनेको के हो, शब्दनिर्माण-प्रक्रियामा तद्धित प्रत्ययको के-कस्तो भूमिका देखिन्छ, उपसर्ग तथा कृदन्त र तद्धितमा के फरक छ अनि तद्धितअन्तर्गत प्रकृति-प्रत्ययको संयोजन कसरी हुन्छ इत्यादि कुरा शिक्षकले विद्यार्थीहरूलाई स्पष्ट तुल्याइदिने र यो कुरा मूल्यांकनका क्रममा पनि सोध्ने ।

३.२.३. मूल्यांकन विधि

शब्द प्रत्ययक (तद्धितान्त) शब्दनिर्माणको अभ्यास र मूल्यांकनमा निम्नलिखित तरिकाको प्रयोग गर्न सकिन्छ:-

अ) पहिचान गर्न लगाउने

(१) पुस्तक वा पत्रिकाबाट कुनै उपयुक्त अनुच्छेद दिई तद्धितान्त शब्द चिनी रेखांकित गर्ने वा छुट्टै टिप्ने ।

(२) उपर्युक्त किसिमको अनुच्छेद तद्धितान्त शब्दको प्रकृति वा प्रत्यय छुट्याउने वा व्युत्पत्ति गर्न? जस्तै:

शब्द	व्युत्पत्ति (प्रकृति	+ प्रत्यय)
लौकिक	लोक	+ इक
दुष्ट्याइं	दुष्ट	+ याइं
गहिराइ	गहीरो	+ आइ
अंधेरिनु	अंधेरो	+ इ (नु)
कार्किनी	कार्की	+ इनी

(३) कृदन्त र तद्धितान्त २०।२५ शब्द दिई (यस सिलसिलामा, कृदन्त र तद्धितान्त दुवैतिर लाग्ने किसिमका प्रत्यय लागेका शब्द पनि अपेक्षित छन्)-तद्धितान्त शब्द रेखांकित गर्न वा छुट्टै टिप्न लगाउने ।

(४) 'तद्भव', 'सम्बन्धी', 'भाववाचक' आदि विभिन्न किसिमका तद्धित प्रत्ययहरू दिई किसिम छुट्याउन लगाउने, जस्तै:

क्रमश:....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्द	तद्धित प्रत्ययको किसिम
नेपाली	तद्भव
डोरी	क्षुद्रतावाचक
कुमारी	स्त्रीत्वबोधक
अग्लिनु	नामधातु
बैगुनी	सम्बन्धी
नागरिक	सम्बन्धी
माधुर्य	भावबोधक
बठ्याइँ	भावबोधक

(५) विभिन्न तद्धित प्रत्ययान्त शब्द दिई व्याकरणात्मक पद-कोटिको पहिचान गर्न लगाउने, जस्तै:

शब्द	व्याकरणात्मक पद-कोटि
भित्रिनु	नामधातु
धुपौरो	जातिवाचक नाम
बठ्याइँ	भाववाचक नाम

शब्द	व्याकरणात्मक कोटि
बैगुनी	गुणवाचक विशेषण
छात्रा	जातिवाचक नाम, स्त्रीलिंग

(आ) शब्द बनाउन लगाउने

१) केही प्रकृति (शब्द) दिई प्रत्येकमा कम्तीमा ३।३ तद्धित प्रत्यय लगाई शब्द बनाउन लगाउने, जस्तै:

शब्द (प्रकृति)	तद्धितान्त शब्द
कुमार	कौमार्य, कुमारी, कुमारपन
पण्डित	पण्डितिनी पण्डितेनी, पाण्डित्य, पण्डित्याइँ
मधुर	मधुरता, माधुर्य, मधुरत्व, मधुरपन
गुरु	गौरव, गुरुता, गुरुत्व, गरिमा

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२) केही तद्धित प्रत्ययदिई प्रत्येक प्रत्ययको प्रयोग गरी कम्तीमा पांच-पांच शब्द बनाउन लगाउने, जस्तै:

तद्धित प्रत्य	शब्द
वान्	धनवान्, ज्ञानवान्, भाग्यवान्, नाशवान्, शीलवान्
ईय	भवदीय, आवाशीय, प्रकाशकीय, संपादकीय, ईश्वरीय
इमा	लघिमा, गरिमा, महिमा, अरुणिमा, पूर्णिमा
इलो	रासिलो, स्वादिलो, गुनिलो, धुनिलो, दुधिलो, नुनिलो, पहारिलो ।
इयार	होशियार, संधियार, मतियार, हतियार, अंशियार ।
आइ	गोलाइ, मोटाइ, गहिराइ, उचाइ, लम्बाइ, चौडाइ ।
याई	दुष्ट्याई, माल्छियाई, सु-याई, धुत्याइई, मर्ल्याई ।
इक	औपनिवेशिक, नागरिक, लौकिक, दैनिक, भौतिक, बौद्धिक, शारीरिक ।

(इ) वाक्यमा प्रयोग गर्न लगाउने

केही तद्धितान्त शब्द दिई तात्पर्य स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न लगाउने ।

::-हरि-::

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ई) प्रत्ययार्थ लेख्न लगाउने ।

केही तद्धितान्त शब्द दिई त्यसमा लागेका प्रत्ययको अर्थ लेख्न लगाउने ।

(उ) प्रकृतिको अर्थ लेखाउने

केही तद्धितान्त शब्द दिई प्रकृतिको अर्थ लेख्न लगाउने ।

(ऊ) व्याकरणात्मक पद-कोटिबारे अभ्यास गराउने

केही शब्द (प्रकृति) दिई तिनमा तद्धित प्रत्यय लगाई व्याकरणात्मक पदकोटि वा तिनका किसिमका दृष्टिले दोहोरो परिवर्तन हुने गरी शब्द बनाउन लगाउने र प्रकृतिदेखि तृतीय तद्धितसम्मका व्याकरणात्मक पदकोटि पनि बताउन लगाउने, जस्तै:

शब्द (प्रकृति)	प्रथम तद्धित	द्वितीय तद्धित	तृतीय तद्धित	शब्द
सुन्दर	य	मय	ई	सौन्दर्यमयी
धूप	औरो	ए	पन	धूपौरेपन
विचार	इक	ता		वैचारिकता
निसर्ग	इक	ता		नैसर्गिकता
होस	इयार	ई		होसियारी

द्रष्टव्य:-

प्रकृतिमा प्रथम, द्वितीय र तृतीय तद्धित लागेका स्थितिमा के कस्तो व्याकरणात्मक पदकोटिको शब्द बनेको छ सो पनि स्पष्ट गर्न लगाउने ।

४. समासद्वारा शब्दनिर्माण

४.१ सैद्धान्तिक सन्दर्भमा समास शिक्षणको चर्चा

समास प्रक्रियाद्वारा शब्दनिर्माण हुने विधि सिकाउँदा विद्यार्थीहरूलाई कक्षामा शिक्षकले श्यामपाटीमा आफूले केही उदाहरण लेखी अन्य मिल्दोजुल्दो उदाहरण विद्यार्थीहरूबाट सोधी समास भनेको के हो र यसका कति प्रकार हुन्छन् र ती विभिन्न प्रकारका बीच के भिन्नता छन् अनि शब्दनिर्माणमा समासको के भूमिका छ भन्ने कुरा निम्नलिखित-अनुसार स्पष्ट पार्ने:-

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१) दुई वा दुईभन्दा बढी शब्दहरू मिली एउटै शब्द बन्ने प्रक्रियालाई समास भनिन्छ । समास हुनुभन्दा अघिका दुई वा दुईभन्दा बढी शब्दहरूको स्थितिलाई विग्रह भनिन्छ, जस्तै:

समस्त (समास भएको) शब्द	विग्रह
राजसभा	राजाको सभा
चरणकमल	चरण नै कमल
वनभोज	वनमा भोज

२) अ. नेपाली भाषाका प्रवृत्तिउपर विचार गर्दा निम्नलिखित स्थिति पनि देखापर्दछन्:

(क) धातुधातु वा क्रियाक्रिया मिली संयुक्त र मिलितक्रिया बन्दछन् भने तिनमा दुई वा दुईभन्दा बढी एकाइ जोडिई एउटै संयुक्त एकाइ बनेको पाइन्छ, जस्तै:

एकाइहरू	संयुक्त क्रिया
गर्दै थियो	गर्थ्यो
जाने थिए	जान्थे
जाने छु	जानेछु

एकाइहरू	मिलित क्रिया
गरी हाल	गरिहाल
खाई छाड	खाइछाड
गरी रहन्छ	गरिरहन्छ
गरी दिउँला	गरिदिउँला गर्दिउँला

(ख) पूरै पदावली वा वाक्य एक शब्द तुल्य भई वा सिंगो पदावली या वाक्य एउटै एकाइ भई त्यस सिंगो एकाइबाट विभक्ति लाग्न सक्ने हुन जान्छ, जस्तै:

पदावली

'मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थान' बाट सूचना प्रकाशित भएको छ ।

म 'श्री ५ को सरकार' को सूचना मन्त्रालयमा काम गर्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'वन कृषि तथा खाद्य-मन्त्री' ले भन्नु भयो ।

यी वाक्यअन्तर्गत उद्धरण चिन्ह भित्रको अंश एक शब्दतुल्य हुन गएको छ ।

वाक्य

'डांडा वारि खाऊ' ले यही खाऊं भन्यो ।

हाल 'गाउंफर्क' स्थगित छ । यो आवाज 'काफलपाक्यो' चराको हो ।

यी वाक्यअन्तर्गत उद्धरण चिन्हभित्रको वाक्य एक शब्दतुल्य हुन गएको छ ।

२) आ. यदि समास प्रक्रियालाई दुई वा दुईभन्दा बढी शब्दगत एकाइहरू मिली संयुक्त वा एउटै बन्न जाने प्रक्रियासम्म विस्तृत गर्ने हो भने संयुक्त र मिलित क्रियालाई समासअन्तर्गत राख्ने पनि सकिएला परन्तु नेपाली भाषाको स्वीकृत व्याकरणअनुसार अनेक पद (विभक्तिसहित । रहित पद) मिली एक पद हुनु नै समास मानिएको छ र यसअनुसार संयुक्त र मिलितक्रिया क्रिया-अन्तर्गत राखिएका छन् ।

२) इ. पूरै पदावली वा वाक्य एउटै शब्द तुल्य बन्ने स्थलहरूमा चाहिं समासशक्ति स्पष्ट देखिन्छ । अतः यस्ता पदावली र वाक्य-समासप्रति पनि विद्यार्थीको ध्यान शिक्षकले आकर्षित गर्नु उपयुक्त हुनेछ ।

(३) समासद्वारा शब्दनिर्माण-प्रक्रियाअन्तर्गत अनेक दुई वा दुईभन्दा बढी पद (शब्द) मिली एक शब्द बन्दछन् र यसरी एक पद वा शब्द बन्दा विग्रह अवस्थाका विभक्ति वचन, संयोजक अव्यय आदि प्रायः लुप्त हुन्छन्, जस्तै:

विग्रह	समस्त शब्द
राजाको सभा	राजसभा
छोराहरू र छोरीहरू	छोराछोरी
नरहरूमा ईश	नरेश

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४) शब्द-निर्माणअन्तर्गत एउटै शब्द वा पद बन्दा विग्रह अवस्थाका शब्दहरू लोप वा पूरै परिवर्तित हुन पनि सक्छन्, कहीकहीं प्रत्यय (लिंगबोधक) नै पनि लोप हुन सक्छ अनि शब्दमा विकार आउन, विशेष प्रत्यय लाग्न र सन्धि पनि हुन सक्छन्, जस्तै:

विग्रह अवस्था	समस्त शब्द
(क) शब्द लोप:	
कमल रूपी चरण	चरणकमल
विद्या रूपी (नै) धन	विद्याधन
जसका चार पाउ छन्	चौंपाया
दुई बाटाको समुदाय	दोबाटो
लामो कान भएको	लमकन्ना
दिदी र बहिनी	दिदीबहिनी
कमल जस्तो नयन भएकी	कमलनयनी
(ख) शब्दको पूरै परिवर्तन:	
खराब काम	नकाम
प्रत्येक वर्ण	प्रतिवर्ण
न पढ्ने	अपढ
जीवन भर	आजीवन

द्रष्टव्य:

१. माथिका उदाहरणहरू उपसर्गद्वारा शब्दनिर्माणका उदाहरण पनि हुन् तर अर्थका दृष्टिले चाहिं यिनलाई खासगरी परम्परागत समासका सन्दर्भमा समास(अव्ययीभाव) अन्तर्गत पनि लिन सकिन्छ ।

२. समास (अव्ययीभाव) अन्तर्गत विग्रह अवस्थाका शब्द पूरै परिवर्तित भई उपसर्गबाहेक अन्य पूर्वपद वा विभक्ति समेतका उत्तरपद पनि आउन सक्छ, जस्तै:

विग्रह अवस्था	समस्त शब्द
दिन भरसम्म	दिनभर । भरादिन
एक कम तीस । तीसमा एक कम	उनन्तीस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) विशेषणको लिंगबोधक प्रत्ययको लोप

ठूली दिदी — ठूलिदिदी

साली ज्वाली — साल्ज्वाली

(घ) शब्दमा विकार

दुई बाटाको समुदाय — दोबाटो

तीन पाउ भएको — तिपाई, तिपाई

भानीज ज्वाइँ — भान्दाइ

(ङ) विशेष प्रत्यय

बाघको जस्तो मुख भएको — बघमुखा

लामा कान भएको — लमकन्ना

लामो पुच्छर भएको — लाम्पुच्छ्रे

(च) सन्धि

अ)-चलको अधीश — अ)-चलाधीश

नरहरूमा ईश — नरेश

सूर्यको उदय — सूर्योदय

मतमा ऐक्य — मतैक्य

५) समासका स्वीकृत भेद वा प्रकारहरू के के हुन र कुन आधारमा निर्धारित हुन्छ भन्ने पृष्ठभूमिलाई उदाहरण दिँदै स्पष्ट गरी शिक्षकले विद्यार्थीहरूलाई समासका भेद, उपभेद र तिनका स्वरूपको बोध गराउने ।

(क) अव्यय समास वा अव्ययीभाव समास: अव्यय (उपसर्ग समेत) र अर्को पदको समास ।

यसरी समास भई बनेको समस्त शब्द अव्यय हुन वा अव्यय भई सविभक्तिक हुन पनि सक्छ । यी समस्त पदहरूको पदार्थ (पदको अर्थ) का दृष्टिले चाहिं पूर्वपद वा उत्तरपदका रूपमा रहेको अव्यय (उपसर्ग समेत) कै अर्थको प्राधान्य हुन्छ, जस्तै:

विग्रह	समस्त	अव्यय पूर्व। उत्तरपद	शब्दार्थ प्राधान्य
१) लेखेको बमोजिम	लेखबमोजिम	उत्तरपद	अव्ययार्थ
२) विचार गरेको अनुसार	विचारअनुसार	,,	,,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विग्रह	समस्त	अव्यय। पूर्व। उत्तरपद	शब्दार्थ प्राधान्य
३) विभागको अन्तर्गत	विभाग-अन्तर्गत	उत्तरपद	अव्ययार्थ
४) दिन भरसम्म	दिनभर	,,	,,
५) मृत्यु भरसम्म	मृत्युपर्यन्त	,,	,,
६) ध्यानका साथ	ध्यानपूर्वक	,,	,,
७) थिति नहुनु	बेथिति	पूर्वपद	,,
८) दिन भरसम्म	भरादिन	,,	,,
९) प्रत्येक वर्ष	प्रतिवर्ष	,,	,,
१०) नपढेको	अपढ। अनपढ	,,	,,
११) खराब काम	नकाम	,,	,,
१२) खराब काठ	कुकाठ	,,	,,
१३) सकेसम्म शीघ्र	यथाशीघ्र	,,	,,
१४) जीवन रहेसम्म	आजीवन	,,	,,
१५) परिवारले सहित	सपरिवार	,,	,,

(ख) तत्पुरुष समास: द्वितीयादेखि सप्तमीसम्म विभक्ति लागेका पूर्वपदसंग उत्तरपदको समास ।

यस्ता समासमा प्राय: उत्तर पदकै अर्थ प्राधान्य हुन्छ, जस्तै :

विग्रह		समस्त	उत्तरपद (अर्थ प्राधान्य)
द्वितीया:	गोडालाई धुने	गोडधुवा	धुवा
तृतीया :	डरले छेरुवा	डछेरुवा	छेरुवा
चतुर्थी :	देशका निम्ति सेवा	देशसेवा	सेवा
पंचमी :	घरदेखि फुट्टा	घरफुट्टा	फुट्टा
षष्ठी :	राजको सभा	राजसभा	सभा
सप्तमी :	वनमा बास	वनबास	बास

द्रष्टव्य:

१. उपर्युक्त उदाहरणहरूमा पूर्वपद संज्ञा (नाम) देखिन्छ र तिनमा द्वितीयादेखि उप्तमीसम्मका विभक्ति लागेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२ यी समस्त शव्दहरूमा अर्थका दृष्टिले उत्तरपदको अर्थको प्राधान्य हुन्छ । यसरी पूर्वपदचाहिं उत्तरपदको आश्रित रूपमा रहेको हुन्छ र उत्तरपदले नै प्राय: समस्त शव्दको लिंगवचन आदि निर्धारित गरेको हुन्छ ।

३ यस समासमा प्राय: उत्तरपदको अर्थ प्रधान हुन्छ तापनि यसको अपवादका रूपमा पूर्वपदको अर्थ प्रधान हुने केही उदाहरणहरू भेटिन्छन् र यी समस्त शव्दको पूर्वपद विग्रह अवस्थामा चाहिं उत्तरपदका रूपमा रहेको हुन्छ ।

विग्रह	समस्त शव्द	पूर्वपद(अर्थ प्राधान्य)
कपालको अर्ध।आधा	अर्धकपाल आधाकपाल	अर्ध वा आधा
अङ्गको अर्ध	अर्धाङ्ग	अर्ध
रात वा रात्रिका आधा वा अर्ध	आधाराति, अर्धरात्रि	अर्ध।आधा

४ सविभक्तिक (द्वितीयादेखि सप्तमीसम्म) वा निर्विभक्तिक पूर्वपदसंग कृदन्त उपपद (स्वतन्त्ररूपमा प्रयोग हुन नसक्ने पूर्वपदसंग एक अंगका रूपमा मात्र आउन सक्ने) को समास पनि तत्पुरुष समास नै हो र यस्तालाई उपपद तत्पुरुष समास भन्न सकिन्छ, जस्तै :

विभक्ति	विग्रह	उपपद	समस्त शव्द	उत्तरवर्ती उपपदको अर्थको प्राधान्य
द्वितीया	ज्यानलाई मार्ने	मारा	ज्यानमारा	,,
,,	ग्रन्थलाई बनाउने	कार (बनाउने)	ग्रन्थकार	,,
तृतीया	बुद्धिले जिउने	जीवी (जिउने)	बुद्धिजीवी	,,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभक्ति	विग्रह	उपपद	समस्त शब्द	उत्तरवर्ती उपपदको अर्थको प्राधान्य
पंचमी	घरमा बनेको	बुना	घरबुना	,,
सप्तमी	वनमा बासी	बासी (बस्ने)	वनबासी	,,

निर्विभक्तिक (अव्यय) चिरं (चिरकालसम्म) जीवी चिरंजीवी

(ग) कर्मधारय समास: प्रथमान्त विशेष्य-विशेष्य (संज्ञा-संज्ञा), विशेषण-विशेष्य र विशेषण-विशेषण शब्दहरूका बीचमा हुने समास ।

यसमा पनि तत्पुरुषमा झैं प्राय: उत्तरपदको अर्थको प्राधान्य हुन्छ, जस्तै:

विग्रह		समस्त शब्द	उत्तरपद अर्थ-प्राधान्य
विशेष्य-	भानिज दाइ	भान्दाइ	दाइ
विशेष्य	फुपू सासू	फुपूसासू	सासू
विशेषण-	सानी नानी	सान्नानी	नानी
विशेष्य	ठूलो दाइ	ठुल्दाई	दाइ
विशेषण-	जेठो बाठो	जेठोबाठो	बाठो
विशेषण	चिनेको जानेको	चिनेजानेको	जानेको

द्रष्टव्य:

१ उपमान र उपमेयका बीचको समास पनि कर्मधारय समास नै हो । यस्ता समासमा उपमान र उपमेय दुवै संज्ञा शब्द भए तापनि उपमानसंग लाग्ने सादृश्य-द्योतक वा अभेदद्योतक झैं, जस्तो, जस्तै, रूपी, नै आदि शब्दले उपमानवाचक संज्ञालाई विशेषणतुल्य तुल्याएका हुन्छन् । यिनमा पनि अभेद आरोपित भएका ठाउँमा उत्तरपदको अर्थको प्राधान्य भएको हुन्छ तर सादृश्य द्योतकमा चाहिं प्राय: समस्त पूर्वपदको प्राधान्य देखिन्छ, जस्तै :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विग्रह	अभेदद्योतक	समस्त शब्द	उत्तर पद (अर्थ प्राधान्य)
विद्या रूपी (नै)धन	रूपी । नै	विद्याधन	धन
मुख रूपी चन्द्र	,,	मुखचन्द्र	चन्द्र
कमल जस्तो चरण	झैं । जस्ता	चरणकमल	चरण
कमल जस्तो- कर	जस्तो	करकमल	कर

टिप्पणी:
यी समस्त शब्दमा विग्रह अवस्थाको उत्तरपद समास हुंदा पूर्वपदमा परिवर्तित भएको छ र त्यसैको अर्थको प्राधान्य हुन्छ ।

२ उपमान-उपमेय समासअन्तर्गत उपमान शब्द संज्ञा शब्द भए तापनि सादृश्यद्योतक (झैं; जस्तो, जस्ते) शब्दले गर्दा विशेषणतुल्य हुन जाने हुनाले विशेष्य-विशेषण र विशेष्य-विशेष्यका बीच पनि कर्मधारय समास भएको देखिन्छ। यस्ता उपमान-उपमेय समासमा उत्तरपदको अर्थको प्राधान्य हुन्छ, जस्तै:

विग्रह	सादृश्यद्योतक	समस्त शब्द	उत्तरपद अर्थ प्राधान्य
गहुं झैं गोरो	झैं	गहुंगोरो	गोरो
घडी जस्तै चरो	जस्तै	घडीचरो	चरो

(घ) समुदाय समास वा द्विगु समास: समुदाय अर्थमा संख्यावाचक विशेषणसंग विशेष्यको समास । यसमा समुदायको अर्थको प्राधान्य हुन्छ जस्तै:

विग्रह	समस्त शब्द	समुदाय अर्थ प्रधान
दुईबाटाको समुदाय	दोबाटो	,,
चार(चतुर्)मासको समुदाय	चतुर्मास,चौमास	,,
पांच (पांच)अमृतको समुदाय	पंचामृत	,,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विग्रह	समस्त शब्द	समुदाय अर्थ प्रधान
सप्त(सात)ऋषिको समुदाय	सप्तर्षि	,,

(ङ०) बहुब्रीहि समास: विशेषण र विशेष्यको अन्य अर्थ प्रधान हुने समास । यो समास हुंदा नेपाली तद्भव शब्दमा प्राय: पछका (अन्तमा) विशेष प्रत्यय लागी समस्त पद बन्दछ, जस्तै :

विग्रह	समस्त शब्द	विशेष प्रत्यय	अन्य पदार्थको प्रधान
चार पाउ भएको	चौपाया	- आ	,,
लामो कान	लम्कन्ना,	- आ	,,
भएको	लामकाने	- ए	,,
बाघको जस्तो मुख भएको	बघमुखा	- आ	,,
लामा खुट्टा भएको	लामखुट्टे	- ए	,,
पानको जस्तो बुट्टा भएको	पानबुट्टे	- ए	,,
पीत अम्बर भएको	पीताम्बर	-	,,
पाषाण जस्तो हृदय भएको	पाषाणहृदय	-	,,
नील कण्ठ भएको	नीलकण्ठ		,,

द्रष्टव्य:

१. बहुब्रीहि समासको विग्रह वाक्यखण्डगत रूपमा पनि हुन्छ, जस्तै:

(१) जसका चार पाउ छन् (त्यो) — चौपाया

अथवा

(त्यो) जसका चार पाउ छन् — चौपाया

(२) (त्यो) जसको कण्ठ नीलो छ — नीलकण्ठ

अथवा

जसको कण्ठ नीलो छ (त्यो) — नीलकण्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२. अन्य समासका प्रक्रियाद्वारा निष्पन्न हुने कतिपय शब्दहरू बहुब्रीहि प्रक्रियाद्वारा पनि निष्पन्न हुन सक्छन्, तर अन्य समास र बहुब्रीहि समासका बीच अर्थगत प्राधान्यका दृष्टिले सूक्ष्म अन्तर चाहिं रही नै रहन्छ, जस्तै :

शब्द	विग्रह	समासको नाम	अर्थगत सूक्ष्म अन्तर
पाषाण हृदय	१) पाषाणको जस्तो हृदय	कर्मधारय	पाषाण तुल्य हृदय
	२) जसको हृदय पाषाण जस्तो छ	बहुब्रीहि	पाषाण जस्तो हृदय भएको व्यक्ति
पीताम्बर	१) पीत चाहिं अम्बर	कर्मधारय	पीत(पहेंलो)चाहिं अम्बर (वस्त्र)
	२) जसको अम्बर पीत छ	बहुब्रीहि	पीत(पहेंलो) अम्बर (वस्त्र) लगाउने व्यक्ति

(च) द्वन्द्व समास:

दुई वा दुईभन्दा बढी पदको प्राय: अन्यपदार्थ प्रधान समास द्वन्द्व समास हो । यो समास हुंदा पदका बीचको वा पछिको संयोजक अव्ययको लोप हुन्छ, जस्तै:

विग्रह	संयोजक	समस्त शब्द	अन्य पदार्थ प्रधान
आमा र बाबु	र	आमाबाबु	,,
पाप र पुण्य	र	पापपुण्य	,,
दिदी र बहिनी	र	दिदीबहिनी	,,
धर्म पनि कर्म पनि	पनि-पनि	धर्मकर्म	,,
दुई वा तीन	वा	दुइतीन	,,
कालो पनि नीलो पनि	पनि-पनि	कालोनीलो	,,
तल र माथि	र	तलमाथि	,,
हिजो र आज	र	हिजो आज	,,

द्वन्द्व समास विभिन्न किसिमको हुन सक्छ । यी विभिन्न किसिमहरू समस्त शब्दका विग्रहावस्थाका पद र तिनका अर्थमा आधारित छन्, जस्तै:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) पदका किसिम र अर्थका आधारमा

(१) पारस्परिक योग (इतरेतर वा अन्योन्य योग) यो प्राय: प्राणिवाचक पदहरूका बीच पारस्परिक अन्वय जनाउने समास हो र गणनीय अप्राणिवाचक वस्तुहरू जनाउने पदहरूका बीच पनि विवक्षा (वक्ताको इच्छा वा अभिप्राय) भएका ठाउँमा यो समास भएको देखिन्छ । यो समास भएका समस्त शब्दहरूले एकअर्कामा अन्वित भई वा मिली बहुवचन लिन्छन्, प्राणिवाचकमा बहुवचन नै हुन्छ, गणनीय अप्राणिवाचक वस्तुहरूमा पनि विवक्षाअनुसार इतरेतर योग भएमा बहुवचन हुन्छ, जस्तै:

विग्रह	विग्रह (गणनीय वस्तुवाचक)	समस्त शब्द (बहुवचनान्त)
दिदी र भाइ		दिदीभाइहरू आए ।
		दिदीभाइ आए ।
	टेबुल र कुर्सी	टेबुलकुर्सी छन् ।

(२) समाहार (समूह)

यो प्राय: अप्राणिवाचक अगणनीयार्थबोधक पदहरूका बीच समाहार वा समूह अर्थको विवक्षा भएमा हुने समास हो । यो समास भएका समस्त शब्दहरूले समूह वा समष्टिका तात्पर्यमा एक वचन लिन्छन्, जस्तै:

विग्रह	समस्त शब्द
खानु र पिउनु	खानपिन भयो ।
अन्न र पानी	अन्नपानी महँगो छ ।

(ख) अर्थका आधारमा

(१) वैकल्पिक (दुई पदहरू एक अर्काका विकल्प हुने र विकल्पबोधक संयोजकले जोडिने), जस्तै:

सुख वा दु:ख सुखदु:ख

एक वा दुई एकदुई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) विपरीतार्थक (दुई पदको अर्थ एक अर्काको विपरीत हुने), जस्तै:

आगो र पानी	आगोपनी ।
कुक्कुर र बिरालो	कुक्कुरबिरालो ।

(३) समानार्थी (दुवै पदको अर्थ प्राय: समान हुने, जस्तै:

भांडा र बर्तन	भांडाबर्तन ।
धन र सम्पत्ति	धनसम्पत्ति ।

(४) समुच्चयार्थक (दुवै पदका अर्थहरूलाई समेटने, समुच्चयार्थक संयोजकद्वारा जोडिने), जस्तै:

नून पनि तेल पनि =	नूनतेल ।
गरेको पनि नगरेको पनि =	गरेनगरेको ।

द्रष्टव्य:

१. कर्मधारय समासद्वारा निष्पन्न हुने (उपमान उपमेय बाहेक) विशेष शब्दहरू (नाम, विशेषण) द्वन्द्व समासका प्रक्रियाद्वारा पनि निष्पन्न हुन सक्छन् । तर अर्थका प्राधान्यका दृष्टिले चाहिं सूक्ष्म अन्तर रहिरहन्छ, जस्तै :

शब्द	विग्रह	समास	विग्रह	समास
देखेसुनेको	देखेको सुनेको	कर्मधारय	देखेको र सुनेको	द्वन्द्व

२. द्वन्द्व समास दुईभन्दा बढी पदहरूका बीचमा पनि हुन्छ । तर यस्ता शब्द तद्भव नेपालीमा कम प्रचलित छन्, जस्तै :

विग्रह	समस्त शब्द	सबै पदहरूको बराबरी प्राधान्य
राम, कृष्ण र गोविन्द	राम-कृष्ण-गोविन्द	,,
दाल, भात र तरकारी	दाल-भात-तरकारी अथवा दाल-भात तरकारी	,,
तन, मन र धन(ले)	तन-मन-धन (ले) अथवा तन-मन धनले	,,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. द्वन्द्व समास भएका समस्त पदअन्तर्गत विशेषण-विशेषणका समासमा विशेष्यअनुसार वचन हुन्छ, भाववाचक प्राय: एक वचन हुन्छ, द्रव्यवाचक पदहरूमा पनि प्राय: एक वचन हुन्छ र अन्यत्र चाहिं बहुवचन हुन्छ । अव्यय-अव्ययका बीचको समास चाहिं वचनरहित हुन्छ, जस्तै:

क. विशेषण-विशेषणका बीच समास भएमा
रातोपीरो मान्छे, रातापीरा मान्छेहरू

ख. भाववाचक पदहरूका बीच समास भएमा:
जीवनमा सुखदु:ख भइरहन्छ । जीवनमा सुखदु:ख आइरहन्छन् । सुखदु:ख आवश्यक छ ।

ग. द्रव्यवाचक पदहरूका बीच समास भएमा :
बजारमा लुगाफाटी सस्तो छ । घिउचिनी लैजा ।

घ. अव्यय-अव्ययका बीच समास भएमा:
तलमाथि, वरपर ।

ङ. अन्यत्र
दिदी-बहिनी आए । भेडा-बाख्रा चर्छन् ।

४. द्वित्वप्रक्रिया अन्तर्गतका शब्दमा समानार्थी अर्थको द्वित्व भएको हुन्छ र यिनमा भिन्न पद नभएकोले द्वन्द्व समास भएको होइन, जस्तै:
सरसर, हरहर, डुडुर, धरधर, कालोकालो ।

५. समानार्थी तर भिन्न भिन्न किसिमका कतिपय शब्दमा पनि द्वन्द्व समास भएको देखिन्छ । यस्ता समस्त शब्दका दुई पदहरू तत्सम, तद्भव र आगन्तुकमध्ये कुनै दुई श्रेणीका हुन्छन्, जस्तै:

शब्द	पहिलो पद	दोस्रो पद	दुवैपदको अर्थ
कामकाज	काम	काज	कार्य वा कर्म
धनदौलत	धन	दौलत	सम्पत्ति
भांडावर्तन	भांडा	बर्तन	भांडाकुंडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्द	पहिलो पद	दोस्रो पद	दुवैपदको अर्थ
लाजसरम	लाज	सरम	लाज
श्रीसम्पत्ति	श्री	सम्पत्ति	धन
धनसम्पत्ति	धन	सम्पत्ति	धन

६. द्वन्द्व समासअन्तर्गत दुई वा दुईभन्दा बढी पदहरूका समास हुंदा एउटै पदमात्र शेष रहन सक्छ, जसलाई शेष समास भन्न सकिन्छ । यस्ता समासमा 'हरू' 'समेत' 'आदि' 'इत्यादि' 'प्रभृति', 'लगायत', 'द्वारा' सो द्योतित हुन्छ, जस्तै:

क. राम,कृष्ण र श्याम आए = रामहरू आए ।

ख. कृष्ण पनि,श्याम पनि गोविन्द पनि गए - कृष्ण समेत गयो ।

(ग) अलोप (अलुक) समासका सम्बन्धमा विशेष टिप्पणी:

समास-प्रक्रियाअन्तर्गत सामान्यत: विग्रह अवस्थाका पूर्वपद र उत्तरपद (अथवा मूलपदहरू), बाहेक अन्य पदहरू तथा विभक्ति आदि लोप हुन्छन्, तापनि कतिपय समस्त शब्दमा विभक्ति र गौणपद (संयोजक) आदिको लोप हुंदैन । यस्तालाई अलोप समास भन्न सकिन्छ । माथि ४(२) अ.मा चर्चित सिंगो पदावली एउटै एकाइ हुने प्रक्रिया यही हो, जस्तै:

विग्रह	समस्त शब्द	अलोप
वन,खाद्य तथा कृषिका निम्ति मन्त्री	(१) वन-खाद्य-कृषिमन्त्री	
	(२) वन खाद्य तथा कृषिमन्त्री	तथा
मानविकी र सामाजिक शास्त्रको अध्ययन संस्थान	मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थान	र
रांडीको छोरो	'रांडीको छोरा' (गालीको प्रसंगमा प्रयोग हुने अपशब्द)	को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४.२ समास शिक्षण विधि

समासद्वारा शब्दनिर्माण-प्रक्रियाको शिक्षण गर्दा निम्नलिखित किसिमले गराउने :

(१) कुनै उपयुक्त पुस्तक, पत्रिका वा अन्य स्रोतबाट या शिक्षकले आफैं बनाई उपयुक्त अनुच्छेद दिई त्यसमा भएका समस्त शब्दलाई टिप्न वा रेखांकित गर्न लगाउने । सो अनुच्छेद श्यामपाटीमा लेखी दिएर वा कक्षामा प्रतिलेख गर्न लगाएर वा लिथो गरी वितरण गरेर विद्यार्थीलाई उपलब्ध तुल्याउने ।

(२) शिक्षकले श्यामपाटीमा विभिन्न समासका समस्त शब्द लेखी विद्यार्थीहरूलाई समासको नाउं भन्न लगाउने र विग्रह गर्न लगाउने तथा विभिन्न समासका ती उदाहरणका आधारमा विभिन्न समासका बीचका पदार्थ प्राधान्य र विग्रहावस्थासम्बन्धी सैद्धान्तिक भिन्नता देखाउन लगाउने । गृहकार्यका रूपमा पनि यो कार्य गराउन सकिन्छ ।

(३) विग्रह दिई समास गर्न र सो समस्त पद कुन समासको हो भनी कारणसहित छुट्याउनका निम्ति श्यामपाटी वा गृहकार्यको प्रयोग गर्ने ।

(४) समस्त शब्द दिई उपयुक्त वाक्यमा प्रयोग गर्न लगाउने ।

(५) गृहकार्यका रूपमा प्रत्येक समासका ५।५ समस्त शब्द खोजी विग्रहसहित प्रस्तुत गर्न गृहकार्य दिने ।

(६) विद्यार्थीले गृहकार्यका रूपमा गरेका कामहरू शिक्षकले हेरी कक्षामा पनि संभव भएमा विद्यार्थीहरूका बीच छलफल गराई टिप्पणी गरिदिने ।

(७) उपर्युक्त किसिमले समास-प्रक्रियाको अभ्यास गराउंदा स्नातक तहमा चाहिं उपपद समास, कर्मधारयका भेद, तत्पुरुषका भेद, एकशेष, अलोप समास आदि द्रष्टव्यअन्तर्गत दिइएका नियम, विग्रह, पदार्थ प्राधान्य आदिका बारेमा पनि व्यावहारिक अभ्यास गराउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(८) अतिरिक्त कक्षामा विभिन्न समूहमा विभाजित विद्यार्थीहरू-लाई अर्को समूहका विद्यार्थीहरूले गरेर त्यसका गृहकार्यको संशोधन गर्न लगाउने र शिक्षकले त्यसमा निरीक्षण गर्ने र आवश्यक भएमा परामर्श दिने ।

(९) समासको सैद्धान्तिक पक्ष र त्यसका माथि चर्चित विभिन्न प्रकारका अभ्यासहरू गराउँदा शिक्षकले प्रश्नोत्तर र छलफल विधिको अधिकाधिक प्रयोग गर्ने ।

४.३. <u>समास-शिक्षणको मूल्यांकन-विधि</u>

समास-शिक्षणको मूल्यांकन गर्दा मुख्यत: निम्नलिखित तरीका अंगाले:

(१) आवश्यक उदाहरण दिई समास र यसको भेद स्पष्ट गर्न लगाउने ।

(२) उपयुक्त अनुच्छेद दिई समस्त शब्द (भेद सहित) चिनी रेखांकित गर्न वा टिप्न लगाउने ।

(३) पांच समस्त शब्दहरू दिई विग्रह गर्न लगाउने ।

(४) पांच विग्रहहरू सोधी समस्त शब्द दिन लगाउने ।

(५) समस्त शब्द दिई कारणसहित समास परिचय गर्न लगाउने ।

५. <u>द्वित्वद्वारा शब्द निर्माण</u>

५.१ सैद्धान्तिक सन्दर्भमा समास-शिक्षणको चर्चा

द्वित्वद्वारा नेपाली शब्दनिर्माणका बारेमा व्युत्पत्ति वा निर्माण-प्रक्रियाका आधारमा शब्दको वर्गीकरणअन्तर्गत प्रारंभिक परिचय दिइसकिएको छ । द्वित्व भनेको सामान्य तात्पर्यमा दोहोरिनु हो र शब्दनिर्माण-प्रक्रियाका सन्दर्भमा द्वित्व भन्नाले कुनै शब्द वा शब्दांश दोहोरिई शब्द-निर्माण हुने प्रक्रिया हो । यो प्रक्रियो नेपाली शब्दनिर्माणको निकै उर्वर प्रक्रिया हो । द्वित्व-द्वारा शब्द-निर्माणको प्रक्रियाको शिक्षण गर्दा उपर्युक्त कुरा आव-श्यक उदाहरणद्वारा स्पष्ट गरी शिक्षकले द्वित्व प्रक्रियाका बारेमा निम्नलिखित सैद्धान्तिक ज्ञान पनि गराउने :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) नेपाली भाषामा द्वित्व प्रक्रिया मूलतः तीन किसिमको देखिन्छः पूर्ण, आंशिक र आपरिवर्तित । पूर्ण द्वित्व भनेको पूरै शब्द वा आधार पद डबलिई द्वित्वात्मक शब्द बन्नु हो, जस्तै : छोरा-छोरी , छोरैछोरा । आंशिक द्वित्व भन्नाले केवल शब्दांशको द्वित्व भन्ने बुझिन्छ, जस्तै: आआफू, कक्सले । आपरिवर्तित द्वित्व भन्नाले द्वित्व भएका पदका ध्वनिमा हुने परिवर्तन समेत बुझिन्छ, जस्तै : धरसर, सर्चकर्च,आफलताफल, किनकान, खसोखास, पूरापूर । यसमा प्रत्यय समेत लाग्न सक्छ (हाताहाती) ।

(२) द्वित्वको प्रक्रिया अनुकरणात्मक र अनुकरणेतरात्मक गरी दुई किसिमको हुन्छ, जस्तै:

(क). अनुकरणात्मक - सर्सर, सरर, ससर्ती । यो द्वित्व पनि पूर्ण (सर् + सर् = सर्सर), आंशिक (सरर) तथा आपरिवर्तित (गडबड) समेत हुन्छ । र यस क्रममा प्रत्यय पनि थपिन सक्छ(सर्सर्ती, सर्सरी) ।

(ख) अनुकरणेतरात्मक - छोराछोरी, नीलोनीलो, यतिपति । यो पनि पूर्ण, आंशिक, आपरिवर्तित र प्रत्यय लागेको समेत हुन सक्छ ।

(३) द्वित्व प्रक्रिया संज्ञा, विशेषण, सर्वनाम र क्रिया तथा क्रिया-विशेषणात्मक अव्ययमा समेत लागू हुन्छ, जस्तै : संज्ञा- छोराछोरा, विशेषण - पीरोपीरो, सर्वनाम- कोको, क्रिया-विशेषण - बराबर, तलतल ।

(४) द्वित्व हुंदा अवधारणार्थ अव्ययसमेत बीचमा लाग्न सक्छ । जस्तै : छोरैछोरा, तीरैतीर ।

(५) द्वित्व हुंदा पूर्वभागमा रहेको आधारपदले लिंग-वचन नामिक वा धातुगत रूपावली (सुबन्त - तिङन्त) आदि लिन वा नलिन पनि सक्छ, जस्तै: ठुल्ठुलो, छोराछोरा, रातोरातो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५.२. द्वित्व - प्रक्रियाको शिक्षण र मूल्यांकन विधि

द्वित्व प्रक्रियाको शिक्षण गर्दा अभ्यास र मूल्यांकनका निम्ति निम्नलिखित तरिका अंगाल्नु उपयुक्त देखिन्छ:

(१) द्वित्व भएका शब्दहरू पर्याप्त भएको अनुच्छेद दिई तिनलाई चिनी रेखांकित गर्न वा टिप्न लगाउने ।

(२) द्वित्व प्रक्रियाको सोदाहरण व्याख्या गर्न विद्यार्थीहरूलाई लगाउने ।

(३) विभिन्न किसिमले द्वित्व भएका शब्दहरू दिई द्वित्वको विभिन्न किसिमहरू चिन्न लगाउने ।

(४) द्वित्व भएका १० शब्द दिई तिनको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न लगाउने ।

६. नामधातुद्वारा शब्दनिर्माण

६.१ सैद्धान्तिक चर्चा

यसका बारेमा शब्दप्रत्ययक (तद्धितान्त) शब्द निर्माणका बारेमा चर्चा गर्दा मोटामोटी छलफल गरिसकिएको छ । नामधातु भन्नाले व्युत्पन्न नाम, विशेषण र क्रिया-विशेषणात्मक अव्यय तथा अनुकरणात्मक शब्दबाट धात्वर्थक प्रत्यय 'इ', 'आउ' तथा 'याउ' लागी धातु बन्ने प्रक्रिया बुझिन्छ, जस्तै :

		धात्वर्थक प्रत्यय		धातु
नाम:	रोग	+ आउ	=	रोगाउ(नु)
	निद	+ आउ	=	निदाउ(नु)
विशेषण:	होचो	+ इ	=	होचि(नु)
	लामो(लम्ब)	+ इ	=	लम्बि(नु)
क्रिया विशेषण:	भित्र	+ इ	=	भित्रि(नु)
अनुकरणात्मक:	फरफर	+ आउ	=	फरफराउ(नु)

द्रष्टव्य:

धात्वर्थक 'आउ' लागी सकर्मक वा अकर्मक र 'इ' प्रत्यय लागेर अकर्मक नामधातु बनेको देखिन्छ भने 'याउ' प्रत्यय सकर्मक नामधातुमा मात्र लागेको देखिन्छ, जस्तै:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्द	पदविभाग	धात्वर्थक प्रत्यय	अकर्मक	सकर्मक
फरफर	अव्यय	आउ	फरफराउ (नु)	फरफराउ (नु)
फल	नाम	इ	फलि (नु)	
सोझो	विशेषण	याउ	–	सोझ्याउ (नु)

६.२ शिक्षण र मूल्यांकन विधि

नामधातुको शिक्षणका क्रममा आवश्यक व्याकरण श्यामपाटीमा लेखी शिक्षकले नामधातु र यसका प्रक्रियाका बारेमा उपर्युक्त संक्षेपिका द्वारा शिक्षार्थीलाई अवगत गराउनु आवश्यक छ । नामधातुसम्बन्धी अभ्यास र मूल्यांकनका निम्ति चाहिं निम्नलिखित तरिका अपनाउन उपयुक्त देखिन्छ:

(१) नामधातुबाट बनेका शब्दहरू पर्याप्त भएको अनुच्छेद दिई ती शब्द चिनी रेखांकित गर्न लगाउने ।

(२) विभिन्न पदविभागबाट बनेका कम्तीमा दशवटा नामधातु भएका शब्द दिई तिनको व्युत्पत्ति गर्न लगाउने ।

(३) नामधातु र यसका प्रक्रियाको सोदाहरण व्याख्या गर्न लगाउने ।

(४) दशवटा नामधातु दिई सकर्मक, अकर्मक स्पष्ट हुने गरी विभिन्न वाच्यका वाक्यमा प्रयोग गर्न लगाउने ।

७. शब्दनिर्माण-प्रक्रियाका निम्ति सहायक सामग्री

शब्द निर्माण प्रक्रिया सिकाउँदा उपयोग गर्नु पर्ने मुख्य सामग्री-अंशहरू यस प्रकार छन्:

(१) मध्यचन्द्रिका, पच्चासौं परिच्छेद मात्र ।

(२) राम्रो रचना मीठो नेपाली – पृष्ठ २१-२६,३५-५८

(३) नेपाली भाषा र व्याकरण — पृष्ठ ८२-८४

(४) रचना केशर — पृष्ठ १ - ३६

(५) शब्दरचना र वर्णविन्यास: भाषा वैज्ञानिक पद्धति – पृष्ठ [illegible]

(६) भाषा प्रवेश नेपाली व्याकरण – पृष्ठ ६७-१२८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७) भाषा तत्व -- पृष्ठ २७ - ६१

(८) नेपाली संस्कृत व्याकरण (पार्थमयि आ०दी०)
पृष्ठ -२०-पृष्ठ ३ - २०,२६१-६३,२७७-४०२ ।

८. शब्दभण्डार शिक्षण

८.१. शब्दभण्डारबारे

शब्दभण्डारको सम्बन्धमा शिक्षण सुरू गर्ने क्रममा शिक्षकले सर्वप्रथम शब्दभण्डार भनेको के हो र यसको शिक्षणको प्रयोजन के हो भन्ने कुरा निम्नलिखितअनुसार स्पष्ट पार्ने:

(१) शब्दभणडारलाई शब्द ढुकुटी पनि भनिन्छ। कुनै भाषामा भएका यावत् शब्दहरूको समष्टिस्वरूप नै शब्दभण्डार हो । त्यसैले नेपाली शब्दभण्डार भन्नुको अर्थ नेपाली भाषामा भएका सारा शब्दहरूको समष्टि रूप हो ।

(२) शब्दभण्डारको वर्गीकरण शब्दहरूको स्रोतका आधारमा गर्ने चलन छ । यस दृष्टिले नेपाली भाषाका शब्दभण्डारको वर्गीकरणका निम्ति प्रथमत: मौलिक र आगन्तुक दुई वर्ग स्वीकार्न सकिने र मौलिकअन्तर्गत तत्सम र तद्भव उपवर्ग स्वीकारिने कुराको चर्चा शब्दनिर्माणप्रक्रियाको चर्चाकै क्रममा यस शिक्षण-निर्देशनअन्तर्गत गरिसकिएकै छ ।

(३) (अ) कुनै पनि भाषामा व्यक्त गरिएका कुरा शब्दद्वारा नै व्यक्त गरिएका हुन्छन् र तिनको बोधका निम्ति बोधकर्ताले प्राप्त गरेको त्यस भाषाका शब्दभण्डारको ज्ञानको मात्रामै उसको विषय-बोधको स्तर प्रशस्त मात्रामा निर्भर रहन्छ । त्यसैले कुनै पनि मौखिक वा लिखित अभिव्यक्तिका निम्ति शब्दभण्डारको ज्ञान र प्रयोग गर्ने सीप आवश्यक हुन्छ । अभिव्यक्तिकर्तासँगको शब्द-भण्डारको प्रचुरताको मात्राद्वारा उसको अभिव्यक्तिको स्तर पर्याप्त मात्रामा निर्धारित हुन्छ । कुनै पनि मौखिक र लिखित अभिव्यक्ति बुझ्ने बोधशक्ति बढाउन र मौखिक वा लिखित रूपमा कुनै कुरा व्यक्त गर्ने अभि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्ति शक्तिको वृद्धि गराउन आवश्यक शब्दभण्डारको ज्ञान र प्रयोग गर्ने क्षमता बढाउने उद्देश्यले शब्दभण्डारको शिक्षणलाई यस पाठ्यांशअन्तर्गत समावेश गरिएको हो। यो पाठ्यवस्तु मूलत: अनुकरणात्मक र प्राविधिक शब्द-हरूको प्रयोग तथा शब्दकोशका उपयोगका क्षेत्रमा केन्द्रित छ। सामान्यत: विभिन्न प्रकारका शब्दहरूको ज्ञान र प्रयोगमा जोड दिने उद्देश्यले शब्दकोशको शिक्षणको पाठ्यवस्तु राखिएको हो र विशेषत: कथ्य भाषामा तिखरपन ल्याउने अनुकरणात्मक शब्द र विभिन्न प्राविधिक लेखन क्षेत्रका भाषामा विशिष्ट रूपमा प्रयोग हुने प्राविधिक शब्दहरूको समेत जानकारी र प्रयोग क्षमता बढाउने उद्देश्यले अनुकरणात्मक र प्राविधिक शब्दहरूलाई समेत पाठ्यवस्तुका रूपमा समावेश गरिएको हो।

८.२ अनुकरणात्मक शब्दको शिक्षण

८.२.१ शिक्षणका सन्दर्भमा सैद्धान्तिक चर्चा

अनुकरणात्मक शब्द भनेको के हो र अभिव्यक्तिका क्रममा अनुकरणात्मक शब्दको के कस्तो महत्त्व छ भन्ने कुरा आवश्यक उदाहरण समेत दिई निम्नलिखितअनुसार शिक्षकले कक्षामा विद्यार्थी-हरूलाई स्पष्ट गराउने:

(१) अनुकरण शब्द भन्नाले सामान्यत: कुनै कुराको अनुकरण जनाउने शब्द भन्ने बुझिन्छ। यी अनुकर-णात्मक शब्दहरूले जुन कुराको अनुकरण गरिरहेका हुन्छन् ती कुराको प्रतिनिधित्व ती शब्दले वर्ण वा ध्वनिहरूका माध्यमबाट पनि गरिरहेका हुन्छन् र ती शब्दगत ध्वनिहरूको उच्चारण गर्दा ती शब्दले प्रतिनिधित्व गरेका कुराहरूको समेत आभास आउँछ वा अनुभव भए जस्तो हुन्छ। यसरी शब्दगत ध्वनिहरूले अनुकरण गरिरहेका र आभासित गरिरहेका कुराहरू तथा शब्दगत ध्वनिहरूका बीचमा अनुभव हुने सन्निकटता नै अनुकरणात्मक शब्दहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

आधारभूत पहिचान हो, जसलाई ध्वनि र अर्थका बीचको सहसम्बन्ध समेत भन्न सकिन्छ । अनुकरणात्मक शब्दका शब्दगत ध्वनिहरूद्वारा प्रतिनिधित्व गरिने तथा आभासित गरिने कुराहरु विभिन्न किसिमका हुन्छन् । यी प्राकृतिक वा मानवीय ध्वनि, दृश्य, अवस्थिति, गति, मुद्रा, चेष्टा, अवस्था, क्रिया, स्वाद, स्पर्श, अनुभव आदिलाई अनुकरण गर्नें किसिमका वर्णसमूहका आधारमा तिनका शब्दगत ध्वनिद्वारा अमुक प्राकृतिक वा मानवीय ध्वनि, दृश्य आदिलाई आभासित वा अनुभूत ग[illegible]का शब्द नै अनुकरणात्मक शब्द हुन् भन्न सकिन्छ । जस्तै:

शब्द	शब्दगत वर्णक्रम वा ध्वनि-आनुपूर्वी	प्रतिनिधित्व गरिएको कुरा	शब्दगत ध्वनि सन्निकटता	अनुभूत गराइएका कुरा र शब्दो-च्चारणमा सन्निकटता
प्याट्ट	प् + य् + आ + ट् + ट् + अ	हलुको किसिमले पिट्दा वा भांचिदा आउने विशेष आवाज	प्याट्ट शब्दको ध्वनिक्रम र पिट्दा वा भांचिदा आउने विशेष आवाजका बीचको सन्निकटता	पिट्दा वा भांचिदा आउने विशेष आवाज र प्याट्ट शब्दको उच्चारण गर्दा आउने अनुभवका बीचको सन्निकटता
टहटह	ट् + अ + ह् + अ + ट् + अ + ह् + अ	जुनेली रातको दृश्यको अनुभूति	टहटह शब्दको ध्वनिक्रम र आकाशमा जूनको प्रकाशको अनुभूति-का बीचको सन्निकटता	जूनको स्वच्छ प्रकाश जनाउने तरिका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) अनुकरणात्मक शब्दका दृष्टिले नेपाली भाषा ज्यादै समृद्ध छ । पाहाडी समुदायको भाषा मानिने नेपाली भाषाको कथ्य र साहित्यिक अभिव्यक्तिमा अनुकरणात्मक शब्दको प्रचुर प्रयोग भइरहन्छ । यी अव्ययहरुले मुख्यत: क्रियाविशेषणका रूपमा क्रियालाई तीक्ष्ण तुल्याउंछन् र सिंगो वाक्यलाई पनि तीव्र तुल्याउंछन् । अवश्यै प्राविधिक अभिव्यक्तिहरुमा यिनीहरुको कमै प्रयोग हुन्छ । कथ्य र साहित्यिक अभिव्यक्तिलाई भने यिनीहरूले निकै नै चुट्किलो तुल्याउंछन् । यसै कारणले अनुकरणात्मक शब्दको शिक्षणमा जोड दिइएको हो ।

(३) सामान्यत: अनुकरणात्मक शब्दहरू पदविभागको दृष्टिले अव्यय वर्गभित्र पर्दछन् र क्रिया विशेषणको काम गर्दछन् । यिनमा परसर्ग (प्रत्यय) लागी अन्य पदविभाग (संज्ञा, विशेषण र क्रिया) पनि बन्न सकिन्छ । अनुकरणात्मक आधारपदहरू (जस्तै झल) द्वित्व भई शब्दका रूपमा प्रकट हुंदा अव्यय बन्न जान्छन् ।

८.२.२. शिक्षण-विधि

अनुकरणात्मक शब्दको शिक्षण निम्नलिखितअनुसार गर्ने:-

(क) कार्य-योजनाअनुसार सो दिन पढाउनु पर्ने पाठअन्तर्गतका विभिन्न किसिमका अनुकरणात्मक शब्दहरू श्यामपाटीमा लेखी प्रत्येक शब्दको प्रसंगको व्याख्या गर्दै सन्दर्भ सहित तीन चार थरी वाक्यमा प्रयोग गर्ने र गराउने । जस्तै :

शब्द	व्याख्या	प्रयोग
अकमक्क	कुराका सिलसिलामा के बोलूं के बोलूं हुनु ।	(क) राम र श्याम दुई जना कुरा गरिरहेका बखत अकस्मात् गीताले कोठामा पसी किन झगडा गरिरहेका भन्दा दुवै जना अकमक्क परे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्द	व्याख्या	प्रयोग
		(ख) रवीन्द्र विना कारण झोक्किएको देखि गोविन्द अकमक्क परे ।
		(ग) कक्षाको सबैभन्दा कमजोर विद्यार्थी पढाइको पुरस्कार पाएको र त्यसमा आफूलाई पनि सही थाप्न लगाएको देखी श्याम अकमक्क पऱ्यो ।

(ख) अनुकरणात्मक शब्दहरू प्रशस्त प्रयोग भएका अनुच्छेद वा रचनाबाट अनुकरणात्मक शब्द छानी टिप्न वा रेखांकित गर्न लगाउने ।

(ग) विभिन्न हाउभाउ, चेष्टा वा क्रिया प्रदर्शनद्वारा अनुकरणात्मक शब्दहरूको अर्थ र प्रयोग स्पष्ट गर्ने । जस्तै: गमक्क शब्द पढाउँदा कुनै व्यक्ति गमक्क गम्किएको अवस्थाको अभिनय गर्ने अथवा सुंक्क सुंक्क शब्द पढाउंदामा रूँदाको सुंक्क सुंक्कको विशेष आवाज निकाली सुनाउने ।

(घ) प्रसंग, वातावरण अथवा हाउभाउ दिएर त्यसका लागि कुन अनुकरणात्मक शब्द उपयुक्त हुन्छ भन्ने रोज्ने ।

(ङ०) बहुविकल्पी प्रश्नका रूपमा निकटतम अर्थका तीनचार विकल्प दिई उपयुक्त शब्द रोज्ने र उत्तर ठीक भएनभएको टिप्पणी गर्ने । जस्तै:

रोजिने शब्द	प्रश्नमा प्रयोग	बहुविकल्प
झमक्क	साँझ छिप्पिई अँध्यारो हुन लागेको अवस्था	(क) झमक्क (ख) झिसमिस (ग) झिमिक्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोधिने शब्द	प्रश्नमा प्रयोग	बहुविकल्प
बर्बरी	आंखाबाट आंसुका थोपा लगातार झर्नु	(क) मल्मली (ख) बर्बरी (ग) खल्खली

(च) प्रत्येक अनुकरणात्मक शब्द पढाउंदा त्यससंग सम्बन्धित विशेष क्रिया बताउने र वाक्यमा प्रयोग गर्ने र गराउने वा यससंग सम्बन्धित अनुकरणात्मक शब्दको विशेष क्रिया छुट्टै गरी जोडी ठीक बेठीक बताइ दिने। जस्तै:

शब्द	विशेष क्रिया	वाक्यमा प्रयोग
बुर्लुक्क	उफ्रिनु	बाघ देखेर मृग बुर्लुक्क उफ्रियो।
निथ्रुक्क	भिज्नु	मुसलधारे पानीमा गाइगोरु निथ्रुक्क भिजे।
कपाकप	खानु	भोको जोगीले एक थाल पेंडा कपाकप खायो।

(छ) अनुकरणात्मक शब्दका प्रचुर प्रयोग हुने गरी कक्षामा केही समय कुनै विषयमा संवाद, विवाद, छलफल वा वर्णन गर्न लगाउने।

(ज) अनुकरणात्मक शब्दको प्रचुर प्रयोग भएका कथा, उपन्यास, नाटक आदि पढ्न र त्यस्ता शब्दको प्रयोग भएका सम्वाद विवाद, चिठीपत्र आदि लेख्नु गृहकार्य दिने तथा सो हेरी शिक्षकले आवश्यक टिप्पणी गरिदिने।

(झ) पुस्तकालय-कार्यका रूपमा अनुकरणात्मक शब्दको अर्थ र प्रयोग सम्बन्धी ज्ञान बढाउन प्रेरित गर्ने।

(ञ) कुनै खास ध्वनि, गति वा क्रिया आदिसंग सम्बद्ध विभिन्न अवस्था बुझाउने विभिन्न अनुकरणात्मक शब्दहरूको संकलन गृहकार्यका रूपमा गर्न लगाउने। जस्तै :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्था	विभिन्न अनुकरणात्मक शब्द
हंसाइ	मुसुक्क, खिसिक्क, हलल्ल, खित्तित्त
खवाइ	कपाकप, खपाखप, कुपुकुपु, सुमुसुपु

८.२.३ विशेष अभ्यास र मूल्यांकन विधि

(क) कक्षामा विशेष अभ्यास गराउँदा र आन्तरिक मूल्यांकन गर्दा अनुकरणात्मक शब्द खाली राखिएको वाक्य र विभिन्न सम्भाव्य अनुकरणात्मक शब्दलाई वाक्यको अन्तमा कोष्ठभित्र राखी तिनबाट ठीक शब्द लिएर खाली ठाउँमा भर्न अथवा पहिले केही अनुकरणात्मक शब्दहरू दिई वाक्यमा दिइएका खाली ठाउँमा कुन अनुकरणात्मक शब्द उपयुक्त हुन्छ सो शब्द प्रयोग गर्न लगाउन पनि सकिन्छ । जस्तै :

पहिलो तरिका

(१) फूलबारीबाट फूलको..... बास्ना आइरहेछ ।
(लहलह, भुपक्क, मगमग)

(२) पौडी खेल्न गएका रामुले पोखरीमा .... फालहाल्यो ।
(छप्ल्यांगछुप्लुं, भ्रुवाम्म, बुलुंक्क) ।

(३) पहाडिबाट मलाई उसले ..... समात्यो ।
(टप्प, च्याप्प, कक्रक्क) ।

दोस्रो तरिका

खचाखच, वर्वरी, स्वांस्वां, गम्कक, हुरुक्क, सिमसिम, रिमिरिम, कपाकप, भकाभक ।

(१) साना बाबुराले दिन हो आज भगडा नगरीकन भात... खाएर हिड्यो ।

(२) आज बिहानैदेखि.... पानी परिरहेछ ।

(३) राम आफ्नो प्रशंसा सुनेर ..... पर्‍यो ।

(४) शिवरात्रिका दिन पशुपतिवरिपरि यात्रुहरू ...... भरिएका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) उपयुक्त वाक्यहरू दिएर त्यस वाक्यका सामान्य वाक्यांश वा शब्दका सट्टामा उचित अनुकरणात्मक शब्दको प्रयोग गर्न लगाउने । जस्तै :

(१) खोजेको साथीसँग अचानक भेट हुँदा राजु के भनूं के भनूं भयो । (अकमक्क)

(२) आज दिउँसो आएको पानीमा श्याम ज्यादै भिज्यो । (निथ्रुक्क)

(३) यो कुरा सुनेर केही नबोलीकन सानीले मेरो मुख छोहोरो हेरिरही । (टुलुटुलु)

८.२.४ सहायक सामग्री

अनुकरणात्मक शब्द शिक्षण गर्दा उपयोग गर्नु पर्ने सामग्री अंशहरू यस प्रकार छन् :

१) शब्दरचना र वर्णविन्यास: भाषा वैज्ञानिक पद्धति २२४-२३४
२) क्रियान्वयी व्यंजना ---------------(संपूर्ण)
३) भाषा तत्व ---------------९६-१०१
४) नासो ---------------(संपूर्ण)
५) मध्यचन्द्रिका ---------------१४६-१४८

९. पारिभाषिक-प्राविधिक शब्दको शिक्षण

९.१.पारिभाषिक र प्राविधिक शब्दको तात्पर्य तथा शिक्षणको प्रयोजन

नेपाली भाषामा यी दुई शब्द लगभग समानार्थी रूपमा प्रचलित रहेका छन् । सामान्यत: पारिभाषिक शब्दको सम्बन्ध परिभाषासित देखिन्छ र पारिभाषिक शब्द भन्नाले कुनै कुरालाई परिभाषित गर्ने किसिमको शब्द भन्ने बुझिन्छ, अनि प्राविधिक शब्दको सम्बन्ध सामान्यत: प्रविधिसँग देखिन्छ र यसको तात्पर्य खास प्रविधि जनाउने वा त्यस प्रविधि क्षेत्रसँग सम्बन्धित शब्द भन्ने बुझिन्छ । यी दुई शब्दहरू व्युत्पत्तिमूलक दृष्टिले यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकार देखा पर्दछन्:

(क) <u>पारिभाषिक शब्द</u> - परिभाषाको अर्थ हो लक्षण। कुनै मान्यता वा सिद्धान्तका आधारमा विस्तृत अर्थलाई प्रतिनिधित्व गर्ने किसिमको प्रतिनिधि शब्द नै पारिभाषिक शब्द हो भन्न सकिन्छ र यस तात्पर्यमा पारिभाषिक शब्दले आफूले परिभाषित, लक्षित वा निश्चित, निर्धारित वा प्रतिनिधित्व गरिरहेको अर्थलाई बुझाउँछ । जस्तै :

> 'रस' शब्दले पूर्वीय काव्य-शास्त्र अन्तर्गत भावहरूका परिपाकको खास अवस्थालाई जनाउँछ ।

(ख) प्राविधिक शब्द - कुनै खास प्रविधिका क्षेत्रमा प्रयुक्त वा त्यस अन्तर्गतको कुनै खास कुरालाई जनाउन आएको खास शब्दलाई प्राविधिक शब्द भन्न सकिन्छ । जस्तै :- ट्रलीबस, स्पुतनिक, क्षेप्यास्त्र आदि । यसबाट प्राविधिक शब्दको सामान्य अर्थ विकासशील प्रविधिका क्रममा जन्मने शब्दहरूसित जोडिएको अनुभव हुन्छ ।

परन्तु नेपाली भाषामा यी दुबै शब्द 'टेक्निकल टर्मिनोलोजी' का रूपमा आएका हुन् र पारिभाषिक शब्दावली र प्राविधिक शब्दावली भन्ने शब्द समूह शाब्दिक व्युत्पत्ति र अर्थका दृष्टिले भिन्न भएर पनि लगभग समानार्थी रूपमा वैकल्पिक किसिमले प्रयोग हुँदै आएको छ । प्राविधिक क्षेत्रमा पनि पारिभाषिक शब्द हुने हुनाले र पारिभाषिक शब्दहरू पनि प्राविधिक स्वभावका हुने भएकाले (जस्तै - पारिभाषिक 'रस' शब्दले रस वा झोल भन्ने सामान्य अर्थ छोडी साहित्यशास्त्रको भावको अवस्था विशेष भन्ने अर्थ बुझाउनाका साथ प्राविधिकता अंगाल्दछ) यी दुई शब्दका बीच अर्थको अन्तर्मिश्रण देखिन्छ । यसरी एकातिर प्रयोगको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साहचर्य र अर्कोतिर अभिप्रायको अन्तर्मिश्रणले गर्दा यी दुई शब्दले नेपाली भाषामा एक- अर्काको अर्थ समेत वहन गरेको अनुभव हुन्छ । यस तात्पर्यमा प्राविधिक शब्दले पारिभाषिकता समेत र पारिभाषिक शब्दले प्राविधिकता समेत जनाउँछ । नेपाली भाषाको वर्तमान प्रचलनका हिसाबले यी दुई शब्दलाई एक: अर्काका पर्यायवाची शब्दका रूपमा प्रयोग गर्न सकिन्छ र यी दुई शब्दको व्युत्पत्तिमूलक अर्थ भिन्न भिन्न भए तापनि प्रयोगमूलक रूढ अर्थ चाहिं लगभग एउटै देखापर्छ ।

पारिभाषिक वा प्राविधिक शब्दहरू भन्नाले के बुझिन्छ र सामान्य शब्दका तुलनामा यिनको विशेषता के हो? यस प्रश्नको उत्तर निम्नलिखित बुंदामा दिन सकिन्छ:

(क) पारिभाषिक वा प्राविधिक शब्दहरू भाषिक प्रयोगका कुनै सामान्य क्षेत्रसंग भन्दा विशिष्ट खास प्रयोग क्षेत्रसंग सम्बन्धित हुन्छन् ।

(ख) सामान्य भाषिक क्षेत्रको शब्दले पनि खास प्रयोग क्षेत्रमा आई पारिभाषिक प्राविधिक शब्द बुझाउँछ सामान्य क्षेत्रका तुलनामा विशिष्ट अर्थ ग्रहण गर्न पुग्दछ र प्रयोग क्षेत्र- अनुसार पनि पारिभाषिक शब्दका भिन्नभिन्न अर्थ हुन सक्छन् ।

(ग) पारिभाषिक शब्दको अर्थ प्राय: अभिधामूलक मात्र नभई लक्षणामूलक रूढ हुन जान्छ ।

(घ) पारिभाषिक प्राविधिक शब्दले कुनै धारणा वा मान्यताको विस्तृत तर निश्चित अर्थको प्रतिनिधित्व गर्नाका साथै सामान्य व्यवहारका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तुलनामा विशिष्टता वा प्राविधिकता समेत ग्रहण गर्छ

(ङ०) सामान्य शब्दका तुलनामा पारिभाषिक/प्राविधिक शब्दहरू प्रयोग क्षेत्र वा त्यो प्रकरणअनुसार विशेषीकृत र निश्चित हुन्छन् अर्थात् प्रयोग क्षेत्र वा प्रकरणअनुसार तिनीहरूको विशेष अर्थ निर्धारित हुन्छ ।

नेपाली भाषा प्राविधिक/पारिभाषिक शब्दका दृष्टिले विकासशील अवस्थामा छ । ज्ञानविज्ञान र प्रविधिका क्षेत्रका नयाँ नयाँ मान्यता वा धारणा तथा खोजी र आविष्कारलाई आत्मसात् गर्ने प्रक्रियामा आजको नेपाली भाषा लागिरहेको छ । त्यसैले नेपाली भाषामा स्वीकृत, निर्मित र निर्माणाधीन प्राविधिक शब्दहरू आइरहेका छन् र आफै आइरहने सम्भावना छ । वास्तवमा आजका नेपालीहरूको संपूर्ण बौद्धिक गतिविधि र विकासका आकांक्षाको वाहकका रूपमा नेपाली भाषालाई प्रयोग गर्ने र समर्थ तुल्याउने कार्यमा यी पारिभाषिक । प्राविधिक शब्दहरूको केन्द्रीय भूमिका छ । ज्ञान र विज्ञान तथा व्यवहारका सारा फाँटमा बढ्दो बौद्धिक गतिविधिसँगै आइरहेका यी शब्दहरू हाम्रो भाषाको बोध र अभिव्यक्ति क्षमताका विस्तारमा अपरिहार्य आवश्यकता साबित भएका छन् । पारिभाषिक र प्राविधिक शब्दावलीको शिक्षणको तात्पर्य यस फाँटमा विद्यार्थीहरूको बोध र अभिव्यक्तिको क्षमतालाई विस्तार्नु र तिखार्नु हो ।

६.६.२. शिक्षण-विधि

पारिभाषिक/प्राविधिक शब्दहरूको शिक्षण गर्दा निम्नलिखित विधि वा उपायहरू अपनाउन सकिन्छ -

(क) पारिभाषिक वा प्राविधिक शब्द भनेको के हो र यिनको के महत्त्व छ भन्ने कुरा नेपाली भाषाबाट आवश्यक उदाहरण दिई शिक्षकले विद्यार्थीहरूलाई अवगत गराउने र कुनै उपयुक्त अनुच्छेद श्यामपाटीमा लेखी वा मुखैले भनी टिपाई वा कुनै पुस्तक वा पत्रिकाको निश्चित अंश तोकी पुस्तकालय वा गृहकार्यका रूपमा बीसवटा

कार्य....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्म पारिभाषिक शव्द प्रयोग दोत्र सहित पहिचान्न लाउने ।

(ख) कार्य योजनाअनुसार पारिभाषिक वा प्राविधिक शव्दको नाम र अक्षरानुक्रममा प्रथमत: सम्बन्धित शव्दको स्रोत, व्युत्पत्तिमूलक अर्थ तथा सामान्य अभिधार्थको परिचय संभव भएसम्म दिने, जस्तै:

पारिभाषिक शव्द	स्रोत	व्युत्पत्ति	व्युत्पत्तिमूलक अर्थ	सामान्य अभिधार्थ
अभिलेख	संस्कृत	अभि + लेख् + अ	विशेष लेख	-
मुद्रास्फीति	,,	मुद्राको स्फीति	मुद्राको विस्तार	-
रस	,,	-	-	भोल
अदालत	अरबी	-	-	-

(ग) उपर्युक्त किसिमले पाठ्य पारिभाषिक शव्दको स्रोत, व्युत्पत्ति आदि बताइ सकेपछि ती शव्दका खास वा विभिन्न प्रयोग दोत्र र तिनको प्रकरण वा संदर्भ (प्रयोग दोत्र) गत खास अर्थ वा विभिन्न प्रयोग दोत्रका निश्चित विभिन्न अर्थ तथा ती प्रत्येक अर्थका निम्ति कम्तीमा ३।४ किसिमका वाक्यात्मक प्रयोगहरू श्यामपाटीमा लेखेर व्याख्या गरी अथवा प्रश्नोत्तर र छलफलका आधारमा स्पष्ट गर्ने र संदर्भगत वाक्यमा ती शव्दको प्रयोग गर्न गृहकार्य पनि दिने । पारिभाषिक शव्दका संदर्भगत अर्थ र प्रयोग यस प्रकार कक्षामा सिकाउन सकिन्छ:

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पारिभाषिक शब्द	प्रयोग क्षेत्र	अर्थ	सन्दर्भगत वाक्यमा प्रयोग
अभिलेख	१. इतिहास	१. धातु वा ढुंगा आदिमा उत्कीर्ण लेख	१. नेपाली भाषाको सबभन्दा पुरानो अभिलेख कर्णाली अंचलमा फेलापरको छ ।
	२. जनप्रशासन	२. कागजात-को रेकर्ड	२. हाम्रा कार्यलयहरुमा पनि अभिलेख राख्ने व्यवस्था भइरहेको छ ।

उपर्युक्त किसिमले कक्षामा पाठ्य पारिभाषिक शब्दका संदर्भगत अर्थ र प्रयोग सिकाउंदा वा गृहकार्य दिदा कुनै उपयुक्त अनुच्छेद दिई तिनमा पारिभाषिक शब्दलाई रेखांकित गरी ती पारिभाषिक शब्दका संदर्भगत अर्थ तथा आफ्ना वाक्यमा प्रयोग गर्नु गराउनु पर्ने उपयुक्त हुनेछ ।

यस क्रममा सम्बन्धित शिक्षण समितिबाट पनि पाठ्य पारिभाषिक शब्दको प्रयोग क्षेत्र र अर्थ तथा वाक्य गरिएको पाठ्य-सामग्री तयार गरी लिथो गराई वितरण गर्नु वाञ्छनीय देखिन्छ ।

(घ) प्राविधिक पारिभाषिक शब्दका अर्थ एवं प्रयोगलाई अझ स्पष्ट पार्न कक्षामा शिक्षकले ती शब्दहरुको अर्थ एवं प्रयोगको सान्दर्भिक (संदर्भ वा प्रसंगअनुकूल) व्याख्या पनि गरिदिने, जस्तैः भाषिका शब्दलाई बुझाउंदा एउटै भाषामा भौगोलिक र सामाजिक दृष्टिले नेपाली भाषाका यस्ता यति भाषिका मानिन्छन् भनी भाषिक शब्दको प्रासंगिक

क्रमशः....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्याख्या गरिदिनु राम्रो हो । यसै संक्रामक शब्द पढाउनु छ भने एकबाट अर्कामा सर्ने भनेर मात्र पुग्दैन र एकबाट अर्कामा सर्ने खालका रोगहरूलाई संक्रामक रोग भन्दछन् र यस्ता रोगहरू औलो, हैजा, कमलपित्त आदि हुन् भनिदिनु बेस हुन्छ ।

(ङ०) केही प्राविधिक । पारिभाषिक शब्दहरू सिकाउँदा शिक्षकले कक्षामा ती शब्दहरूको व्युत्पत्ति गरी व्याख्या गरिदिनु पनि नितान्त आवश्यक हुन्छ, जस्तैः उपभोक्ता (उप + भोक्ता), निः शस्त्रीकरण (निस् + शस्त्र + ई + करण), तारापुंज (ताराहरूको पुंज), प्राश्निक (प्रश्न + इक) ।

(च) विद्यार्थीलाई कुनैकुनै शब्दको स्पष्ट धारणा दिन त्यस शब्दद्वारा संकेतित वस्तु वा नमूना कक्षामा ल्याएर शिक्षकले देखाउनु बेस हुन्छ । जस्तै - प्रश्नावली, कोषपत्र, परिशिष्ट शब्दहरूको अर्थ राम्ररी बोध गराउन ती शब्दले संकेत गरेका कुराहरू नै संभव भएमा कक्षामा ल्याएर देखाइदिने र बुझाइदिने ।

(छ) शिक्षकले विद्यार्थीहरूलाई पत्र-पत्रिका वा विभिन्न विषयका पुस्तकहरूबाट विभिन्न विषय-क्षेत्रसंग सम्बन्धित प्राविधिक पारिभाषिक शब्दहरूको संकलन गर्ने गृहकार्य दिने । यस्ता गृहकार्यहरू आ-आफ्ना अध्ययन संस्थाको प्रकृतिलाई पनि ध्यानमा राखी दिनु राम्रो हुनेछ ।

(ज) गृहकार्यका रूपमा ज्ञान-विज्ञानका विभिन्न विषयक्षेत्रहरूका खास-खास क्षेत्रका संदर्भगत शब्दहरू दिएर ती शब्दहरूको उपयोग गरी विभिन्न किसिमका अनुच्छेद लेख्न अभ्यास गराउने ।

क्रमशः....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(फ) विभिन्न विषय-क्षेत्रसँग सम्बन्धित प्राविधिक। पारिभाषिक शब्दहरूको संकलन गर्न कक्षामा विद्यार्थीहरूलाई समूह-समूहमा विभाजन गरी समूह गृहकार्य वा पुस्तकालय कार्य दिने । शब्दहरूको संकलन गर्दा विद्यार्थीहरूलाई ती शब्दहरूको प्रासंगिक अर्थ पनि दिन लाउने ।

(ञ) कक्षामा शिक्षकले शब्द-समूह वा पदावली दिई तिनको सिंगो शब्द भन्न लाउने अभ्यास गराउनु पनि रोचक र उपयोगी हुन्छ, जस्तै - आफ्नै देशमा उत्पादित वस्तुमाथि आफ्नै सरकारले लाउने कर (अन्त: शुल्क) उत्पादन स्तरका आधारमा तेस्रो दर्जाको भनी तोकिएको जग्गा (सिम) ।

(ट) प्राविधिक । पारिभाषिक शब्दहरूको संदर्भगत प्रयोगका लागि शिक्षकले संदर्भगत वाक्यहरूमा दिइएका खाली ठाउँ भर्न लाउने -

सहवरण, निलम्बन, पैठारी, राजस्व, नि:शुल्क, बोलपत्र, पत्राचार, भूपरिवेष्टित, एकाधिकार, उपभोक्ता, मुद्दती, कालीपत्र ।

(१) नेपाल........ राष्ट्र भएकाले अन्तरराष्ट्रिय व्यापारमा यसले ठूलो समस्या बेहोर्नुपरेको छ ।

(२) .... को रुचिलाई ध्यानमा राखेर उपभोग्य वस्तुहरूका उत्पादनमा जोड दिनुपर्छ

(३) सडकमा.......... परिसकेपछि गाडीहरू आवतजावत गर्न धेरै सजिलो हुन्छ ।

(४) कार्यालयका लागि माल-सामान किन्न गोरखापत्रमा........ आह्वान गर्नुपर्छ ।

(५) देशको विकासका लागि.......... मन्दा निकासीमा जोड दिनु आवश्यक छ ।

क्रमश:....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६) कुनै पनि वस्तुमा केही व्यापारीहरूको मात्र .... रहँदा वस्तुको दरभाउमा प्रतियोगिताका अभावले गर्दा त्यस्ता व्यापारीले वस्तुको मनोमानी दाम लिने संभावना हुन्छ ।

(७) घुस खाएको अभियोगमा भन्सारका हाकिमलाई .... गैर कानूनी कार्वाही चलाइयो ।

(ठ) कक्षामा शिक्षकले श्यामपाटीमा लेखाई वा टिपाई कुनै पारिभाषिक शब्दका ठीक र बेठीक अर्थ वैकल्पिक रूपमा दिएर तिनमध्ये सही चाहिं छान्न लगाउने गर्नु पनि रोचक र उपयोगी हुने देखिन्छ । उदाहरणार्थ

(१) परिपत्र -

(क) सर्वसाधारणका निम्ति निकालिएको सूचना,

(ख) पत्र-पत्रिकामा दिइएको सूचना वा विज्ञापन,

(ग) केन्द्रीय स्तरबाट सबै कार्यालयमा पठाइएको सूचना वा आदेश,

(घ) एक कार्यालयबाट अर्को कार्यालयमा पठाइएका सबै किसिमका कागजपत्र,

सही उत्तर (ग) ।

(२) राजस्व -

(क) राजालाई प्राप्त हुने धन,

(ख) राजालाई प्राप्त हुने सम्मान,

(ग) राजपरिवारबाट उपयोग गरिने धन,

(घ) राज्यलाई प्राप्त हुने धन,

सही उत्तर (घ)।

(३) अवमूल्यन -

(क) कुनै मुद्राको मूल्य तोक्नु,

(ख) कुनै मुद्राको मूल्य घटाउनु,

(ग) कुनै मुद्राको मूल्य बढाउनु,

(घ) कुनै मुद्राको मूल्य कायमै राख्नु,

सही उत्तर (ख) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) कहिले काहिँ शिक्षकले साहचर्य सम्बन्धका आधारमा सम्बन्धित दुई शव्दहरु (वा शव्दार्थहरुको) जोडा मिलाउन लगाउने गर्नु पनि रोचक र उपयुक्त हुनेछ, जस्तो - 'क' र 'ख' दुई समूहमा कुनै शव्द अर्को समूहको कुनै शव्दसँग सम्बन्धित छ र प्रथम समूहको प्रत्येक शव्दका अगाडि दिइएका खाली ठाउँमा 'ख' समूहबाट ठीक शव्द छानी राखी जोडा मिलाउने:

समूह 'क'	समूह 'ख'
.... तारापुंज	(क) व्यांक
.... शिलालेख	(ख) सैना
.... थैलीपत्र	(ग) मुद्रा
.... पुल	(घ) व्यापार
.... पर्टी	(ङ) व्यक्तिगत संपति
.... [illegible]	(च) सडक निर्माण
.... तारेख	(छ) जग्गा
.... निकासी	(ज) योजना
	(झ) पुरानो अभिलिखित सामग्री
	(ञ) अन्तरिक्ष

(ढ) प्राविधिक / पारिभाषिक शव्दहरुको अर्थ तथा प्रसंगको जानका लागि संभव भएसम्म शव्दकोशको पनि उपयोग गर्न शिक्षकले विद्यार्थीहरुलाई प्रेरित गर्नें।

६.३. मूल्यांकन विधि

प्राविधिक / पारिभाषिक शव्द - शिक्षणको आन्तरिक र बाह्य मूल्यांकन गर्दा उपर्युक्त विभिन्न किसिमका शिक्षण उपायहरुमध्ये कुनै एक वा एकभन्दा बढी उपायहरुलाई उपयोगमा ल्याउन सकिन्छ तापनि निम्नलिखित तरिकाको प्रयोग गर्नु वांछनीय देखिन्छ:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) दशवटासम्म प्राविधिक । पारिभाषिक शव्द भएका अनुच्छेद वा अनुच्छेदहरू दिई रेखांकित गरिएका ती दश शव्दहरूको अर्थ लेख्न लाउने ।

(२) प्राविधिक । पारिभाषिक शव्दसम्वन्धी सैद्धान्तिक प्रश्न सोध्ने ।

(३) कुनै विषय क्षेत्रसंग सम्वन्धित **प्राविधिक** । पारिभाषिक शव्दहरू बढीमा १० वटा दिई ती शव्दहरूको उपयोग गरेर अनुच्छेद लेख्न लाउने ।

(४) वढीमा १० प्राविधिक।पारिभाषिक शव्दहरू दिई तिनको अर्थ लेखी संदर्भअनुकूल वाक्यमा प्रयोग गर्न लाउने ।

(५) वढीमा १० प्राविधिक । पारिभाषिक शव्दहरूको अर्थ दिई तिनको सिंगो प्राविधिक वा पारिभाषिक शव्द लेख्न लाउने ।

६.४. पाठ्य-सामग्री

प्राविधिक ।पारिभाषिक शव्दहरूको शिक्षण गर्दा निम्नलिखित सामग्रीको प्रयोग गर्ने गराउने -

(१) गोरखापत्र (दैनिक पत्रिका) ।

(२) रूपान्तर गरिएका शव्दहरू, श्री ५ को सरकार, सिंहदरवार, काठमाडौं ।

(३) विभिन्न क्षेत्रका पारिभाषिक। प्राविधिक शव्दहरूको प्रचुर प्रयोग भएका पुस्तक र पत्र-पत्रिकाहरू ।

(४) मोहनराज शर्मा, शव्दरचना र वर्णविन्यास, भाषा वैज्ञानिक पद्धति, २४३-२७२

(५) विभिन्न नेपाली शव्द कोशहरू ।

१०. शव्दकोश शिक्षण

१०.१. शव्दकोश शिक्षणको तात्पर्य

शव्दकोशको शिक्षणलाई पाठ्यवस्तुका रूपमा

प्रयोग...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समावेश गर्नाको तात्पर्य विद्यार्थीहरूमा शब्दकोशको प्रयोग गर्ने र परामर्श गर्ने बानी बसाल्नु नै हो जसबाट कुनै पाठ्यसामग्री पढ्दा बसापरेका नयाँ शब्दको अर्थ र प्रयोग ठम्याउन तथा कुनै कुरा लेख्दा शंका लागेका शब्दको ठीक वर्णविन्यास, ठीक अर्थ र ठीक प्रयोगबारे आश्वस्त हुन सकियोस् । यसबाट विभिन्न शब्दका पर्याय, व्याकरणात्मक कोटि तथा व्युत्पत्ति र स्रोत समेत थाहा भई बोध र अभिव्यक्ति-शक्ति विकास हुन जान्छ र विद्यार्थीमा शब्दभण्डार र शब्दचयन तथा शब्दार्थबोधको शक्ति समेत बढ्न जान्छ । शब्दकोशको शिक्षण गर्दा पूरै शब्दकोश पढाउने नभई उपर्युक्त प्रयोजनका निम्ति आवश्यक परेका बखत तुरुन्तै शब्दकोशको प्रयोग गर्ने आदत विद्यार्थीहरूमा विकसित गराउनु नै यस पाठ्यवस्तुको अभीष्ट रहेको छ । शब्दकोश शिक्षणको वास्तविक स्वरूप र तात्पर्य यही हो ।

१०.२. शब्दकोश शिक्षण-विधि

शब्दकोश शिक्षणका निम्ति मूलतः प्रदर्शनात्मक विधि अँगाली शिक्षार्थीलाई प्रेरणा दिनु उपयुक्त देखिन्छ । प्रदर्शनात्मक विधि भन्नाको तात्पर्य कक्षामा नै शिक्षकले शब्दकोशको उपयोग गरी शिक्षार्थीलाई कुन अवस्थामा कुन प्रयोजनका निम्ति र कसरी शब्दकोशको प्रयोग गर्ने भन्ने कुरा देखाउनु वा प्रदर्शित गर्नु हो । प्रेरणा दिनुको तात्पर्यचाहिँ शिक्षकले कक्षा-कार्य, पुस्तकालय-कार्य र गृह-कार्यका रूपमा विद्यार्थीहरूलाई खास-खास शब्दबारे शब्दकोशको प्रयोग गर्न लगाई शब्दकोशको प्रयोग गर्न प्रेरणा दिई उनीहरूमा सो बानी बसाल्नु हो । यसै परिप्रेक्ष्यमा शब्दकोशको प्रयोगको शिक्षण निम्नलिखित तरिकाअनुसार गर्ने :

(१) कक्षामा शिक्षकले नेपाली शब्दकोशको प्रयोग गरी शब्दकोशको प्रयोगको आवश्यकता र त्यसको महत्वबारे विद्यार्थीलाई अवगत गराउने ।

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) शब्दकोशमा अंगालिएका वर्णानुक्रम, संक्षिप्तीकरण (संक्षिप्त संकेत) र अन्य संकेतका साथै अर्थ, पर्याय र प्रयोग दिने तरिकाबारे र मुख्य शब्द र त्यसजित उपसर्ग, पूर्वपद, प्रत्यय, उपपद वा अन्य शब्द जोडिई बन्ने शब्दावलीबारे कक्षामा शिक्षकले नेपाली शब्दकोशबाट उदाहरण दिंदै विद्यार्थीहरूलाई अभ्यास गराउने ।

(३) निम्नलिखित प्रयोजनका निम्ति शब्दकोशको उपयोग-विधिबारे नेपाली शब्दकोशबाट उदाहरण दिई शिक्षकले कक्षा-कार्य, पुस्तकालय-कार्य र गृहकार्य गराउने :

(क) शुद्ध वर्णविन्यास ठम्याउने, जस्तै:

शंकास्पद वर्णविन्यासहरू	शुद्ध वर्णविन्यास (शब्दकोश अनुसार)
(१) वन, वन	वन
(२) सुर्य, सूय, शुर्य, सुर्वे	सूर्य
(३) शान्ति, सान्ती, शान्ति, शांति	शान्ति

(ख) ठीक व्याकरणात्मक कोटि पहिल्याउने ।

शब्द	शंकास्पद व्याकरणात्मक कोटि	शुद्ध व्याकरणात्मक कोटि (शब्दकोशअनुसार)
१) कोति	विशेषण, नाम	नाम
२) चाँडो	विशेषण, क्रियाविशेषण	क्रियाविशेषण
३) मनाइ	पूर्वक्रिया, नाम	नाम

(ग) ठीक व्युत्पत्ति पहिल्याउने, जस्तै:

शब्द	शंकास्पद व्युत्पत्ति	शुद्ध व्युत्पत्ति (शब्दकोशअनुसार)
बौद्धिक	बुद्धि+ क, बुद्धि + इक +बौद्ध+ इक	बुद्धि + इक

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) ठीक शब्दस्रोत पहिल्याउन, जस्तै:

शब्द	शंकास्पद स्रोत	शुद्ध स्रोत (शब्दकोशअनुसार)
किताप	अरबी, फारसी	अरबी (किताब)
पानी	संस्कृत, हिन्दी	संस्कृत (पानीय)

(ङ०) पर्यायवाची शब्द थाहा पाउन, जस्तै:

शब्द	पर्याय	पर्याय (शब्दकोशअनुसार)
सूर्य	?	रवि, दिवाकर, दिनेश आदि

(च) शब्दार्थ पहिल्याउन जस्तै:

शब्द	अर्थ	अर्थ (शब्दकोशअनुसार)
कारणी	?	मुख्य, प्रधान
कारचोबी	?	कपडामा धागो आदिले भरेको बुट्टा

(छ) शब्दका नानार्थ र प्रकरणगत ठीक अर्थ पहिल्याउन र प्रयोग गर्न, जस्तै:

शब्द	नानार्थमध्ये कुनै अर्थ	प्रकरण	प्रकरणगत ठीक अर्थ
काल	(१) मृत्यु	(१) रोगको प्रसंग	(१) मरण
	(२) मौसम	(२) ऋतुको प्रसंग	(२) याम
	(३) यमराज	(३) पौराणिक वा जनविश्वासको संदर्भ	(३) मृत्युको देवता
	(४) समय	(४) समय वा टाइमको प्रसंग	(४) अवधिको मापन
	(५) समय विशेष	(५) व्याकरणको प्रसंग	(५) भूत, भविष्यत्, वर्तमान

(ज) शब्दको अर्थ पहिल्याई ठीक प्रयोग गर्न? जस्तै:

शब्द	अर्थ	ठीक प्रयोग
छिहिलिनु	इतरिनु, मातिनु	आजकालका केटाहरू ज्यामावी छिहिलिन्छन् ।

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(फ) कुनै शब्दमा अर्थान्तर वा परिमाणान्तर पूर्वसर्ग वा परसर्ग वा पूर्वपद र उपपद वा उत्तरपद जोडिई निर्मित शब्दको अर्थ ठम्याई प्रयोग गर्न, जस्तै:

(पृष्ठ २३६ को तालिका)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तालिका

मुख्य शब्द	अर्थ	पूर्वसर्ग	पूर्वपद	परसर्ग	उपपद	उत्तरपद	निर्मित शब्द	अर्थ	प्रयोग
गति	हिंडाइ	प्र	-	-	-	-	प्रगति	उन्नति	नेपाल प्रगति पथमा लम्किरहेछ ।
काल	समय	-	तद्	-	-	-	तत्काल	त्यतिखेर	तत्काल उसको मुत्यु भयो ।
लिम्बू	नेपालको जाति विशेष	-	-	आन	-	-	लिम्बुवान	लिम्बूहरू-को अवस्थल	पल्लो किरातलाई लिम्बुवान भनिन्छ ।
आज्ञा	आदेश	-	-	-	कारी	-	आज्ञाकारी	मान्ने	असल छात्र-छात्रा आज्ञाकारी हुन्छन् ।
वन	जंगल	-	-	-	-	वास	वनवास	जंगलको बसाइ	चौध वर्ष वनवास बस्न जानु सामुली कुरो होइन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४) क्याम्पस पुस्तकालयमा नेपालीका यावत् शब्दकोशहरू विद्यार्थी संख्याअनुसार पर्याप्त मात्रामा उपलब्ध तुल्याउने, शिक्षण-समितिमा अनिवार्य रूपमा नेपाली शब्दकोशहरू प्राप्त गर्ने तथा विद्यार्थीहरूमा स्तर अनुसार-को एक नेपाली शब्दकोश घरमा राख्ने र शब्दकोशका शिक्षणका अवधिमा कक्षाली शब्दकोशका प्रयोग गर्ने वातावरणको सृजना समेत गर्ने ।

१०.३. मूल्यांकन विधि

आन्तरिक मूल्यांकनका क्रममा निम्नलिखित तरिका अँगाल्ने:

(१) कम्तीमा दस (तत्सम, तद्भव र आगन्तुक) शब्द भनेर विद्यार्थीहरूलाई टिपाई तिनको सही वर्णविन्यास सोध्ने

(२) उपयुक्त किसिमका दस शब्द विद्यार्थीहरूलाई दिई, पाटीमा लेखाई वा बुझले भनी टिपाई (अथवा उपयुक्त अनुच्छेदमा रेखांकित गरेर दिई) प्रांत, कोटि, व्युत्पत्ति सोध्ने ।

(३) उपर्युक्त किसिमका दस शब्द उपर्युक्त दुवै किसिमले दिई तिनका पर्याय र अर्थ सोध्ने ।

(४) दुनै उपयुक्त उद्धरण दिई त्यसमा दस शब्द रेखांकित गरी तिनका प्रकरणगत अर्थ सोध्ने ।

(५) नानार्थ हुने दस शब्द उपर्युक्त किसिमले दिई अर्थ-विशेषको खास प्रकरण समेत खुल्ने गरी तिनका नानार्थ सोध्ने ।

द्रष्टव्य: उपर्युक्त विधिहरूलाई कक्षा-कार्य, गृह-कार्य र पुस्तकालय-कार्यका रूपमा उपयोग गर्न सकिने ।

१०.४. सहायक सामग्री

शब्दकोशको शिक्षणका निम्ति उपयोग गर्नु पर्ने प्रमुख सामग्री निम्नलिखित छन्:

(१) <u>गोरखापत्र</u>

(२) <u>नेपाली कक्षाली शब्दकोश</u> (सं. चक्रपाणि चालिसे)

(३) <u>नेपाली शब्द-कोश</u> (सं. बालचन्द्र शर्मा)

(४) <u>बृहद् नेपाली शब्दकोश</u> (सं. हर्षनाथ शर्मा)

(५) <u>संक्षिप्त नेपाली कोश</u> (सं. रामचन्द्र ढुंगाना)

::-हरिकमल-::

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६. वाक्य तत्वहरूको शिक्षण निर्देशन

सम्बन्धित पाठ्यांश	एकाइ	शीर्षक
नेपाली १७१	(ख)	वाक्य तत्व
नेपाली ३७१	(ख)	वाक्य तत्व

१. वाक्य तत्व र यसको शिक्षणको प्रयोजन

१.१ वाक्य के हो ?

भाषामा वाक्यको स्थान महत्वपूर्ण छ । भाषिक विश्लेषण गर्दा भने विभिन्न भाषिक श्रेणीक्रम (हायराकी) का सन्दर्भमा नै वाक्यको स्थान वा स्थिति स्पष्ट हुन सक्छ ।

भाषिक विश्लेषणका सन्दर्भमा बनोट वा संरचना(स्ट्रक्चर) र कार्य (फङ्क्सन) का दृष्टिले विभिन्न भाषिक श्रेणी-क्रम (हायराकी) लाई निम्नलिखित रूपमा प्रस्तुत गर्न सकिन्छ :-

(क) रूप

व्याकरणको श्रेणीक्रममा रूप चाहिं सबभन्दा तल्लो श्रेणी हो । रूप भनेको न्यूनतम अर्थपूर्ण एकाइ हो र यो खास वर्णहरूका संयोजनबाट निर्मित हुन्छ । जस्तै- `घरेलु` मा `घर् + एलु` दुई अर्थपूर्ण एकाइ हुन् र यी दुई रूपलाई अर्थपूर्ण एकाइका दृष्टिले यसभन्दा बढी अन्तर्विभाजित गर्न नसकिने हुनाले यी न्यूनतम अर्थपूर्ण एकाइ हुन् र रूपका उदाहरण हुन् । रूपलाई अझ स्पष्ट्याउने दृष्टिले `असम्भाव्य` शब्दको व्युत्पत्ति प्रस्तुत गर्न सकिन्छ, जस्तै- अ + सम् + भव् + य = असम्भाव्य । यसरी `असम्भाव्य` शब्दको व्युत्पत्ति गर्दा यस अन्तर्गत न्यूनतम अर्थपूर्ण चार एकाइ देखा पर्छन् र चार रूपहरूको योगबाट यो शब्द बनेको छ । वस्तुत: रूप प्रकृति मात्र पनि हो, प्रत्यय वा विभक्ति मात्र पनि हो र उपसर्ग मात्र पनि हो अर्थात् न्यूनतम अर्थपूर्ण एकाइ हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) शब्द

शब्द भनेको [illegible] माथिल्लो [illegible] शब्दावली (पदावली) भन्दा तल्लो भाषिक श्रेणी हो । [illegible] संरचना एक वा एकभन्दा बढी [illegible] हुन्छ । [illegible] बद्ध अथवा मुक्त [illegible] जस्तै :- 'घोडी' शब्दमा [illegible] बद्ध रूप हो [illegible] यो आफै स्वतन्त्र रूपमा प्रयुक्त हुन सक्दैन । तर [illegible] मुक्त रूप [illegible] रूपमा पनि प्रयुक्त हुन [illegible] शब्द मुक्त रूप मात्र पनि हुन सक्तछ र बद्ध तथा मुक्त रूप [illegible] प्रकारका अर्थहरू मिलेर [illegible] पनि हुन सक्तछ । जस्तै :-

क) घर - यसमा [illegible] मुक्त रूप छ ।

ख) घोडी- यसमा [illegible] (मुक्त र बद्ध) रूप भए पनि [illegible] 'घोडी' शब्द बनेको [illegible] मिलेर [illegible] शब्द [illegible] एउटा [illegible] हो ।

सामान्यतः रूप-रूपका [illegible] (ब्र [illegible] बीचको विराम) [illegible] बीचमा मुक्त विराम (रामको घर) [illegible], [illegible] वा [illegible] अन्तराल (स्पेस) छाडी [illegible] ।

(ग) पदावली (शब्दावली)

पदावली भनेको [illegible] भाषिक श्रेणी हो जो शब्द (पद) भन्दा माथिल्लो [illegible] भन्दा तल्लो हुन्छ । शब्द-शब्द मिलेर पदावलीको [illegible] । पदावलीमा एउटा प्रधान शब्द र एक वा [illegible] सहायक शब्द हुन्छन् अथवा दुवै प्रधान शब्द संयुक्त वा [illegible] रूपमा पनि रहन सक्छन् । जस्तै -

१. पदावली	[illegible] शब्द वा शब्दहरू	प्रधान शब्द
रामको घोडा	[illegible]	घोडा
रामका सेता घोडा	[illegible] सेता	घोडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२. पदावली	प्रधान शब्दहरू	संयोजक
राम र श्याम	(क) राम	र
	(ख) श्याम	

३. पदावली	समानाधिकरण शब्दहरू
जुठे दमाई	(क) जुठे (ख) दमाई

यी पदावली सामान्यत: नाम, विशेषण, क्रियाविशेषण र क्रियाका सन्दर्भमा नामपदावली, विशेषण-पदावली, क्रिया-विशेषण पदावली र क्रियापदावली हुन सक्तछन् । जस्तै - रामको ज्यादै सेतो घोडा अत्यन्तै सावधानीपूर्वक कुदेको देखिन्छ । यस वाक्यभित्रका घटकलाई पदावलीहरूमा यसरी छुट्याउन सकिन्छ :-

१. नामपदावली	२. विशेषण पदावली	३. क्रियाविशेषण पदावली	४. क्रिया-पदावली
रामको घोडा	ज्यादै सेतो	अत्यन्तै सावधानी पूर्वक	कुदेको देखिन्छ

द्रष्टव्य:

माथिका उदाहरणमा दिइएका विशेषण पदावलीलाई नामपदावली भित्रै र क्रियाविशेषण पदावलीलाई क्रियापदावली भित्रै समावेश गर्न पनि सकिन्छ ।

(घ) वाक्य-खण्ड, वाक्यांश वा उपवाक्य

वाक्य-खण्ड भनेको वाक्यभन्दा तल्लो र पदावलीभन्दा माथिल्लो भाषिक श्रेणी हो । वाक्य-खण्डका निम्ति समापिका क्रिया बाह्य संरचनाका दृष्टिले आवश्यक मानिन्छ । यसमा पूर्ण विराम नभएतापनि शब्द वा पदावलीभन्दा ठूलो विराम हुन्छ। अर्थको दृष्टिले वाक्य सामान्यत: आफैमा पूर्ण अर्थात् एक पूरा कुरा बुझाउने हुन्छ भने वाक्यखण्डचाहिं संयुक्त, मिश्र वा मिलित वाक्यअन्तर्गत रहने एक खण्ड, अंश वा अंग हो । जस्तै -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिश्र वाक्य	वाक्य खण्डहरू
जसले मह काट्छ उसले हात चाट्छ ।	१. जसले मह काट्छ २. उसले हात चाट्छ
राम आयो र श्याम गयो	१. राम आयो २. श्याम गयो

(ङ०) वाक्य

वाक्य भनेको भाषिक श्रेणीक्रममा वाक्य-खण्डभन्दा माथिल्लो श्रेणी हो । सामान्यत: व्याकरणमा वाक्यलाई सबैभन्दा माथिल्लो भाषिक एकाइ वा श्रेणी मानिन्छ । संस्कृत व्याकरणकाहरू पनि वाक्य स्फोट वा वाक्यवादकै निष्कर्षमा पुगेका छन् र भाषिक अध्ययनका क्रममा वाक्य नै अन्तिम विन्दु हो भन्ने स्वीकार्दछन् । संस्कृतका कतिपय साहित्यशास्त्रीहरू भने वाक्यभन्दा माथि अभिव्यक्तिका तहका रूपमा महावाक्यलाई पनि स्वीकारेका छन् ।

वाक्य त्यस्तो स्वतन्त्र भाषिक एकाइ हो, जसको निर्माण उद्देश्य र विधेयका योगबाट हुन्छ । (उद्देश्य वा विधेय मध्ये कुनै एक अंश बाह्य संरचनामा लुप्त रहन सक्दछ)। वाक्य दुइटा पूर्ण विरामका बीच रहिन्छ । वाक्यअन्तर्गत वाक्यभन्दा तल्ला सबै भाषिक श्रेणीहरू समाविष्ट हुन जान्छन् ।

सामान्यत: अर्थका दृष्टिले वाक्य स्वतन्त्र अर्थ भएको भाषिक एकाइ हो । विधेयअन्तर्गत पर्ने सो समापिका क्रिया बाह्य संरचनामा लुप्त पनि रहन सक्छ र यसले वाक्यलाई एक पूरा कुरा बुझाउने एकाइका रूपमा कार्य गर्न समर्थ तुल्याउँछ ।

द्रष्टव्य:

१. माथि उल्लेख गरिएका विभिन्न भाषिक श्रेणीहरूमा सामान्यत: उत्तरोत्तर माथिल्ला श्रेणीमा सो भन्दा तल्लो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रेणीसमेत समावेश भएको हुन्छ । साथै कुनै तल्लो श्रेणी बीचका श्रेणीहरू छोडी माथिल्ला श्रेणीतिर फड्कन पनि सक्दछ । माथिल्ला श्रेणीहरूले पनि तल्ला श्रेणीका रूपमा पनि कार्य गरिरहेको देखिन्छ । जस्तै :-

१. निम्नलिखित उदाहरणरूपमा तल्ला श्रेणीका स्तर-हरू क्रमिकरूपमा माथिल्ला श्रेणीमा समावेश भएको देखिन्छ :-

(क) वाक्य

त्यो सेतो घोडा रोगाई मर्‍यो जुन फाहोर मात्रै किनिएको थियो ।

(ख) वाक्यखण्ड

१. त्यो सेतो घोडा रोगाई मर्‍यो ।

२. जुन फोहोर मात्रै किनिएको थियो ।

(ग) पदावली

१. त्यो सेतो घोडा

२. रोगाई मर्‍यो

३. फोहोर मात्रै

४. किनिएको थियो

(घ) शब्द

त्यो, सेतो, घोडा, रोगाई, मर्‍यो ... ...

(ङ) रूप

त्य्-ो, सेत्-ो, घोड्-ा, रोग्-आइ, मर्-यो पोहोर इत्यादि

२. निम्नलिखित उदाहरणमा तल्ला श्रेणीका एकाइले बीचका श्रेणी छाडी माथिल्लो श्रेणीतिर फड्केका देखिन्छन् -

(क) वाक्य

आइज ।

(ख) शब्द

आइज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:

यहां 'आइज' शब्द पदावली र वाक्य-खण्डको श्रेणी फड्की वाक्य हुन गस्को छ ।

३. तलका उदाहरणमा माथिल्ला श्रेणीका एकाइले तल्ला श्रेणीका एकाइको कार्य गरेको देखिन्छ :
पदावलीले शब्दको कार्य गरेको: १. श्री ५ को सरकारले एउटा सूचना प्रकाशित गरेको छ ।

सामान्यत: व्याकरण ग्रन्थहरूमा वाक्यलाई सबभन्दा माथिल्लो एकाइ वा श्रेणी मानिस्को भए तापनि रचना तथा भाषिक विश्लेषणका क्रममा वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरूको समेत चर्चा भस्को देखिन्छ । यस्ता एकाइहरू भाषामा कस्ता र कति प्रकारका हुन्छन् भन्ने कुरामा सबैको एकमत छैन तापनि वाक्य भन्दामाथिका प्रकरण वा परिच्छेद र संकथन बारे भने धेरै चर्चा गरेका छन् । यी दुई एकाइलाई समेत मानेर भाषाका व्याकरणिक श्रेणीक्रमलाई यसरी देखाउन सकिन्छ :

१. संकथन वा समग्र - कथन
२. प्रकरण वा परिच्छेद
३. वाक्य
४. वाक्यखण्ड, वाक्यांश वा उपवाक्य
५. पदावली वा पदसमूह
६. शब्द वा पद
७. रूप

सामान्यत: माथि चर्चा गरे भैं तल्ला एकाइहरू क्रमश: माथिल्ला एकाइमा काम गर्न पुग्छन् । रूपहरू मिलेर शब्द बन्दछ, शब्द-शब्द मिलेर पदावली बन्दछ, पदावलीहरू मिलेर उपवाक्य वा वाक्यखण्ड बन्दछ, उपवाक्यहरूको मेलबाट वाक्यको निर्माण हुन्छ र वाक्यहरूको समूहले प्रकरण तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकरणका समूहले कुनै संकथन तयार हुन्छ । तर बीचका श्रेणीहरू छाडेर माथिल्ला श्रेणीहरूमा जाने क्रममा भाषिक संरचनाका सबै एकाइहरूको उपस्थिति नहुन सक्छ ।

संकथन भनेको कुनै कुराको संपूर्ण कथन हो । यो समग्र संकथन सानोभन्दा सानोदेखि विशालभन्दा विशालपनि हुनसक्छ । कुनै परिप्रेक्ष्यमा एउटै रूप, शब्द, पदावली वा वाक्य पनि एक संकथन हुन सक्छ तापनि सामान्यत: कुनै सूक्ति, कुनै उखान, अभिवादनको भाषिक रूप, कुनै श्लोक वा मुक्तक संकथनको न्यूनतम रूप हो भने कुनै समाचार, कुनै लेख, कुनै भाषण, कुनै चिठी आदिदेखि लिएर कुनै शोध प्रबन्ध, उपन्यास, महाकाव्य वा ज्ञानकोशको विशालतासम्म पनि संकथनको विस्तार हुन सक्छ ।

त्यस संकथन अंतर्गतका खण्डहरू नै प्रकरण वा अनुच्छेद हुन् । अनुच्छेदहरूको पूर्वापर क्रममा आधारित संगठित वा श्रृंखलित स्वरूप नै संकथन हो भने संकथनका श्रृंखलित, संगठित अंश वा खण्डहरू नै अनुच्छेद हुन्, जसलाई विभिन्न नाम दिएको पाइन्छ, जस्तै - प्रकरण अनुच्छेद, परिच्छेद, काण्ड, सर्ग, अध्याय, विश्राम आदि आदि ।

अनुच्छेदहरू वाक्यका निकटतम पूर्वापर प्रसंगद्वारा प्रभावित वाक्य समूहहरू हुन् भने यिनै अनुच्छेदहरूबाट संकथनको निर्माण हुन्छ । प्रकरणमा कथ्यको विकास हुन्छ र संकथनका विभिन्न प्रकरणहरूले संकथनका विभिन्न मोडका साथै विराम, विश्राम वा अडानका संकेत प्रकट गर्दछन् ।

१.२. वाक्य शिक्षण प्रयोजन

भाषाको बोध र अभिव्यक्तिका क्रममा वाक्यनै आधारभूत एकाइको रूपमा देखापर्छ । अवश्यै वाक्य शब्द-शब्दका योगबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बनेको हुन्छ, तर कुनै पनि अर्थ, अभिप्राय वा कुरा बुझ्न र अभिव्यक्त गर्नका निम्ति वाक्य स्तरमा पुग्नै पर्दछ । त्यसैले भाषिक अभिव्यक्तिका क्रममा आधारभूत एकाइका रूपमा रहेको वाक्यतत्वको विश्लेषणात्मक अध्ययन र अभ्यासबाट नेपाली भाषासम्बन्धी कौशलहरूको विकासमा सहायता पुग्ने देखिन्छ । नेपाली भाषाका सन्दर्भमा वाक्य के हो, यसका घटक वा अंग के कस्ता छन् र तिनीहरूको संयोजन के कसरी हुन्छ र नेपाली वाक्य गठनका आधारभूत ढाँचा र किसिम के कस्ता छन् इत्यादि कुराको अध्ययन र अभ्यासबाट शिक्षार्थीहरूलाई नेपाली भाषाका माध्यमबाट भनिएका वा लेखिएका कुरा राम्ररी बुझ्न र त्यस माध्यमबाट आफ्ना कुरा राम्ररी भनी वा लेखी प्रकट गर्न सक्षम तुल्याउने नेपाली प्रणाली सम्बन्धी ज्ञान र अभ्यास गराउनु नै वाक्य-शिक्षणको प्रयोजन हो ।

२. सरल वाक्यका उद्देश्य-विधेय र तिनको विस्तारको शिक्षण

(१) सैद्धान्तिक चर्चा: उद्देश्य र विधेय भनेको के हो ?

भाषिक अध्ययन र अभ्यासका क्रममा सामान्यतः सरल वाक्यलाई नै मानकका रूपमा स्वीकारिन्छ र उद्देश्य र विधेयको पहिचान पनि सरल,वाक्य अन्तर्गत नै गर्न सकिन्छ ।

सरल वाक्यका निर्माणकारी केन्द्रीय घटकका रूपमा दुई खण्ड देखापर्दछन् - उद्देश्य खण्ड र विधेय खण्ड । सरल वाक्यका अन्य घटक तत्वहरूले यिनै दुई खण्ड अर्थात् उद्देश्य र विधेय खण्डको विस्तार गर्दछन् भने उद्देश्य र विधेयनै सरल वाक्यका केन्द्रीय घटक ठहर्दछन् र अन्य घटक चाहिं केवल तिनै केन्द्रीय घटकका विस्तारक मात्र हुन् । जस्तै:

सरल वाक्य गोविन्दको कान्छो भाइ हिंजो सबेरै आयो ।

उद्देश्य		विधेय	
विस्तार	मुख्य घटक	विस्तार	मुख्य घटक
गोविन्दको [illegible]	भाइ	हिजो सबेरै	आयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरल वाक्य अन्तर्गत उद्देश्य र विधेय अवश्यै अपरिहार्य छन् तर भाषिक प्रयोगका क्रममा वक्ताको विवक्षा (आकांक्षा) को फल- उद्देश्य वा विधेयमध्ये कुनै एक अंश वा उद्देश्य-विधेय दुवै पनि (केवल विस्तारक मात्र रही) लुप्त पनि हुन सक्छन् । तर पूर्वापर प्रसंग र उपस्थिति अंशले लुप्त अंशको प्रतिनिधित्व गरिराखेको हुन्छ । जसलाई अध्याहारद्वारा बुझ्नुपर्छ । जस्तै:-

पूर्वप्रसंग	उद्देश्य वा विधेय अंश लुप्त भएको वाक्य	लुप्त अंशको अध्याहार
क. तपाईं कहिले आउनु भयो?	हिजो आएँ	म (उद्देश्य)
ख. को आयो ?	राम	आयो (विधेय)
ग. तपाईं कहिले आउनु भयो?	हिजो (विधेय विस्तार)	म (उद्देश्य) आएँ (विधेय
घ. यो घोडा कसको हो?	रामको ।	यो घोडा (उद्देश्य र उद्देश्य विस्तार) हो (विधेय)

उद्देश्य भन्नाले कुनै सरल वाक्यको त्यो खण्ड बुझिन्छ जुन नाम वा नामस्थानिक हुन्छ र जसले प्राय: कर्ताका रूपमा कार्य गर्दछ। प्रत्येक सरल वाक्यको आधारभूत रूप कथनात्मक हुन्छ भने त्यस कथन अन्तर्गत जसका बारेमा कुनै कुरा भनिएको छ, त्यो उद्देश्य हुन्छ । जस्तै :-

सरल वाक्य	नाम वा नाम स्थानिक-उद्देश्य
राम गयो ।	राम
ऊ आयो ।	ऊ
डुलु राम्रो हो ।	डुलु

उपर्युक्त सरल वाक्यहरू कथनहरू हुन् भने तिनमा 'राम', 'ऊ' र 'डुलु' का बारेमा उपर्युक्त वाक्यहरूमा कुनै कुरा भनिएको हुनाले 'राम', 'ऊ' र 'डुलु' उद्देश्य हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विधेय भन्नाले कुनै सरल वाक्यको त्यो खण्ड बुझिन्छ, जुन क्रियापदस्वरूपले रहेको हुन्छ र जसले नाम वा नामस्थानिक (प्रायः कर्ता) का बारेमा केही कुरा भन्ने गर्दछ । त्यसैले प्रत्येक सरल वाक्य को आधाभूत रूप कथनात्मक हुन्छ भने त्यस कथन अन्तर्गत कुनै वस्तु, व्यक्ति वा कुराका बारेमा जुन कुरा भनिन्छ त्यही नै विधेय खण्ड हो । जस्तै :-

सरल वाक्य	क्रियापदस्वरूप विधेय खण्ड
राम गयो ।	गयो
ऊ आयो ।	आयो

उपर्युक्त वाक्यहरूमा क्रियापदस्वरूप रहेका 'गयो' र 'आयो' द्वारा 'राम गयो' र 'ऊ आयो', अन्तर्गत 'राम' र 'ऊ' का बारेमा केही कुरा भनिएका छन् र यी उद्देश्य हुन् ।

यसरी उद्देश्य र विधेय नै सरल वाक्यका केन्द्रीय घटक हुन् तापनि कुनै पनि कथनका वक्ताको विवक्षा (भन्ने आकांक्षा) अनुसार अन्य घटकहरू पनि सम्मिलित हुन सक्तछन् र यिनीहरूले या त उद्देश्यको विस्तार गर्दछन् या विधेयको विस्तार गर्दछन् । सरल वाक्यअन्तर्गत उद्देश्यसित अन्वित भई (साक्षात् वा परंपरागत किसिमले उद्देश्यपट्टि मिली) उद्देश्यलाई बढाउने जति उद्देश्य विस्तार-का रूपमा रहन्छन् भने विधेयसित अन्वित भई (साक्षात् वा परंपराले विधेयपट्टि मिली) विधेयलाई बढाउने जति विधेय विस्तारका रूपमा रहन्छन् ।

(१) उद्देश्य विस्तार भएका सरल वाक्य:

वाक्य	उद्देश्य			विधेय
	उद्देश्यविस्तार परम्परागत	साक्षात	मुख्य घटक	
क. रामको घोडा मर्‍यो		रामको	घोडा	मर्‍यो
ख. रामको पोहोर किनेको कालो घोडा मर्‍यो	रामको पोहोर किनेको	कालो	घोडा	मर्‍यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरल वाक्य अन्तर्गत उद्देश्य र विधेय अवश्यै अपरिहार्य छन् तर भाषिक प्रयोगका क्रममा वक्ताको विवक्षा (आकांक्षा) को फल- उद्देश्य वा विधेयमध्ये कुनै एक अंश वा उद्देश्य-विधेय दुवै पनि (केवल विस्तारक मात्र रही) लुप्त पनि हुन सक्छन् । तर पूर्वापर प्रसंग र उपस्थिति अंशले लुप्त अंशको प्रतिनिधित्व गरिराखेको हुन्छ । जसलाई अध्याहारद्वारा बुझ्नुपर्छ । जस्तै:-

पूर्वप्रसंग	उद्देश्य वा विधेय अंश लुप्त भएको वाक्य	लुप्त अंशको अध्याहार
क. तपाईं कहिले आउनु भयो?	हिजो आएं	म (उद्देश्य)
ख. को आयो ?	राम	आयो (विधेय)
ग. तपाईं कहिले आउनु भयो?	हिजो (विधेय विस्तार)	म (उद्देश्य) आएं (विधेय
घ. यो घोडा कसको हो?	रामको ।	यो घोडा (उद्देश्य र उद्देश्य विस्तार) हो (विधेय)

उद्देश्य भन्नाले कुनै सरल वाक्यको त्यो खण्ड बुझिन्छ जुन नाम वा नामस्थानिक हुन्छ र जसले प्राय: कर्ताका रूपमा कार्य गर्दछ। प्रत्येक सरल वाक्यको आधारभूत रूप कथनात्मक हुन्छ भने त्यस कथन अन्तर्गत जसका बारेमा कुनै कुरा भनिएको छ, त्यो उद्देश्य हुन्छ । जस्तै :-

सरल वाक्य	नाम वा नाम स्थानिक-उद्देश्य
राम गयो ।	राम
ऊ आयो ।	ऊ
डुलु राम्रो हो ।	डुलु

उपर्युक्त सरल वाक्यहरू कथनहरू हुन् भने तिनमा 'राम', 'ऊ' र 'डुलु' का बारेमा उपर्युक्त वाक्यहरूमा कुनै कुरा भनिएको हुनाले 'राम', 'ऊ' र 'डुलु' उद्देश्य हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विधेय भन्नाले कुनै सरल वाक्यको त्यो खण्ड बुझिन्छ, जुन क्रियापदस्वरूपले रहेको हुन्छ र जसले नाम वा नामस्थानिक (प्राय: कर्ता) का बारेमा केही कुरा भन्ने गर्दछ । त्यसैले प्रत्येक सरल वाक्यको आधारभूत रूप कथनात्मक हुन्छ भने त्यस कथन अन्तर्गत कुनै वस्तु, व्यक्ति वा कुराका बारेमा जुन कुरा भनिन्छ त्यही नै विधेय खण्ड हो । जस्तै :-

सरल वाक्य	क्रियापदस्वरूप विधेय खण्ड
राम गयो ।	गयो
ऊ आयो ।	आयो

उपर्युक्त वाक्यहरूमा क्रियापदस्वरूप रहेका `गयो` र `आयो` द्वारा `राम गयो` र `ऊ आयो`, अन्तर्गत `राम` र `ऊ` का बारेमा केही कुरा भनिएका छन् र यी उद्देश्य हुन् ।

यसरी उद्देश्य र विधेय नै सरल वाक्यका केन्द्रीय घटक हुन् तापनि कुनै पनि कथनका वक्ताको विवक्षा (भन्ने आकांक्षा) अनुसार अन्य घटकहरू पनि सम्मिलित हुन सक्तछन् र यिनीहरूले या त उद्देश्यको विस्तार गर्दछन् या विधेयको विस्तार गर्दछन् । सरल वाक्यअन्तर्गत उद्देश्यसित अन्वित भई (साक्षात् वा परंपरागत किसिमले उद्देश्यपदि मिली) उद्देश्यलाई बढाउने जति उद्देश्य विस्तारका रूपमा रहन्छन् भने विधेयसित अन्वित भई (साक्षात् वा परंपराले विधेयपदि मिली) विधेयलाई बढाउने जति विधेय विस्तारका रूपमा रहन्छन् ।

(१) उद्देश्य विस्तार भएका सरल वाक्य:

वाक्य	उद्देश्य			विधेय
	उद्देश्यविस्तार परम्परागत	साक्षात	मुख्य घटक	
क. रामको घोडा मऱ्यो		रामको	घोडा	मऱ्यो
ख. रामको पोहोर किनेको कालो घोडा मऱ्यो	रामको पोहोर किनेको	कालो	घोडा	मऱ्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu


CC-0. In Public Domain. Digitization by eGangotri

(२) विधेय विस्तार भएका सरल वाक्य:

	उद्देश्य	विधेय		
	मूलघटक	विस्तार		मूलघटक
		परम्परागत	साक्षात	
क) राम हिंजो आयो।	राम		हिजो	आयो
ख) राम ज्यादै सबेरै आयो।	राम	ज्यादै	सबेरै	आयो

द्रष्टव्य:

साक्षात् अन्वय भन्नाले उद्देश्य वा विधेयसंग निकटतम घटकका रूपमा सिधै सम्बन्धित हुनु हो भने परम्पराद्वारा अन्वय भन्नाले चाहिं उद्देश्य वा विधेयसंग निकटतम घटकका रूपमा सिधै अन्वित भएकासंग निकटवर्ती घटकको रूपमा अन्वित भई उद्देश्य वा विधेयसंग अन्वित हुन जानु हो । यसलाई निम्नलिखित अनुसार स्पष्ट गर्न सकिन्छ:-



उद्देश्य र विधेय विस्तारलाई अझै स्पष्ट पार्नका निमित्त निम्नलिखित टिप्पणी गर्न सकिन्छ -

१) उद्देश्यसंग निकटवर्ती घटकका रूपमा अन्वित भई (साक्षात् वा परम्पराद्वारा) आएका उद्देश्य विस्तारहरू उद्देश्यसंग सम्बन्धित हुन्छन् । त्यसैले उद्देश्यको विशेषता जाहेर गर्ने वा उद्देश्यको सीमांकन गर्ने वा उद्देश्यका समानाधिकरणका रूपमा आउने सम्पूर्ण निकटतम घटक र तिनीहरूसित जोडिई आउने अन्य सम्पूर्ण घटकहरू उद्देश्यका विस्तार हुन् । यसरी कस्तो निष्कर्ष निक्लन्छ भने कुनै कथन वा सरल वाक्य अन्तर्गत जसका बारेमा केही भनिएको छ त्यस उद्देश्यसंग सीधै सम्बन्धित उद्देश्य विशेषण वा तत्स्थानिक (त्यसका सट्टामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउने) हरू र यिनीहरूसित परंपरागत रूपमा सम्बन्धित हुने सबै घटकहरू उद्देश्य विस्तार अन्तर्गत पर्दछन् ।

२) विधेय क्रियापदका विस्तारक अवयवका रूपमा कर्म वा पूरक आउँछन् र यिनलाई पनि विधेयअन्तर्गत राखिन्छ । कर्म वा पूरकबाहेक विधेयसँग सीधै वा साक्षात् अन्वित हुने क्रियायोगी अव्यय (क्रिया विशेषण) र यससित परंपराद्वारा सम्बन्धित हुन आउने अन्य सबै घटकहरू विधेय विस्तारहुन् । जस्तै:-

	उद्देश्य खण्ड	विधेय खण्ड				
सरल वाक्य	उद्देश्य	विस्तार				विधेय
		कर्म	पूरक	साक्षात	परम्परा	क्रिया
डुलु राम्रो छो	डुलु		राम्रो			छो
रामले भात खायो	रामले	भात				खायो
घोडा अचानक मर्‍यो	घोडा			अचानक		मर्‍यो
घोडा हिजो ज्यादै सबेरै मर्‍यो	घोडा			हिजो	ज्यादै सबेरै	मर्‍यो

विधेय क्रियापदका अवयवका रूपमा रहेका कर्म र पूरक पदको पनि विस्तार विशेषण वा तत्स्थानिकहरू र तिनसित परम्पराद्वारा जोडिने घटकद्वारा हुन सक्छ । यिनलाई कर्म विस्तार र पूरक विस्तार भनिन्छ । जस्तै :-

सरल वाक्य	उद्देश्य	कर्म		विधेय	विधेय विस्तार	
		विस्तार		विस्तार	पूरक	[illegible]
रामले सानो सर्प मार्‍यो ।	रामले	सानो	सर्प			मार्‍यो
केटी साह्रै राम्री छ ।	केटी			साह्रै	राम्री	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:

सरल वाक्यका उद्देश्य - विधेय र तिनको विस्तार सम्बन्धी मान्यता वाक्यको विश्लेषणात्मक अध्ययन गर्ने एक तरीका हो । यसबाट वाक्यका घटकहरू र तिनको पारस्परिक संबन्धका बारेमा प्रशस्त जानकारी प्राप्त हुंदा हुंदै पनि यसको उद्देश्य र विधेय सम्बन्धी स्थापना र केन्द्रीय अपरिहार्य तथा परिधीय (परिहार्य) घटक सम्बन्धी वर्गीकरण तथा विस्तार क्रमका सादात् तथा परंपरागत अन्वय आदिका सन्दर्भमा प्रयाप्त कठिनाई समेत देखिन्छन् ।

(२) शिक्षणको प्रयोजन र शिक्षण विधि

सरल वाक्यका उद्देश्य र विधेय तथा तिनको विस्तारको शिक्षणबाट शिक्षार्थीमा सरल वाक्य र त्यसका घटकहरू तथा तिनका बीचको पारस्परिक सम्बन्धको अन्तर्दृष्टि प्राप्त भई नेपाली भाषाको माध्यमबाट गरिने बोध र अभिव्यक्तिको सामर्थ्यको विकासका निम्ति अपेक्षित सरल वाक्यको संरचनाको सीप प्राप्त हुने देखिन्छ ।

कार्य-योजनाअन्तर्गत यस पाठ्य-वस्तुलाई दिन सकिने कक्षा घण्टाको हिसाब गरी प्रथमत: उद्देश्य र विधेय तथा तिनको विस्तार सम्बन्धी पूर्वचर्चित सैद्धान्तिक आधारलाई निर्धारित पाठ्य-पुस्तक र सन्दर्भ पुस्तकका आधारमा विस्तार पूर्वक सोदाहरण कक्षामा शिक्षकले शिक्षार्थीहरूलाई स्पष्ट गराउने । यस क्रममा निम्नलिखित तरिकाहरू अंगाल्ने -

१) छोटा-छोटा सरल वाक्यहरू भएका अनुच्छेद श्यामपाटीमा लेखी, विद्यार्थीहरूलाई टिपाई वा लिथोको रूपमा प्रस्तुत गरी ती वाक्यका आधारमा उद्देश्य र विधेय सम्बन्धी मान्यतालाई स्पष्ट गर्ने ।

२) उपर्युक्त किसिमले नै लामा-लामा सरल वाक्यहरू दिई उद्देश्यको विस्तार तथा विधेयका अवयवस्वरूप कर्म र पूरक तथा तिनका विस्तार तथा क्रियाविशेषणलाई स्पष्ट गर्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३) उपर्युक्त किसिमले नै लामा-लामा वाक्यहरू दिई साक्षात् र परंपराद्वार अन्वित हुने विस्तार-प्रक्रियालाई आवश्यक रेखाचित्रसमेत दिई स्पष्ट्याउने ।

४) उद्देश्य र विधेयको लोप तथा अध्याहारसम्बन्धी कुरालाई पनि माथि १) मा चर्चा गरिएअनुसार स्पष्ट्याउने।

५) उद्देश्य र विधेयका घटकहरू के-कस्ता हुन्छन् र व्याकरणात्मक कोटिका दृष्टिले तिनीहरू के-के हुन्छन् भन्ने कुरा आवश्यकता-नुसार सोदाहरण स्पष्ट गर्ने ।

यसरी उद्देश्य र विधेय तथा तिनको विस्तारसम्बन्धी सामान्य ज्ञानकारी दिइसकेपछि निम्नलिखितअनुसार अभ्यास गराउने:

१) उद्देश्य र विधेयमात्र भएका १० वटा छोटा सरल वाक्यहरू दिई कक्षामै उद्देश्य-विधेय छुट्याउने र त्यसका आधारहरू-बारे अवगत गराउने ।

२) सकर्मक, अकर्मक क्रिया भएका कर्म र पूरकसहित जम्मा १० सरल वाक्यहरू दिई विधेयका अवयव पहिचान गर्न लगाउने र त्यसका आधारहरूको पनि जानकारी गराउने ।

३) सकर्मक र अकर्मक क्रिया भएका १० वाक्य दिई कर्म र पूरकहरू थप्ने अभ्यास गराउने ।

४) दश वटा छोटा सरल वाक्य दिई साक्षात् र परंपराद्वारा उद्देश्यको विस्तार गर्न लगाउने र ३।४ पदसम्म कक्षामा विस्तारको अभ्यास गराई १० पदसम्म उद्देश्य विस्तारका निम्ति गृहकार्य दिने ।

५) दश वटा छोटा सरल वाक्य दिई साक्षात् र परंपराद्वारा विधेयको विस्तार गर्न लगाउने र ३।४ पदसम्म कक्षामा विस्तारको अभ्यास गराई १० पदसम्म विधेय विस्तारका निम्ति गृहकार्य दिने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६) तीनचार वटा मझौला सरल वाक्य दिई उद्देश्य र विधेय (कर्मपूरकसहित) को साक्षात् अन्वयसम्बन्धी व्याख्या रेखाचित्रणद्वारा कक्षामा अभ्यास गर्न लगाउने र २।३ वटा निकै लामा वाक्य दिई परंपराद्वारा अन्वयसम्बन्धी रेखाचित्रण कक्षामै अभ्यास गराउने र सोही अनुपातमा यी दुवैका बारेमा अभ्यास गर्न लगाउने।

७) तीनचारवटा लामा वाक्यहरू दिई उद्देश्यविस्तार र विधेयविस्तारका क्रममा आएका केन्द्रीय (अपरिहार्य) र परिधीय (परिहार्य) घटकहरू र तिनका व्याकरणात्मक कोटिका बारेमा सामान्य अभ्यास कक्षामै गराउने ।

८) दशवटा लामा सरल वाक्य दिई तिनका उद्देश्य, विधेय र तिनका विस्तार सम्बन्धी पृथक्करण (पार्जिङ्ग) गर्न गृहकार्य दिने ।

९) उद्देश्य र विधेय अथवा दुवैमा कुनै एकको लोप भएका ४।५ उदाहरण दिई त्यसको पूर्वप्रसंगसहित लोप भएका अंशको अध्याहार गर्न कक्षामै अभ्यास गराई सोही मात्रामा गृहकार्य समेत दिने ।

(३) मूल्यांकन विधि

उद्देश्य तथा विधेय तथा तिनको विस्तारको पढाइको मूल्यांकनका प्रयोजनका निम्ति निम्न लिखित तरीकाहरूको प्रयोग गर्नै :-

(क) सैद्धान्तिक सोदाहरण परिचय सोध्ने ।

(ख) लुप्त अंशको अध्याहार गर्न लगाउने ।

(ग) विस्तार तथा साक्षात् र परंपरासम्बन्धी रेखाचित्रण गर्न लगाउने ।

(घ) लामा वाक्यहरू दिई पृथक्करण (पारजिङ्ग) गर्न लगाउने ।

(ङ) उद्देश्य र विधेय मात्र भएका वाक्यहरू दिई तिनमा १० शब्दसम्म थपी विस्तार गर्न लगाउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. क्रिया तथा यसका कर्म वा पूरकहरूको शिक्षण

३.१. क्रियाबारे सैद्धान्तिक चर्चा

यस पाठ्यवस्तुका शिक्षणका क्रममा प्रथमत: क्रियाका बारेमा शिक्षकले आवश्यक उदाहरण दिई निम्नलिखित सैद्धान्तिक पृष्ठभूमिको ज्ञान गराउने :-

वाक्यमा क्रियाको स्थान सर्वोपरि छ । यदि कारकले वाक्यको शासन गर्दछ भने सो कारक पनि क्रियाकै अधीनमा हुन्छ । वाक्यमा क्रिया केन्द्रीय तत्वका रूपमा रहन्छ र अन्य तत्वहरू त्यसैद्वारा निर्धारित हुन्छन् । जस्तै :- रामले भाइलाई कुट्यो । यस वाक्यमा 'कुट्यो' क्रिया केन्द्रीय पदका रूपमा रहेको छ र यसै क्रिया-पदले नै कर्ता र कर्मलाई निर्धारित गरेको छ । क्रिया भन्नाले कार्य, स्थिति, प्रक्रिया, घटना वा परिणाम आदिसित सम्बन्धित कार्य व्यापार बुझिन्छ । जस्तै :-

राम भात खान्छ । (कार्य)
राम घरमा छ । (स्थिति)
भात पाक्यो । (प्रक्रिया)
राम मारियो । (घटना)

'क्रिया' शब्द विभिन्न तात्पर्यमा प्रयोग हुने गर्दछ । यस सन्दर्भमा 'क्रिया' का साथै 'धातु' र 'क्रियापद' तथा अन्य कतिपय शब्दहरूको चर्चा पनि प्रासङि्गक हुन जान्छ:-

(१) 'क्रिया' शब्द भाषिक अध्ययनका क्रममा र सामान्य प्रचलनमा यस प्रकार विभिन्न अर्थमा प्रयुक्त भएको देखिन्छ :

क) सामान्य व्यवहारमा 'छ', 'बस्', 'खा' धातुहरू-लाई समेत यदाकदा क्रिया पनि भनिन्छ ।

ख) 'गयो', 'जान्छ', 'खान्छ', आदिलाई पनि समापिका क्रियाका रूपमा व्यवहार गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग) 'गरेर', 'खाएर', 'गर्न', 'खांदा' जस्ता असमापिका क्रिया (पूर्वक्रिया, उत्तरक्रिया आदि) लाई पनि क्रिया भनिन्छ ।

घ) क्रिया पदविभाग अन्तर्गत नाम, सर्वनाम, विशेषण र अव्ययसितै एक पदविभागका रूपमा पनि मानिन्छ जसलाई संस्कृत व्याकरणकारहरू आख्यात भन्न रुचाउँछन् ।

(ङ०) धातुबाट कृदन्त वा तिङ०न्त प्रत्यय लागी असमापिका वा समापिका क्रियाका रूपमा निष्पन्न हुनुभन्दा अगाडिको गर् (नु) खुवाउ(नु) हाँचि(नु) गराइ(नु) जस्ता आधारपदलाई पनि क्रिया भन्ने चलन छ ।

च) संस्कृत व्याकरणकारहरू धातुका अर्थका रूपमा फल र व्यापारलाई स्वीकार गरी व्यापार भनेको साध्याव- स्थाको (क्रिया) हो भन्दछन् । यस सन्दर्भमा तिङ०न्त र कृदन्त दुवैमा रहने धात्वर्थ भावना, व्यापार वा क्रिया हो । जस्तै: 'सीता भात पकाउँछे' भन्ने वाक्यमा पकाउ(नु) को फल चामल उम्लिनु वा गलित भई भातका रूपमा परिणत हुनु फल हो भने पकाउने सिल- सिलामा गरिने यावत् कार्य र यत्न चाहिं व्यापार वा भावना हो जसलाई साध्यावस्थाको क्रिया मानिन्छ

(२) (क) 'धातु भन्नाले गर्नु, खानु आदि क्रियाको मूलरूप वा आधारपद गर्, खा, आदि बुझिन्छ । धातुका अर्थका दृष्टिले माथि (१) (च) मा चर्चित मान्यता पनि उपयुक्त नै ठहरिन्छ । सामान्यत: कुनै कृदन्त, तिङ०न्त वा अन्य पत्यय नलागेको छ, गर्, खा, जस्ता आधारपद नै धातु हुन् तापनि नामधातुमा चाहिं नाम, विशेषण र अव्यय शब्दमा धात्वर्थबोधक प्रत्यय लागी बनेका हुन्छन्। जस्तै :-

	धात्वर्थक प्रत्यय		नामधातु
नाम	रोग + आउ	=	रोगाउ(नु)
विशेषण	पहिलो + इ	=	पहिलि (नु)
अव्यय	भित्र + इ	=	भित्रि (नु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) धातुमा भाव-कर्म वाच्यार्थक र प्रेरणार्थक वा धात्वर्थ विस्तारक प्रत्ययसमेत लाग्न सक्छन् तापनि सामान्यत: धातुमा प्रत्ययका रूपमा कुनै प्रत्यय नलागी कल्पित प्रत्यय (शून्य प्रत्यय: पाणिनिले शून्य प्रत्ययलाई सर्वापहारी लोप भनेका छन्) लाग्दछन् । जस्तै :-

धातु	प्रत्यय					क्रिया	क्रियापद
	वाच्यार्थक		प्रेरणार्थक	धात्वर्थ विस्तारक	शून्य		
	भाव	कर्म					
टोक्	–	–	–	–	–	टोक्(नु)	टोक्छ
टोक्	–	इ	–	–	–	टोकि(नु)	टोकिन्छ
टोक्	–	–	आउ	–	–	टोकाउ(नु)	टोकाउँछ
टोक्	–	–	–	अस	–	टोकस्(नु)	टोकस्छ
मन्त्र	–	–	–	–	–	मन्त्र(नु)	मन्त्रन्छ

(३) क्रियापद भन्नाले लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव आदि रूपभेदक आदि लागी पदका रूपमा निष्पन्न भई पूरा कार्य, स्थिति, प्रक्रिया कार्य र व्यापार आदि बुझाई वाक्य समाप्त गर्न समापिका क्रियाको बोध हुन्छ । प्रचलित नेपाली व्याकरणका अनुसार असमापिका क्रिया अर्थात् वाक्य समाप्त नगर्ने (जाने, गएको, गएर, जांदा, जांदो, जान, गई जस्ता तद्धन्त प्रत्यय नलागेका) क्रियालाई क्रियापद मानिदैन ।

३.२ सकर्मक, अकर्मक, द्विकर्मक र पूरकापेक्षी क्रियाको शिक्षण

३.२.१. शिक्षणका सन्दर्भमा सैद्धान्तिक चर्चा

यस पाठ्यवस्तुको शिक्षणका क्रममा क्रियाका आधारभूत प्रकारहरू र तिनबाट बन्ने आधारभूत नेपाली वाक्यहरूका बारेमा अभ्यास गराउन अपेक्षित निम्नलिखित सैद्धान्तिक पृष्ठभूमि आवश्यक उदाहरणका साथ शिक्षकले विद्यार्थीहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) क्रियाहरू प्रचलित नेपाली व्याकरणअनुसार प्रथमत: दुई प्रकारका मानिएका छन् सकर्मक र अकर्मक । क्रियालाई अर्थका हिसाबले चाहिं दुई वर्गमा बांडिएको छ पूर्ण र अपूर्ण । अकर्मकमा कर्मरहित र सकर्मकमा कर्मसहित क्रियापदबाट मात्र कार्यव्यापार पूरा नबुझिई अर्थ पूरा गर्न अर्को पदको अपेक्षा जहां हुन्छ त्यस्ता क्रियापदलाई अपूर्ण क्रियापद मानी सो अर्थ पूरा गर्न वाक्यमा आउने कर्मभन्दा बेग्लै किसिमका पद-हरूलाई प्रचलित व्याकरणमा पूरक मानिन्छ र सो पूरकलाई अकर्मकमा कर्तृसम्बन्धी पूरक र सकर्मकमा चाहिं कर्मसम्बन्धी पूरकको संज्ञा दिएको पाइन्छ । जस्तै :-

	क्रिया		क्रिया		कर्म	पूरक	
वाक्य	पूर्ण	अपूर्ण	सकर्मक	अकर्मक	कर्म	पूरक	
						कर्तृ	कर्म
१) राम गयो ।				गयो			
२) राम भात खान्छ।			खान्छ		भात		
३) त्यो राम्रो छ ।				छ		राम्रो	
४) उनीहरूले कृष्णलाई नेता चुने ।			चुने		कृष्ण-लाई		नेता

(२) सामान्य भूत कालका सकर्मक क्रिया पदको कर्तामा `ले' रहने धातु जतिलाई सकर्मक र `ले' नलाग्ने जति धातुलाई अकर्मक ठह-याउने मोटामोटी चलन छ । परन्तु केही धातुमा यो नियम मिल्दैन (जस्तै: मैले नुहाएं । मैले खोकें) त्यसैले सकर्मक र अकर्मक धातुको पहिचानका निम्ति संस्कृत व्याकरणबाट लिन सकिने फलव्यापारसम्बन्धी सैद्धान्तिक आधार नै बढी उपयुक्त देखिन्छ जसअनुसार क्रियाको फल र व्यापार दुवै कर्तामा नै रहने धातुजति कर्म नहुने हुनाले अकर्मक र व्यापार चाहिं कर्तामा र फल चाहिं कर्ता भन्दा बेग्लैमा रहने धातु जति कर्म लिने (फल रहने) हुनाले सकर्मक ठहरिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) क्रियाहरू प्रचलित नेपाली व्याकरणअनुसार प्रथमत: दुई प्रकारका मानिस्का छन् सकर्मक र अकर्मक । क्रियालाई अर्थका हिसाबले चाहिं दुई वर्गमा बांडिएको छ पूर्ण र अपूर्ण । अकर्मकमा कर्मरहित र सकर्मकमा कर्मसहित क्रियापदबाट मात्र कार्यव्यापार पूरा नबुझिई अर्थ पूरा गर्न अर्को पदको अपेक्षा जहां हुन्छ त्यस्ता क्रियापदलाई अपूर्ण क्रियापद मानी सो अर्थ पूरा गर्न वाक्यमा आउने कर्मभन्दा बेग्लै किसिमका पद-हरूलाई प्रचलित व्याकरणमा पूरक मानिन्छ र सो पूरकलाई अकर्मकमा कर्तृसम्बन्धी पूरक र सकर्मकमा चाहिं कर्मसम्बन्धी पूरकको संज्ञा दिएको पाइन्छ । जस्तै :-

वाक्य	क्रिया		क्रिया		कर्म	पूरक	
	पूर्ण	अपूर्ण	सकर्मक	अकर्मक	कर्म	पूरक	
						कर्तृ	कर्म
१) राम गयो ।				गयो			
२) राम भात खान्छ।			खान्छ		भात		
३) त्यो राम्रो छ ।				छ		राम्रो	
४) उनीहरूले कृष्णलाई नेता चुने ।			चुने		कृष्ण-लाई		नेता

(२) सामान्य भूत कालका सकर्मक क्रिया पदको कर्तामा `ले' रहने धातु जतिलाई सकर्मक र `ले' नलाग्ने जति धातुलाई अकर्मक ठह-याउने मोटामोटी चलन छ । परन्तु केही धातुमा यो नियम मिल्दैन (जस्तै: मैले नुहाएं । मैले सोचें) त्यसैले सकर्मक र अकर्मक धातुको पहिचानका निम्ति संस्कृत व्याकरणबाट लिन सकिने फलव्यापारसम्बन्धी सैद्धान्तिक आधार नै बढी उपयुक्त देखिन्छ जसअनुसार क्रियाको फल र व्यापार दुवै कर्तामा नै रहने धातुजति कर्म नहुने हुनाले अकर्मक र व्यापार चाहिं कर्तामा र फल चाहिं कर्ता भन्दा बेग्लैमा रहने धातु जति कर्म लिने (फल रहने) हुनाले सकर्मक ठहरिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) (क) कतिपय सकर्मक क्रियाले चाहिं मूल कर्मका साथै अकथित कर्म पनि लिन्छन् । यस्ता क्रियालाई द्विकर्मक क्रिया भनिन्छ । जस्तै :

धातु	वाक्य	मूल(प्रधान)कर्म	अकथित(गौण)कर्म
दिनु	म भाइलाई पैसा दिन्छु ।	पैसा	भाइलाई

(ख) सकर्मक धातुबाट प्रेरणार्थक प्रत्यय लागी बनेका क्रिया पनि द्विकर्मक हुन्छन् । जस्तै :-

प्रेरणार्थक धातु	वाक्य	मूलकर्म	अकथित कर्म
खुवाउनु	आमाले छोरालाई भात खुवाइन् ।	भात	छोरालाई

(४) नेपाली क्रियाको संरचनात्मक अध्ययनका दृष्टिले कर्म र पूरकका सन्दर्भमा मुख्य रूपमा नेपाली क्रियाको निम्नलिखित वर्गीकरण गर्न सकिने देखिन्छ:

१. (क) कर्ता + विधेय पूरक + क्रिया- 'हुनु'

राम मेरो भाइ हो ।

राम धनी छ ।

(ख) उदासीन + कर्ता + विधेयपूरक + क्रिया -'हुनु'

मलाई यो कोट ठीक हुन्छ ।

(ग) कर्ता + पूरक क्रिया विशेषण + क्रिया -'हुनु'

राम घरमा छ ।

२. (क) कर्ता + अकर्मक क्रिया

मानिस मर्‍यो

(ख) कर्ता + पूरक क्रिया विशेषण + अकर्मक क्रिया

म घर पुग्छु ।

(ग) कर्ता + पूरक व्यापक + अकर्मक क्रिया

म रामसंग बाझेँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) शिक्षकले कक्षाका विद्यार्थीहरूबाट पनि भन्न लगाई १५-२० क्रिया श्यामपाटीमा लेखी क्रिया भनेको के हो भन्ने ज्ञान उदाहरणसहितका आधारमा गराउने । यिनै क्रियालाई विद्यार्थीहरू संगतका सहायताले छोटा छोटा (कर्म-पूरक लागेका र नलागेका) वाक्यमा प्रयोग गर्नै र गर्न लगाउने । आवश्यक सिद्धान्त-चर्चा र उपर्युक्त वाक्यगत उदाहरणको विश्लेषण तथा प्रश्नोत्तर समेत गरी गराई शिक्षकले विद्यार्थीलाई पूर्ण र अपूर्ण तथा अकर्मक, सकर्मक, द्विकर्मक क्रिया सम्बन्धी भेदमूलक (फरक-बोध) पहिचान गराउने र कक्षामा धातुका क्रिया भएको १५-२० वाक्यका बारेमा छलफल पनि गराउने अनि २० क्रिया तोकी वाक्यमा तिनको प्रयोग गर्न गृहकार्य दिने ।

(२) उपर्युक्त क्रममा विभिन्न पुस्तक-पत्रिकाबाट टिपी कक्षाकार्य र गृह कार्यका रूपमा सकर्मक, अकर्मक र द्विकर्मक तथा पूरकापेक्षी आदि क्रियाको वर्णानुक्रमिक सूची तयार गर्न पनि विद्यार्थी-हरूलाई लगाउने । जस्तै :-

(क) अकर्मक: आउ(नु), उड्(नु), खस्(नु), घट्(नु), चर्क(नु), जा(नु), ढल्(नु), दगुर्(नु), डुब्(नु), बढ्(नु), बन्(नु), बस्(नु), बह(नु), बाँच्(नु), मर्(नु), रह(नु), रु(नु), सड्(नु), सह(नु), सुत्(नु), हाँस्(नु), हिँड्(नु), आदि ।

(ख) सकर्मक: खा(नु), गन्(नु), गार्(नु), छु(नु), चाट्(नु), जित्(नु), जोत्(नु), डाक्(नु), देख्(नु), धु(नु), पकाउ(नु), पढ्(नु), पिट्(नु), भन्(नु), मार्(नु), लि(नु), लैजा(नु), समाउ(नु), सार्(नु), हेर्(नु) आदि ।

(ग) द्विकर्मक: दि(नु), बताउ(नु), भन्(नु), सोध्(नु), पठाउ(नु)।

(घ) पूर्ण:-
अकर्मक: आउ(नु), जा(नु), रु(नु) इत्यादि ।
सकर्मक: खा(नु), ल्याउ(नु), हेर्(नु) इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ०) अपूर्ण: (प्राय: पूरकापेदी):-

अकर्मक: पर्(नु), लाग्(नु), हु(नु) आदि ।

सकर्मक: गर्(नु), तार्(नु), तुल्याउ(नु), पार्(नु), बनाउ(नु), संम्झि(नु) आदि ।

(३) उपर्युक्त सबै प्रकारका क्रिया भएको उपयुक्त अनुच्छेद श्याम-पाटीमा लेखी, टिपाई वा लिथो गरी दिई विद्यार्थीहरूलाई सकर्मक, अकर्मक, पूरकापेदी आदि छुट्याई टिप्न लगाउने ।

(४) सकर्मक, अकर्मक र द्विकर्मक तथा पूरकापेदी क्रियाका दश-दश वाक्यात्मक उदाहरण खोजी ल्याउन गृहकार्य दिने ।

(५) विभिन्न प्रकारका क्रिया तोकी दिई वा कर्म-पूरक आदि स्पष्टिने गरी वाक्यमा प्रयोग गर्न अनुच्छेद लेख्न लगाउने ।

३.२.३. मूल्यांकन विधि

उपर्युक्त शिक्षणको मूल्यांकनका निम्ति चाहिं कर्म र पूरकका दृष्टिले क्रियाका सबै थरी प्रकारहरूको सोदाहरण परिचय दिन, विभिन्न प्रकारका १० क्रिया परेका उपयुक्त अनुच्छेद दिई क्रियाका विभिन्न प्रकारहरू र तिनका कर्मपूरक पहिचान्न र विभिन्न प्रकारका १० क्रिया दिई तिनलाई उपयुक्त वाक्यमा प्रयोग गर्न समेत लगाउन सकिन्छ ।

३.२.४ पाठ्य सामग्री

उपर्युक्त विषयवस्तु पढाउंदा अध्ययन गर्नु पर्ने सामग्री अंशहरू -

(१) मध्यचन्द्रिका ---------- पृष्ठ ७६-८२
(२) राम्रो रचना मीठो नेपाली ---------- पृष्ठ ३३
(३) नेपाली भाषा र व्याकरण ---------- पृष्ठ ५०
(४) नेपाली सजिलो व्याकरण ---------- पृष्ठ १६-१९
(५) भाषा प्रवेश नेपाली व्याकरण ---------- पृष्ठ ५६-५८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४. सङ्गति (मेल) र शासन (कारक-विभक्ति नियम) को शिक्षण

४.१ सङ्गति के हो ?

नेपाली वाक्यमा सङ्गतिको महत्वपूर्ण भूमिका छ। वाक्यमा सङ्गति भन्नाले पदहरूको बीच लिङ्ग, वचन-आदरार्थी तथा पुरुषको मेल अथवा तुल्यता बुझिन्छ। परम्परागत नेपाली व्याकरणअनुसार सङ्गति (मेल) का चार किसिम मानिएका छन्:-

(क) उद्देश्य र विधेय अर्थात् कर्ता र क्रियाका बीच मेल

(ख) नाम र सर्वनामका बीच मेल

(ग) विशेष्य र विशेषणका बीच मेल

(घ) भेद्य-भेदकका बीच मेल।

(क) उद्देश्य र विधेयका बीचको मेल वा सङ्गति भन्नाले कर्ता र क्रियाका लिङ्ग, वचन, आदरार्थी र पुरुषको तुल्यता बुझिन्छ अर्थात् कर्ताको जुन लिङ्ग, वचन, आदरार्थी रूप र पुरुष हुन्छ क्रियाको पनि सोही लिङ्ग, वचन, आदरार्थी रूप र पुरुष हुन्छ। जस्तै :

वाक्य	कर्ता	क्रिया	पु.	स्त्री.	एक.व.	बहु.व.	आदरार्थी	पुरुष १	पुरुष २	पुरुष ३
राम खान्छ।	राम	खान्छ	✓	–	✓	–	–	–	–	✓
सीता आई	सीता	आई	–	✓	✓	–	–	–	–	✓
तिनीहरू आए।	तिनीहरू	आए	✓	✓	–	✓	–	–		✓
उनी आए।	उनी	आए	✓	–	✓	–	✓	–	–	✓

परन्तु-

(१) आदरार्थी र आवश्यकताबोधक मिश्रितक्रिया भएमा कर्ताको लिङ्ग, वचन, पुरुष जे जस्ता भए पनि क्रियापद चाहिँ तृतीय पुरुष एक-वचन र पुलिङ्गी नै रहन्छ। जस्तै :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाक्य	कर्ता				मिल्ने क्रिया				अ[illegible]	[illegible]
	लिं.	लिं.	वचन	पुरुष		लिं.	वचन	पुरुष		औ[illegible]
[illegible]ज्यू [illegible] [illegible]नु भयो?	[illegible]उज्यू	स्त्री ✓	एक वचन ✓	तृतीय ✓	आउनु भयो	पु. स्त्री ✓	एक ✓	तृ. तीय ✓		
तपाईं जानुपर्छ।	तपाईं	पु. स्त्री	एक	तृतीय	जानु पर्छ	✓	✓	✓		

(२) एकवचनमा [illegible] [illegible] पुरुषको कर्ता भएमा क्रिया पनि एकवचन [illegible] [illegible] जस्तै [illegible] [illegible] भयो ।

(३) म, तिमी [illegible] [illegible] [illegible] हरु [illegible] ती कर्ताहरु र तिनका क्रियामा ठीक तुल्यता [illegible] [illegible] किसिमको भेद हुन्छ । जस्तै :-

[illegible], तिमी [illegible] [illegible] (यसमा कर्ताहरु तीनै पुरुषका एकवचन भएतापनि क्रिया चाहिं [illegible] पुरुष बहुवचन चाहिन्छ ।

(४) [illegible] [illegible] जोडिएका विभिन्न उद्देश्य (कर्ता) भएमा क्रियाको सांगति [illegible] [illegible] उद्देश्यसित हुन्छ र यस्ता [illegible] पूर्ववर्ती [illegible] [illegible] [illegible] लुप्त रहन सक्छ जस्तै :-

छोरो कि छोरी जान्छे ।

छोरी कि छोरो जान्छ ।

न स्याल न हामी आयौं ।

(५) [illegible] [illegible] [illegible] [illegible] कर्ता प्रायः लोप हुन्छ । जस्तै :- [illegible] [illegible] हेर्नु हुँदैन भन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६) खास प्रसङ्गमा उत्तरका रूपमा आएका निविष्ट वाक्य-खण्ड भएका संयुक्त वाक्य अन्तर्गतका ती निविष्ट वाक्य-खण्डको वचन र मूल वाक्य-खण्डको सन्दर्भ जे जस्तो भए पनि तृतीय पुरुष, पुलिङ्ग र एकवचन पनि हुन सक्छ। जस्तै :-

प्रसङ्ग: हिजो आज तपाईं के गर्नु हुन्छ ?

उत्तर : मेरो केही काम छैन, खायो, बस्यो ।

मूल वाक्य खण्ड : मेरो केही काम छैन ।

निविष्ट वाक्य खण्डहरू: खायो, बस्यो ।

(७) कर्मवाच्यमा चाहिं कर्तृ वाच्यको कर्म नै वाच्य (विधेय वा क्रियाद्वारा जसका बारेमा केही भनिएको छ, सो) हुने भएकाले वाक्यगत बाह्य संरचनामा कर्म नै कर्ताको रूपमा प्रयुक्त हुन्छ सो कर्म र क्रियाका बीच लिङ्ग, वचन, पुरुष आदिको तुल्यता वा सङ्गति हुन्छ । जस्तै :-

कर्तृवाच्य : (प्रहरीले) बदमासहरूलाई पक्र्यो ।

कर्मवाच्य : बदमासहरू पक्रिए ।

सङ्गति : कर्ताका रूपमा प्रयुक्त कर्म 'बदमासहरू' र कर्मवाची क्रिया 'पक्रिए' का बीच ।

(८) भाववाच्यमा चाहिं भाववाची अकर्मक क्रियाद्वारा भाव नै (कर्ता कर्म नभई) वाच्य (विधेय वा क्रियाद्वारा जे भनिएको छ, सो) हुने भएकाले कर्ता सामान्यत: लुप्त हुन्छ र क्रिया नित्य नै तृतीय पुरुष एक वचनमा हुन्छ ।

जस्तै :-

कर्तृवाच्य : म सुतें ।

भाववाच्य : सुतियो ।

सङ्गति : कर्ता लुप्त भई भाव प्रधान हुने हुंदा संगति नदेखिने र क्रिया सधै अन्य पुरुष एकवचनमा हुने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:

भाववाच्यमा कर्ता लुप्त नभएका खण्डमा सो कर्ता समावेशात्मक (सबै पुरूषको समावेश बुझाउने किसिमको) या अप्रतिबद्ध (पुरूष विशेषप्रति प्रतिबद्ध नभएको) हुन्छ। जस्तै :-

समावेशक : हामी सबै मरिन्छ।

अप्रतिबद्ध : आफू त घर गइन्छ।

(८) सङ्केतार्थक संयुक्त वाक्यमा एक वाक्यखण्ड कर्तृवाच्य र अर्को वाक्यखण्ड कर्म वा भाव वाच्यको भएमा र यी वाक्य खण्डले सामान्यीकृत तात्पर्य बुझाएमा दुवै वाक्यखण्डको क्रिया तृतीय पुरूष एकवचनमा हुन्छ र प्रायः कर्ता लोप हुन्छ। जस्तै :-

सङ्केतार्थक सामानीकृत तात्पर्य बुझाउने वाक्य	वाक्यखण्डहरू
मिहिनेत गऱ्यो भने उत्तीर्ण भइन्छ।	(क) मिहिनेत गऱ्यो (भने) (ख) उत्तीर्ण भइन्छ।
राम्ररी पढियो भने उत्तीर्ण भइन्छ।	(क) राम्ररी पढियो (भने) (ख) उत्तीर्ण भइन्छ।
उत्तीर्ण भइन्छ भने पढिन्छ।	(क) उत्तीर्ण भइन्छ (भने) (ख) पढिन्छ।

यी वाक्यहरूमा पुरूष विशेषभन्दा सामान्यीकृत तात्पर्य हुनाले नै दुवै वाक्य-खण्डका क्रिया तृतीय पुरूष एकवचनमा आएका छन् र यिनका कर्ता लुप्त रहन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) नाम र सर्वनामका बीच मेल

सर्वनाम जुन नामका ठाउँमा आएको हो सोही नामकै अनुसार सर्वनामका लिंग, वचन हुन्छन् र सोही अनुरूप सर्वनाम र क्रियाका बीच तुल्यता वा मेल हुन्छ। जस्तै :-

ए मन, तं कति रुन्छस् ?

ती राम गए जो हिजो आएका थिए।

राम गए। ती भोलि आउनेछन्।

गीता गोविन्दकी स्वास्नी हुन्। तर (गीता) उनकी (गोविन्दकी) प्यारी थिइन्।

(ग) विशेष्य-विशेषणका बीच मेल - विशेष्यको जुन लिंग, वचन र पुरुष हुन्छ, विशेषण पनि सोही अनुसारको भई तुल्यता वा मेल हुन्छ। जस्तै:-

संरचना		विशेषण	विशेष्य
(१) पदावली	सेतो घोडा	सेतो	घोडा
	काली केटी	काली	केटी
	सेता घोडाहरू	सेता	घोडाहरू
	घोडाहरू लेखिएका कुराहरू	लेखिएका	कुराहरू
(२) वाक्यखण्ड	जुनकेटीहरू	जुन	केटीहरू
	फुर्तिला	फुर्तिला	
	हुन्छन्		
(३) वाक्य	राम्रा र गहकिला	राम्रा र	किताबहरू
	किताप पढ्नुपर्छ।	गहकिला	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:

(१) स्त्रीलिंगी विशेष्य बहुवचन भए विशेषण पुलिंग सरह नै हुन्छ । जस्तै :-
राम्रा केटीहरू ।

(२) उच्चतम आदरार्थी स्त्रीलिंगी विशेष्य एकवचन साल कामा भए तापनि विशेषण पुलिंगी तिर्यक् रूपमा प्रकट हुन सक्छ जस्तै :-
बडा महारानी । माहिला अधिराजकुमारी ।

(घ) भेद्यभेदकको मेल

विशेषण सरहका भेदक (सम्बन्धवाचक षष्ठी लागेका शब्द) र तिनका भेद्य (विशेष्य) का बीच विशेष्य-विशेषणमा भए जस्तै तुल्यता वा मेल हुन्छ । जस्तै :-

भेदक	भेद्य
रामको	घोडा
रामका	घोडाहरू
रामकी	छोरी
रामका	छोराहरू
आफ्नी	आमा
तिम्रा	गुरूहरू आदि ।

४.२ शिक्षण विधि

उपयुर्क्त मेलका नियमको सैद्धान्तिक ज्ञान र अभ्यास शिक्षकले विद्यार्थीहरूलाई निम्नलिखित अनुसार गराउने :-

१) शिक्षकले सङ्गति (मेल) का दृष्टिले उपयुक्त नमूना वाक्यहरू श्यामपाटीमा लेखी शिक्षार्थीलाई मेल वा सङ्गति भनेको के हो र यसको के महत्त्व छ भनी यसका के कति र तिनमा लिंग, वचन, पुरूष आदिको के कस्तो तुल्यता हुन्छ भन्ने कुरा सम्बन्धित उदाहरणको व्याख्या र विश्लेषण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दै अवगत गराउने र मेलका विभिन्न प्रकार तथा तत्सम्बन्धी नियम र उदाहरण र प्रश्नोत्तर विधिद्वारा कक्षामा अभ्यास पनि गराउने तथा तिनका अन्य पांचपांच उदाहरण लेखी ल्याउन गृहकार्य पनि दिने र सो हेरी सामान्य सामूहिक टिप्पणी गरिदिने । यस क्रममा प्रथमतः तुल्यतामूलक सङ्गति र त्यसपछि विशेष किसिमको सङ्गतिबारे अभ्यास गराउने ।

२) मेलका विभिन्न प्रकार परेका उपयुक्त अनुच्छेद श्यामपाटीमा लेखी, मुखैले भनी टिपाई वा लिथो गराई दिई तिनीहरूलाई पहिचान्न र कारणसहित मेलको व्याख्या गर्न कक्षा-कार्य वा गृहकार्यका रूपमा दिने ।

३) मेलका दृष्टिले विभिन्न प्रकारका प्रायः भइरहने प्रशस्त(२०-२५ नै) गल्ती भएको कुनै अनुच्छेद उपर्युक्त प्रकारले नै दिई सो कक्षा-कार्यका रूपमा कारण समेत जनाई शुद्ध गर्न लगाउने र गृहकार्यका रूपमा चाहिं यस्तै अर्को अनुच्छेद दिई शुद्ध गर्न लगाउने ।

४) विभिन्न प्रकारका उद्देश्यहरू वा विधेयहरूमध्ये एक मात्र(उद्देश्य वा विधेय भाग मात्र, तर सो चाहिं विभिन्न किसिमको) दिई सो पूरागरी वाक्य बनाउन लगाउने, त्यस्तै किसिमले विशेष्य वा विशेषण मध्ये कुनै एक र भेद्य-भेदकमध्ये कुनै एक मात्र दिएर पनि सो पूरा गरी वाक्य बनाउन लगाउने ।

५) क्याम्पसका सम्बन्धित विद्यार्थीहरूको लेखाइ-बोलाइमा पाइने सङ्गति सम्बन्धी सामान्य त्रुटि क्षेत्रको अध्ययन गरी पाठ्य तयार गर्ने र सो वितरण गरी ती त्रुटिहरूका बारेमा छात्र-छात्रालाई सावधान तुल्याउने ।

६) सबै किसिमका सङ्गतिका नमूना पर्ने गरी सानो एक अनुच्छेद लेख्न लगाउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४.३ मूल्यांकन विधि

मेलको शिक्षणको मूल्यांकनका निम्ति निम्नलिखित तरीका अंगाले :-

(१) मेल वा सङ्गति र यसको महत्व तथा किसिमबारे सोदाहरण परिचय मागी प्रश्न सोध्ने ।

(२) कुनै उपयुक्त अनुच्छेद दिई त्यसका मेलसम्बन्धी विभिन्न गल्तीहरू सच्याउन लगाउने ।

(३) मेलका विभिन्न प्रकारका दश गल्ती भएको अनुच्छेद दिई कारण सहित शुद्ध गर्न लगाउने । यस क्रममा तुल्यतामूलक र विशेष किसिमको सङ्गति दुवैका गल्ती भएको अनुच्छेद राख्ने।

(४) कुनै उपयुक्त अनुच्छेद दिई विभिन्न प्रकारका मेलहरू पहिचानी टिप र तिनका किसिम बताउन लगाउने । त्यस्तै उक्त अनुच्छेदमा मेलहरू रेखांकित गरी तिनका किसिम मात्र पनि सोध्न सकिन्छ ।

(५) उद्देश्य-विधेय सम्बन्धी वा विशेष्य-विशेषण सम्बन्धी वा भेद-भेदक सम्बन्धी कुनै एक (उदाहरणार्थ उद्देश्य, भेद्य वा विशेषण) दिई अर्को अंश (विधेय भेदक वा विशेष्य) पूरा गरी वाक्य बनाउन लगाउन दशवटा अंश दिने ।

४.४ पाठ्य सामग्री

उपर्युक्त पाठ्यवस्तु सिकाउंदा अध्ययन गर्नु पर्ने सामग्री - अंशहरू-

(१) मध्यचन्द्रिका ———————— पृष्ठ १७४-१७८
(२) नेपाली सजिलो व्याकरण ———— पृष्ठ ५७-५८
(३) राम्रो रचना मीठो नेपाली ———— पृष्ठ ५९-६४
(४) रचना केशर ———————— पृष्ठ १६७-१७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. शासन, (कारक तथा विभक्ति नियम) को शिक्षण

५.१ सैद्धान्तिक चर्चा

(क) शासनको तात्पर्य

भाषामा वाक्य नै आधारभूत एकाइ हो भने यसको शासन भन्नाले वाक्य शासन बुझिन्छ र कारक र विभक्तिले नै वाक्यको यस शासन व्यवस्थाको मूल संचालन गरेका हुन्छन् । कारक भन्ने कुरा क्रियासित सम्बन्धित हुन्छ । त्यसैले कारकलाई क्रियाधीन ठानिन्छ र क्रियान्वयित्व नै कारकको लक्षण मानिन्छ ।जस्तै:-

वाक्य	क्रिया	कारक
मैले भात खाएं ।	खाएं	मैले कर्ता, भात कर्म

वास्तवमा वाक्यमा शासन भन्नाले क्रियाको किसिमद्वारा कर्ता, कर्म, उदासीन वा प्रापक पदहरूका सविभक्तिक रूपहरू शासित हुने कार्य भन्ने बुझिन्छ । यस्ता सविभक्तिक पदहरूले कारकलाई पनि चिनाउने काम गर्दछन् । जस्तै :-

वाक्य	क्रियाको किसिमक	कर्ता	कर्म	उदासीन	प्रापक
मैले भात खाएं ।	सकर्मक	मैले	भात	-	-
मलाई भोक लाग्यो	अकर्मक(उदासीन)	भोक	-	मलाई	-
म रामसंग बाझें	अकर्मक	म			रामसंग

उपर्युक्त उदाहरणहरूमा क्रियाको प्रकृतिअनुसार कर्ता,कर्म, उदासीन प्रापक आदि पदहरूमा विभक्तिको शासन अर्थात् ले, लाई, संग के कस्तामा लाग्ने भन्ने निर्धारण भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:

१) उदासीन भन्नाले खास किसिमका (मानसिक अनुभूति बुझाउने अकर्मक क्रियाले विवक्षा गरेको सो अनुभूति गर्ने पद नै उदासीन पद हो । जस्तै:- 'मलाई भोक लाग्यो' मा 'लाग्यो' क्रियाको कर्ता 'भोक' हो भने सो 'भोक' अनुभव गर्ने मलाई को उदासीन पद हो, यहां उदासीनको तात्पर्य खासकार्यसंपादन गर्ने नभई सो अनुभूति गर्ने पद भन्ने बुझिन्छ र यी उदासीन पद प्राय: प्राणिवाचक हुन्छन् ।

२) प्रापक भन्नाले खास किसिमका क्रियाले विवक्षा गरेको कर्ता वा कर्मबाहेक अर्कै त्यस्तो पद हो, जसले क्रियाको अर्थले विवक्षा गरेको 'हेतु' लाई बुझाउंछ । यस्ता पदहरू वाक्यमा क्रियाका पूरक भएर आउंछन् । जस्तै :-

कर्ता	प्रापक-पूरक	क्रिया
म	रामसंग।सित	बाझें ।

उपर्युक्त वाक्यमा 'बाझ्(नु) क्रियाको कर्ता 'म' हो भने 'रामसंग।सित' पद चाहिं प्रापक हो। यहां बाझ्ने कुरा रामसंग छ अर्थात् झगडाको हेतु राम हो । यस्ता अन्य वाक्य हुन् :

म बाघसंग।सित।देखि डराउंछु

वा

मलाई बाघसंग।सित।देखि डर लाग्छ ।

३) समापिका क्रियापद झैं असमापिका क्रियाका पनि कर्ता, कर्म आदि कारकहरू हुन्छन् । यी दुईमा भिन्नता पूरा कुरा बुझाउनु र सो बुझाउन नसक्नामा देखिन्छ भने पद विभागका दृष्टिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाहिं समापिका क्रियापद आफैंमा एक पदविभाग हो भने कृदन्त क्रिया चाहिं धात्वर्थको कारणले चाहिं पद विभागका रूपमा नाम, विशेषण र अव्यय भई तदनुरूप कार्य पनि गर्न सक्तछन् । यी कृदन्त क्रियालाई गौण क्रिया भन्ने चलन छ । त्यसैले यिनले कारक तथा विभक्ति पनि लिन्छन् । जस्तै :-

वेद पढ्नु राम्रो हो (पढ्नु: कर्ता) ।

मैले भात खान थालें (मैले कर्ता, भात कर्म, खान चाहिं उत्तर क्रियाका रूपमा कृदन्त अव्यय) ।

पानी नपरेर खडेरी चल्यो । नपरेर: पूर्वकालिक कृदन्त क्रिया (अव्यय) ।

(ख) विभक्तिका बारेमा

वाक्यअन्तर्गत आउने विभिन्न पदहरूको क्रियासितको साक्षात् सम्बन्ध र ती पदहरूका बीचको पारस्परिक सम्बन्ध जनाउने काम विभक्तिहरूले गरेका हुन्छन् । पदहरूले यो विभक्ति-चिन्ह 'ले', 'लाई' आदि लिन वा नलिन पनि सक्छन् । प्रचलित नेपाली व्याकरणअनुसार प्रथमादेखि सप्तमीसम्मका सात विभक्तिहरू प्रसिद्ध छन्:

प्रथमा	ले, बाट
द्वितीया	लाई, कन
तृतीया	ले, बाट
चतुर्थी लाई,	लाई, लागि, निम्ति, निमित्त, के
पंचमी	देखि(न्), बाट
षष्ठी	को, का, की, रो, रा, री, नो, ना, नी,
सप्तमी	मा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:

१) नेपाली भाषाका विभक्तिहरूलाई मोटामोटी रूपले तीन वर्गमा बाँड्न सकिन्छ । पहिलो वर्गमा त्यस्ता विभक्ति आउँछन् जसको कुनै आफ्नो स्वतन्त्र अर्थ त्यति परिलक्षित हुँदैन तथा यिनको र पदका बीचमा अपेक्षित रूपमा बन्द विराम हुन्छ । यस कोटिका विभक्तिहरू माथि दिएका प्रथमा देखि सप्तमी सम्मका हुन् ।

२) दोस्रो वर्गमा त्यस्ता विभक्तिहरू आउँछन् जसको आफ्नै स्वतन्त्र अर्थ केही मात्रामा स्पष्ट जस्तो हुन्छ तापनि यी स्वतन्त्र रूपमा शब्द जस्तो एक्लै प्रयुक्त हुन सक्दैनन् । यस्ता विभक्तिलाई परंपरावादी व्याकरणमा विभक्ति नभनी 'नामयोगी' भन्ने नाम दिइएको छ । विरामका दृष्टिले चाहिं यस्ता विभक्ति र पदहरूका बीच केही खुला विराम हुन्छ । जस्तै :-

तिर, तर्फ, पट्टि

भन्दा, संग, सित, द्वारा

नेर, बाट, तिरो, पट्टि इत्यादि ।

३) तेस्रो वर्गमा विभक्तिको कार्य गर्ने त्यस्ता शब्द पाइन्छन् जुन अव्ययका रूपमा स्वतन्त्र पद भएर पनि 'नामयोगी' भई कार्य गर्न सक्तछन् । जस्तै :- भित्र, बाहिर, केर, पछि, माथि, मुनि आदि ।

विभक्तिहरू वाक्यअन्तर्गत निम्नलिखित किसिमले लाग्न सक्तछन् :

१) क्रियापदसित साक्षात् सम्बन्ध जनाउने गरी कारकको चिन्हका रूपमा । जस्तै:- रामले काम गर्‍यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस वाक्यमा `गर्नु` क्रियासित रामको साक्षात्
सम्बन्ध भएकाले `राम` कर्ता कारक हो र यस कारकको
चिन्ह स्वरूप `ले` विभक्ति `राम` मा लागेको छ ।

२) भेद्यसित सम्बन्ध गराउने गरी भेदकका रूपमा: जस्तै:-
यो रामको घोडा हो ।
यस वाक्यमा `राम` पदको सीधा सम्बन्ध `घोडा`
पदसित छ । यस सम्बन्धलाई `को` विभक्तिले प्रकट
गरेको छ । यो सम्बन्धद्योतक विभक्ति हो ।

३) असमापिका क्रियासित: जस्तै ओखती खाएमा रोग
चाँडै निको हुन्छ ।
यस वाक्यमा असमापिका क्रिया `खाए` सित `मा`
विभक्ति जोडिएको छ ।

(ग) विभक्ति-नियम

वाक्यअन्तर्गत क्रियासित सीधारूपमा वा अन्य विभिन्न पदहरूका बीच पारस्परिक सम्बन्ध बुझाउने विभक्तिहरू के कस्ता पदसित कुन किसिमले लाग्दछन् भन्ने नियमलाई विभक्ति-नियम भनिन्छ । वस्तुत: क्रियाको किसिमद्वारा कर्ता, कर्म आदिमा के कस्ता विभक्ति लाग्छन् भन्ने कुरा शासित हुनु नै विभक्ति-नियम हो । यसका बारेमा प्रचलित नेपाली व्याकरणहरूमा विस्तार पूर्वक चर्चा गरिएको छ जसको मोटामोटी परिष्कार यस प्रकार गर्न सकिन्छ :

(१)ले: यो विभक्ति कर्तृवाच्यमा कर्तासित निम्नलिखित
अवस्थामा मात्र लाग्दछ:-

१) अकर्मकमा विध्यर्थक `नू` लागेका क्रियासित आउने
कर्तामा वैकल्पिक रूपमा । जस्तै: तं जानू वा
तैंले जानू ।

२) आवश्यकता बोधक अभिप्राय बुझाउने अकर्मक
क्रियाको कर्तामा वैकल्पिक रूपमा । जस्तै:-
म।मैले जानु पर्छ ।
म।मैले पर्खिला हुनु छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३) कर्तृ वाच्यमा सकर्मक क्रियाको कर्तामा निम्नलिखित अवस्थामा 'ले' लाग्दछ :-

(क) सामान्य भूत । मैले भात खाएं ।

(ख) भूत कृदन्त: मैले खाएको, मैले गरेरा गरी ।

(ग) सामान्य सङ्केतार्थ: मैले खाए, बेस होला।

(घ) विध्यर्थमा - 'नू' तैले लिनू ।

४) खास-खास सकर्मक क्रियाका खास खास कर्तामा सबै अवस्थामा 'ले' लागेको देखिन्छ । जस्तै :- हावाले उडाउंछ । आगाले पोल्छ । खोलाले बगाउंछ । पापले गिराउंछ । कुकुरले टोक्छ । झींगाले हैजा फिंजाउंछ । आदि ।

द्रष्टव्य:

उपर्युक्त उदाहरणहरूमा प्राय: कुनै शाश्वतिक भाव बुझाएको जस्तो झल्किन्छ र वाक्यका संरचनामा कर्ताका रूपमा आएका पदहरूले आन्तरिक संरचनामा चाहिं करण-कर्ताको कार्य गरेजस्तो बुझिन्छ । यस्ता क्रियाका खासखास कर्तामा लाग्ने 'ले' विभक्तिका बारेमा अध्ययन अपेक्षित छ ।

५) सकर्मक क्रियाका कर्तामा अन्य अवस्थामा चाहिं 'ले' विभक्ति प्राय: विकल्पले लाग्दछ । जस्तै: बत्तीले । बत्ती प्रकाश दिन्छ ।
तं । तैंले भाईलाई भात खुवाउंछस् ।

६) पदावली वा वाक्यस्थानिक यो, त्यो, ऊ आदि सर्वनामसित र -नु, -एको जस्ता कृदन्त पदसित पनि 'ले' विभक्ति लाग्दछ । जस्तै:- यसैले, त्यसैले, हुनाले, भएकाले आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७) जसकाद्वारा क्रिया हुन्छ, त्यो करण कारकमा नामपदसित `ले` विभक्ति लाग्दछ । जस्तै:- राम चक्कुले मूला काट्छ ।

(२)लाई: सकर्मक क्रियाको कर्तृ वाच्यका प्राणिवाचक कर्म पदमा प्राय: यो लाग्दछ । द्विकर्मक क्रियाको अकथित कर्म पदमा र उदासीन-अकर्मक क्रियाको उदासीन पदमा पनि `लाई` लाग्दछ । जस्तै :-

कर्मपद : म रामलाई कुट्छु ।

अकथित पूर्णपद : म भाईलाई कलम दिन्छु ।

उदासीन पद : मलाई भोक लाग्यो ।

द्रष्टव्य:

सकर्मक क्रियाको कर्तृ वाच्यको अप्राणिवाचक कर्म पदमा प्राय: लाई लाग्दैन र द्विकर्मक क्रियाको मुख्य कर्म पदमा पनि `लाई` विभक्ति लाग्दैन ।

(३)देखि(न्): निम्नलिखित अवस्थामा यो विभक्ति लाग्दछ:

(१) दिशा र काल सम्बन्धी व्याप्ति वा हद बुझाउंदा जहांदेखि सो व्याप्ति वा हद शुरु हुन्छ। त्यस पदमा `देखि(न्)` लाग्दछ । जस्तै :- मेचीदेखि पश्चिम, सोमबारदेखि पानी पर्छ ।

(२) डर, लाज, रिस आदि मानसिक भाव बुझाउने क्रियाका प्रापक पदमा देखि(न्) विभक्ति लाग्दछ। जस्तै:-

कृष्ण रादेखि रिसायो ।

म बाघदेखि डराउन्न ।

बुहारी ससुरादेखि लजाउंछे ।

द्रष्टव्य:

उपर्युक्त किसिमका क्रियाका प्रापक पदमा वैकल्पिक रूपमा संग। सित पनि लाग्न सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३) सङ्केतार्थक कृदन्त पदमा पनि `देखि (न्)` लाग्दछ । जस्तै:- पानीपदेखि शीतल हुन्थ्यो

(४)<u>बाट</u>: निम्नलिखित अवस्थामा चाहिं यो विभक्ति लाग्दछ:

(क) जसबाट कुनै कुरा वियोग हुनु भन्ने बुझिन्छ सो पदमा जस्तै:-

म काठमाडौंबाट आएको हुं ।

म घोडाबाट लडें ।

द्रष्टव्य:

१. दिशा र कालको व्याप्ति नबुझिई सामान्य विभाग बुझाउंदा `बाट` विभक्ति लाग्दछ ।

२. डर, बांच्नु आदि क्रिया जसबाट हुन्छ त्यस पदमा `बाट` लाग्दछ । जस्तै:-

राम रोगबाट बांच्यो ।

त्यसबाट यो काम हुदैन ।

(ख) १. कर्तृ वाच्यमा विशेष सम्मान बुझाउंदा कर्तामा `ले` का सट्टामा `बाट` पनि लाग्न सक्तछ । जस्तै :-

श्री ५ बाट हुकुम भयो ।

गुरुजूबाट आज्ञा भयो ।

२. कर्तृवाच्यको कर्ता कर्म वाच्यमा परिवर्तन हुंदा `बाट` (अथवा `द्वारा`) लाग्न सक्तछ जस्तै:-

पाइपबाट।द्वारा पानी टाढा टाढा पुऱ्याइन्छ ।

बाघबाट।द्वारा मृग मारिन्छ ।

(५)<u>को</u>: यो विभक्ति निम्नलिखित अवस्थामा लाग्दछ :

भेद्य र भेदकका बीचको सम्बन्ध बुझाउंदा भेदक पदमा: जस्तै:- रामको घर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:

१. `को` विभक्तिका लिंग र वचनअनुसार रूप चल्दछन् । जस्तै:- रामकी छोरी ।
रामका छोराहरू ।

२. यसका अन्य रूप हुन् :
आफ् + को = आफ्नो
तिमी + को = तिम्रो
हामी + को = हाम्रो

(६) मा: यो विभक्ति निम्नलिखित अवस्थामा लाग्दछ:

(क) क्रियाको आधार, देश, काल र विषय बुझाउने पदमा । जस्तै:-
राम मेचमा बस्छ ।
नेपालमा पशुपतिनाथको महिमा छ ।
दशैं शरद् ऋतुमा पर्दछ ।
पढ्नमा मेरो रूचि छ ।

द्रष्टव्य:

१. स्थान र समयवाचक नाम पदमा चाहिं `मा` विभक्ति विकल्पले लाग्दछ । जस्तै:-
म वन(मा) जान्छु
राम घर(मा) छ ।

२. उपर्युक्त नाम पदहरू निर्विभक्तिक रूपमा उपर्युक्त अवस्थामा प्रयोग हुंदा अव्ययवत् हुन्छन् तथा यिनको स्तरीय उच्चारण अजन्त हुन्छ तापनि सामान्य बोलचालमा यो `अ` लोप हुंदै गएको छ ।

३. उपर्युक्त (अ) लाई `मा` विभक्तिको अर्को रूप मान्ने दृष्टिकोण पनि पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) सङ्केतार्थ कृदन्त पद (आए, गर आदि) मा पनि विकल्पले 'मा' लाग्न सक्छ । जस्तै:
पानी परे(मा) सहकाल हुन्छ ।

(७) अन्य विभक्तिहरू:

माथि चर्चित मुख्य विभक्तिका अतिरिक्त अन्य अनेकौं विभक्तिहरू पनि नेपाली भाषामा छन् जसमध्ये केही तल दिइस्का छन् :-

सितासँग, साथ, संगसँगै, सहित, समेत	= साथ
तिर, तर्फ, पट्टि	= 'दिशा'
भित्र, बाहिर, माथि तल, मुनि	= 'देशकालको अवस्थिति'
विषे, बारे, उपर	= 'विषयमा'

(घ) कारकका बारेमा

प्रचलित नेपाली व्याकरणमा प्रथमादेखि सप्तमीसम्मको सात वर्गमा विभक्तिहरूलाई बाँडिस्को पाइन्छ । यो वर्गीकरण भाषामा देखिस्का विभिन्न विभक्तिहरूलाई तिनीहरूको अर्थगत र कार्यगत समधार्मिकताका आधारमा स्कस्क कारकका चिन्हका रूपमा समूहीकरण गर्दै प्रथम (T), द्वितीय (T), तृतीय (T), चतुर्थ (T), पन्चम(T), षष्ठ (T) र सप्तम(T) भन्ने संख्यागत क्रमबद्ध विभाजन हो । यस तथ्यलाई निम्नलिखित तालिकाद्वारा स्पष्ट गर्न सकिन्छ:

विभक्ति संख्या	विभक्तिको नाम	विभक्तिहरू	कारक	अर्थ
१	प्रथमा	ले, बाट	कर्ता	'क्रियाद्वारा अभिहित कार्य गर्ने, प्रक्रियामा जाने वा घटित हुने'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभक्ति संख्या	विभक्तिको नाम	विभक्तिहरू	कारक	अर्थ
२	द्वितीया	लाई	कर्म	`क्रियाजन्य (क्रियाबाट हुने) फल वा असरको आश्रय(फल वा असर जसमा रहन्छ त्यो)`
३	तृतीया	ले,द्वारा, बाट	करण	`क्रियाको फल(असर) पैदा हुनामा अत्यावश्यक हेतु वा कारण`
४.	चतुर्थी	लाई,लागि, निम्ति,के, निमित्त	संप्रदान	`क्रियाद्वारा लक्षित वा उद्देश्यित`
५.	पञ्चमी	बाट।देखि(न्)	अपादान	`विश्लेष (छुट्टिने), क्रियाको अवधि`
६.	षष्ठी	को,का,की रो,रा,री नो,ना,नी	सम्बन्ध	`सम्बन्ध वा स्वामित्व`
७.	सप्तमी	मा,महाँ,अ निरो,आदि	अधिकरण	`क्रियाको आधार वा आश्रय`

द्रष्टव्य:

परम्परागत नेपाली व्याकरणमा प्रथमा विभक्तिकै विशेषरूप सम्बोधन पनि आठौं विभक्तिका रूपमा समाविष्ट छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रचलित नेपाली व्याकरणमा विभक्तिहरूलाई दुई वर्गमा बांडिएको छ - (१) कारक - विभक्ति र (२) सम्बन्ध- विभक्ति। वाक्य-अन्तर्गत क्रियासंग सीधा सम्बन्ध राख्ने नाम-पदमा लाग्ने विभक्तिहरूलाई कारक मानिन्छ, किनभने यस्ता विभक्तिहरूले कारकलाई प्रकट रूपमा जाहेर गर्दछन् । अत: कारक विभक्तिहरू कारकका चिन्ह हुन् । यस सन्दर्भमा षष्ठी बाहेक अन्य संपूर्ण विभक्तिहरू कारक विभक्ति मानिन्छन् । तर षष्ठी विभक्ति सीधा क्रियासित सम्बन्धित नभई आफ्ना भेद्य(नाम) सित प्रथमत: अन्वित भई सो भेद्य(नाम) का माध्यमबाट मात्र क्रियासित सम्बन्धित हुने हुनाले सम्बन्ध-विभक्ति मानिन्छ । कारक भन्नाले वाक्य अन्तर्गतका नामहरू र सो वाक्य-संरचनाका घटकहरू बीचको अर्थगत दृष्टिले सम्बद्ध वाक्यात्मक सम्बन्ध हो भन्ने पनि दृष्टिकोण पाइन्छ । यसअनुसार वाक्य संरचनामा क्रियाको स्थान महत्वपूर्ण हुंदाहुंदै पनि समुच्चा वाक्य संरचना र तदन्तर्गतका नामहरूका बीचका आर्थिक वाक्यात्मक सम्बन्धमा नै बढी जोड दिइकाले क्रियासित अप्रत्यक्ष सम्बन्ध हुने षष्ठी जस्तो विभक्ति पनि कारक-विभक्ति मानिन्छ । विभक्ति र कारकका बीचको सम्बन्धमा के कुरा प्रष्ट हुन आवश्यक छ भने एउटै कारकका एक वा एकभन्दा बढी विभक्ति चिन्ह हुन सक्छन् वा विभक्ति नै नलाग्न वा वैकल्पिक रूपमा लाग्न पनि सक्छन् । त्यस्तै एक भन्दा बढी कारकका निम्ति उही विभक्ति पनि लाग्न सक्छ । जस्तै:-

वाक्य	कारक	विभक्ति	क्रिया
१) सीता रोई	कर्ता सीता	-	रोई अकर्मक
२) तैंले भात खानू !	कर्ता तैंले	ले	खानू सकर्मक
३) तैंले घर जानू !	कर्ता तैं	ले	जानू अकर्मक
४) म भाइलाई कुट्छु ।	कर्म भाइ	लाई	कुट्छु सकर्मक
५) म भात खान्छु ।	कर्म भात	-	खान्छु ,,
६) म रामलाई/रामसंग भेट्छु ।	कर्म राम	लाई/संग	भेट्छु ,,
७) रामले भात खायो ।	कर्ता राम	ले	खायो ,,
८) रामले चक्कुले कलम तिखा-यो	कर्ता राम	ले	तिखा-यो सकर्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:

१. उदाहरण १) र ५) ले कुनै पनि विभक्ति चिन्ह नलागेको कारकको स्थिति दर्शाउँछ ।

२. उदाहरण ६) ले एउटै कारकका विभिन्न विभक्ति चिन्ह हुने कुरा देखाउँछ ।

३. उदाहरण ९) ले वैकल्पिक रूप देखाउँछ ।

४. उदाहरण २), ७) र ८) ले दुई प्रकारका कारकका निम्ति एउटै किसिमको विभक्तिको चिन्ह प्रयोग भएको देखाउँछन् ।

(ड०) सरल र तिर्यक् कारक

कारक र विभक्तिका बारेमा माथि चर्चा भइसकेको छ । पुन: सरल र तिर्यक् कारकका बारेमा चर्चा गर्नु पर्ने कारण के हो भने नेपाली व्याकरणका क्षेत्रमा सरल र तिर्यक् कारकको नाम प्राय: सुनिन्छ र व्याकरण शिक्षणका क्रममा सरल र तिर्यक् कारका धारणा उपयोगी नै हुने देखिन्छ ।

सरल र तिर्यक् कारक भन्ने कुरा पदहरूका स्वरूपमा विशेष विकार आउनु र नआउनुसंग सम्बन्धित छ । विकार नआई पदहरू जस्ताकोतस्तै रहने कारकलाई सरल कारक र पदहरूको सरल स्वरूपमा विकार आउने कारकलाई तिर्यक् कारक भनिन्छ ।

जस्तै:-

सरल	तिर्यक्
मेरो छोरो	मेरा छोराहरू
मेरी छोरी	मेरा छोरीहरू
यो केटो	यस केटाले
यो केटी	यस केटीले
ए, केटी !	ए, केटा !
ए,केटीहरू हो !	ए, केटाहरू हो !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी उदाहरणहरूबाट `तिर्यक्` वर्ग अन्तर्गतका `मेरा छोराहरू` जस्ता पदावलीका स्वरूपमा `मेरो छोरो` आदि `सरल` वर्ग भित्रका पदावलीहरूको स्वरूपका तुलनामा विशेष केही विकार आएको देखिन्छ । यस किसिमको विशेष विकार नआई स्वाभाविक स्वरूपमा रहने पदका कारक सरल कारक र सो स्वाभाविक स्वरूपमा विशेष विकार आउने पदहरूका कारक, तिर्यक् कारकक हुन् (यी कार पदहरूको बाहिरी स्वरूपका आधारमा छुट्याइएका हुन्, यस अन्तर्गत सम्बन्ध विभक्ति पनि कारककै रूपमा रहन्छ) ।

नेपाली भाषामा विभिन्न नामिक पद (नाम र विशेषण सर्वनाम, र सार्वनामिक विशेषण) हरू देखा पर्दछन् । तर तिर्यक् कारकका सन्दर्भमा ती नामिक पदहरू दुई किसिमका देखिन्छन् - (१) तिर्यक् रूप पनि हुने नामिक पदहरू र (२) तिर्यक् रूप नहुने (सरल) नामिक पदहरू । पहिलो किसिमका उदाहरण दिइसकिएको छ भने दोस्रो किसिमलाई बुझ्न तलका उदाहरण हेरौं :-

असल कलम	असल कलमहरू
असल फूल	असल फूलहरू
चकचके बांदरले	चकचके बांदरहरूले
ए, बांदर !	ए, चकचके बांदरहरू हो !

यी उपर्युक्त नामिक पदहरू बाह्य रूपका दृष्टिले भन्ने हो भने तिर्यक् रूपको संभाव्यता भएका स्थितिमा पनि जस्ताको तस्तै स्वरूपमा रहेका छन् अर्थात् यी पदहरू सरल कारकमा नै छन् ।

यसरी पदहरूको बाह्य स्वरूपमा देखा पर्ने वा नपर्ने विकारका आधारमा नेपाली भाषाका नामिक पदहरू दुई वर्गमा विभाजित हुन सक्तछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नामिक पदहरूले तिर्यक् रूप निम्नलिखित अवस्थामा लिने गरेको देखिन्छ :

(१) विभक्तिका अगाडि । यो + ले - यसले
छोरो + ले - छोराले
सानु + ले - सानाले

(२) बहुवचनमा: छोरो + हरू छोराहरू

(३) संबोधनमा: ए छोरो + ए, छोरा

(४) आदरार्थी पदमा: जस्तै छोरा आए ।

(५) विशेषणमा (बहुवचन, सम्बोधन, आदरार्थी रावा विभक्ति लागेको विशेष्य भएमा): जस्तै:

१) काला घोडा । घोडीहरू

२) ए, प्यारा छोरा ।

३) बडा हाकिम ।

४) यस केटाले ।

हाम्रा गहनाले शोभित ।

चिप्ला कुरावाट ।

नराम्रा मान्छेलाई ।

ठूला घरमा ।

(६) भेदकमा बहुवचन सम्बोधन, आदरार्थी रावा विभक्ति लागेका विशेष्य (भेद्य) भएमा । जस्तै:-

१) उसका छोराहरू

२) ए, मेरा छोरा ।

३) रामका भाइले ।

तिम्रा सन्तानमा ।

वहाँ ठूला विद्वान् हुनुहुन्छ ।

द्रष्टव्य:

उपर्युक्त तिर्यक् हुने परिस्थिति केवल सामान्यीकृत मात्र हुन् । नेपाली भाषाको समसामयिक बोलाइ र लेखाइमा खास-खास विभक्तिका आदि तिर्यक्रूप

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नित्य रूपमा आएको देखिन्छ भने नामयोगी र अन्य कतिपय विभक्तिका अगाडि वैकल्पिक किसिमले मात्र तिर्यक् रूपको प्रयोग भएको पनि पाइन्छ । त्यस्तै विशेषण वा भेदक पदमा पनि यस्तो वैकल्पिकता प्रशस्त मात्रामा देखिन्छ । परन्तु स्तरीय नेपाली अभिव्यक्तिमा तिर्यक् कारकको पुनः स्थापनाको प्रयत्न पनि भइरहेको पाइन्छ । तल उदाहरण १) मा नित्य रूपमा तिर्यक् हुने र उदाहरण २) मा वैकल्पिक तिर्यक् प्रयोग दिइएका छन्: जस्तै:-

१) यो + लाई - यसलाई
यो + मा - यसमा
यो + को - यसको
तर

२) यो + सित - यससित वा योसित
भएको + ले - भएकाले वा भएकोले
पढ्नु + ले - पढ्नाले वा पढ्नुले
यो + कुराले - यस कुराले वा यो कुराले
कस्तो + मानिसलाइ- कस्ता मानिसलाई वा
कस्तो मानिसलाई

तिर्यक् कारकसम्बन्धी नियम नामयोगी किसिमका विभक्ति लाग्दा खुकुलो हुने देखिन्छ । जस्तै:-

यो भित्र, यसभित्र ।

तिर्यक् नामपदका पूर्ववर्ती विभिन्न विशेषण वा भेदकमा समेत तिर्यक् कारकको असर देखिन्छ तर निकटतम विशेषण वा भेदकका तुलनामा दूरवर्ती विशेषण वा भेदकमा यो असर कमजोर हुँदै जाने देखिन्छ । जस्तै:-

मेरा साना भाइले पुरस्कार पायो ।
मेरो साना भाइले पुरस्कार पायो ।
मेरो सानो भाइले पुरस्कार पायो ।

तिर्यक् कारकका असर तिर्यक् द्योतक नाम-पद बहुवचनान्त भए एकवचनान्त नामपदका तुलनामा बढी पर्ने पाइन्छ । जस्तै:

मेरा साना भाइहरूले पुरस्कार पाए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

क्रमश:...

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्यत: विभक्ति -चिन्ह नदेखिएका ठाउँमा सरल कारक हुने र तिर्यक् कारक चाहिं विभक्ति चिन्ह लागेका वा सो नलागे पनि सम्बोधन, आदरार्थी र वहुवचनका माध्यमबाट विभक्ति द्योतित भएका ठाउँमा मात्र लागेको जस्तो देखिन्छ । तापनि वस्तुत: बाह्यस्वरूपमा तिर्यक् रूप देखिए वा नदेखिए पनि पदले तिर्यक् रूप लिने पूर्ववर्ती पांच अवस्थामा तिनमा तिर्यक्ता अनुभूत हुन्छ । जस्तै:

(१) मालू + ले मालूले । (२) वनका मालूले ।
कलम + बाट कलमबाट । (३) तिम्रा कलमबाट

उपर्युक्त उदाहरणहरूमा यो तिर्यक् कारक सम्बन्धी बाह्य परिवर्तन नदेखिए पनि सिद्धान्तत: तिर्यक्ता छ भन्ने कुरा स्वत: स्पष्ट हुन्छ । खास कुरा के हो भने ओकारान्त पद र कृदन्त नु प्रत्ययमा तिर्यक् हुंदा 'आ' हुने र सार्वनामिक पदहरूमा विशेष परिवर्तन हुने तर अन्य पदमा खास परिवर्तन नदेखिने भए पनि यो बाह्य परिवर्तन नदेखिने पदमा समेत उपर्युक्त पांच सम्भाव्य अवस्थामा तिर्यक्ता चाहिं रहेकै हुन्छ ।

कारकलाई सरल र तिर्यक् दुई रूपमा बांड्ने कुरा पदको बाह्य स्वरूपमा आउने परिवर्तनसित सम्वन्धित छ भने कारकलाई कर्ता, कर्म आदिका रूपमा वर्गीकृत गर्ने कुरा वाक्यभित्रका पदको अर्थगत र कार्यगत भूमिकासित सम्वन्धित छ । वस्तुत: तिर्यक् कारक वाह्यरूपमा सम्वोधन, बहुवचन र कारक विभक्तिचिन्हसित सम्वन्धित भएकाले यस कारकले अर्थगत र कार्यगत कर्ता, कर्म आदि कारकलाई पनि समेटेको छ ।

५.२. शासन (विभक्तिनियम र कारक) को शिक्षण विधि

(१) शासन, विभक्ति र कारक भनेका के हो भन्ने कुरा बुझाउने क्रममा शिक्षकले ब्ल्याकबोर्डमा उक्त कुराका विभिन्न उदाहरण लेखी विद्यार्थीहरूबाट पनि त्यस्तै त्यस्तै अन्य उदाहरणहरू लेखी तिनको व्याख्या गरिदिने र सैद्धान्तिक ज्ञान गराउने ।

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) नेपाली भाषामा प्रयोग हुने विभक्तिका विभिन्न प्रकार र तिनका विभक्ति नियम वा प्रयोगसम्बन्धी विभिन्न उदाहरण विद्यार्थीहरूबाट लिई वा आफैले पनि त्यस्ता अन्य उदाहरणहरू श्यामपाटीमा लेखी ती उदाहरणहरूका माध्यमले विभक्तिका प्रकार र विभक्तिनियमको बोध शिक्षकले विद्यार्थीहरूलाई गराउने ।

(३) विद्यार्थीहरूमा कारक र विभक्तिसम्बन्धी अन्तरको पहिचान र बोधक्षमताको विकास गर्न कारक र विभक्तिमा स्पष्ट अन्तर देखिने र नदेखिने दुवै किसिमका उदाहरणहरू विद्यार्थीहरूको सहायताले श्यामपाटीमा लेखी शिक्षकले तिनको व्याख्या गरिदिने र विद्यार्थीहरूलाई पनि त्यस्तै उदाहरण दिई तिनमा पाइने अन्तरको व्याख्या गर्न लगाउने । जस्तै – कर्ता? कर्म, करण आदि कारक र प्रथमा द्वितीया, तृतीया आदि विभक्तिहरूका बीचको सम्बन्ध र अन्तरलाई पहिचान्न, छुट्याउन र व्याख्या गर्न विभिन्न उदाहरणहरूको उपयोग गर्न सकिन्छ ।

(४) सरल र तिर्यक् कारकका शिक्षणका क्रममा शिक्षकले श्यामपाटीमा विभिन्न उदाहरणहरू लेखी तिनमा पाइने अन्तरको व्याख्या गरिदिने र तिर्यक् कारकको नियम नलाई अशुद्ध लेखिएका विभिन्न पदावली वा वाक्यहरू श्यामपाटीमा लेखी सच्याएर देखाइदिने र यस्तै किसिमका तिर्यक् कारका दृष्टिले अशुद्ध पदावली वा वाक्यहरू दिई विद्यार्थीहरूलाई सच्याउन लाई त्यसको अभ्यास गराउने । अथवा सरल वा तिर्यक् दुवै कारकका दृष्टिले अशुद्ध भएका वाक्यहरू वा अनुच्छेद शिक्षकले श्यामपाटीमा लेखी टिपाई वा लिखी रूपमा कक्षामा दिई तिनलाई कारणसहित शुद्ध गर्न लगाउने ।

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५) कुनै अनुच्छेद दिई खास-खास वा तोकिएका कारक र विभक्ति-हरू सो अनुच्छेदमा रेखांकित गर्न र ती कुन कारक र विभक्ति हुन् भन्ने पनि टिप्न लगाउने ।

(६) विभिन्न कारक र विभक्ति लागेका अनुच्छेदहरू दिई विद्यार्थीहरूलाई ती अनुच्छेदमा प्रयुक्त कारक र विभक्तिको पहिचान गर्न लगाउने तथा तिनका प्रयोगका कारणसहित विश्लेषण गर्न लगाउने ।

(७) ले, -बाट, लाई जस्ता विभिन्न कारकका लागि प्रयोग हुने विभक्ति चिन्हहरूका उपयोग-क्षेत्रहरूलाई विभिन्न उदाहरण दिई तिनका बीचको अन्तर स्पष्ट हुने गरी शिक्षकले व्याख्या गरिदिने र उक्त किसिमका विभक्तिहरूलाई विभिन्न कारक-हरू व्यक्त हुने गरी वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने ।

(८) सबै किसिमका कारक र विभक्तिहरूको उपयोग गरी विद्यार्थीहरूलाई वाक्यहरू बनाउने अभ्यास गराउने ।

(९) शिक्षकले कक्षाम्पसका विद्यार्थीहरूका कारक र विभक्ति सम्बन्धी प्रयोगमा पाइने त्रुटि-क्षेत्रहरूको अध्ययन गरी तिनलाई पत्ता लगाई त्यस्ता त्रुटिहरूको निराकरणका लागि विशेष अभ्यास गराई त्यस्ता गल्ती नगर्न उनीहरूलाई सचेत पनि गराउने ।

५. ३. मूल्यांकन विधि

शासन (विभक्ति-नियम र कारक) को मूल्यांकन गर्दा विशेष गरेर निम्नलिखित तरिका अँगाल्नु उपयुक्त देखिन्छ-

(१) शासन, कारक र विभक्तिका बारेमा सोदाहरण परिचय मागी सैद्धान्तिक प्रश्न सोध्ने ।

(२) कारक र विभक्तिका प्रकार-सम्बन्धी सोदाहरण परिचय मागी सैद्धान्तिक प्रश्न सोध्ने ।

(३) विभक्ति-नियम सम्बन्धी सोदाहरण परिचय सोध्ने ।

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४) कारक र विभक्तिको अन्तर सोदाहरण स्पष्ट गर्ने प्रश्न सोध्ने ।

(५) सरल र तिर्यक् कारकसम्बन्धी सोदाहरण परिचय तथा यिनका अन्तरका बारेमा प्रश्न सोध्ने ।

(६) कारक र विभक्ति नियम तथा तिर्यक् कारक सम्बन्धी बीस गल्ती भएका अनुच्छेद वा वाक्य दिई शुद्ध गर्न लगाउने वा यस्ता पाँच गल्ती उपर्युक्त किसिमले दिई कारणसहित शुद्ध गर्न लगाउने ।

(७) उपर्युक्त अनुच्छेद वा वाक्यहरू दिई कहाँ, किन, के कस्ता कारक र विभक्तिहरू लागेका छन् भन्ने कुराको विश्लेषण गर्न लगाउने ।

(८) केही सरल-तिर्यक् कारक विभक्तिसम्बन्धी सीमा तोकी तिनको प्रयोग गरिएका वाक्य वा अनुच्छेद लेख्न लगाउने ।

(९) खाली ठाउँ दिई त्यसका निम्ति एक शुद्ध र तीन अशुद्ध पद दिई शुद्धपद भर्न लगाउने । जस्तै: -

म.......... जान्छु । (यो संग, यससंग, योमाथि, योबाट)

अन्न मंहगो..... कारण सडेरी हो । (हुनाले, हुनुले हुनुको, हुनाको)

५. ४. पाठ्य सामग्री

कारक र विभक्ति पढाउँदा अध्ययन गर्नुपर्ने सामग्री-अंशहरू:-

१) मध्यचन्द्रिका --------------- पृष्ठ ३३-३६, १७६-१८४

२) राम्रो रचना मीठो नेपाली ----पृष्ठ ६४-६६, १७८

३) नेपाली सजिलो व्याकरण --- पृष्ठ ४३ -५१

६. पदक्रमको शिक्षण

६.१. पद-क्रमको परिचय

भाषामा पदक्रम भन्नाले वाक्य अन्तर्गतका विभिन्न पदहरू (नाम, विशेषण, क्रिया र अव्यय) के कस्ता क्रममा परस्पर अन्वित हुन आउँछन् भन्ने कुरा बुझिन्छ । नेपाली भाषामा पदक्रम दुई प्रकारको देखिन्छ: सामान्य पदक्रम र क्रम...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशिष्ट पदक्रम यी दुईलाई परम्परागत नेपाली व्याकरणमा वैयाकरण र आलङ्कारिक पदक्रम भन्ने संज्ञा दिइएको छ ।

सामान्य पदक्रम भन्नाले नेपाली भाषाका सन्दर्भमा सामान्य अभिव्यक्ति बोलचाल र लेखापढीमा एकपछि अर्को पदहरू वाक्यमा आउने क्रम भन्ने बुझिन्छ । नेपाली भाषामा पदक्रमलाई 'कर्ता-क्रिया' को क्रम भएको पदक्रम भन्न सकिन्छ अर्थात् नेपाली भाषाको स्वाभाविक पदक्रममा सबभन्दा पहिले कर्ता त्यसपछि कर्म अनि त्यस पछि क्रिया आउँछन्।

नेपाली वाक्यका कर्ता, कर्म र क्रियाका गुण वा विशेषता प्रकट गर्ने पदहरू चाहिं ती पदका अगाडि आउँदछन् । यस कुरालाई अझ स्पष्ट पार्ने हो भने वाक्यका उद्देश्य र विधेयसित आउने पदका आधारमा स्पष्ट्याउन सकिन्छ । नेपाली वाक्यमा उद्देश्यसित अन्वित हुने पद (भेदक पद समेत) उद्देश्य भन्दा अघिल्तिर र विधेयपट्टि अन्वित हुने पदहरू (कर्म, पूरक, क्रिया विशेषण अव्यय आदि) विधेयभन्दा अगाडि आउँछन् । जस्तै:-

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

वाक्य	उद्देश्यका आदि लाग्ने पदहरू	उद्देश्य	विधेयका अघि आउने पदहरू							
				गौण कर्म		कर्म		क्रि.वि.	विधेय पूरक	विधेय
मेरा सानो बालक रुन्छ ।	मेरो, सानो	बालक								रुन्छ
कृष्णप्रसादको ठूलो छोरो धनी छ ।	कृष्णको, ठूलो	छोरो							धनी	छ
शिवको दाजु राम घर गयो ।	शिवको दाजु	राम						घर		गयो
म मसिना चामलको भात खान्छु ।		म			मसिना चामलको	भात				खान्छु
माइले साना भाइलाई राती कलम दियो ।		माइले	साना	भाइलाई	राती	कलम				दियो

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:

माथि सामान्य पदक्रमका चर्चाका सिलसिलामा कर्ता वा उद्देश्यका विस्तार कर्ता (उद्देश्य) वाक्यका अग्र भागमा आउँछन् भनी बताइएको छ। यो कथन सामान्यत: ठीकै पनि छ। तर सिंगो वाक्यलाई प्रभावित पार्ने वा अगिल्ला वाक्यसंग सम्बन्ध गांस्ने किसिमका अव्यय चाहिं उद्देश्य-विस्तार भन्दा पनि अगि आउन सक्छन्। जस्तै:-

शायद राम आउदैन होला।

ऊ विरामी छ। त्यसैले ऊ आज आउँदैन।

विशिष्ट पदक्रम भन्नाले चाहिँ कर्ता-कर्म-क्रिया को सामान्य पदक्रमा वक्ताको विशेष विवक्षा अनुसार व्यतिक्रम भई विशेष तात्पर्य बुझाउने किसिमको पदक्रम भन्ने बुझिन्छ। जस्तै;-

सन्दर्भ	सामान्य पदक्रम	विशिष्ट पदक्रम	व्यतिक्रम	विशेष तात्पर्य
त जान्छस्?	म जान्छु।	जान्छु म	क्रिया स्थितिमा	विशेष जोड
	ए लाटा, सालासू।	सालासू, लाटा।		ज्ञान नपाउने संभावना
	म तंलाई पैसा दिन्न।	तंलाई म पैसा दिन्न।	गौण कर्मको स्थितिमा	तंलाई मा जोड
		दिन्न म तंलाई पैसा	क्रियाको स्थितिमा	अकरण क्रियामा जोड

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:

(१) यस्ता विशिष्ट पदक्रममा केवल पदक्रममा व्यतिक्रम आउने मात्रं होइन, यसका साथमा वाक्य-सुर लय वलाघातमा समेत भिन्नता आउन सक्छ ।

(२) विशेष तात्पर्य र विशिष्ट लय संकेतका प्रयोजनका निमित्त साहित्यक अभिव्यक्तिमा विशिष्ट पदक्रम अपनाइन्छ ।

१) पद्य:

विशिष्ट पदक्रम	तात्पर्य
जान्छिन् आज शकुन्तला घर भनी	विशिष्ट लय (छन्द)
उठ्नी छ चिन्ता अति ।	र अन्त्यानुप्रासका
…ीको मनमा प्रवाह वहंदा	साथै अन्य शव्दालङ्कारका
…किन्न आँसु रति ।	लागि ।

२) गद्य कविता

यस्तै यस्तै छ जीवन ।	विशिष्ट लय र भाव-
चल्छ ठेलागाडी समयको	वैशिष्ट्यका निम्ति ।
गल्लीहरूमा	
रूढि ग्रस्त ।	

३) गद्य:

वेचिन्छन् यहां सभ्यताका प्रमाणपत्रहरू । ,,

(३) भाषामा पद व्यतिक्रमको पनि सीमा हुन्छ, सो नाघे पछि चाहिं पदहरूका वीच अन्वय हुन नसकी अर्थ-वोध असम्भवप्राय: हुन जान्छ । यो स्थिति पदहरूका वीच अनन्वयको स्थिति हो । हालसालका प्रयोगवादी लेखनमा (विशेषत: कवितामा) पदहरूको यस्तो व्यतिक्रम प्रशस्त पाइन्छ जसले गर्दा पदका वीचको संगति र शासन अस्तव्यस्त भएकाले ती कविताको समष्टिगत प्रभाव मात्र अनुभूत हुन्छ । यस्ता वाक्यहरू

प्रश:.....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य बोलाइ लेखाइका दृष्टिले चाहिं पदक्रम अस्त-व्यस्त हुनाको फलस्वरूप संगति र शासन समेत टुटी अस्वीकार्य र अव्याकरणात्मक समेत हुन जान्छन् ।

जस्तै:-

कोरों जेब्सैलुमले छानोबाट तरवारको तरवारमा ।
अखबारलाई मेरो हिर्काइ छिर्काई मुटुटादेखि ।

६.२. पदक्रमको शिक्षण विधि

पदक्रमको शिक्षण र अभ्यास गराउंदा निम्नलिखित तरीका अपनाउने:-

१) नेपाली वाक्यका पदक्रमका कर्ता-कर्म-क्रिया क्रम आवश्यक उदाहरणहरू श्यामपाटीमा लेखी कक्षा छलफल गराई शिक्षकले विद्यार्थीहरूलाई अवगत गराउने ।

२) पदक्रम र यसको महत्व तथा यसका प्रकारहरूलाई आवश्यक उदाहरणका साथ विश्लेषण गरी शिक्षकले विद्यार्थीहरूलाई स्पष्ट गराउने ।

३) उपयुक्त अनुच्छेद श्यामपाटीमा लेखी, टिपाई वा लियो गरी विद्यार्थीहरूलाई उपलब्ध गराई प्रत्येक वाक्यका सामान्य तथा विशिष्ट पदक्रम र तिनका विशेषता पहिचान्न विद्यार्थीलाई अभ्यास गराउने ।

४) विशिष्ट पदक्रम भएका दश वाक्यहरू दिई तिनको विशेष तात्पर्यबारे टिप्पणी गर्ने र विद्यार्थीहरूलाई पनि टिप्पणी गर्न लाउने ।

५) विशिष्ट पदक्रम भएका २० वाक्यलाई सामान्य पदक्रममा परिणत गर्न विद्यार्थीलाई लाउने ।

६) विशेषण भएका, मिश्र र संयुक्त वाक्यहरूमा पदक्रमको परिवर्तनले गर्दा परिवर्तित हुने अर्थ स्पष्ट गर्ने ।

६.३. पदक्रमको शिक्षणको मूल्यांकन

पदक्रमको शिक्षणको मूल्यांकनका निम्ति:-

१) पदक्रम र यसको महत्व तथा नेपाली वाक्यका पदक्रम र यसको विशेषताबारे सोदाहरण सैद्धान्तिक प्रश्न सोध्ने ।

क्रमशः.....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२) सामान्य र विशिष्ट पदक्रम तथा तिनका अन्तरबारे सोदाहरण सैद्धान्तिक प्रश्न सोध्ने ।

३) विशिष्ट पदक्रम भएका पाँच वाक्य दिई तिनका विशेष तात्पर्य स्पष्ट गर्न लाउने ।

४) विशिष्ट पदक्रम भएका पाँच वाक्य दिई तिनलाई सामान्य पदक्रममा परिणत गर्न लाउने ।

५) कुनै मिश्र वा जटिल वाक्य दिई त्यसका पदक्रममा परिवर्तन गर्नलाई विविध अर्थ देखाउन लाउने ।

६.४. पाठ्य- सामग्री

मध्यचन्द्रिका (स.सं.), पृष्ठ १८४-१८६

७. क्रियाका काल र पदार्थको शिक्षण

७.१. सैद्धान्तिक चर्चा

(क) क्रियाका काल

क्रियापद भनेको धातुका साथै कर्म, कर्ता, लिंग, वचन र पुरुष तथा काल बुझाउने प्रत्ययहरूको योग हो । त्यसैले क्रियापदको अर्थ भन्नु धात्वर्थ (फल-व्यापार) तथा प्रत्ययार्थ (कर्ता, कर्म, लिंग, वचन, र पुरुष तथा काल) नै हो । तर क्रियामा लागेका प्रत्ययहरूले बुझाउने विभिन्न उपर्युक्त कुराहरूमध्ये काल नै मुख्य कुरा हो, किनभने कर्ता र कर्म क्रियाका फल र व्यापारका अधीन रहन्छन् अनि लिंग, वचन र पुरुष पनि कर्ता र कर्मका अधीन रहने कुरा हुन् ।

काल वा समय भन्ने कुरा सामान्य रूपमा अखण्ड वा असीम छ तापनि वाक्यमा क्रियाकै सन्दर्भमा काललाई अवच्छिन्न (टुक्र्याउने काम) गरिन्छ । संस्कृत व्याकरणकारहरू क्रिया-व्यापारलाई धातुका अर्थमा स्वीकारी प्रत्ययार्थ मध्ये मुख्य अर्थ 'काल' लाई त्यही क्रिया-व्यापारसित सम्बद्ध तुल्याउँछन् । यसरी कालले क्रिया-व्यापारको समयलाई बुझाउँछ । यहाँ क्रिया-व्यापार मुख्य हुन्छ र कालले क्रिया-

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापारको समय वा अंवस्था जनाउँछ ।

वस्तुत: क्रियाका कालले वाक्यमा उल्लिखित कार्य, घटना वा अवस्थाको समयलाई सो वाक्य उच्चारण गरेको समय (अहिले) सित गाँस्तछ । यसकारण काल वाक्यमा उल्लिखित समय र सो वाक्य उच्चारण दुवैको एकसाथ संयोजन गर्ने तत्व हो । यी दुवै तत्वका आधारमानै मानिषक 'काल', को निर्धारण हुन्छ । वाक्य उच्चारणको समय अर्थात् त्यसक्षणलाई केन्द्रविन्दु बनाएर त्यस क्षणदेखि अघिको वितेको काल र त्यस क्षणदेखि पछिको आउने काल गरी त्यस क्षणलाई बर्तमान काल मानी भूत, भविष्यत् र वर्तमान गरी समयलाई वाँडन सकिन्छ ।

कालका यिनै वर्तमान, भूत र भविष्यत् तीन खण्डका आधारमा मानिषक कालको निर्धारण गर्न सकिन्छ । नेपाली भाषाका काललाई तीन कालमा वाँड्ने चलन छ:

१) वर्तमान काल (अहिलेको वखत: थालिएको तर नसकिएको)
जस्तै:- सीता भात पकाउँछे ।

२) भूतकाल (अघिको वा वितिसकेको वखत)
जस्तै:- राम घर गयो ।

३) भविष्यत् (पछिका वखत वा आउँदो समय) ।
जस्तै:- हामी भोलि काठमाडौं जाऔंला ।

द्रष्टव्य:

१) उपर्युक्त प्रत्येक काललाई जनाउने चिन्हका रूपमा धातु वा क्रियामा कालबोधक प्रत्यय लागेका हुन्छन् । उदाहरणार्थ:-

काल	धातु वा क्रिया	कालबोधक प्रत्यय	क्रियापद
वर्तमान	गर्	- छ -	गर्छ
भूत	गर्	- य् -	गऱ्यो
भविष्यत्	गर्	- ल -	गर्ला
	गर्	- ने + छ -	गर्नेछ

क्रमश:....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२) उपर्युक्त प्रत्ययहरूले सामान्यत: माथि उल्लेख गरेझैं क्रमश: वर्तमान, भूत र भविष्यत् काललाई जनाउँछन् तापनि खास स्थितिमा चाहिं एक कालको प्रत्यय लागी अर्को काल पनि निष्पन्न हुन सक्छ । उदाहरणार्थ :

(क) म भोलि घर जान्छु ।
उक्त वाक्यमा वर्तमान कालिक 'जान्छु' क्रियापद भविष्यत् कालका निम्ति प्रयोग भएको छ ।

(ख) म तुरुन्तै आइहालें, एक छिन पर्खिनुहोस् ।
यस वाक्यमा भूतकालिक 'आइहालें' क्रियापदले आउँदो समयलाई जनाएको छ ।

(ग) पानी पर्यो भने ढिलो हुन्छ ।
यस वाक्यमा भूत कालिक 'पर्यो' क्रियापदले आउँदो समयतर्फ इङ्गित गरेको छ ।

(घ) शाश्वतिक सत्यसित सम्बन्धित काल- निरपेक्ष कुरा बुझाउँदा पनि वर्तमानकालिक क्रियापदको प्रयोग गरिन्छ । जस्तै: पृथ्वी घुम्छ। घाम पूर्वबाट उदाउँछ ।

३) संस्कृत व्याकरणकार पाणिनिले संस्कृत भाषाका काल र कालबोधक लकार-विधानका क्रममा देखा पर्ने व्यत्यय वा व्यतिक्रमको वर्णन गर्न लकारार्थ प्रकरण प्रस्तुत गरी आर्थिक र संरचनात्मक (लकार सम्बन्धी) कालका बोधको व्यतिक्रमको अध्ययन गरेका छन् । विभिन्न पूर्वी र पश्चिमी सैद्धान्तिक ढाँचा अन्तर्गत नेपाली कालको आर्थिक र संरचनात्मक गम्भीर अध्ययन अत्यावश्यक देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu क्रमश:...

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) क्रियाका कालको पक्ष:

क्रियाका कालको पक्ष भन्नाले त्यस कालको परिधिभित्र हुने, घट्ने वा गरिने क्रिया व्यापारको विशेष किसिम हो जसलाई परम्परागत नेपाली व्याकरणमा विशेष काल पनि भनिन्छ । नेपाली भाषामा क्रियाका कालका निम्नलिखित पक्षहरू मानिएका छन् :-

वर्तमान कालका तीन पक्ष मानिन्छन्: सामान्य, अपूर्ण र पूर्ण ।

१) सामान्य: यसबाट सामान्य स्वरूपले 'अहिले' क्रिया हुने कुरा बुझिन्छ । जस्तै:
राम आउँछ । सीता भात पकाउँछे ।
वस्तुत: सामान्य पक्ष भनेको पूर्वकथित सामान्य वर्तमान नै हो ।

२) अपूर्ण: यसबाट क्रियाको खास कार्य घटना आदि आरम्भ भएर अहिलेसम्म भइरहेको अर्थात् सातत्य बुझिन्छ । मूल धातु या क्रियामा तो दो आदि प्रत्यय लागेका कृदन्त तथा सहायक क्रिया मिलेका रूपबाट अपूर्ण पक्ष बन्दछ । जस्तै :

कृदन्त +	सहायक
म खाँदोछु ।	म बस्तो छु । (तो।दो: सातत्य)
म खाँदैछु ।	म बस्तै छु । (तै।दै: सातत्य + अवधारण)

द्रष्टव्य:

१. यस पक्षका अरू भेदमा ता।दा लाई पनि राख्न सकिन्छ । जस्तै:-
राम काम गर्दछ । (ता।द 'स्वभाव')
मैले भात खाँदा तपाईं आइपुग्नुभयो ।
(ता।दा 'सह-कालिक')

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu क्रमश: ...

CC-0. In Public Domain. Digitization by eGangotri

२ पूर्वकालिक कृदन्त र रहनुक्रिया मिली बनेको मिलित क्रिया र 'हुनु' सहायक क्रियाको सामान्य वर्तमानबाट पनि अपूर्ण वर्तमान बुझिन्छ । जस्तै :-

वाक्य	पूर्वकालिक कृदन्त	+	क्रिया	+	सहायक क्रिया
म खाइरहेको छु	खाई		रह + एको		छु

३ पूर्ण: यस पदाबाट क्रिया-व्यापार अघि नै समाप्त भई त्यसको असर अहिलेसम्म रहेको बुझिन्छ । मुख्य क्रियाका - एको प्रत्यय लागी बनेको कृदन्त र सहायक क्रिया मिलेको रूपबाट पूर्ण वर्तमान बन्दछ ।

मैले भात खाएको छु ।

म कलकत्ता गएको छु ।

भूतकालका पदाहरू चार प्रकारका मानिएका छन्: (१) सामान्य, (२) अपूर्ण, (३) पूर्ण र (४) अज्ञात ।

(१) सामान्य: यो पूर्व वर्चित भूतकालको सामान्य रूप हो । यसबाट क्रिया-व्यापार पूर्व कालमा समाप्त भइसकेको बुझिन्छ । जस्तै:-

राम घर गयो । मैले भात खाइसकें ।

(२) अपूर्ण: यसबाट सो बितेको समयमा भइरहेको (सातत्य) बुझिन्छ । यसको रूप वर्तमान अपूर्णमा भैं कृदन्त प्रत्ययका साथ भूतकालिक सहायक क्रियाबाट बन्दछ । जस्तै :-

राम भात खाँदो थियो ।

श्याम काम गर्दै थियो ।

आज म सुत्दा उज्यालो भइरहेको थियो । आदि

यसरी नै मिलित क्रियाका सहायक क्रियाको भूतकालिक रूपबाट पनि यो पदा बन्न सक्छ । जस्तै:-

राम भात खाइरहेको थियो ।

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) पूर्ण: यसबाट क्रिया-व्यापार भूत कालमा समाप्त भइसकेको बुझिन्छ । यसले भूत कालिक सहायक क्रिया लिन्छ, अन्य कुरामा चाहिं यो पदा वर्तमानको पूर्ण पदा झैं नै हुन्छ । जस्तै:-

राम घर गएको थियो ।

पोहोर यसै दिन पानी परेको थियो ।

(४) अज्ञात भूत: यस पदाबाट भूत कालमा थाहा नपाई भएको क्रिया-व्यापार वर्तमानमा थाहा भएको वा अनुभव भएको बुझिन्छ । यसको रूप कृत् - ए प्रत्ययान्त क्रियाका साथ वर्तमान कालिक सहायक क्रियाबाट बन्दछ । जस्तै:-

म त भुसुक्क निदाएछु ।

त्यो हराएको किताब यहीं रहेछ ।

द्रष्टव्य: १ यसका पदाको रूप 'को' वा प्रत्ययान्त क्रियाका साथ 'रह' क्रियामा 'ए र' कृत् प्रत्यय लागि वर्तमान कालिक सहायक क्रियाका सहायताले पनि बन्दछ ।

म त्यहाँ गएको रहेछु ।

२ यस पदामा भूतकालमा घटेको तर अज्ञात घटनालाई वर्तमानमा आएर अनुभव गरिने हुनाले यसलाई पूर्ण वर्तमानका एक भेदका रूपमा राख्न सकिने पनि देखिन्छ ।

भविष्यत् काल दुई प्रकारको मानिएको छ: सामान्य भविष्यत् र संभावना भविष्यत् ।

(१) सामान्य भविष्यत् 'ने' कृत् प्रत्ययान्त मुख्य क्रियाका साथ वर्तमान कालिक सहायक क्रियाका सहायताले यो काल बुझाउने क्रियापद बन्दछ र यसबाट वक्ताको निश्चय झल्काने गरी यो क्रिया पछि हुने बुझिन्छ ।

क्रमश:....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै:- राम काम गर्नेछ । म भोलि घर जानेछु । सीता पर्सि आउँछे । इत्यादि । यस कालका पदाहरू सामान्य, अपूर्ण र पूर्ण गरी तीन प्रकारका हुनसक्ने देखिन्छन् ।

(क) सामान्य: यसको वर्णन सामान्य भविष्यत्-अन्तर्गत माथि गरिएको छ ।

(ख) अपूर्ण: यसबाट आउँदो समयमा भइरहने (सातत्य) बुझिन्छ । यस्ता क्रिया पदको निर्माण मुख्य क्रिया ता।दै + हु + ने + वर्तमान कालिक सहायक क्रिया अथवा मुख्य क्रिया + ई + रह + ने + वर्तमान कालिक सहायक क्रिया मिलेर हुन्छ । जस्तै:-

म धेरै दिनसम्म काम गर्दै हुनेछु ।
तपाईं आउंदा म भात खाँदै हुनेछु ।
म तपाईंलाई पर्खिरहनेछु ।

(ग) पूर्ण: यस पदाबाट भविष्यत् कालमा क्रिया-व्यापार समाप्त हुने बुझिन्छ । यस पदालाई बुझाउने क्रियापदको निर्माण मिलित क्रिया + एको कृत् प्रत्यय + हु + ने वर्तमान कालिक सहायक क्रिया मिलेर बन्दछ । जस्तै:-

त्यस वेला म घर पुगिसकेको हुनेछु ।
ऊ यति बेला सुतिसकेको हुनेछ ।

मिलित क्रियामा मुख्य क्रियासँग मिलेर आउने अर्को क्रिया 'सक्' धातु हुन्छ तर यो क्रिया नै नलागीकन पनि यस पदालाई बुझाउने क्रियापद बन्न नसक्ने चाहिं होइन । जस्तै:

राम घर गएको हुनेछ ।
म त्यस बेलामा सुतेको हुनेछु । इत्यादि ।

क्रमश:..

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:-

(१) यस सामान्य भविष्यत् काललाई बुझाउने क्रियापदहरू बोलचालका भाषामा कम आउंछन् तर लेख्य नेपालीमा भने यसको प्रशस्तै प्रयोग गरिन्छ ।

(२ परम्परागत नेपाली व्याकरणमा यस्ता पदाहरूको उल्लेख भएको पाइन्नतापनि यसको प्रयोग देखिएकाले यहां चर्चा गरिएको छ ।

३ सामान्य भविष्यत् काल अन्तर्गत राखिएका क्रियापदले वक्ताको निश्चय समेत झल्काउने हुंदा यसलाई निश्चयार्थक भाव(अर्थ) पनि भन्न सकिने देखिन्छ ।

(२) सम्भावना भविष्यत्: यस कालका क्रियापदबाट संभावना (अनिश्चयार्थक भाव) का साथै आउंदो समयमा हुने कार्य-व्यापार समेत बुझिन्छ । अर्थात् वक्ताको तात्पर्य र प्रसंगअनुसार यसले भाव (अर्थ) मात्र वा भविष्यत् मात्र वा दुवै कुरा पनि बुझाउंछ । जस्तै:

ऊ पर्सि १२ बजे काठमाडौं पुग्ला । (मुख्यत: काल)
यो भारी बोक्नको सक्ला ? (मुख्यत: भाव)
भ्याए भने म पछि आउंला (दुवै)

यस कालका क्रियापदका पदाहरू तीन प्रकारका देखिन्छन्: सामान्य, अपूर्ण र पूर्ण ।

१) सामान्य: यसको चर्चा संभावना भविष्यत्का रूपमा माथि नै भइसकेको छ ।

२) अपूर्ण: यसबाट पछि भइरहने सातत्य समेत बुझिन्छ । यसको निर्माण हुंदा 'हु' सहायक क्रियामा लिंग, वचन, पुरुष र कालवाची प्रत्यय लाग्ने कुरा बाहेक अरू कुरा अन्य अपूर्णमा झैं नै हुन्छ ।

क्रमश: ....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै:-

यति बेला ऊ भात खाँदै होला ।

मेरी छोरी रुँदै होला ।

यसको अर्को रूप मुख्य क्रियासित 'रह् + एको' का साथ माथि जस्तै 'हु' क्रिया मिलेर बन्दछ । जस्तै.

ऊ रोइरहेको होला ।

३) पूर्ण: यसबाट पनि हुने क्रिया-व्यापार र समाप्त भइसकेको समेत बुझिन्छ । यस क्रियापदको निर्माण हुँदा 'हु' क्रियाबाट लिंग, वचन आदि प्रत्यय लाग्ने कुरा बाँकी माथि चर्चित पूर्ण क्रियामा जस्तै हुन्छ । जस्तै:

तैले यो काम गरेको होलास् ।

यो मानिस दु:ख पाएर मरेको होला ।

.७.२. क्रियाका काल र पक्षहरूका शिक्षण विधि

शिक्षकले क्रियाका काल र तिनका पक्षहरूको शिक्षण निम्नलिखितअनुसार गर्ने:

१) नेपाली क्रियाका काल र पक्ष पढाउँदा श्यामपाटीमा आवश्यक उदाहरणहरू लेखी विद्यार्थीहरूबाट पनि उपयुक्त उदाहरण लिई शिक्षकले काल र पक्षको तात्पर्य तथा तिनका प्रकारको सैद्धान्तिक ज्ञान गराउने ।

.२) विभिन्न काल र पक्षको प्रयोग भएको अनुच्छेद श्यामपाटीमा लेखी वा टिपाई अथवा लिथो गरी शिक्षार्थीहरूलाई उपलब्ध गराई तिनमा रेखांकित गरी ती रेखांकित गरिएका काल र पक्षहरू के कस्ता हुन् पहिचानी बताउन लगाउने र तिनको कारणसहित व्याख्या गर्न लगाउने ।

३) काल र पक्षहरू तोकी उपयुक्त वाक्यहरू वा अनुच्छेद लेख्न लगाउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४) प्रत्येक काल र पक्षका पाँच पाँच वाक्य टिपी ल्याउन कुनै सामग्री तोकी गृहकार्य दिने र सो हेरी कक्षामा शिक्षकले सामूहिक टिप्पणी गरिदिने ।

७.३. क्रियाका काल र पक्षहरूको शिक्षणको मूल्यांकन

उक्त मूल्यांकन यस प्रकार गर्ने:-

१) शिक्षण विधिमा उल्लेख भएअनुसार उदाहरणसहित स्पष्ट गर्न काल र पक्ष तथा तिनका प्रकार सम्बन्धी प्रश्न सोध्ने

२) उपर्युक्त अनुच्छेद दिई तिनका वाक्यमा परेका काल र पक्षको पहिचान गरी लेख्न लगाउने ।

३) खास काल र पक्षहरू तोकी वाक्यहरू लेख्न वा अनुच्छेद लेख्न लगाउने ।

७.४. पाठ्य सामग्री

उपर्युक्त पाठ्यवस्तुको शिक्षण गर्दा अध्ययन गर्नु पर्ने सामग्री अंशहरू -

१) मध्यचन्द्रिका ———————— पृष्ठ १००-१२२

२) नेपाली भाषा र व्याकरण -------- पृष्ठ ५१-५८ र ६८-७०

३) राम्रो रचना मीठो नेपाली ------- पृष्ठ ६६-६९

४) नेपाली सजिलो व्याकरण ————— पृष्ठ ५४-८३

५) भाषा प्रवेश नेपाली व्याकरण ----- पृष्ठ ६४-६५

८. वाक्यान्तरण

८.१. सैद्धान्तिक चर्चा

(अ) वाक्यान्तरण भनेको के हो ?

एक प्रकारका खास वाक्य वा वाक्यहरूलाई अर्को प्रकारका वाक्यमा परिणत गर्ने प्रक्रियालाई नै वाक्यान्तरण भनिन्छ । एक प्रकारको वाक्य वाक्यान्तरित भई अर्को प्रकारको वाक्यमा परिणत हुने वा विभिन्न वाक्यहरू वाक्यान्तरित भई एक वाक्यमा परिणत हुने क्रममा वाक्यान्तरित वाक्यका बाह्य संरचनामा पनि कतिपय

क्रमश:....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तत्वहरू थपिने र काटिने पनि हुन सक्छन् । वाक्यान्तरणको यस प्रक्रियालाई निम्नलिखित उदाहरणद्वारा प्रस्तुत गर्न सकिन्छ:

हामी बजारमा माल-सामानहरू पाउँछौं ।

उपर्युक्त वाक्यमा जम्मा चार पदहरू छन् । उक्त वाक्यलाई प्रश्नवाचक वाक्यका रूपमा वाक्यान्तरण गर्दा सो वाक्य यस्तो रूपमा परिणत हुन्छ:

(के) हामी बजारमा माल-सामानहरू पाउँछौं ?
यो वाक्य वाक्यान्तरण हुँदा प्रश्नबोधक (के) अव्यय विकल्पका रूपमा थपिनाका साथै सामान्य वाक्यमा हुने सुर अंतित परिवर्तित भई प्रश्नवाचक वाक्यमा हुने सुरमा परिणत भएको छ ।

यसै कर्तृवाच्य वाक्यबाट कर्मवाच्य वाक्यमा परिणत गरी हामी हेरौं :

कर्तृवाच्य: म भात खान्छु ।
कर्मवाच्य : (मद्वारा) भात खाइन्छ ।

उक्त कर्मवाच्यमा वाक्यान्तरित वा परिवर्तित वाक्यमा कोष्ठभित्रको पद समेत लोप भई सो वाक्य सामान्य प्रचलनमा 'भात खाइन्छ' को रूपमा आउँछ ।

माथिका यी दुवै उदाहरणबाट खास एक प्रकारको वाक्य अर्को प्रकारका वाक्यमा परिवर्तन भई वाक्यान्तरित भएको हो भन्ने कुरा प्रकट हुन्छ । तर यसरी वाक्यान्तरण गर्दा मूल र परिवर्तित वाक्य बीचमा हुने संरचनात्मक र अर्थगत सम्बन्ध बारेपनि विचार गर्नु आवश्यक छ । यस्तो सम्बन्ध नभएकाले निम्नलिखित वाक्यलाई रूपान्तरित वाक्य भन्न सकिन्न । जस्तै:

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम घर जान्छ । राम घर आउँछ ।

यी दुई वाक्य क्रियाको भिन्नताले गर्दा मूलतः भिन्नभिन्न छन् र यहाँ जानु क्रिया भएको वाक्यलाई मूल मानी त्यसलाई 'आउनु' क्रिया भएको वाक्यमा वाक्यान्तरण गर्न सकिन्न ।

विभिन्न वाक्यहरूलाई संश्लेषण गरी एउटै वाक्यमा परिणत गर्ने प्रक्रिया पनि वाक्यान्तरण प्रक्रिया अन्तर्गत पर्दछ । यस किसिमको वाक्यान्तरण मोटामटीमा तीन प्रकारको देखिन्छ: (१) विभिन्न वाक्यहरूलाई एउटै समापिका क्रिया (असमापिका क्रिया जे जति भए पनि) भएको सरल वाक्यमा, (२) विभिन्न वाक्यहरूलाई परस्पर स्वाधीन वाक्यखण्ड भएका एउटै संयुक्त वाक्यमा र (३) विभिन्न वाक्यहरूलाई एउटा मुख्य वाक्य खण्ड र अन्य अधीन वाक्य खण्ड (हरू) एको मिश्र वाक्यमा वाक्यान्तरण। यिनको चर्चा वाक्य संश्लेषण र विश्लेषणका क्रममा पछि गरिनेछ ।

सम्बन्धित पाठ्यांशका निर्धारित विषयवस्तुका सन्दर्भमा निर्धारित वाक्यान्तरणहरूमध्ये प्रथमतः निम्नलिखित वाक्यान्तरणको चर्चा गरिन्छ (वाक्य संश्लेषणद्वारा हुने वाक्यान्तरणको चर्चा तल अलग्गै शीर्षकमा गरिनेछ)।:

१) भाव (अर्थ) गत वाक्यान्तरण
२) वाच्यगत वाक्यान्तरण ।
३) प्रेरणार्थक वाक्यान्तरण
४) करण सम्बन्धी वाक्यान्तरण

(आ) भाव गत वाक्यान्तरण

सामान्य वाक्यलाई मानी विभिन्न भाव (अर्थ) भएका वाक्यमा आवश्यक थपघट र हेरफेर गरी वाक्यान्तरण गरिन्छ ।

क्रमशः....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियाका भाव वा अर्थ बुझाउने वाक्यले वक्ताका खास इच्छा, आशंका, निश्चय, अनिश्चय (सम्भावना), आवश्यकता, सामर्थ्य आदि भाव, अर्थ वा प्रवृत्तिलाई जनाउँछन् । नेपाली भाषामा निम्नलिखित भावहरू मानिएका छन् :-

(१) विध्यर्थक: विध्यर्थक वाक्यका क्रियापदले उत्तम पुरूषमा अनुरोध (प्रार्थना) आदि, मध्यम पुरूषमा आज्ञा आदि र अन्य पुरूषमा विधान आदि जनाउँछन् भन्ने कुरा परम्परागत नेपाली व्याकरणकारहरूले उल्लेख गरेका छन् । जस्तै:

सामान्य मूल वाक्य	वाक्यान्तरित विध्यर्थक वाक्य
प्रथम (उत्तम) पुरूष	
म भात खान्छु ।	म भात खाऊँ ।
हामी जान्छौं ।	हामी जाऔं ।

वाक्यान्तरण हुँदा यी वाक्यका उपर्युक्त वाक्यहरू विध्यर्थक वाक्यमा क्रियामा लिंग, काल बुझाउने प्रत्यय लोप भई केवल वचन-पुरूष बुझाउने प्रत्यय मात्र बाँकी रहेका छन् । भाव बुझाउने प्रत्ययका रूपमा शून्यप्रत्यय मान्न सकिन्छ । जस्तै:-

सामान्य मूल वाक्य	वाक्यान्तरित विध्यर्थक वाक्य
द्वितीय (मध्यम) पुरूष:	
त भात खान्छस् ।	(तं) भात खा ।
तिमीहरू भात खान्छौ ।	(तिमीहरू) भात खाओ ।

यहाँ कर्ताको वैकल्पिक लोप हुनाका साथै क्रियाका रूपमा पनि हेरफेर आएको छ ।

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मूल वाक्य	वाक्यान्तरित विध्यर्थक वाक्य
तृतीय (अन्य)	पुरुष
त्यो घर जान्छ ।	त्यो घर जाओस् ।
तिनीहरू घर जान्छन् ।	तिनीहरू घर जाऊन् ।

यो वाक्यका क्रियामा वचन, पुरुष र भाववाची प्रत्यय छन् तर कालबोधक प्रत्यय छैनन् । यसबाट विध्यर्थक (अर्थ) कालनिरपेक्ष भएको कुरा स्पष्ट हुन्छ ।

द्रष्टव्य:

१ विध्यर्थक वा आज्ञार्थक भाव (अर्थ) भित्र परम्परागत व्याकरणमा तीनै पुरुष (प्रथम, मध्यम र अन्य पुरुष) लाई समावेश गरेको पाइन्छ । तापनि यो तीनको अर्थ भिन्न भएको र मध्यम पुरुषमा प्राय: कर्ता लोप हुने र अरूमा चाहिं नहुने हुनाले पनि विध्यर्थक अन्तर्गत आज्ञार्थक भावमा केवल मध्यम पुरुषमात्र मानी उत्तम पुरुष र अन्य पुरुषलाई विध्यर्थक-भित्र इच्छार्थक भाव (अर्थ) मान्न सकिने देखिन्छ । किनभने मध्यम पुरुषमा चाहिं आज्ञाको भाव शुद्ध रूपमा रहेको र अन्य पुरुषमा चाहिं आज्ञाभन्दा इच्छार्थकको प्राबल्य झल्केको अनुभव हुन्छ ।

२ विध्यर्थक अन्तर्गत आज्ञार्थक भाव जनाउने अन्य क्रियाका रूप पनि देखापर्छन् । जस्तै:-

खानु ।

खाने ।

यी नु, ने कृदन्त प्रत्यय लागी बनेका आज्ञार्थक मध्यम पुरुषका रूपान्दा कम जोडका साथ आज्ञा जनाउने र आदरका दृष्टिले तटस्थ (सानाले ठूलालाई र ठूलाले सानालाई आज्ञा दिन सकिने खालका) देखिन्छन् ।

क्रमश: ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. मध्यम पुरुषमा अर्को रूपहरू (गएस्, गए, भएस्, भए) जस्ता एकवचन र बहुवचनका पनि छन् । यस्ता क्रियापदले भविष्यमा हुने क्रिया-व्यापारको इच्छा प्रकट गर्दछन् । जस्तै:

तँ चिरायु भएस् । तिमीहरू चिरायु भए ।

यस्ता वाक्यहरूमा कर्ताको लोप सामान्यत: हुँदैन । वक्ताद्वारा कसै (कर्ता) प्रति भविष्यमा प्रतिफलित हुने इच्छाको अर्थ जगाइने हुँदा यसलाई पनि आज्ञार्थमा नराखी इच्छार्थक भावमा राख्नु बढिया ठहर्छ ।

(२) <u>अनिश्चयार्थ</u>: यस भावका दुई प्रकार मानिएका छन्: (क) सम्भावनार्थ र (ख) संकेतार्थ ।

(क) <u>सम्भावनार्थ</u>: यस भावका बारेमा संभावना भविष्यत्का प्रसंगमा नै चर्चा गरिएको छ । यसमा भाव (अर्थ) का रूपमा सम्भावनाका अर्थको प्राबल्य हुन्छ । यसका रूप, काल र पदा माथि वर्णित सरह नै हुन्छन् ।

(ख) <u>सङ्केतार्थ</u>: सङ्केतार्थ भावमा कुनै दुई क्रियामध्ये प्राय: एउटा चाहिँ क्रियाले कारण (साधन) र अर्को चाहिँ क्रियाले कार्यको अर्थ बुझाउँछन् । 'यसो भए यसो हुन्थ्यो' भन्ने सङ्केत (शर्त) गरी दुई क्रियाका बीच कार्य-कारण सम्बन्ध जोडिने हुनाले नै यसलाई सङ्केतार्थ भनिएको हो । सङ्केतार्थ बोधक प्रत्यय 'ए' हो । यो कृदन्त क्रियामा लाग्दछ । सङ्केतार्थमा एउटा क्रिया चाहिँ संकेतक कृदन्त क्रिया हुन्छ र अर्को चाहिँ समापिका क्रियापद भए अघिल्ला क्रियापदका पछिल्तिर संकेतार्थक संयोजक अव्यय 'भने' आउँदछ । जस्तै:

क्रमश: ....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पानी पर्‍यो शीतल हुन्थ्यो ।
पानी पर्‍यो भने शीतल हुन्छ । हुनेछ ।.

यसरी संकेतार्थक वाक्यमा आश्रित वाक्य समापिका क्रिया भएको संयोजकद्वारा जोडिन्छ र समापिका क्रिया भएका सो क्रिया संकेतार्थक ए लागेर बन्दछ । यसरी दुई वाक्यहरूलाई एक वाक्यमा रूपान्तरित हुन्छन् ।

परम्परागत नेपाली व्याकरणमा यसका चार (भेद) मानिएका छन्: सामान्य, अपूर्ण, पूर्ण र असिद्धि । विस्तारमा यी चार भेदका ती व्याकरणमा चर्चा गरिएको यहाँ संक्षेपमा मात्र ध्वनित गरिन्छ ।

१) सामान्य: यस क्रियापदले सामान्य संकेतार्थ मात्र बुझाउँछ । जस्तै:- राम्ररी पढे तिमी उत्तीर्ण हुनेछौ ।
'ए' प्रत्ययान्त क्रियाले कारण मात्र बुझाउँछ, कार्यलाई बुझाउँदैन ।

२) अपूर्ण सङ्केतार्थ:-
यो क्रिया मुख्य धातु + तो ।दो, तै।दै + हु + ए (= भए) मिलेर बन्दछ । जस्तै:-
त्यो आउँदै भए नफर्काउनु ।
कोरा धोक्ता भए बेस हो ।
द्रष्टव्य:
१ तो ।दो लागी बनेका क्रियाका रूप कमै प्रयोगमा आउँछन् ।
२ 'खाइरहेको भए', 'गइरहेको भए' जस्ता रूपहरू पनि यस भेद अन्तर्गत प्रचलित छन् ।
३ पूर्ण: यो क्रिया पनि मूल क्रिया + एको + हु + ए (= भए) मिली बन्दछ । जस्तै:-
भात पाकेको भए खाऊ ।

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४ असिद्धि संकेत: यसबाट कारण-क्रिया नहुनाले कार्य-क्रिया पनि नभएको बुझिन्छ । यस भावका क्रियापद विभिन्न किसिमका हुन्छन् । जस्तै :

क्रियापद	वाक्य
आउँदो हुँ	मौका पाए त आउँदो हुँ ।
आउने थिएँ	मौका पाइँदिन, आउँदिन ।
आउँथे	मौका पाए आउनेथिएँ ।आउँथे मौका पाइन,आइन ।

माथिका उदाहरणहरूबाट असिद्धि संकेत भूत वा भविष्यकालका क्रियापदका रूपमा प्रकट भएको स्पष्ट हुन्छ । 'आउँदो हु' 'वस्ता हुन्' जस्ता क्रियापद पनि भविष्यत् कालके रूप हुन् तापनि यहाँ भूत कालको झलक दिन्छन् ।

द्रष्टव्य:

१. संकेतार्थको अर्को भेद 'ने' कृदन्त क्रियासँग 'भए' मिलेर पनि बन्दछ । परम्परागत नेपाली व्याकरणमा यसलाई नदिइए तापनि यो प्रयोग प्रचलनमा आएको हुँदा यहाँ उल्लेख गरिन्छ । यस संकेतार्थले भविष्यत्मा हुने संकेत जनाउँछ । जस्तै:
खाने भए आउँथिस् । आउने थिइस । आउँदो होस्
(आइनस्, खान पाइनस् । असिद्धि संकेतार्थ ।)
खाने भए आइज (सामान्य संकेतार्थ) ।

२ संकेतार्थका वाक्य खण्डमा अघिल्लो क्रियाका पछाडि त,पो, देखि जा, पछि, का खण्डमा आदि लाग्न सक्तछन् । (आए पो खान पाइन्छ।)

३. वाक्यान्तरणका संदर्भमा संकेतार्थ (भाव) का दृष्टिले नेपाली भाषाको सूक्ष्म अध्ययन अपेक्षित छ ।

(छ) कर्तृवाच्यबाट कर्मवाची र भाव-वाची वाक्यमा वाक्यान्तरण ।
वाक्यमा क्रियाका कर्ता, कर्म वा भावसित हुने सम्बन्धका आधारमा क्रिया कर्तृवाच्य, कर्मवाच्य वा भाववाच्य हुन सक्तछ । वाच्यको अभिधार्थ 'भनिनु' हो र वाच्यको खास तात्पर्य नाहिं कर्ता:

क्रमश:....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कर्म वा भावमध्ये कुनै एक वाच्य वा प्रधान हुनु हो । अर्थात् वाक्य अन्तर्गतका कर्ता, कर्म र भावमा जुन चाहिँ कुरो प्रधान छ सोही वाच्य हुन्छ, कर्ता प्रधान भए कर्तृवाच्य, कर्म प्रधान भए कर्मवाच्य र क्रियाले जनाउने भाव प्रधान भए भाववाच्य । नेपाली वाक्य अन्तर्गतका कर्ता, कर्म र भावमा कुन चाहिँ पद प्रधान छ भन्ने कुरो क्रियासित यी पदले जनाउने संगति वा मेलबाट पनि थाहा पाउन सकिन्छ । जस्तै:-

१) प्रहरीले चोरहरूलाई पक्र्यो ;

२) (प्रहरीद्वारा) चोरहरू पक्रिए ।

यी दुई वाक्यमध्ये पहिलो वाक्यमा कर्ता 'प्रहरी' पदसित क्रियापद 'पक्र्यो' ले लिंग र वचनमा सहमति जनाउँछ भने दोस्रो वाक्यमा चाहिँ 'चोरहरू' पदसित 'पक्रिए' क्रियाले लिंग र वचनमा सहमति जनाउँछ । जस्तै:-

१) म जान्छु ।

२) गइन्छ ।

यहाँ वाक्य १) को कर्ता 'म' सित 'जान्छु' क्रियाले वचन र पुरुषमा सहमति जनाउँछ तर वाक्य २) को क्रिया 'गइन्छ' ले कर्तासित लिंग, वचन र पुरुषमा सहमति नजनाई क्रियाको भाव वा अर्थ मात्र जनाउँछ र यस्तो पद सधैं एकवचन पुलिंगमा मात्र प्रकट हुन्छ । यसरी वाक्य रचना अन्तर्गत क्रियाले कर्ता, कर्म वा भावसित जनाउने मेल वा संगतिका आधारमा पनि नेपाली वाक्यका कर्ता, कर्म र भावमध्ये कुन चाहिँ प्रधान छ भनी सजिलै पहिचान्न सकिन्छ । कर्तृवाच्यको कर्म पद कर्मवाच्यमा कर्ता जस्तो भई आउँछ भने कर्तृवाच्यको कर्ता भाव वाच्यमा निष्क्रिय भई वा शून्यमा परिणत भई क्रियाको भाव नै मुख्य हुन जान्छ ।

अर्थका दृष्टिले चाहिँ कर्तृवाच्यको वाक्यको कर्ता क्रियाको क्रिया-व्यापारको असरबाट प्रभावित हुन्छ भने कर्म चाहिँ क्रियाको फलको असरबाट प्रभावित हुन्छ तर कर्म वाच्यमा चाहिँ क्रियाको क्रिया-व्यापार फल दुवैको असर समेत सो कर्म उपर नै पर्न हुन्छ । भाव-वाच्यमा क्रियाको क्रिया-व्यापार र फल दुवैको असर कर्ता उपर नपरी क्रियाको भावमा नै निहित हुन्छ ।

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) मलाई भोक लाग्यो । : मलाई भोक लागिन्छ ।
मबाट यो काम हुंदैन । : मबाट यो काम भइदैन ।
: अशुद्ध ।

माथिका उदाहरणहरूमा (क) समूहका भाववाची वाक्यमा वाक्यान्तरण भएका वाक्यका कर्ताहरूमा कर्ता 'म' पुरुषविहीन कर्ता आफू मा बदलिई वैकल्पिक रूपमा आएको छ । दोस्रो वाक्यको कर्ता 'हामी सबै' वैकल्पिक रूपमा जस्ताको तस्तै आएको छ भने तेस्रा वाक्यको कर्ता 'त' पदको लोप भएको छ । अर्थका दृष्टिले हेर्दा यसो हुनाको कारण हो -'हामी सबै' कर्ता भएको वाक्यले शाश्वत सत्यलाई बुझाउंछ र 'हामी' ले खास पुरुषलाई नबुझाई सबै पुरुष अर्थात् म,तं, त्यो, हामी सबै (प्राणीहरू)लाई जनाएको छ । त्यस्तै 'त' कर्ता भएको वाक्य वाक्यान्तरण हुंदा 'तं' को लोप भएको छ, किनभने मर्नेवाला केवल मध्यम पुरुष (तं) मात्र हुंदैन, सबै मर्छन् । त्यस्तै (क) को चौथो सकर्मक वाक्य कर्मवाच्य वाक्यमा वाक्यान्तरित हुंदा कर्ताको लोप भएको छ भने (ख) को वाक्यको वाक्यान्तरण नै हुन सकेको छैन ।(ख) को वाक्यान्तरण नहुनाको कारण हो, यो (ख) वाक्यले कर्तृवाच्य जस्तो भएर पनि भाव वाच्य कै अर्थ दिन्छ । त्यस्तै 'मबाट यो काम हुंदैन' वाक्य पनि भाववाच्य जस्तो देखिन्छ ।

२. लेख्य नेपाली भाषामा चाहिं कर्म वा भाव वाच्यको कर्ताको लोप नगरी-द्वारा,-बाट, जस्ता विभक्तिका साथै तिनको पनि प्रयोग भेटिन्छ । जस्तै :-

म पुस्तक पढ्छु । मबाट ।द्वारा पुस्तक पढिन्छ ।
म भाइलाई कलम दिन्छु । मबाट।द्वारा भाइलाई कलम दिइन्छ ।
म सुत्छु । मबाट।द्वारा सुतिन्छ ।

३ सकर्मक क्रियाका साथ 'लाई' विभक्ति लिएका कर्म भएका कर्तृवाच्य वाक्यलाई कर्मवाच्यमा रूपान्तरित गर्दा त्यस्ता वाक्यहरू दुई प्रकारका देखिन्छन् । जस्तै :-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) क. सिपाहीले चोरहरूलाई समात्यो ।
ख. चोरहरू समातिए ।
ग. चोरहरूलाई समातियो ।

(२) क. शिक्षकले विद्यार्थीहरूलाई कुट्यो ।
ख. विद्यार्थीहरू कुटिए ।
ग. विद्यार्थीहरूलाई कुटियो ।

यी उदाहरण १ र २ का ख वाक्यहरूमा कर्मवाच्यमा विभक्तिलोपका साथै उद्देश्य र विधेयका बीच पदसंगति कायम हुन्छ तर ग वाक्यहरूमा भने वाच्य परिवर्तन हुंदा 'लाई' विभक्ति कायमै रहन्छ र क्रियापद चाहिं अन्य पुरुषको एक वचनमा मात्र आउंछ । यी दुई प्रकारका वाक्यका अर्थमा सूक्ष्म भिन्नता देखिन्छ र यी दुवै प्रकारका वाक्यहरूको विशेष अध्ययन अपेक्षित छ ।

(ई) अप्रेरणार्थक वाक्यबाट प्रेरणार्थक वाक्यमा वाक्यान्तरण:

अप्रेरणार्थक वाक्यबाट प्रेरणार्थक वाक्यमा पनि वाक्यान्तरण गर्न सकिन्छ । यस्तो गर्दा अप्रेरणार्थक वाक्यको क्रिया अकर्मक भए वाक्यान्तरण गरेपछि सो वाक्यको क्रिया सकर्मक क्रिया सरह हुन जान्छ र अप्रेरणार्थक वाक्य सकर्मक भए वाक्यान्तरित वाक्यको क्रिया द्विकर्मकमा परिणत हुन्छ । प्रेरणार्थकमा वाक्यान्तरण हुंदा अप्रेरणार्थक अकर्मक क्रियाको कर्ता कर्ममा, सकर्मक क्रियाको कर्ता चाहिं अकथितकर्ममा बदलिन्छ ।

परम्परागत व्याकरण अनुसार प्रेरणार्थकले कारण जनाउंछ अर्थात् अप्रेरणार्थक वाक्यका अकर्मक क्रियाको काल र व्यापार दुवै जसमा रहन्छन् सो कर्ता, प्रेरणार्थक रूपमा आउने कर्ता चाहिं प्रेरक प्रेरणार्थक वाक्यमा चाहिं त्यस प्रेरणार्थक वाक्यको कर्म बन्दछ र भई प्रेरणार्थक क्रियाद्वारा निष्पन्न कार्यको हेतु वा कारण वा प्रेरक हुन जान्छ अनि जो अप्रेरणार्थक क्रियाको कर्ता हो सो चाहिं प्रेरणार्थक वाक्यमा प्रेरकद्वारा प्रेरित वा प्रयुक्त हुन जान्छ । यसैगरी अप्रेरणार्थक वाक्य प्रेरणार्थक वाक्यमा वाक्यान्तरित हुंदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गौण कर्ममा अर्थात् प्रेरक वा प्रयोजक कर्ताद्वारा प्रयोज्य (प्रयोगमा ल्याउने) भई कर्म बन्दछ । संस्कृत व्याकरणमा पाणिनिले पनि प्रेरक कर्तालाई प्रयोजक र अप्रेरणार्थक क्रियाको कर्ता (जो प्रेरणार्थकमा प्रयोज्य कर्ता भएको छ) लाई प्रयोज्य कर्ता भनेका छन् ।जस्तै:

वाक्यान्तरण

अप्रेरणार्थक वाक्य	प्रेरणार्थक वाक्य
(क) बालक रुन्छ ।	सीता बालकलाई रुवाउँछे ।
(ख) बालक भात खान्छ ।	सीता बालकलाई भात खुवाउँछे ।

माथिका अप्रेरणार्थक वाक्य प्रेरणार्थक वाक्यमा परिवर्तन हुंदा अप्रेरणार्थक (क) वाक्यको कर्ता 'बालक' प्रेरणार्थक वाक्यमा कर्ममा परिणत भई क्रियाले प्रेरक कर्ताअनुसार लिंग, वचन, पुरुष लिएको छ । यसरी नै (ख) को अप्रेरणार्थक वाक्यका क्रियाको कर्ता 'बालक' प्रेरणार्थक वाक्यमा परिणत भएपछि गौण कर्म वा प्रयोज्य कर्तामा परिवर्तन भएको छ र प्रेरक कर्ताअनुसार नै क्रियाको लिंग, वचन र पुरुषको संगति भएको छ । (प्रेरणार्थक वाक्यका क्रियामा प्रेरणार्थक प्रत्यय - आउ, -याउ, -आल प्रत्यय लाग्दछन् भन्ने कुरा शब्द निर्माण प्रक्रियामा नै संकेत भइसकेको छ ।

द्रष्टव्य:

१. सबै अप्रेरणार्थक क्रियालाई उपर्युक्त किसिमले प्रेरणार्थक क्रियामा परिणत गर्न सकिंदैन । धातुमा आउ, याउ, लागेका वा इ, स्क जस्ता अप्रेरणार्थक क्रियाबाट चाहिं प्रेरणार्थक बनाउन सकिंदैन ।

राम धनी हुन्छ । × श्याम रामलाई धनी हुवाउंछ ।
राम भात पकाउंछ । × श्याम रामलाई भात पकवाउंछ ।

(क्रमशः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) उपर्युक्त किसिमले प्रेरणार्थक बनाउन सकिने र नसकिने क्रिया भएका वाक्यलाई वाक्यान्तरण गर्दा वाक्यमा कृदन्त मुख्य क्रियाका साथमा `लगाउ` सहयोगी क्रिया लगाएर वाक्यान्तरण गर्न सकिन्छ । त्यस्तै केही क्रियालाई प्रेरणार्थकमा परिणत गर्दा पूरा रूप नै बदल्नु नै पर्ने पनि हुन्छ । जस्तै :

सीता भात पकाउँछे ।	राम सीतालाई भात पकाउन लगाउँछ । (पहिले नै - आउ अन्त्यमा हुने क्रिया पकाउ-)
म धनी बन्छु ।	राम मलाई धनी बनाउँछ । (`हु` का ठाउँमा `बन` भई पूरै रूप बदलिएको)

३ पहिलो प्रेरणार्थक वाक्यबाट दोस्रो प्रेरणार्थक वाक्यमा पनि `लगाउनु` का सहायताले वा खासखास क्रियामा आई प्रत्यय लगाई वाक्यान्तरण गर्न सकिन्छ । तर सकर्मकबाट दोस्रो प्रेरणार्थक बनाउने यो प्रक्रिया त्यति प्रचलित देखिंदैन । जस्तै :-

अप्रेरणार्थक	प्रथम प्रेरणार्थक	द्वितीय प्रेरणार्थक
राम मर्छ ।	श्याम रामलाई मार्छ ।	कृष्ण श्यामद्वारा रामलाई मराउँछ ।
राम काम गर्छ।	श्याम रामलाई काम गराउँछ ।	कृष्ण श्यामलाई काम गराउन लगाउँछ।

माथिका उदाहरणमा एक पटक `आउ` प्रत्यय र अर्को `गराउन` 'लगाउनु' का सहायताले प्रेरणार्थक रूपको निर्माण गरिएको छ । प्रेरक कर्ता थपिएपछि मूल कर्ता कर्ममा परिणत हुंदा `लाई` लगाउनु पर्छ । तर द्वितीय प्रेरणार्थक मा `लाई` लगाएका दुई पदावलीमा एउटा मात्र रही अर्काको लोप हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४) प्रेरणार्थक कर्तृवाच्यबाट कर्मवाच्य वाक्यमा वाक्यान्तरण गर्न सकिन्छ । जस्तै :-

राम श्यामलाई काम गराउँछ ।	रामद्वारा श्यामलाई काम गराइन्छ ।

५ प्रेरणार्थक क्रियाका बारेमा अरू विस्तारका निम्ति `मध्य चन्द्रिका` हेर्नु शिक्षकका निम्ति उपयुक्त हुनेछ ।

(उ) करण वाक्यबाट अकरण वाक्यमा वाक्यान्तरण

सबै प्रकारका करण वाक्यहरू अकरण वाक्यका अपेक्षामा आधार वाक्य मानिन्छन् अर्थात् करण वाक्यकै निषेधात्मक रूप अकरण वाक्य हो । जसबाट क्रिया व्यापारको निषेध वा `नहुनु` बुझिन्छ । जस्तै :-

वाक्यान्तरण

करण वाक्य	अकरण वाक्य
राम भात खान्छ ।	राम भात खाँदैन ।

अकरण क्रियाको क्रिया पदमा क्रियाको निषेध बुझाउने `न` कार जोडिन्छ । सो करण क्रियामा तीन किसिमले जोडिन्छ:

(१) करण क्रियाका र कृदन्तका शुरुमा : नआउ ।

(२) करण क्रियापदको प्रत्ययसंग मिलेर : खादैनौ

(३) कहीं मुख्य क्रिया र सहायक क्रियाका बीचमा: गर्दैन थियो । गर्दैनथ्यो।

द्रष्टव्य:

१) अकरण क्रियाका रूपावली र तत्सम्बन्धी विभिन्न प्रयोगका निम्ति `मध्यचन्द्रिका` हेर्नुहोस् ।

२ करण वाक्यबाट डबल अकरणमा पनि वाक्यान्तर हुन्छ । यसरी डबल अकरण हुंदा निषेध वाचक `न` वाक्य अन्तर्गत निम्नलिखित अनुसार दुई पटक आएको देखिन्छ:-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क) संयुक्त वा मिश्र वाक्यमा दुवै समापिका क्रियामा ।

जस्तै :-

पानी परेन भने बाली सप्रिने छैन ।

जो पढ्दैन त्यो उत्तीर्ण हुँदैन ।

ख) वाक्य अन्तर्गत समापिका र असमापिका क्रियामा ।

जस्तै :-

पानी नपरे सहकाल हुँदैन ।

म किताब नपढ्न चाहन्न ।

म यो काम नगरी छाड्दिन ।

नपढी उत्तीर्ण भइन्न ।

ग) विशेषण र क्रियामा । जस्तै :-

नपढ्ने मान्छे ज्ञानी हुँदैन ।

३ डबल अकरणबाट प्राय: करणमै विशेष जोड बुझिन्छ, किनभने 'निषेधको निषेध' बाट सकारात्मकतामै विशेष जोड प्रकट हुन्छ । यसरी संरचनात्मक दृष्टिले देखिने डबल अकरण अर्थगत दृष्टिले चाहिं प्राय: करण (अझ जोड सहित) मा परिणत हुन्छ । जस्तै :-

डबल अकरण	अर्थ
मैले यो काम नगरेको होइन ।	'गरेकै हो'
ओखती नखाएको भए त्यो निको हुने थिएन ।	'खाएकालै निको भई'

क) तर सामान्य संकेतार्थक वाक्यमा कार्य-कारण दुवै पद्को क्रिया एकै धातुका भएमा डबल अकरणबाट अकरणकै तीव्रता बुझिन्छ ।

जस्तै :-

नगरे नगर ।

जान्नस् भने नजा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग) त्यस्तै विकल्पबोधक निषेध-वाची संयोजक 'न-न' को प्रयोग भएमा पनि प्राय: अकरणको तीव्रता बुझिन्छ जस्तै :-

न भात खाइयो न तिहुन खाइयो ।

न उसले सुन्यो न मैले सुनें ।

.४ व्याकरणात्मक दृष्टिले बन्न सक्ने भए पनि शाश्वत सत्य प्रचलित मान्यता र अन्य भाषिकेतर कारणले गर्दा त्यस्ता अकरण वाक्यहरू अस्वीकार्य मानिन्छन् । जस्तै :-

(१) पृथ्वी गोलो छ ।

(२) आगाले पोल्छ ।

यी वाक्यलाई अकरण बनाउंदा निम्न प्रकारका हुन्छन् । जस्तै :-

(१) पृथ्वी गोलो छैन ।

(२) आगाले पोल्दैन ।

यस्ता वाक्यहरूलाई व्याकरेतर आधारमा अस्वीकार्य मान्ने चलन छ । यस्ता वाक्यहरूलाई अकरण बनाउंदा निम्न लिखित ढंगले डबल अकरण बनाएको देखिन्छ । जस्तै:-

क. पृथ्वी गोलो छैन भन्ने कुरा सांचो होइन ।

ख. आगोले पोल्दैन भन्ने कुरा सांचो होइन ।

परन्तु व्याकरण शिक्षणका क्रममा विद्यार्थीहरूलाई वाक्य संरचनालाई आधार राखेर अकरण बनाउने पद्धतिको ज्ञान दिनु उपयुक्त हुन्छ ।

५. (क) करणबाट अकरण र अकरणबाट करण बनाउने प्रक्रियामा खासखास किसिमका वाक्य संरचना अन्तर्गतका पदहरूमा पनि परिवर्तन हुन सक्छ । जस्तै:-

(क) अकरणबाट	करण
१) म कहिल्यै वा कहिले पनि झुटो बोल्दिन ।	म कहिले पनि झुटो बोल्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२) कोही पनि मूर्ख हुंदैनन् ।	जो पनि मूर्ख हुन्छन् ।

ख) करणबाट — अकरण

करणबाट	अकरण
३) जो पनि मूर्ख हुन्छ ।	कोही पनि मूर्ख हुंदैन ।
४) राम जे पनि खान्छ ।	राम केही पनि खांदैन ।
५) पढ्नेलाई जो पनि रूचाउंछन् ।	नपढ्नेलाई कोही पनि रूचाउंदैनन ।
६) पढनेलाई जो पनि रूचाउंदछन् ।	नपढ्नेलाई कोही पनि रूचाउंदैनन् ।
७) पढ्नेलाई हरेक।प्रत्येक (व्यक्ति)ले रूचाउंछन् ।	नपढ्नेलाई सबैले नै रूचाउंदैनन् । नपढ्नेलाई कसैले (पनि) रूचाउंदैनन ।

यहां अकरण बनाउने क्रममा `नपढ्नेलाई' का सट्टामा `पढ्नेलाई' राखेर पनि अकरण बनाउन सकिन्छ । यस्ता एकभन्दा बढी समापिका वा असमापिका क्रिया भएका वाक्यमा प्रत्येक क्रियारित सम्बन्धित घटकहरूलाई अकरणले ढाकेको हुन्छ । पोले, वाक्यमा अकरणका आफ्नै क्षेत्र हुन्छ । जस्तै:-

) करणबाट	अकरण
तपाइले बोलाएकोले म आएं ।	अ) तपाइले नबोलाएकोले म आएं ।
	आ) तपाइले न बोलाएकोले म आइन ।
	इ) तपाइले बोलाएकोले म आइन ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस वाक्यमा असमापिका र समापिका दुवैमा वा कुनै एकमा 'ने' लगाई अकरण बनेको छ । यस वाक्यभित्रका दुवै समापिका र असमापिका क्रियाको निषेध वा कुनै एकको निषेध पनि व्याकरणात्मक र अर्थगत दुवै दृष्टिले स्वीकार्य छ । वस्तुत: अकरण अन्तर्गतका वाक्यहरू समापिका र असमापिका दुवैमा अकरण हुंदा डवल अकरण हुनाका साथै यी दुईमध्ये एकमा अकरण हुंदा चाहिं अर्कोमा करण भई करण अकरणको आफ्नो क्षेत्र देखिन्छ ।

उपर्युक्त उदाहरणउपर विचार गर्दा अनिश्चयवोधक सर्वनाम (कोही, केही) र सार्वनामिक अव्यय (कहीँ, कहिल्यै आदि) का वाक्यान्तरणमा तिनैका सम्बन्धी सर्वनाम (जो, जे) र सार्वनामिक अव्यय (जहां, जहीं, जहिल्यै) आदि पदकाबीच करण-अकरणका दृष्टिले सह-सम्बन्ध देखिन्छ । त्यसैले करणबाट अकरणको अभ्यास गर्दा संरचनागतका साथै अर्थगत औचित्य वा स्वीकार्यतातर्फ पनि दृष्टि दिनु आवश्यक देखिन्छ । वस्तुत: अर्थगत र संरचनागत दृष्टिले करण-अकरण सम्बन्धी सूक्ष्म अध्ययन-अनुसन्धान अपेक्षित छ ।

८.२. वाक्यान्तरणको शिक्षण-विधि

वाक्यान्तरणको शिक्षण र अभ्यासका निम्ति निम्नलिखित तरिकाहरू अंगाल सकिन्छ :

(१) श्यामपाटीमा आवश्यक उदाहरणहरू लेखी सामान्य वाक्यबाट वाक्यान्तरण हुने प्रक्रिया विद्यार्थीहरूलाई स्पष्ट गराई अझ अरू उदाहरणहरू थपी वाक्यान्तरण भनेको के हो भन्ने कुरा विद्यार्थीलाई अवगत गराउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) उपर्युक्त प्रकारले नै अर्थ (भाव) र यसका निर्धारित विभिन्न प्रकार अर्थात् विध्यर्थ (आज्ञार्थ-इच्छार्थ) प्रश्नार्थ,अनिश्चयार्थ तथा वाच्य (कर्तृ, कर्म र भाव) एवम् प्रेरणार्थबारे सोदाहरण विद्यार्थीहरूलाई सैद्धान्तिक रूपमा अवगत गराई उदाहरणहरू थपी तिनैका वाक्यान्तरणको विस्तृत अभ्यास गराउने ।

(३) उपर्युक्त अभ्यासका क्रममा सामान्य वाक्यबाट वाक्यान्तरित वाक्यमा परिवर्तन गर्ने समेत अभ्यास गराउने ।

उपर्युक्त भनाइलाई स्पष्ट्याउन उदाहरणार्थ सामान्य वाक्यबाट प्रश्नार्थक बनाइनाका साथै प्रश्नार्थक आदिबाट सामान्य वाक्यमा बदल्ने,कर्तृवाच्यबाट भाव र कर्मवाच्य बनाइन्छ भने ती वाच्यबाट कर्तृ वाच्यमा बदल्ने, करणबाट अकरण बनाइन्छ भने अकरणबाट करणमा बदल्ने आदि कुराको उल्लेख गर्न सकिन्छ ।

(४) वाक्यान्तरणका क्रममा उल्लेख गरिएका विभिन्न वाक्यगत प्रक्रियाहरू एक-अर्का प्रक्रियामा पनि प्रयुक्त हुन सक्ने भएकाले सम्भाव्यता र स्वीकार्यतालाई ध्यानमा राखी तिनको अभ्याससमेत गराउने । जस्तै सबै प्रकारको वाक्यबाट करण-अकरण विभिन्न वाच्य, प्रेरणार्थ आदिमा अथवा विभिन्न वाक्यबाट करण-अकरण, प्रश्न र प्रेरणार्थमा ।

(५) शिक्षकले वाक्यान्तरणको क्रममा अभ्यास गराउँदा लिंग, वचन, पुरुष र आदरार्थी आदिको संगति उपर ध्यान आकृष्ट गराउनाका साथै विभिन्न वचन लिंग पुरुष र काल भएका वाक्य प्रयोग गरी विविधता पनि ल्याउने।

(६) उपर्युक्त सबै प्रकारका अभ्यास गराउँदा प्रदर्शन, प्रश्नोत्तर र छलफल र व्याख्या विधिको प्रयोग गर्ने र विद्यार्थीहरूलाई सोधी उनीहरूले दिएका उत्तर तथा उदाहरणमा आवश्यक भए सच्याइ विद्यार्थीहरूलाई कक्षामा सकेसम्म सक्रिय तुल्याउन उत्प्रेरित गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७) अभ्यास गराउंदा शिक्षकले सैद्धान्तिक परिचय र सामान्य अभ्यास गराई सकेपछि आफ्नो निरीक्षणमा संभव भएसम्म नमूनाका रूपमा कक्षाकार्य गराउने र आवश्यकताअनुसार पुस्तकालय-कार्य र गृह-कार्य दिने ।

(८) करण-अकरणको अभ्यास गराउंदा एकले (एकल), डबल वा आंशिक करण र अकरण तथा अर्थको स्वीकार्यता सम्बन्धी पूर्व चर्चित बुंदाहरू पनि स्पष्ट हुने गरी अभ्यास गराउने ।

(९) वाच्यको अभ्यास गराउंदा खास खास क्रिया दिई विभिन्न वाच्यमा प्रयोग गर्ने अभ्यास समेत गराउने ।

(१०) प्रत्येक वाक्यान्तरण प्रक्रिया पढाउंदा उपयुक्त अनुच्छेदहरू श्यामपाटीमा लेखी वा मुखैले भनी टिपाई वा लिथो गरी वितरण गरी सो वाक्यान्तरण प्रक्रिया र त्यसका विभिन्न प्रकार पहिचान्न र तिनको सकारण विश्लेषण गर्न पनि विद्यार्थीहरूलाई अभ्यास गराउने ।

(११) प्रचलित पाठ्यपुस्तकमा त्यति ज्यादा नभएका तर यस शिक्षण निर्देशनमा उल्लेख गरिएका विद्यार्थीका निम्ति उपयोगी कुनै बुंदा देखिएमा संभव भए सो अंश लिथो गरी विद्यार्थीलाई वितरित गर्नु बेस हुनेछ ।

(१२) कुनै खास प्रक्रियामा वा त्यसका प्रकारहरू तोकी तिनको प्रयोग गर्दै पांच वाक्य वा एक अनुच्छेद विद्यार्थीहरूलाई लेख्न लगाउने । यो अभ्यास कक्षा-कार्य र गृह-कार्यका निम्ति पनि उपयुक्त हुने देखिन्छ ।

(१३) एउटै वाक्यान्तरण प्रक्रियाका विभिन्न प्रकारहरू परेको उपयुक्त अनुच्छेद दिई ती विभिन्न प्रकारहरू पहिचान्न र तिनका भिन्नताको सकारण विश्लेषण गर्न गराउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१४) प्रत्येक वाक्यान्तरणका प्रक्रियाको अभ्यास गराउंदा दश गल्ती भएको उपयुक्त अनुच्छेद पूर्व चर्चित तरिकाले नै दिई त्यो शुद्ध गर्न लगाउने अथवा पांच गल्ती भएको यस्तो अनुच्छेद दिई कारण बताई शुद्ध गर्न लगाउने ।

८.३. वाक्यान्तरण शिक्षणको मूल्यांकन विधि

यस क्रममा निम्नलिखित तरीका अंगाल्न सकिन्छ :-

(१) सोदाहरण सैद्धान्तिक प्रश्न सोध्ने :

(क) वाक्यान्तरणका सन्दर्भमा भाव वा अर्थ, वाच्य अकरण र प्रेरणार्थ मध्ये कुनै एक सोध्ने ।

(ख) यिनीमध्ये कुनै एकका भेदहरू सोध्ने ।

(२) कुनै वा प्रत्येक वाक्यान्तरण प्रक्रियाका एउटै वा विभिन्न प्रकार पर्ने गरी पांच वाक्यहरूमा दिई त्यसै वाक्यान्तरण प्रक्रिया अन्तर्गतको अर्को प्रकारमा परिवर्तन गर्न लगाउने । जस्तै करणबाट अकरण वा अकरणबाट करण, कर्तृ, कर्म र भाव वाच्यबाट अर्को वाच्यमा आदि ।

(३) उपयुक्त वाक्यहरू वा अनुच्छेद दिई विभिन्न भाव, विभिन्न वाच्य, एकल, डबल र आंशिक करण-अकरण, प्रेरणार्थक प्रयोजक कर्ता र प्रयोज्य कर्ता (कर्म) सम्बन्धी पहिचान र विश्लेषण या तिनका फरकको पहिचान र विश्लेषण गर्न लगाउने । यस्ता प्रश्न सोध्दा कारण समेत सोध्ने हो भने वाक्यहरूको संख्या कम गराई सोध्ने ।

(४) कुनै वा प्रत्येक वाक्यान्तरण प्रक्रियाका दृष्टिले दश गल्ती भएका उपयुक्त अनुच्छेद दिई शुद्ध गर्न लगाउने वा यस्ता पांच गल्ती दिई कारण सहित खोली सच्याउन लगाउने ।

८.४. पाठ्य सामग्री:-

वाक्यान्तरणसम्बन्धी पाठ्यवस्तु शिक्षण गर्न अध्ययन गर्नु पर्ने सामग्री अंशहरू :-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६. वाक्य संश्लेषण र विश्लेषणको शिक्षण

६.१ वाक्य संश्लेषण

६.१(अ) सैद्धान्तिक चर्चा

वाक्य-संश्लेषण भनेको एकभन्दा बढी सरल वाक्यहरूलाई एकै वाक्यमा परिणत गर्ने प्रक्रिया हो । यस प्रक्रिया अन्तर्गत एकभन्दा बढी सरल वाक्यहरू संयुक्त, मिश्र वा मिलित एकै वाक्यमा परिणत हुन्छन् । जस्तै :-

(१) एउटै सरल वाक्यमा

विभिन्न सरल वाक्यहरू	संश्लेषित वाक्य
राम गयो । म आएँ । तुरुन्तै नाटक शुरू भयो ।	राम गएपछि म आउनासाथ नाटक शुरू भयो ।

द्रष्टव्य:

उपर्युक्त संश्लेषित वाक्य अन्तर्गत एउटै समापिका क्रिया `भयो' आएको छ र अरू क्रिया चाहिं (गए पछि, आउना साथ) कृदन्त असमापिका क्रियाका रूपमा रहेका छन् । वाक्यहरू संश्लेषित हुंदा संश्लेषित वाक्यका बाह्य संरचनामा एउटै मात्र समापिका क्रिया भएकाले यस वाक्यलाई परम्परागत व्याकरणअनुसार सरल वाक्य मानिन्छ । आन्तरिक संरचनामा चाहिं यसमा तीनवटा वाक्य-खण्ड वाक्यांश भएकाले यस वाक्यलाई आन्तरिक संरचनावादीहरू सरल वाक्य नमानी यसभित्र तीन वाक्यखण्ड वा वाक्यांश नै स्वीकारी सरल नभई जटिल वाक्य मान्दछन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) मिश्र वाक्यमा

सरलवाक्यहरू	संश्लेषित मिश्र वाक्य
(क) मैले रामलाई भनें । तिमी चाँडो आऊ। घरमा भान्सा तयार भयो ।	घरमा भान्सा तयार भस्काले तिमी चाँडो आऊ भनी मैले रामलाई भनें ।

द्रष्टव्य:

यस संश्लेषित वाक्यमा 'मैले रामलाई भनें' मुख्य वाक्य हो र त्यसको अधीन वाक्य भई 'भनें' क्रियाका कर्मका रूपमा भान्सा तयार भस्काले तिमी चाँडो आऊ भन्ने वाक्य-खण्ड वा वाक्यांश आस्काले यस वाक्यलाई मिश्र वाक्य भनिस्को हो ।

यसमा प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथनमा उक्ति परिवर्तन समेत भस्को छ ।

(ख) मैले एउटा जोगी देखें । ऊ ज्यादै गम्भीर थियो । उसका आंखा तेजिला थिए ।	मैले एउटा यस्तो जोगी देखें जो ज्यादै गम्भीर थियो र जसका आंखा तेजिला थिए ।

माथिको दायाँ पट्टिको संश्लेषित मिश्र वाक्यमा 'मैले एउटा जोगी देखें' मुख्य वाक्य हो र त्यसका विशेषण वाक्यका रूपमा 'जो ज्यादै गम्भीर थियो' र जसका आंखा तेजिला थिए' दुई खण्ड वाक्यले मुख्य खण्ड-वाक्यको कर्म (नामपद) 'जोगी' को विशेषता जोडेर गरेको छ ।

(३) संयुक्त वाक्यमा

सरल वाक्यहरू	संश्लेषित संयुक्त वाक्य
राम आयो । भात खायो। उसले एकछिन पढ्यो । ऊ सुत्यो ।	राम आयो, भात खायो, एकछिन पढ्यो अनि सुत्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दायाँ पट्टिको संश्लेषित संयुक्त वाक्यमा चार परस्पर निरपेक्ष (स्वाधीन) समान वाक्य-खण्डहरू मिलेको वाक्य संरचनामा एकभन्दा बढी समापिका क्रिया हेकाले यो संयुक्त वाक्य हो । यसैलाई एउटै समापिका क्रिया लाग्ने गरी संश्लेषित गरेमा एउटै वाक्य पनि बनाउन सकिन्छ । जस्तै:- राम आई भात खाएर एक छिनपछि सुत्यो ।

(४) मिलित वाक्यमा

सरल वाक्यहरू	संश्लेषित मिलित वाक्य
केही व्यक्तिहरू मिहिनेत गर्दछन् । प्रायः ती व्यक्तिहरू सफल हुन्छन् । केही आफ्नो मिहिनेती व्यक्तिहरू पनि भेटिन्छन् । तिनीहरू ... रहन्छन् ।	जो मिहिनेत गर्दछन् प्रायः ती व्यक्तिहरू सफल हुन्छन् तापनि त्यस्ता मिहिनेती व्यक्तिहरू पनि भेटिन्छन् जो विफल रहन्छन् ।

माथिका दायाँ पट्टिको संश्लेषित मिलित वाक्यमा 'तापनि' संयोजकद्वारा जोडिएका परस्पर निरपेक्ष (स्वाधीन) दुई वाक्य-खण्ड 'प्रायः... सफल हुन्छन्' र त्यस्ता मिहिनेती व्यक्तिहरू पनि भेटिन्छन्' छन् भने यी दुवैका आ-आफ्ना अधीन विशेषण वाक्यखण्ड पनि छन् । त्यसैले यस संश्लेषित वाक्यलाई मिलित वाक्य भनिएको छ ।

द्रष्टव्य:

१. वाक्य संरचनामा एक मात्र समापिका क्रिया भएको वाक्यलाई सरल र एकभन्दा बढी समापिका क्रिया भएका वाक्यहरूलाई जटिल वाक्य भनिन्छ । संयुक्त, मिश्र र मिलित वाक्य जटिल वाक्य हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२ वाक्य संश्लेषण प्रक्रिया कथ्य र लेख्य दुवै प्रकारका भाषामा, विशेषत: लेख्य भाषामा निकै महत्त्वपूर्ण छ । यसबाट शृङ्खलित धेरै वाक्यहरूलाई जोडी एक वाक्य बनाइन्छ भने त्यसबाट केही हेरफेर भएतापनि ती धेरै वाक्यका साराका सारा कुराको समावेश गरी मितव्ययितापूर्वक अभिव्यक्ति गर्न सकिन्छ, किनभने धेरै वाक्यका सिलसिलामा दोहोरिइरहने कुराहरू (कर्ता-क्रिया आदि) हटाई वा लोप गरी यथासंभव आवश्यक संयोजक आदिद्वारा संश्लेषित वाक्यमा छरितो किसिमले साराका सारा कुरा कम शब्द भएको कसिलो वाक्यद्वारा समेटिन्छ ।

३ वाक्य-संश्लेषण एक प्रकारले सीप वा कलातुल्य देखिन्छ । यो सीप वस्तुत: अभ्यासबाटै विकसित हुन्छ तापनि यो सीपका प्राप्तिका निम्ति सरल र जटिल (संयुक्त, मिश्र र मिलित) वाक्यका गठन प्रक्रिया सैद्धान्तिक सुझबुझबाट प्रशस्त मार्गदर्शन प्राप्त हुन्छ।

४ कुनै अनुच्छेद वा लामा लामा कथनको पनि संश्लेषण गर्न सकिन्छ । यस्तो संश्लेषण गर्नुपर्दा लामा र कसिला सरल वाक्यहरू र जटिल वाक्यहरूको पनि प्रयोग गर्नुपर्छ । यस क्रममा कति ज्यादा वाक्यहरूलाई एक वाक्यमा समेट्ने भन्ने कुरा संश्लेषित हुने वाक्यहरूका बनोटमा निर्भर गर्दछ । लामा लामा संश्लिष्ट वाक्यका नमूनाका रूपमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको गद्य-लेखनलाई लिन सकिन्छ । संश्लेषण गर्न दिइएका वाक्यहरू नै पर्याप्त संश्लिष्ट भएमा संश्लेषण त्यति आवश्यक हुंदैन ।

५ वाक्य संश्लेषणको ~~प्रक्रियाले~~ संक्षेपीकरणका सीपका विकासमा आधारभूत भूमिका खेल्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(आ) वाक्य संश्लेषणको - शिक्षण विधि

वाक्य-संश्लेषणको शिक्षण र अभ्यास गराउँदा निम्न-लिखित तरीका अंगाले:-

(१) आवश्यक उदाहरण दिई वाक्य-संश्लेषण भनेको के हो र यसको के कति प्रकार छन् अनि के महत्व छ भन्ने कुरा शिक्षकले विद्यार्थीहरूलाई अवगत गराउने ।

(२) वाक्य-संश्लेषण गर्दा छोटा छोटा वाक्यमा दोहोरिई रहने कर्ता-क्रिया आदि हटाई तिनलाई के कसरी संश्लेषित गर्नुपर्छ भन्नेबारे आवश्यक कुरा शिक्षकले सोदाहरण विद्यार्थीहरूलाई स्पष्ट गरिदिने ।

(३) छोटा छोटा वाक्य भएका अनुच्छेदहरू कुनै पुस्तक वा पत्रिका-बाट लिई वा आफैं बनाई शिक्षकले श्यामपाटीमा लेखी, मुखैले भनी टिपाई वा लिथो गरी उपलब्ध तुलाई कक्षा-कार्यका रूपमा शिक्षकले विद्यार्थीहरूलाई विभिन्न प्रकारका वाक्य संश्लेषणको अभ्यास गराउने र तो हेरी सच्याई दिने र आवश्यक सुझाउ दिई टिप्पणी गरिदिने ।

(४) उपर्युक्त प्रकारले नै छोटा छोटा वाक्य भएका अनुच्छेद दिई गृहकार्य गर्न लगाउने ।

(इ) वाक्य संश्लेषणको मूल्यांकन विधि

वाक्य-संश्लेषणको शिक्षणका मूल्यांकनका निम्ति निम्न-लिखित तरीका अंगाले :-

(१) शिक्षण - अभ्यासका क्रममा दफा (१) मा चर्चित सैद्धान्तिक कुरा सोध्ने ।

(२) ५ छोटा छोटा तर श्रृङ्खलित वाक्यहरू दिई तिनलाई वाक्यमा संश्लेषण गर्न लगाउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६.२. वाक्य विश्लेषण

६.२१ सैद्धान्तिक चर्चा

(अ) वाक्य विश्लेषण भनेको के हो?

वाक्य संश्लेषणको विपरीत प्रक्रियानै वाक्यविश्लेषण हो भन्न सकिन्छ । वाक्य-संश्लेषणको तात्पर्य जटिल वाक्यका वाक्यखण्ड, (वाक्यांश) हरूका बीचको पारस्परिक सम्बन्ध केलाई त्यस वाक्यका संरचनाको निरूपण गर्नु हो । यसलाई परम्परागत व्याकरणमा वाक्य व्याकरण पनि भनिन्छ ।

माथि दफा (४) को द्रष्टव्य १ मा जटिल वाक्यको उल्लेख गरिएको छ । सरल वाक्यका विपरीत तात्पर्यमा यहां जटिल शब्दको प्रयोग गरिएको छ जस अन्तर्गत संयुक्त र मिश्र वाक्य अथवा यी दुवैको मिलित रूप मिलितवाक्य पनि पर्दछन् ।

आन्तरिक संरचनावादीहरू जटिल वाक्यका रूपमा एउटा समापिका क्रिया र अन्य असमापिका क्रिया भएका वाक्यलाई पनि लिन चाहन्छन् । तर यहां केवल एकभन्दा बढी समापिका क्रिया भएका वाक्यलाई मात्र जटिल वाक्यका रूपमा स्वीकारिएको छ ।

पूर्ण वाक्यलाई दुई वर्गमा विभाजन गर्न सकिन्छ: सरल र जटिल । माथि बताइएझैं वाह्य संरचनामा एक समापिका क्रिया भएको वाक्य सरल वाक्य हो भने एकभन्दा बढी समापिका क्रिया भएको पूर्ण वाक्य जटिल वाक्य हो र यस जटिल वाक्यलाई पनि वाक्य अन्तर्गतका समापिका क्रिया लिने वाक्यखण्डहरूका पारस्परिक सम्बन्ध (सापेक्ष र निरपेक्ष) का आधारमा मूलत: दुई उपवर्गमा बाड्न सकिन्छ :- मिश्र र संयुक्त । संयुक्त वाक्यमा वाक्यखण्ड (उपवाक्य) का रूपमा अधीन वाक्यहरू आई सो संयुक्त वाक्यभित्र मिश्र वाक्यखण्ड पनि भएमा त्यस्तो वाक्यलाई मिलित वाक्य भन्न सकिन्छ । मिलित वाक्यलाई पनि लिएमा जटिल वाक्यका तीन प्रकार(संयुक्त, मिश्र र मिलित) हुन्छन् । जटिल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाक्य सम्बन्धी उपर्युक्त पृष्ठभूमिमा वाक्यविश्लेषण प्रक्रियाका बारेमा छलफल गर्न सकिन्छ ।

(आ) संयुक्त वाक्यको विश्लेषण

संयुक्त वाक्यका विश्लेषण प्रक्रियाको वर्णन गर्नाका निम्ति संयुक्त वाक्य केहो भनी स्पष्ट्याउनु अपेक्षित देखिन्छ । संयुक्त वाक्य भनेको त्यो वाक्य हो जसमा एक भन्दा बढी परस्परमा निरपेक्ष वा स्वाधीन (एउटा वाक्य अर्का वाक्यको अधीनमा नरहेका) समान वाक्यहरू मिली, एउटै वाक्यमा परिणत हुन्छन् । यसरी विभिन्न समान वाक्यहरू एउटै संयुक्त वाक्यमा परिणत हुंदा ती (पहिलेका स्वाधीन समान वाक्यहरू) संयुक्त वाक्यका वाक्यखण्ड (वाक्यांश) बन्दछन् । जस्तै :-

सरल वाक्यहरू	संयुक्त वाक्य	वाक्य खण्डहरू
१) म लेखक हुन चाहन्छु	म लेखक हुन चाहन्छु तर मेरो कलम चाहिं चलिसकेको छैन ।	१) म लेखक हुन चाहन्छु ।
२) मेरो कलम चाहिं चलिसकेको छैन		२) मेरो कलम चाहिं चलिसकेको छैन ।

उपर्युक्त संयुक्त वाक्यमा माथि बायांपट्टि दिइएका दुई सरल वाक्यहरू छन् । संयुक्त वाक्यमा परिणत हुंदा ती दुई सरल वाक्यहरू माथि दायां पट्टि देखाइएका दुई वाक्यखण्डका रूपमा रहेका छन् । एउटा संयुक्त वाक्यका रूपमा परिणत भएका उपर्युक्त दुई सरल वाक्यहरू एक अर्काका अधीनमा नरही स्वाधीन र समान छन् तथा संयुक्त वाक्यका वाक्यखण्डका रूपमा पनि यिनीहरू परस्पर स्वाधीन र समानै छन् ।

परम्परागत नेपाली व्याकरणमा संयुक्त वाक्यका मुख्य मुख्य प्रकारका रूपमा समुच्चायक, वैकल्पिक, विरोधक (जसलाई विपरीता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्मक भन्न बढी उपयुक्त देखिन्छ) र उपपादक (उपपत्ति बोधक अर्थात् कारणबोधक) संयुक्त वाक्यको चर्चा गरिएको छ र क्रम-बोधक, शीघ्रताबोधक आदि अन्य प्रकार पनि मानिएका छन् । संयुक्त वाक्यसम्बन्धी यो वर्गीकरण वाक्यखण्डहरूलाई जोड्ने संयोजकका प्रकारमा आधारित देखिन्छ । जस्तै:-

प्रकार	संयुक्त वाक्य	संयोजक
१) समुच्चायक (समेट्ने)	राम खेल्छ पनि पढ्छ पनि	पनि... पनि
२) वैकल्पिक	तपाईं जानु भयो कि जानु भएन ।	कि
	कि तं आइज कि म आउँछु	कि... कि
	न राम आयो न श्याम आयो ।	न... न
	तिमी जाऊ या।वा नजाऊ ।	या... वा
	या तिमी जाऊ या त म जान्छु ।	. त यात, या, त
३) विशेषक (विपरीतात्मक) हुनत यद्यपि	उ चलाक छ तर अल्छी छ	तर (तथापि, तैपनि, किन्तु, परन्तु, किनभने भने, किनकि आदि समेत)
४) उपपादक	(उपपत्तिबोधक वा कारण बोधक) म हिजो क्याम्पस गइन, किन भने ठूलो पानी पर्‍यो।	किनभने
५) क्रमबोधक	उ आयो अनि म गएं ।	अनि, र
६) शीघ्रताबोधक	तं आइस् कि म हिडें ।	कि
	घाम पनि झुल्कियो, म पनि उठें ।	पनि... पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:

१ संयुक्त वाक्यका खण्डहरू जोडिंदा उपर्युक्त संयोजकहरूद्वारा जोडिन सक्दछन् तर कुनै कुनै वाक्यमा तिनका सट्टामा कथ्य भाषाको विश्राम वा अडान र लेख्य भाषामा विराम चिन्हले पनि संयोजकको प्रतिनिधित्व गर्न सक्दछन् । जस्तै:- राम बजार गयो, घुम्यो अनि फर्क्यो ।

२ संयुक्तवाक्यका वाक्यखण्ड जोड्ने संयोजक अव्ययलाई निपेदायोजक भन्ने चलन छ ।

३, संयुक्त वाक्यको विश्लेषण गर्दा स्वाधीन समान वाक्य-खण्डहरू छुट्याई, अलगअलग कै कस्तो संयोजक अव्ययद्वारा जोडिएका छन् सो पनि उल्लेख गर्नु पर्दछ । जस्तै:-

वाक्य

आज राम अड्डा गएन किन भने उसलाई ज्वरो आएको छ।

वाक्य विश्लेषण

उपर्युक्त वाक्य संयुक्त वाक्य हो । यस अन्तर्गत परस्पर स्वाधीन समान दुई वाक्य-खण्ड छन् ।

१) आज राम अड्डा गएन ।

२) उसलाई ज्वरो आएको छ ।

संयोजक : किनभने, (कारणबोधक अव्यय)।

(ङ) मिश्र वाक्यको विश्लेषण

मिश्रवाक्य भनेको त्यस्तो वाक्य हो जुन एक मुख्य वाक्य र दुई वा दुई भन्दा बढी अंग वा अधीन वाक्यहरू मिलेर बन्दछ । संयुक्तवाक्य परस्पर स्वाधीन र समानवाक्यहरू मिलीबन्ने हुनाले त्यसमा मुख्य र अधीन वाक्य हुँदैनन् भने मिश्रवाक्यमा चाहिं एक मुख्य वाक्यखण्ड हुन्छ र अरू चाहिं त्यसैमा आश्रित अर्थात् मुख्यखण्ड वाक्यकै अधीनमा अंगका रूपमा रहन्छन् । वस्तुत: मुख्य वाक्य-खण्डका अधीन वा अंगका रूपमा रहेका यी वाक्य-खण्डहरू मुख्य वाक्यखण्डकै रापेदा रहन्छन् । जस्तै:-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिश्र वाक्य	मुख्य वाक्यखण्ड	अधीन वाक्यखण्ड
जो मह खाट्छ, त्यसले हात चाट्छ ।	त्यसले हात चाट्छ।	जो मह खाट्छ ।

मिश्र वाक्य अन्तर्गत मुख्य वाक्यखण्डका सापेक्षतामा अंग वा अधीन वाक्यहरूको स्थिति तीन किसिमको देखिन्छ :-

१) मुख्य वाक्यखण्डभन्दा अगाडि:- जो हिजो यहां आएको थियो त्यो मेरो भाइ हो ।

२) मुख्य वाक्यखण्डका बीचमा :- उसले मलाई कुट्छु भन्यो ।

३) मुख्य वाक्यखण्ड भन्दा पछाडि:- कुन कुरा सांचो हो भने ऊ कहिल्यै पढ्दैन ।

मुख्य वाक्यखण्ड (मुख्य वाक्यांश) तथा त्यसका अंग(अधीन) वाक्यखण्ड (उपवाक्य) का बीचका सम्बन्धका दृष्टिले मिश्र वाक्यका अंग वा अधीन वाक्यखण्डहरू (उपवाक्यहरू) तीन किसिमका मानिन्छन्:-

(१) नाम वाक्य-खण्ड:- यो मुख्य वाक्यखण्डका कर्ता कर्म भई वा तिनको समानाधिकरण वा पूरक भई नाम सरह कार्य गर्ने अधीन वा अंग वाक्य खण्ड हो । जस्तै:-

क) 'मेरै भुंडी भरियोस्' स्वार्थी विचार हो (कर्ता)

ख) के कुरा सांचो हो भने राम कहिल्यै पढ्दैन । (कर्ताको समानाधिकरण) ।

ग) उसले केकुरा भन्यो भने ऊ दुब्लो छ । (कर्मको समानाधिकरण)

घ) उसले म जान्दा भन्यो । (कर्म)

ङ०) कृष्ण बदमास छ भनी राम जान्दछ । (कर्म)

च) सुस्ताको परिणाम के हुन्छ भने मानिस खान पाउदैन। (कर्ता-पूरक) ।

छ) मेरो इच्छा छ कि यस पटक काठमाडौं जाऊं। (कर्ताको पूरक समानाधिकरण)

ज) इतिहासकारहरू लिच्छविकाललाई नेपालको स्वर्णकाल हो भन्दछन् । (कर्म पूरक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त वाक्यहरू मध्ये ' क ' वाक्यमा स्वार्थी विचार हो मुख्य वाक्यखण्ड हो र उद्धरण चन्द्रमित्र रहेको मैं भुँडी भयियोस् ' अधीन नाम वाक्य खण्डले मुख्य वाक्यखण्डको कर्ता सरह भई कार्य गरेको छ । वस्तुतः यस किसिमको वाक्य सामान्य प्रयोगका दृष्टिले कम स्वतःस्फूर्त र बढी पाण्डित्यपूर्ण देखिन्छ । कुनै कथनलाई यथावत् उद्धृत गर्दा यस्तो मिश्र वाक्य बन्दछ ।

त्यस्तै (ख) वाक्यमा ' के कुरा साँचो हो ' मुख्य वाक्य खण्ड हो र राम दरिद्र्य पढ्दैन ', त्यसको अधीन नाम वाक्य खण्ड हो । यो वाक्यखण्ड मुख्य वाक्यखण्डका कर्ता (के) कुरा ' को समानाधिकरण भएर नाम सरह कार्य गरेको छ ।

उपर्युक्त (ग) वाक्यमा चाहिँ ' उसले (के) कुरा भन्यो ' मुख्य वाक्यखण्ड हो र ' ऊ दूलो छ ' त्यसको अधीन वाक्य खण्ड हो त्यस अधीन वाक्य खण्डले मुख्य वाक्यखण्डको कर्म ' (क) कुरा ' को समानाधिकरणका रूपमा आई नाम सरह कार्य गरेको छ ।

त्यस्तै (घ) वाक्यमा ' उसले भन्यो ' मुख्य वाक्यखण्ड हो र ' म जान्दिन ' त्यहो मुख्य वाक्यखण्डको अधीन वाक्य-खण्ड हो । यसै वाक्यखण्डले मुख्य वाक्यखण्डको ' भन्यो ' क्रियाको कर्मका रूपमा आई नाम सरह कार्य गरेको छ ।

त्यस्तै (ङ) वाक्यमा ' राम जान्दछ ' मुख्य वाक्य हो र ' कृष्ण बदनाम छ ' त्यसको अधीन वाक्यखण्ड हो । त्यस अधीन वाक्यखण्डले मुख्य वाक्यखण्डको क्रिया ' जान्दछ ' को कर्म भई कार्य गरेको छ ।

वाक्य (च) मा ' सुख्खाको परिणाम हुन्छ ' मुख्य वाक्य-खण्ड हो र त्यसैको अधीन नाम वाक्यखण्ड हो ' मानिस खान पाउँदैनन् ' । त्यस अधीन वाक्यखण्डले मुख्य वाक्यखण्डको कर्ता परिणाम ' को पूरकका रूपमा कार्य गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाक्य (छ) मा 'मेरो इच्छा छ' मुख्य वाक्य खण्ड हो र त्यसैको अधीन नाम वाक्य खण्ड हो 'यस पटक काठमाडौं जाऊँ'। यस वाक्य खण्डले मुख्य वाक्य खण्डको 'इच्छा' कर्ताको पूरक समानाधिकरणका रूपमा कार्य गरेको छ ।

वाक्य (ज) मा 'इतिहासकारहरू भन्दछन्' मुख्य वाक्यखण्ड हो र 'नेपालको स्वर्ण काल हो' अधीन नाम वाक्य खण्ड हो । यस वाक्यखण्डले मुख्य वाक्यखण्डको भन्दछन् 'क्रियाको' लिच्छवि-काललाई' कर्मको पूरकका रूपमा कार्य गरेको छ ।

द्रष्टव्य:

१ नेपाली मिश्रवाक्यमा मुख्य वाक्यका अधीन वाक्यखण्डका रूपमा आउने नाम वाक्यखण्ड प्राय: स्वयम् कर्ता नभई कर्ताको समानाधिकरण र पूरक, कर्म तथा कर्मको समानाधिकरण र पूरक भई आएको देखिन्छ । पूरा वाक्य खण्ड नै (मुख्य) कर्म वा कर्ताको स्थानिक भई मिश्र वाक्यमा आउने र तिनले नाम सरह कार्य गर्ने हुनाले यस्तो वाक्यखण्डलाई नाम वाक्यखण्ड भनिएको हो।

२ नाम वाक्यखण्ड उक्तिपरिवर्तन अन्तर्गतको अप्रत्यक्ष कथनसंग पनि सम्बन्धित छ ।

३. नाम वाक्यखण्डलाई प्राय: कि... भने, कि, भनी, भनेर जस्ता संयोजकले मुख्य वाक्यखण्डसंग जोडेका हुन्छन् ।

(२) विशेषण वाक्यखण्ड: यो मुख्य वाक्यखण्डको कर्ता, कर्म, पूरक आदिको विशेषण सरह भई कार्य गर्ने वाक्यखण्ड हो। जस्तै:-

क) मैले एउटा त्यस्तो जोगी देखें जसका आंखा ज्यादै तेजिला थिए । (कर्म - विशेषण)

ख) त्यो व्यक्ति असफल हुन्छ जो बाठो छैन ।(कर्ता-विशेषण)

ग) मैले रामलाई त्यस्तो नेता ठानें जो बिल्कुलै नि:स्वार्थी छ । (कर्म-पूरक विशेषण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त वाक्यखण्डहरूमध्ये (क) वाक्यखण्डमा 'मैले एउटा जोगी देखें' मुख्य वाक्यखण्ड हो र 'जसका आँखा तेजिला छन्' विशेषण वाक्यखण्ड हो, किनभने यसले मुख्य वाक्यखण्डको कर्म 'जोगी' को विशेषण सरह भई सो 'जोगी' को विशेषता जाहेर गरेको छ ।

त्यस्तै 'ख' वाक्यमा 'त्यो व्यक्ति असफल हुन्छ' मुख्य वाक्यखण्ड हो र 'जो बाठो छैन' त्यसको विशेषण वाक्यखण्ड हो, किनभने यस्ले मुख्यवाक्यखण्डको कर्ता 'व्यक्ति' को विशेषता बताउँछ ।

उपर्युक्त (ग) वाक्यमा 'मैले 'रामलाई नेता ठानें' मुख्य वाक्यखण्ड हो र 'जो बिल्कुलै निःस्वार्थी छ' त्यसको अधीन विशेषण वाक्यखण्ड हो । किनभने यसले विशेषण सरह भई मुख्य वाक्यको 'रामलाई' कर्मको पूरक 'नेता' को विशेषता प्रकट गर्दछ ।

द्रष्टव्य:

१ विशेषण वाक्यखण्डहरू विशेषण वाक्यखण्ड र मुख्य वाक्य-लाई जोड्ने संयोजक जस्तो भई दर्शक र संबन्धी सर्वनामले जोडिएका रूपमा प्राय: काम गर्दछन् । दर्शक सर्वनाम मुख्य वाक्यखण्ड पट्टि र संबन्धी सर्वनाम अधीन विशेषण वाक्य खण्डपट्टि आउँछन् । यी दुई मध्ये दर्शक सर्वनाम लुप्त पनि हुन सक्तछ । जस्तो :-

जो भयो, (सो) भयो ।

(त्यो) केटो त्यो जो चलाख थियो ।

२ विशेषण वाक्यखण्ड मुख्य वाक्यखण्डका अगाडि वा पछाडि पनि आउन सक्तछ । जस्तै:-

त्यो रोगी मऱ्यो जो दिसो भर्ना भएको थियो ।

जो दिसो भर्ना भएको थियो त्यो रोगी मऱ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

.३ अव्यय वाक्यखण्ड: यो मुख्य वाक्यखण्डको क्रियायोगी वा क्रिया विशेषणात्मक अव्यय सरह कार्य गर्ने वाक्यखण्ड हो । जस्तै:-

क) जहां भन्छौ त्यहीं जान्छु ।

ख) जतिबेर भन्यौ त्यतिबेर पसल कहां खुल्छ ? ।

उपर्युक्त (क) वाक्यमा 'त्यहीं जान्छु' मुख्य क्रिया हो र 'जहां भन्छौ' अव्यय वाक्यखण्ड हो, किनभने यो वाक्यखण्डले 'त्यहीं जान्छु' मुख्य वाक्यखण्डको 'जान्छु' क्रियाको क्रियाविशेषण सरह भई काम गरेको छ।

त्यस्तै (ख) वाक्यमा 'त्यतिबेर पसल कहां खुल्छ' मुख्य वाक्यखण्ड हो र 'जतिबेर भन्यौ' त्यसैको अधीन अव्यय वाक्य खण्ड हो । किनभने यो वाक्य खण्डले मुख्य वाक्यखण्डको 'खुल्छ' क्रियाको क्रिया विशेषण सरह कार्य गरेको छ ।

अव्यय वाक्यखण्ड मुख्यत: पांच किसिमका मानिएका छन्:-

(क) स्थान बोधक:-

तं जहां जान्छस् जा ।

(ख) काल बोधक:-

जहिले भन्छन् उहिले आउंछु ।

(ग) मात्राबोधक:-

जति पायो उति खायो ।

(घ) रीति (तरिका, किसिम, ढंग) बोधक:-

जसरी आयो उसरी गयो ।

(ङ०) कारण बोधक:-

राम आएन र (त्यस कारणले) यो काम बिग्र्यो ।

द्रष्टव्य:

मुख्य वाक्यखण्ड र विशेषण वाक्यखण्डमा जस्तै मुख्य वाक्य खण्ड र अव्यय वाक्यखण्डमा पनि दर्शक, सार्वनामिक अव्यय र संबन्धी सार्वनामिक अव्यय जोडा संयोजक सरह भई आउंछन् र तिनीहरूमध्ये सम्बन्धी सार्वनामिक अव्यय लोप हुन पनि सक्छ । जस्तै:-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जहिले मन्छ्र (तारिले) आउँछ ।
जति पायो, (त्यति) पायो ।

मिश्र वाक्यका अंग वा अधीन वाक्यखण्डहरूको पनि अंग(उपांग) वाक्यखण्डहरू हुन सक्छन् । जस्तै :-

जिन्दगी त्यस्तो यात्रा हो जसको समाप्ति त्यतिबेर हुन्छ जतिबेर यात्री थाकि सकेको हुन्छ ।

(क) मुख्य वाक्यखण्ड - जिन्दगी त्यस्तो यात्रा हो

(ख) अंग वा अधीन वाक्यखण्ड- जसको समाप्ति त्यतिबेर हुन्छ

(ग) उपांग वाक्यखण्ड- जतिबेर यात्री थाकिसकेको हुन्छ ।

मिश्र वाक्यका अंग वाक्यका रूपमा दुई वा दुई भन्दा बढी संयुक्त वाक्यखण्ड पनि आउन सक्छन् । मुख्य वाक्यखण्डको अधीन वाक्य हुनाले यी संयुक्त वाक्यखण्डहरू मुख्य वाक्यखण्डका सापेक्षतामा स्वाधीन र समान भने ठहर्दैनन् । जस्तै :

(१) त्यस देशको उन्नति सधैं हुन्छ (२) जुन देशका नागरिकहरू परिश्रमी हुन्छन् (३) र जहाँ प्राकृतिक स्रोतहरू पनि पर्याप्त हुन्छन्।

(१) - मुख्य वाक्यखण्ड
(२) - अंग वाक्यखण्ड
(३) - (२) सँग संयुक्त वाक्यखण्ड

संयोजक-

मिश्रवाक्यको विश्लेषण गर्दा निम्नलिखित कुराको विश्लेषण अपेक्षित छ :-

(१) मुख्यवाक्यखण्ड पहिचानी त्यसको उल्लेख गर्ने ।

(२) अधीन वा अंग वाक्य (वाक्य खण्ड) छन् भने तिनलाई पहिचानी अलग छुट्याई लेख्ने ।

(३) ती अधीन वाक्य नाम, विशेषण वा अव्यय वाक्यखण्ड हुन भनी ठम्याउने र सो उल्लेख गर्ने । संयुक्त वाक्यखण्ड अंग वा उपांगका रूपमा आएका भए सो पनि उल्लेख गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४) मुख्यवाक्यसंग ती विभिन्न वाक्यखण्डका सम्बन्ध ठम्याई सो खुलाई ती नाम, विशेषण वा अव्यय वाक्यखण्ड वा संयुक्त वाक्यखण्ड के कस्ता किसिमका हुन् भनी जनाउने ।

(५) आवश्यक हुने ठाउँमा संयोजक र तिनको स्वरूप ठम्याई उल्लेख गर्ने ।

उदाहरणार्थ:-

जटिल वाक्य

त्यो मुलुक ठूलो हो जहांका मानिसहरू त्यसरी एकतापूर्वक मिहिनेत गर्दछन् जसरी कमिलाहरू उद्यम गर्छन भनी अनुभवी व्यक्तिहरू ठान्दछन् ।

विश्लेषण

(क) अनुभवी व्यक्तिहरू ठान्दछन्। मुख्य वाक्यखण्ड

(ख) त्यो मुलुक ठूलो हो । अधीन नाम वाक्यखण्ड । यसले मुख्य वाक्य खण्ड (क) को ठान्दछन् क्रियाको कर्मको कार्य गरेको छ ।

(ग) यहांका मानिसहरू त्यसरी एकतापूर्वक मिहिनेत गर्दछन्। यो अधीन नाम वाक्यखण्ड(ख) को मुलुक नामको विशेषता जाहेर गर्ने विशेषण अधीन वाक्य हो ।

(घ) जसरी कमिलाहरू उद्यम गर्दछन् । यो अधीन अव्यय वाक्यखण्ड हो । यसले 'ग' को गर्दछन् । क्रियाको रीति जाहेर गर्दछ।

(ई) मिलित वाक्यको विश्लेषण

मिलित वाक्यको बारेमा यसभन्दा अगि पनि संयुक्त र मिश्र तत्वहरूका मेलका सन्दर्भमा चर्चा गरिसकिएको छ । संयुक्त र मिश्र वाक्य मिसिएका खण्डमा दुई स्थितिहरू देखिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) संयुक्त वाक्य प्रधान भई त्यस अन्तर्गतका वाक्यखण्डका अधीन वाक्यका रूपमा मिश्र वाक्यखण्डहरू आउनु पहिलो स्थिति हो ।

(२) मिश्र वाक्य प्रधान भई त्यसका अधीन वाक्यसंग संयुक्त भई संयुक्त वाक्यखण्डहरू आउनु, दोश्रो स्थिति हो ।

यी दुई स्थिति मध्ये पेहिलो स्थिति मिलित वाक्य हो, दोश्रो स्थितिमा मिश्र वाक्यको मुख्य वाक्यखण्डका अधीन वाक्यखण्डसंग संयुक्त वाक्यखण्ड आएकाले परस्पर स्वाधीन र समान स्थिति नहुनाले संयुक्त वाक्यको अधीन नहुंदा मिलित वाक्य बन्न नसकेको ठानिन्छ । त्यसैले मिलित वाक्य भनेको संयुक्त वाक्य अन्तर्गत मिश्र वाक्य आउनु हो । जस्तै :-

(१) हाम्रा कृषकहरू परिश्रम गर्दछन् तापनि (२) त्यो सम्पन्नता उनीहरूलाई प्राप्त छैन (३) जुन विकसित मुलुकका किसानहरूले प्राप्त गरिसकेका छन् ।

(१) - परस्पर स्वाधीन र समान वाक्यखण्ड

(२) - ,,

(३) संयोजक तापनि

(३) - (२) को भाववाचक संज्ञा 'सम्पन्नता' को विशेषता जाहेर गर्ने अधीन विशेषण वाक्य ।

६.२.२ वाक्य विश्लेषणको शिक्षण विधि

वाक्य विश्लेषणको शिक्षण र अभ्यास गराउन निम्नलिखित तरिका अंगाल्नु उपयुक्त देखिन्छ :-

(१) आवश्यक उदाहरण दिई वाक्यविश्लेषण भनेको के हो र जटिल वाक्य तथा सरल वाक्यमा के अन्तर छ अनि संयुक्त र मिश्र वाक्य भनिएका के हुन् र यिनमा के अन्तर छ र यी के कस्ता के कति प्रकारका छन् भन्ने कुरा शिक्षकले विद्यार्थीहरूलाई अवगत गराउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) उपर्युक्त पुस्तक वा पत्रिकाबाट लिएर वा आफैं बनाएर संयुक्त र मिश्र वाक्यहरू मुखैले भनी विद्यार्थीहरूलाई टिपाई वा लिथो गरी उपलब्ध गराई संयुक्त, मिश्र र मिलित वाक्य चिन्न लगाउने र गल्ती भएका कुरा सच्याई दिने ।

(३) उपर्युक्त वाक्यहरू विभिन्न पुस्तक-पत्रिकाबाट जम्मा गरी वा आफैं बनाई शिक्षकले उदाहरणका रूपमा कक्षामा माथि विश्लेषणका निम्ति देखाइएका ढांचा बमोजिम आफैले केही संयुक्त र मिश्र वाक्यको विश्लेषण गरिदिने।

(४) वाक्य-विश्लेषण गर्ने ढांचा र तरिका विद्यार्थीहरूलाई शिक्षकले अवगत गराई कक्षा-कार्यका रूपमा वाक्य विश्लेषण को अभ्यास गराउने र सो हेरी सच्याई टिप्पणी पनि गरिदिने, आवश्यक मात्रामा गृहकार्य पनि दिने ।

८.२.३ वाक्य विश्लेषणको मूल्यांकन विधि

यसका निम्ति निम्नलिखित दुई तरीका नै मूलत: अंगाले:-

(१) शिक्षण- अभ्यासका दफा (१) मा चर्चित भए अनुसार सोदाहरण सैद्धान्तिक प्रश्न सोध्ने ।

(२) प्रमाणपत्र तहमा जम्मा तीन-चार र स्नातक तहमा जम्मा चार-पांच वाक्यखण्ड भएको 'जटिल' वाक्य दिई वाक्य विश्लेषणको ढांचाबमोजिम विश्लेषण गर्न लगाउने ।

८.३ पाठ्य-सामग्री:

वाक्य संश्लेषण र विश्लेषण सिकाउंदा शिक्षकले प्रयोग गर्नु पर्ने सामग्री अंशहरू-

(१) मध्यचन्द्रिका ——————————— पृष्ठ १८७-१९६
(२) रचनाकेशर ——————————— पृष्ठ १३७-१५६
(३) राम्रो रचना मीठो नेपाली ——————— पृष्ठ १८२-१८३
(४) बृहत् नेपाली व्याकरण(लेखे रोहिणीप्रसाद भट्टराई) ———— पृष्ठ ५२५-५५७
(५) प्रासंगिक अन्य पुस्तक र पत्रिका ।

———

:कमल:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६.१० उक्ति-परिवर्तनको शिक्षण

६.१०.१. उक्ति-परिवर्तन संबन्धी सैद्धान्तिक चर्चा

नेपाली भाषाका उक्ति परिवर्तन प्रक्रियाबारेमा प्रारम्भिक अध्ययन मात्र भएको छ । विशेषत: सन्चार माध्यमको बढ्दो प्रयोगले गर्दा उक्ति-परिवर्तनबारे भाषाविद्हरूको ध्यान आकर्षित हुन थालेको छ ।

उक्ति-परिवर्तन मूलत: प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा बदल्ने प्रक्रिया भन्ने कुरा जनाउंछ । यस प्रक्रियालाई उल्ट्याएर पनि अभ्यास चाहिं गर्न सकिन्छ र अपेक्षित समेत छ । प्रत्यक्षकथन सामान्य बोलचाल र नाटक-उपन्यास तथा कथा आदिका संवादमा बढी चल्छ भने अप्रत्यक्ष कथन चाहिं विशेषत: औपचारिक अवसरका कथ्य भाषामा र सन्चारस्रोतका साथै नाटक-कथा- उपन्यासका लेख्यवर्णन अंशमा प्रयुक्त हुन्छ ।

उक्ति-परिवर्तनलाई अन्योक्ति कथनका रूपमा पनि चिनाइएको पाइन्छ । कुनै व्यक्तिद्वारा व्यक्त गरिएको कुरा अरु कुनै व्यक्तिलाई भन्नु नै अन्योक्ति-कथन हो भने सो अन्योक्ति-कथन नेपाली भाषामा के कसरी प्रस्तुत गरिन्छ भन्ने प्रक्रियासंग पनि उक्ति-परिवर्तन सम्बन्धित छ । वस्तुत: उक्ति परिवर्तनलाई निम्नलिखित बुंदाका आधारमा स्पष्ट्याउनु उपयुक्त देखिन्छ :-

(१) उक्ति-परिवर्तनको प्रक्रिया उक्ति वा कथनसित संबन्धित छ । उक्ति वा कथन भन्नाले कुनै वक्ता वा कथयिताले कसैसंग भनेको कुनै कुरा बुझिन्छ । यसरी कुनै पनि उक्ति वा कथनका क्रममा भन्ने र सुन्ने दुई व्यक्ति हुन्छन् जसलाई वक्ता र श्रोता या कथयिता र श्रोता भनिन्छ । यसरी भनिएको वा सुनिएको कुरालाई जब अर्को अवसरमा पुन: प्रस्तुत गरिन्छ त्यसरी प्रस्तुत गरिएको उक्ति वा कथनसितै मूलत: उक्तिपरिवर्तन प्रक्रिया जोडिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) उपर्युक्त 'पुन: कथन' (एकपटक भनिएका कथनको पुन: कथन) का क्रममा दुईवटा वक्ता देखा पर्दछन्: प्रथम वक्ता र द्वितीय वक्ता। प्रथमवक्ता मूल कथयिता हो र पुन: कथनका क्रममा पनि उसैको मूल कथनलाई द्वितीय वक्ता वा कथयिताद्वारा प्रस्तुत गरिन्छ । यसको तात्पर्य हो प्रस्तोताका रूपमा द्वितीय कथयिताले प्रथम कथयिताद्वारा भनिएको मूल कथनलाई प्रस्तुत गर्दछ ।

(३) प्रस्तोता वा द्वितीय कथयिताले मूल कथनको पुन: कथन दुई किसिमले गर्न सक्छ:-

(क) प्रत्यक्ष कथन

(ख) अप्रत्यक्ष कथन

(४) प्रत्यक्ष कथन भन्नाले मूल, कथयिताले भनेको कथन उसले जेजस्तो रूपमा भनेको छ त्यसै रूपमा द्वितीय कथयिताद्वारा प्रस्तुत हुनु हो। अप्रत्यक्ष कथन भनेको चाहिं मूल कथनलाई द्वितीय कथयिताद्वारा आफ्नो किसिमले प्रस्तुत गरिनु हो । पहिलो कथन (प्रत्यक्षकथन) लाई नेपाली व्याकरणकारहरू शब्दानुवाद भन्न मन पराउछन् किनभने यसमा मूल कथयिताको कथनलाई उसैका शब्दमा द्वितीय कथयिताद्वारा प्रस्तुत गरिन्छ र त्यस कथनलाई उद्धरण चिन्हभित्र राखिएबाट पनि यसको पुष्टि हुने ठानिन्छ । दोस्रो कथन (अप्रत्यक्ष कथन) लाई चाहिं नेपाली व्याकरणकारहरू 'भावानुवाद' भन्न रूचाउछन्, किनभने यसमा मूल कथनलाई द्वितीय कथयिताले आफ्ना शब्दमा प्रस्तुत गर्ने ठानिन्छ ।

द्रष्टव्य:

अवश्यै प्रत्यक्ष कथनका क्रममा भाषाका दृष्टिले शब्दानुवाद भएको देखिन्छ अर्थात् प्रथम वक्ताकै शब्द पर्दछन् तापनि शब्दानुवाद र भावानुवाद (अर्थानुवाद) का आधारमा प्रत्यक्ष र अप्रत्यक्ष कथनलाई चिनाउनु पर्याप्त देखिदैन । वस्तुत: मिश्र वाक्यका रूपमा गरिने अप्रत्यक्ष कथनमा पनि संयोजक आदि लाग्नु बाहेक प्राय: शब्दानुवादकै प्रवृत्ति नेपाली भाषामा पाइन्छ र खास भावानुवाद (अर्थानुवाद) चाहिं सरल वाक्य अन्तर्गत अप्रत्यक्ष कथन गर्ने प्रक्रियामा नै भेटिन्छ । जस्तै :-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(अ) प्रत्यक्ष कथन

राम भन्दछ `म जान्छु' यहां रामले भनेकै `म जान्छु' शब्दहरूद्वारा अन्य व्यक्तिद्वारा त्यस मूल कथनलाई प्रस्तुत गरिएको छ ।

(आ) अप्रत्यक्षकथन (मिश्र वाक्यमा)

म जान्छु भनी रामले भन्यो । यहां रामको `म जान्छु' भन्ने कथनलाई अन्य व्यक्तिद्वारा आफ्ना भनाई अन्तर्गत राखी अप्रत्यक्ष कथनका रूपमा प्रस्तुत गरिए तापनि भावानुवाद (अर्थानुवाद) भन्दा शब्दानुवादकै प्रवृत्ति देखिन्छ ।

(इ) अप्रत्यक्ष कथन (सरल वाक्यका रूपमा)

रामले जाने आशय प्रकट गऱ्यो । यहां चाहिं स्पष्टत: मूल कथयिताको कथनको भावानुवाद छ ।

(५) प्रथम कथयिताको मूल कथनको पुन: कथनका क्रममा द्वितीय कथयिता निम्नलिखित अनुसार हुन सक्तछ :

(क) स्वयम् मूल कथयिताले पनि आफ्नो कथनको पुन:कथन गर्न सक्तछ । यस प्रकारको पुन:कथन समय र प्रसङ्गका दृष्टिले पुन: कथन हुन जान्छ (यसमा सम्बोधित व्यक्ति वा श्रोता चाहिं अन्य व्यक्ति र मूल कथनकै सम्बोधित व्यक्ति समेत हुन सक्तछ)। जस्तै:-

पुन: कथन (अप्रत्यक्ष)	कथयिता		सम्बोधित व्यक्ति	
	प्रथम	द्वितीय	अन्य व्यक्ति	मूल कथनकै व्यक्ति
मैले(रामले) कृष्णलाई `घर फर्कोर भयो' भनेको थिएं ।	राम	राम	✓	
मैले तं(कृष्ण)लाई `घर फर्कोर भयो' भनेको थिएं ।	राम	राम		✓

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) मूल कथनका क्रममा संबोधित व्यक्ति पनि द्वितीय कथयिता (पुन: कथनका क्रममा) हुन सक्छ । यस स्थितिमा अन्य व्यक्ति वा मूल कथयितासमेत संबोधित व्यक्ति हुन सक्छ । जस्तै:-

(१) रामले मलाई `घर फोहोर भयो` भनेको थियो ।

(२) तपाईले मलाई घर फोहोर छ भन्नु भएको थियो ।

माथि वाक्य (१) को मूल कथनको सम्बोधित व्यक्ति (कृष्ण) द्वितीय कथयिता वा प्रस्तोता हुन आएको छ र संवोधित व्यक्ति अन्य व्यक्ति छ भने वाक्य (२) मा द्वितीय कथयिता `कृष्ण` नै भए पनि संबोधित व्यक्ति चाहि `राम` नै छ ।

(ग) अन्य व्यक्ति पनि द्वितीय कथयिता वा प्रस्तोता हुन सक्छ। यस स्थितिमा पुन: कथनको सम्बोधित व्यक्ति चाहिं अर्को `अन्य व्यक्ति` हुन्छ । सामान्यत: अन्य व्यक्तिहरू द्वितीय कथयिता हुंदा तिनीहरू पुन: कथनका पृष्ठभूमिमा मात्र रहन्छन् तापनि तिनीहरू पनि प्रकट रूपमा आएमा चाहिं द्वितीय कथनको पनि पुन: कथन हुन जान्छ । जस्तै:-

(१) रामले कृष्णलाई `घर फोहोर भयो` भनेको थियो ।

(२) श्यामले गोविन्दलाई के भन्यो भने रामले कृष्णलाई घर फोहोर भयो भनेको थियो ।

(६) वस्तुत: `अन्य व्यक्तिहरू` कथयिता र सम्बोधित व्यक्ति भएका स्थितिमा सामान्यत: तिनीहरू अप्रकट रहन्छन्, विशेष विवक्षा भएमा मात्र तिनीहरूको उल्लेख गरिन्छ । (ग) उदाहरण वाक्य (१) र (२) बाट यो कुरा स्पष्टिएको छ ।

(७) द्वितीय कथयिता र संबोधित व्यक्ति जँनाउने अंशलाई कथयिता अंश र कथन बताउने अंशलाई कथन अंश भनिन्छ र अप्रत्यक्ष कथनका क्रममा कथयिता अंश र कथन अंशलाई एकै वाक्यमा संश्लेषण गर्ने प्रक्रिया नै उक्ति परिवर्तन प्रक्रिया हो । जस्तै:-

कथयिता अंश	कथन अंश	संश्लेषण
रामले भन्यो	यो कुरा साँचो हो ।	यो कुरा साँचो हो भनी रामले भन्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(८) नेपाली व्याकरणकारहरूले नेपाली भाषामा उक्ति परिवर्तन वा पुन: कथनका प्रस्तुतीकरणका क्रममा संस्कृत भाषामा झैं प्राय: शब्दानुवाद नै हुन्छ भन्ने राय प्रकट गरेका छन् । वस्तुत: नेपाली भाषामा कथनका क्रममा कुनै कथनको प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा बदले अर्थात् उक्तिपरिवर्तन गर्ने क्रममा कथयिता र कथन दुवैलाई एउटै मिश्र वाक्यमा परिणत गरिन्छ र सो गर्दा कथयिता-अंश मुख्य वाक्यखण्ड र कथन-अंश चाहिं प्राय: नामिक वाक्य खण्ड हुन्छ । जस्तै :-

प्रत्यक्ष कथन	अप्रत्यक्ष कथन।	अप्रत्यक्ष कथन	
		कथयिता अंश	कथन अंश
रामले श्यामलाई भन्यो यो कोट राम्रो छ	यो कोट राम्रो छ भनी रामले श्यामलाई भन्यो ।	रामले श्यामलाई भन्यो	यो कोट राम्रो छ

(९) उक्ति-परिवर्तनका क्रममा अर्थात् प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा बदल्ने क्रममा निम्नलिखित प्रक्रिया देखापर्छ:-

(१) प्रत्यक्ष-कथनमा कथयिता अंश र कथन-अंश अलग अलग वाक्यका रूपमा रहन्छन् र कथन अंशलाई लेख्य भाषामा चिन्ह (खण्ड-चिन्ह) र '...' चिन्ह उद्धरण चिन्हद्वारा स्पष्ट्याउन पनि सकिन्छ भने अप्रत्यक्ष कथनमा यी दुवै अंश एकै वाक्यमा परिणत हुन्छन् भन्ने कुरा स्पष्टै छ । एकै वाक्यमा परिणत हुंदा कथन अंशले कथयिता अंशका अगाडि, बीचमा र पछि पनि आई एक वाक्यता अंगाल्छ । जस्तै:-

अगाडि: (२) म घर जान्छु भनी (१) रामले मलाई भन्यो ।

बीचमा: (१) रामले (२) म घर जान्छु (१) भन्यो ।

अन्त्यमा:(१) रामले के भन्यो भने (२) म घर जान्छु ।

(१) कथयिता अंश

(२) कथन अंश ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) अप्रत्यक्ष कथनमा उक्ति परिवर्तन गर्दा कथयिता-अंश र कथन अंश संयोजक अव्ययद्वारा जोडिन पनि सक्छन् तर कथन अंश कथयिता अंशका बीचमा आई यो स्वत: स्पष्ट भएमा संयोजकको आवश्यकता पर्दैन । जस्तै:-

अप्रत्यक्ष कथन	संयोजक
रामले के भन्यो भने म भोलि आउंछु ।	के.. भने
रामले म भोलि आउंछु भनी।भनेर भन्यो	भनी।भनेर
रामले कसो भन्यो भने म भोलि आउंछु	कसो.. भने
रामले भोलि म आउंछु भन्यो ।	-

(३) अप्रत्यक्ष कथनका रूपमा उक्ति-परिवर्तन गर्दा कथयिता अंश मुख्य वाक्य खण्ड र कथन अंश अधीन नाम वाक्य खण्ड भई सामान्यत: मिश्र वाक्यमा परिणत हुन सक्छ । यसरी अप्रत्यक्ष कथन संश्लेषित हुने प्रक्रियालाई स्पष्ट गरिसकिएको छ र मिश्र वाक्यको विश्लेषण प्रक्रियाबाट पनि यो कुरा स्पष्टिन्छ।

(४) अप्रत्यक्ष कथनका सन्दर्भमा कथन अंशका अन्तमा `भन्नु` जस्ता कथयिता क्रिया मात्र लागी कथयिता-कर्ताको लोप भएमा सामान्य धारणा वा प्रचलन वा मान्यता बुझिन्छ ।जस्तै:- सूर्यग्रहण हेर्नु हुंदैन भन्दछन् ।

(५) अप्रत्यक्ष कथनमा परिवर्तन गर्दा अर्थानुवाद अथवा भावानुवाद पनि गर्न सकिन्छ । यस क्रममा कथयिता अंश र कथन अंश सरल वाक्यमा परिणत हुन्छन् । जस्तै:-

प्रत्यक्षकथन	अप्रत्यक्षकथन(भावानुवाद)
रामले भन्यो	रामले आफू घर गएर
'म घर जान्छु र फर्कन्छु	फर्किएपछि मलाई
अनि तिमीलाई भेट्छु ।'	भेट्ने कुरा गऱ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:

(१) यसरी भावानुवाद गर्दा अप्रत्यक्ष कथनका कथयिता र संबोधित व्यक्ति अनुसार परिवर्तनका साथै प्रत्यक्ष कथनका विभिन्न वाक्यहरू एउटै समापिका क्रिया (विभिन्न समापिका क्रिया परे पनि) लगेको एउटै वाक्यमा परिणत हुन्छन् (यस क्रममा कथन अंशको भावबमोजिम क्रियापद पनि विशेष रूपमा परिवर्तित हुन सक्तछ) ।

(२) अप्रत्यक्ष कथनका क्रममा कथयिता अंश नराखी कथन अंशको अन्त्यमा रे, अरे जस्ता निपातको प्रयोग गरी भावानुवाद गरिएमा अन्योक्ति बुझिन्छ । जस्तै:-

आज राम आउँदैन रे । अरे ।

विभिन्न किसिमका प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्दा भावानुवाद-प्रक्रिया अंगालिएका केही उदाहरण प्रस्तुत छन्:-

<u>प्रत्यक्षकथन</u>	<u>अप्रत्यक्ष कथन (भावानुवाद)</u>
रामले 'म भोलि घर जान्छु' भन्यो ।	राम भोलि घर जान्छ रे ।
उनले 'म यस काममा अयोग्य छु' भने ।	उनले आफूलाई त्यस काममा अयोग्य ठाने ।
उनले 'धर्मविना शान्ति संभव छैन' भने।	उनका भनाइमा, धर्मविना शान्ति संभव छैन । उनले धर्मविना शान्ति संभव नहुने कुरा बताए ।
मैले उसलाई 'तिमी घर न जाऊ' भने।	मैले उसलाई घर नजान भनें । मैले उसलाई घर जान निषेध गरें ।
दाजुले 'तिमीहरूको यात्रा सफल होस्' भन्नु भयो।	दाजुले हाम्रो यात्राको सफलताको कामना गर्नु भयो ।
उनले 'तिमी कहाँ जान्छौ?' भने ।	उनले म जाने ठाउँ सोधे । उनले म जाने ठाउँ जान्न चा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६.१०.२ उक्ति परिवर्तन प्रक्रियाको शिक्षण विधि

यसको शिक्षण र अभ्यासका क्रममा निम्नलिखित तरीका अंगाल सकें देखिन्छ:-

(१) आवश्यक उदाहरणहरू दिई तिनका आधारमा शिक्षकले विद्यार्थीहरूलाई उक्ति परिवर्तन प्रक्रियाको सैद्धान्तिक जानकारी दिने ।

(२) प्रत्यक्ष कथनलाई अप्रत्यक्षकथनमा र त्यसको विपरीत किसिमले अप्रत्यक्षकथनलाई प्रत्यक्षकथनमा परिवर्तन गर्दा ध्यान दिनु पर्ने मुख्य मुख्य कुरा शिक्षकले कक्षामा बताई उदाहरणहरू दिई त्यससित परिचित गराउने ।

(३) एक कथयिता र एककथन अंश भएका प्रत्यक्ष कथनहरू श्यामपाटीमा लेखी शिक्षार्थीहरूलाई मौखिक रूपमा अप्रत्यक्ष कथनमा परिवर्तन गर्ने अभ्यास गर्न लगाउने र आवश्यकता अनुसार सच्याई टिप्पणी पनि गरिदिने ।

(४) त्यसरी नै अप्रत्यक्ष कथन दिई प्रत्यक्ष कथनमा बदल्ने अभ्यास गराउने ।

(५) कथ्य अभ्यास विद्यार्थीहरूले गरिसकेपछि एकभन्दा बढी कथन अंश भएका प्रत्यक्ष कथनहरू श्यामपाटीमा लेखी, मुखैले भनी टिपाई वा लिथो गरी दिई विद्यार्थीहरूलाई उक्तिपरिवर्तन गर्ने अभ्यास गराउने। त्यसपछि समाचारपत्र र अन्य सामग्री लिई अप्रत्यक्ष कथनको पनि उक्तिपरिवर्तन गर्ने अभ्यास गराउने ।

(६) खास सन्दर्भहरू दिई ती लगाई अप्रत्यक्ष कथनको निर्माण गर्ने विद्यार्थीहरूलाई मौखिक र लेख्य दुवैथरी अभ्यास गराउने ।

(७) मिश्र वाक्यका रूपमा अप्रत्यक्ष कथनहरू दिई तिनको विश्लेषण-को अभ्यास गर्ने गृह-कार्य दिने ।

६.१०.३ मूल्यांकन

(१) आवश्यक उदाहरण दिँदै उक्ति परिवर्तन प्रक्रियासंबन्धी सैद्धान्तिक पक्ष स्पष्ट गर्न लगाउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) प्रत्यक्षकथनलाई अप्रत्यक्ष कथनमा बदल्ने तरीका सोदाहरण लेख्न लगाउने ।

(३) पांच प्रत्यक्ष वा अप्रत्यक्ष कथन (स्क कथयिता र ती कथन भस्का) दिई सामान्य (शब्दानुवादात्मक) उक्तिपरिवर्तन गर्न लगाउने ।

(४) पांच प्रत्यक्षकथन (माथि बताए भैं) दिई भावानुवादात्मक उक्ति परिवर्तन गर्न लगाउने ।

६.१०.४ पाठ्य सामग्री

उक्ति परिवर्तनको ज्ञान र अभ्यास गराउंदा प्रयोग गर्नु पर्ने सामग्री अंशहरू:-

(१) मध्यचन्द्रिका ——————————— पृ. १९२

(२) रचना केशर ——————————— पृ. १६६-१६८

(३) राम्रो रचना मीठो नेपाली——————— पृ. १८४

(४) भाषा प्रवेश नेपाली व्याकरण—————— पृ. २२६

(५) बृहद् नेपाली व्याकरण ——————— पृ. ५२५-२६६

(६) पाठ्यक्रम विकास पत्रिका, अंक , ——— पृ.

१ आदरार्थी सर्वनामको शिक्षण

६.११.१ सैद्धान्तिक चर्चा

नेपाली भाषा आदरार्थी सर्वनामको प्रयोगका दृष्टिले नामुद छ । यी सर्वनामको सम्बन्ध नेपाली समाज र संस्कृतिसित अविच्छिन्न रूपमा गांसिस्को देखिन्छ । यी आदरार्थी सर्वनाममा कुन चाहिंको प्रयोग कसरी हुन्छ भन्ने कुरा बुझ्नाका निम्ति वक्ता र श्रोता के कस्ता छन् र वसका विषयमा कुन प्रसङ्गमा कुरा गरिरहेका छन् भन्ने कुरा राम्ररी बुझ्नु आवश्यक छ । कतिबेर कुन चाहिं आदरार्थी सर्वनामको प्रयोग गर्ने भन्ने कुराको निर्धारण निम्नलिखित तत्व वा कारक (फ्याक्टर) हरूले गर्दछन्:

(१) उमेर (बुढो पाको वा वयस्क वा बालक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) लिङ्ग (स्त्री वा पुरूष)

(३) नाता (अगिल्ला पुस्ताको, समान पुस्ताको वा पछिल्लो पुस्ताको आधार र मित्रता)

(४) जात (ब्राह्मण, क्षत्री.... आदि)

(५) जाति (आर्य, मङ्गोल .... आदि)

(६) वर्ग (धनी, गरीब......... आदि)

(७) अधिकार (हाकिम-कर्मचारी)

(८) सामाजिक स्तर (कुलीन, शिक्षित, जमीन्दार र साधारण आदि)

(९) प्रसङ्ग (औपचारिक-अनौपचारिक)

(१०) प्रवृत्ति (विराग, अनुराग आदि)

यी सबै तत्व वा कारकलाई यहाँ विस्तार पूर्वक नलिई तिनको सामान्यीकरण गरेर 'कसले', कसलाई, कुन परिस्थिति वा प्रसंगमा के कुरा भनिरहेको छ भन्ने आधारमा यिनको प्रयोग तलका तालिकामा दर्शाउने चेष्टा गरिन्छ (सामान्य सर्वनाम पनि आदरार्थी सर्वनामसित तुलनाका लागि साथै दिइएको छ) :-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तम	हामी	,,	आफू र अरू सबैलाई	,,	हामी जान्छौं ।
पुरुष					
	हामी १	आफैंले	आफैंलाई	अभिमानका साथ आत्मप्रदर्शन गर्दा	हामी यो काम गर्न सक्छौं ।
	हामी २	सम्पादले	पाठकलाई	सम्पादकीयमा	हामी यस कुरामा विश्वस्त छौं ।
	हामी ३	श्री ५ बाट	जनतालाई	औपचारिक प्रसङ्गमा	हामीबाट घोषणा गरिबक्स्यौं ।
मध्यम	तं	ठूला नाताले	साना नातावालाई	साधारण बोलचालमा	ए छोरा, तं के गर्छस् ?
पुरुष		मालिकले	नोकरलाई	अनौपचारिक प्रसङ्गमा	ए रामे, यता आइज ।
		आत्मीय साथीले	आत्मीय साथीलाई	,, ,,	तं के गर्छस् ?
		लोग्नेले	स्वास्नीलाई	,, ,,	तं के गर्छस्? ।
		सानाले	ठूलालाई	रिसको झवांकमा	तैंले के नाप्छस् ।
	तिमी	ठूलाले	सानालाई	प्रेम वा आदर गर्दा	तिमी कहिले जाने ?
		लोग्नेले	स्वास्नीलाई	पूर्ववत् वा औपचारिक प्रसङ्गमा	तिमी कहिले आयौ?
		ठूला कर्मचारीले	धेरै तल्का कर्मचारीलाई	सामान्य बोलचालमा	तिमी एकछिन यहां आऊ ।
		स्वास्नीले	लोग्नेलाई	प्राय: मंगोल जातिमा र अशिक्षित समुदायमा	तिमी आज आराम गर ।
	तपाई	सानाले	ठूलालाई	सामान्य बोलचालमा	तपाईंको घर कहां हो ?
		नेताले	जनतालाई	औपचारिक प्रसङ्गमा	तपाई कहिले आउनु भयो ?
		हाकिमले	कर्मचारीलाई	,, ,,	तपाई यो काम कहिले सक्नुहुन्छ ?
		ठूलाले	सानालाई	खिसी गर्दा वा व्यङ्ग्य कस्ता	तपाई जस्ता पण्डितलाई यसको अर्थ थाहा होला ।
		स्वास्नीले	लोग्नेलाई	सामान्य कुराकानीमा	तपाई आज कहिले फर्कने ?
	यहां	पूर्ववत्	पूर्ववत्	शिष्ट समुदायमा तपाई शब्दबाट भन्दा बढी विनम्रता जनाउन	यहां कहिले पाल्नु भयो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुष	सर्वनाम	कसले ?	कसलाई ?	कुन परिस्थिति, प्रसङ्गमा ?	उदाहरण
मध्यम	आफू	स्वास्नीले साथीले	लोग्नेलाई साथीलाई	लोग्नेको नाम लिन नपरोस् भनी नाम लिन नचाहँदा	आफू के गर्दै हुनुहुन्छ ?
	हजुर	सानाले	ठूला-बडालाई	औपचारिक प्रसङ्गमा	हजुर के भनी बसेको ?
	सरकार	जनताले	श्री ५ र राजपरिवारका सदस्यलाई	संधै	सरकार, हामी अन्यायमा पर्‍यौं । सरकारबाट हाम्रो कल्याण गरिबक्सियो ।
	मौसूफ	जनताले राजपरिवारले	श्री ५ लाई	औपचारिक प्रसङ्गमा	मौसूफबाट निगाहा होस् ।
अन्य पुरुष	यो (नजिक)	ठूलाले	सानालाई	सामान्य बोलचालमा	यो कलम हो ।
	त्यो (टाढा)	,,	,,	,,	त्यो बाघ हो ।
	ऊ (टाढा)				
	प्राय: मान्छे	,,	,,	,,	ऊ असल छ ।
	यी। यिनी	तिमी जस्तै	तिमी जस्तै	तिमी जस्तै	यी को हुन् ?
	ती। तिनी				ती को हुन् ?
	ऊ। उनी				ऊ को हुन् ?
	उहाँ। वहाँ	यहाँ जस्तै	यहाँ जस्तै	यहाँ जस्तै	वहाँले भन्नु भयो ।
	आफू	मध्यम पुरुषको आफू जस्तै	आफू जस्तै	आफू जस्तै	आफूले भन्नुभयो ।
	मौसूफ	,,			मौसूफबाट यस्तो हुकुम भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदरार्थी सर्वनामको प्रयोग उचित परिस्थितिमा उचित ढङ्गले गर्नु स्तरीय कथ्य र लेख्य भाषिक सीपका प्राप्तिका निम्ति अति आवश्यक छ । नेपाली भाषाका भाषिका र अन्य भाषाका वक्ताहरूबाट आदरार्थीको प्रयोगमा निकै गल्तीहरू पाइन्छन् । ती गल्तीहरू मुख्यतया आदरार्थी सर्वनाम र क्रियापदका बीचको सङ्गतिमा र कसले कसलाई के कसका बारेमा कुन परिस्थितिमा कुन चाहिं आदरार्थी क्रियाको प्रयोग गर्नुपर्छ भन्ने कुरामा ध्यान नपुग्दा नै हुन जान्छ ।

उदाहरणार्थ :-

अशुद्ध प्रयोग	शुद्ध प्रयोग
हजूरले गरि बक्सनु भयो ।	हजूरबाट गरिबक्सियो ।
मौसूफले भनिबक्सियो ।	मौसूफबाट हुकुम भयो ।
तपाईले के भन्छौ ?	तपाई के भन्नु हुन्छ । इत्यादि

आदरार्थी र क्रियापदका बीच सङ्गति

सर्वनाम	क्रियापद	उदाहरण
तिमी (पु.)	क्रिया-बहु.	तिमी के गर्छौ ? ।
,, (स्त्री.)	,, -र स्त्री.	तिमी के गर्छ्यौ ? ।
यी।यिनी।ती।तिनी	क्रिया-बहु.	यी के गर्छन् ?
ऊ।उनी (पु.)	क्रिया-बहु.	यी के गर्छन ?
,, (स्त्री.)		यिनी के गर्छिन् ?
आफू तपाई यहां	मुख्य क्रिया+नु+हु	आफू कहां जानुहुन्छ ? तपाई कहां जानु हुन्छ ? यहां कहां पालु हुन्छ ?
हजूर सरकार मौसूफ	मुख्य क्रिया+नु+बक्सिनु	हजुर कहां गईबक्सिने ? सरकारबाट निगाहा बक्सेको छ । मौसूफबाट देशको निम्ति हरदम चिन्ता लिइबक्सिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य:-

(१) माथिका उदाहरणबाट के स्पष्ट हुन्छ भने `सरकार` र `मौसूफ` शब्द कर्ताका रूपमा प्रयोग हुंदा प्राय: `ले` विभक्ति नलागी `बाट` लाग्दछ । मध्यम-पुरूष र अन्य पुरूषको `यहाँ` र `वहाँ` कर्ताको क्रियामा `जानु` का बदलामा प्राय: पाल्नु क्रियाको प्रयोग हुन्छ । त्यस्तै `यहाँ` `हजुर` `सरकार` र `मौसूफ` को कर्ताका रूपमा प्रयोग हुंदा `बाट` विभक्ति लागेपछि मुख्य क्रिया `हुनु` आस्मा सधैं एक वचन हुन्छ । जस्तै:- `सरकारबाट नजर भयो । उच्चतम आदरार्थीमा आदर जनाउने विशेष नाम पदको प्रयोग हुन्छ । जस्तै:- निगाहा - कृपा, नजर गर्नु - हेर्नु, सुकला हुनु - पुग्नु आदि ।

(२) `सरकार`, `मौसूफ` र हजुर संबोधन गर्न सकिने हुंदा शुद्ध सर्वनाम नभए पनि नामका सट्टामा यिनलाई प्रयोग गर्न सकिन्छ । यसैले यिनलाई यहां सर्वनामका प्रसङ्गमा उल्लेख गरिएको हो । साथै यी सर्वनामको अन्य पुरूष र मध्यम पुरूषको रूपमा व्यवहार हुन सक्छ ।

(३) `आफू` सर्वनाम पुरूष,का हिसाबले तटस्थ रहन्छ र सबै पुरूष (उत्तम, मध्यम र अन्य पुरूषका निम्ति प्रयोग हुन्छ ।

(४) यहां `तथा` `वहाँ` स्थानवाची सार्वनामिक क्रिया विशेषणले क्रमश: मध्यम र अन्यपुरूषको कार्य गरेको स्पष्टै छ ।

(५) आदरार्थी सर्वनामको प्रयोग मानव बाहेक गाई (गो माताका अर्थमा) र देवी-देवतालाई समेत गरिन्छ । जस्तै:- गौमाता लक्ष्मी हुन् । भगवान् श्री कृष्णले भन्नुभयो । आदि ।

(६) आदरार्थी सर्वनामको प्रयोगमा वक्ता तटस्थ रहन चाहेमा (कुन स्तरको आदरार्थी हो भन्ने किटान नगर्न चाहेमा, -नु, -ने लागेका कृदन्तको प्रयोग गरिन्छ जस्तै:-

हजुर कता सवारी हुने ,
तपाईं कहाँ जाने ?
हजुर सवारी हुनू नि !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

।तं

।तिमी आजू ,

तर माथिका सन्दर्भमा पनि `सरकार`, `मौसूफ` -सित -नु कृदन्त लगाई प्रयोग गर्दिन । शिष्ट प्रयोगमा चाहिं `तपाई` `हजूर `आदिसंग पनि -नु को प्रयोग उपयुक्त ठानिंदैन ।

(७) कर्म र भाव वाच्यको प्रयोग गरेर पनि आदरार्थीको स्तरबारे तटस्थ रहन सकिन्छ । जस्तै :-

अब पूजा गरियोस् ।

अब के गरिन्छ ? (तं, तिमी, तपाई, हजूर द्वारा)

(८) नेपाली भाषामा आदरार्थी सर्वनामको बाहुल्य मध्यम पुरुषमा देखिन्छ । सामान्य अर्थात् आदरार्थी नमानिएको `तं` सर्वनाम-लाई मानकका रूपको सबभन्दा तल राखी उत्तरोत्तर पर्दो क्रममा आदरार्थी सर्वनामलाई क्रमश: पहिलो, दोस्रो आदि स्तर निर्धारित गर्दा तल लेखेबमोजिम देखिन्छ :-

१.	पहिलो दर्जा.	(सर्वोच्च)	मौसूफ
२.			सरकार
२.	दोस्रो दर्जा	(विशिष्ट उच्च)	हजुर
३.	तेस्रो दर्जा	(उच्च)	यहां
४.	चौथो दर्जा	(उत्तम)	तपाई
५.	पांचौं दर्जा	(विशिष्ट)	आफू
६.	छैटौं दर्जा	(मध्यम)	तिमी
७.	सामान्य	(-)	तं

नेपाली भाषामा आदरार्थी सर्वनामको प्रयोग सम्बन्धित नेपाली समाजका बनोटसित सम्बन्धित छ र आदरार्थी सर्वनामको प्रयोगमा वक्ता र श्रोताका बीच के सम्बन्ध छ, कसले कसलाई अर्थात् जेर (सानो-ठूलो), लिङ्ग(स्त्री-पुरुष), नाता(अघिल्लो पुस्ता, समान वा पछिल्लो पुस्ता) अधिकार (ठूलोपद वा सानोपद वा बराबर) सामाजिक स्थिति, जात (सानो जात वा ठूलो जात), जाति(आर्य-मंगोलि) परिस्थिति र प्रसङ्ग(औपचारिक-अनौपचारिक), धन(धनी-गरीब) आदि जस्ता कुराले नै कुन तहको आदरार्थीको प्रयोग गर्ने भन्ने कुरो तय गर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६.११३ आदरार्थी (सर्वनाम) को शिक्षण-विधि

आदरार्थी (सर्वनाम) को शिक्षण र अभ्यासका क्रममा निम्नलिखित तरिका अंगाल्नु उपयुक्त देखिन्छ :-

(१) प्रासङ्गिक र रोचक उदाहरणहरू दिँदै आदरार्थी सर्वनामका महत्त्व र यसका विभिन्न प्रकार र तिनका सन्दर्भ तथा कार्यबारे विद्यार्थीलाई अवगत गराउने ।

(२) कार्य-योजनाअनुसार सम्बन्धित कक्षामा पढाउनुपर्ने सर्वनामहरू श्यामपाटीमा लेखी वाक्यमा तिनीहरूको प्रयोग गरी भन्न विद्यार्थीहरूलाई प्रेरित गर्ने र सो गर्दा विद्यार्थीले गरेका गल्तीहरूप्रति सचेत तुल्याउने किसिमले शिक्षकले आवश्यक टिप्पणी गर्ने ।

(३) क्रियापद र आदरार्थी सर्वनामका बीचको संगतिलाई ध्यानमा राखी केही सर्वनाम र क्रियाको संगतिका उदाहरणका रूपमा केही वाक्य शिक्षकले प्रस्तुत गरी विद्यार्थीहरूलाई अन्य आदरार्थी सर्वनामका निम्ति पुरुष, वचन र लिङ्गका दृष्टिले उपयुक्त क्रियापद छानी वाक्यका रूपमा भन्न विद्यार्थीहरूलाई कक्षाकार्यका रूपमा लगाउने ।

(४) वक्ता र श्रोता तथा प्रसङ्ग दिई आदरार्थी सर्वनाम र क्रियाका संगति भएका वाक्यहरू भन्न विद्यार्थीहरूलाई लगाउने र नमिलेमा सच्याई टिप्पणी गर्ने ।

(५) वक्ता, श्रोता र प्रसङ्गका साथै सारा शीर्षक तोकी विद्यार्थीहरूलाई कक्षाभित्र केही समूहमा बाँडी खासखास वक्ता र श्रोताको भूमिका अंगाली आदरार्थी सर्वनामको प्रचुर प्रयोग हुने गरी वार्तालाप गर्न लगाउने र शिक्षकले तिनको निरीक्षणका साथै आवश्यक टिप्पणी गरिदिने ।

(६) उपर्युक्त किसिमले नै तोकी आदरार्थी सर्वनाम र क्रियाको अधिकाधिक उपयोग हुने गरी कुनै संवाद वा अनुच्छेद लेख्न गृहकार्य दिने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७) श्यामपाटीमा लेखी, मुखैले भनी, टिपाई वा लिखी गरी आदरार्थी प्रयोग सम्बन्धी पर्याप्त अशुद्धि भएको अनुच्छेद विद्यार्थीहरूलाई दिई कक्षाकार्य वा गृहकार्यका रूपमा शुद्ध गर्न लगाउने ।

(८) आदरार्थीका दृष्टिले तटस्थ क्रियाको प्रयोग हुने दुई-चार नमूना वाक्य शिक्षकले बताई विद्यार्थीहरूलाई त्यस्तै किसिमका अन्य प्रसङ्ग खोजी पांच-सात वाक्य प्रस्तुत गर्न लगाउने ।

६.११.३ मूल्यांकन विधि

आदरार्थी सर्वनामको शिक्षण र अभ्यासको मूल्यांकन गर्दा आन्तरिक मूल्यांकनसम्म चाहिं कथ्य रूपमा पनि सो मूल्यांकन गर्ने तर सत्रान्त मूल्यांकन चाहिं लेख्य रूपमा निम्नलिखित अनुसार गर्ने:-

(१) आदरार्थी सर्वनाम र यसका प्रकार तथा सन्दर्भ एवं महत्वबारे सैद्धान्तिक प्रश्न सोध्ने ।

(२) आदरार्थी सर्वनामका क्रिया सम्बन्धी गल्ती भएको पांच वाक्य सोधी शुद्ध गर्न लगाउने अथवा दुई-तीन वाक्य सोधी कारण सहित शुद्ध गर्न लगाउने ।

(३) शिक्षणका क्रममा दफा (५) मा चर्चित कुराहरु तोकी दफा (६) मा चर्चा भए अनुसार अनुच्छेद वा संवाद ५० शब्दसम्म प्रयोग गरी लेख्न लगाउने ।

६.११.४ पाठ्यसामग्री

(१) मध्यचन्द्रिका (बाह्रौं संस्करण) ———————— पृष्ठ ४९-५०

(२) बृहद् नेपाली व्याकरण ———————— पृष्ठ ११३-११५

(३) `नासो` कथा संग्रह (पूरै) ————————

(४) `गोरखापत्र`, सत्रावधिका अंकहरु ।

:कमल:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६.२२ निपात शिक्षण

६.२२.१ निपात के हो ?

निपात भनेको अव्यय पद विभाग अन्तर्गत पर्ने त्यस्ता शब्दहरूको समूह हो जसले पूरै वाक्यलाई वा वाक्य अन्तर्गतका अन्य विभिन्न पद-पदावली र वाक्यांशलाई विभिन्न प्रकारले प्रभावित पार्दछ वा आफैं वाक्य-स्थानिक जस्तो भई कार्य गर्दछ । अर्थका दृष्टिले चाहिं निपातको खास अर्थ स्पष्ट रूपमा परिभाषित गर्न मुस्किल पर्दछ तापनि यसको खुद आफ्नै अर्थ नहुने चाहिं होइन। यिनको भाव चाहिं वाक्य अन्तर्गत खास प्रसंग र परिवेशमा नै बुझ्न सकिन्छ । यिनको आकारलाई हेर्दा धेरैजसो एकाक्षरी वा दुई-अक्षरी देखिन्छन् तर अन्य वर्गका केही शब्द निपातमा प्रयोग भएर विशेष अर्थ ग्रहण गरी रूढा बनेका पनि छन् र ती चाहिं बहुवर्णी र निकै स्पष्ट अर्थ भएका पनि देखिन्छन् ।(निपातहरू अन्य अव्यय शब्द र प्रत्ययहरू आदि भन्दा किन भिन्न छन् तल द्रष्टव्य: ३ हेर्नुहोस्)

निपातहरूलाई वाक्भित्र यिनले पूरा गर्ने व्याकरणात्मक कार्य र भूमिकाका आधारमा निम्न लिखित वर्गमा छुट्याउनु उपयुक्त देखिन्छ:

१) प्रतिक्रियार्थक भनेको कुरामाथि प्रतिक्रिया स्वरूप सहमति वा असहमति जनाउने । जस्तै:-

अं, हो, ज्यू, हजुर, हओस, ल, हं, तर, अहं, नाइ, कुन्नि, साइ आदि । उदाहरण:

प्रासङ्गिक वाक्य	प्रतिक्रियाका रूपमा
सो काम गर है ?	ल, हओस,
ए, बुवा ।	हं ?
ए,कान्छा ।	हजुर । इत्यादि

२) सम्बोधनार्थक (बोलाउंदा प्रयोग गरिने)

ए,ऐ, रे (तत्सम),

हो, हो, आदि ।

उदाहरण:

ए कान्छा। रे,दुष्ट। अधमः केटा हो। हो,साथी। इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३) मानवेतर प्राणीलाई डाक्ने र धपाउने

आव्हान: च्वै च्वै, कुतिकुति (कुकुरका, निम्ति)

धपाउंदा: आच्चे (,,)

छ्या, (भेंडा-बाख्रा आदि)

४) पुच्छ्रे निपात (अनुनय, अनुरोध, स्वीकृति आदि जनाउने वाक्यको अन्तमा प्रयोग हुने) हगि, है, क्या, क्यार, होइनत, हं, आदि।

उदाहरण

तिमी भोलि आउ, है। (अनुनय)।

तिमी भोलि आउ, ल। (,,)।

त्यो आउँदैन, क्यार। (अनिश्चय) आदि।

५) सच्याउने (बोल्दा गल्ती भएकोमा सच्याउने)

आच्चे, व्यारे।

उदाहरण:

म भात, आच्चेये, पानी खान्छु (भात होइन पानी)

मत भोलि घर जान्छु व्यारे म त जान्न (पहिले ढाँटेर पछि साँचो कुरा भनेको)।

६) अवधारणार्थक (निश्चय र जोड)

ऐ, नै, त, पो, खालि, धरि, न, नि, चाहिं, पनि, आदि।

उदाहरण:

राम त आएन। ('राम'लाई विशेष जोड)

राम पो आयो (अरू आउला भनेको राम पो आयो, आश्चर्य सहित जोड)। आज पक्का आउन नि (सावधानीका साथ जोड) आउनुहोस न। (अनुनयपूर्वक जोड)

७) प्रश्नार्थक (शंकापूर्वक वा सामान्य जिज्ञासाका साथै प्रश्न आदि बुझाउने)

के: के तपाईं आउनु हुन्छ? (सामान्य प्रश्न)

कि: पानी पर्छ कि? (अनिश्चयार्थक प्रश्न)

के: तं आउलास् के? (शंकापूर्वक प्रश्न)

र: आउंछस् र? (जिज्ञासाका साथ प्रश्न)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८) वाक्यार्थ (पूरै वाक्यको विशिष्टता जाहेर गर्ने)
सायद: सायद, यो कुरा ठीक होइन ।
सके : ,, ,,
बरू: बरू हुनु निको इत्यादि ।

९) उद्धरणार्थ (अप्रत्यक्ष कथनको भावानुवाद जनाउने) ।
राम आउँदैन रे । औरे ।

१०) (बोल्दा वाक्यका बीचमा घुसाउने)
चाहिने: राम चाहिने आज चाहिने आएन । चाहिने जो हो।

११) विस्मयादि बोधक (आश्चर्य, हर्ष, शोक, अफसोच आदि जाहेर गर्ने) अहा, स्यावास् आदि ।

द्रष्टव्य:

१. माथिका उदाहरण र निपातको अर्थ मोटामोटीमा मात्र दिइएको छ ।

२. माथिका ११ प्रकारका निपातहरूमा उपसर्ग, क्रिया-विशेषण, विभक्ति, संयोजक जस्ता अव्ययहरूलाई समावेश गरिएको छैन। यिनलाई समावेश नगर्नाका कारण निम्नलिखित छन्:

(क) उपसर्ग, शब्द निर्माण प्रक्रिया अन्तर्गत आउने पूर्वसर्ग हुन् तर निपात छुट्टै शब्द हुन् ।

(ख) क्रिया विशेषण केवल क्रियासंग अन्वय हुने र क्रियाकै विशेषता जाहेर गर्ने शब्द हुन् तर निपात चाहिं पूरै वाक्यलाई वा वाक्यका खास पदका अर्थलाई विशेष द्योतित गर्ने वा आफैं वाक्यस्थानिक भई काम गर्ने शब्द हुन् । क्रिया विशेषण जति स्वतन्त्र छन् त्यति निपात स्वतन्त्र हुंदैनन् ।

(ग) विभक्ति नाम वा पदावलीसित आश्रित चिन्ह हुन् जसको सत्ता निपातको जस्तो स्वतन्त्र हुंदैन । विभक्तिले कारक चिन्हको काम गर्छन् निपातले सो काम कदापि गर्दैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) संयोजक पद, पदावली वा वाक्यांशलाई जोड्ने कार्य अव्ययले गर्दछन्। तर कुनै पनि प्रकारका निपातले संयोजकले जस्तो उपर्युक्त जोड्ने कार्य गर्दैन।

३. वाक्य अन्तर्गत विभिन्न प्रकारका कार्य गर्ने यी निपातहरू कुनै वाक्यान्तमा गांसिने, कुनै पद र पदावली तथा वाक्यांशमा आउन सक्ने र कुनै चाहिं पूरै वाक्य स्थानिक फर्के भएर आउने हुन्छन्। शिक्षकले कुन कुन निपात के कस्ता परिवेशमा आउंछन् सो विचार गरी वाक्यको खास परिवेश र प्रसंङ्गमा नै तिनको अर्थ खुट्याउने कोशिस गर्नु पर्दछ।

४. निपात अन्तर्गत हो, हवस्, हजुर जस्ता पद पनि समावेश गरिएका छन्। यसो गर्नाको तात्पर्य वाक्यमा यिनीहरूले गर्ने कार्य नै हो।

६.१२.९ निपातहरूको शिक्षण-विधि

निपातहरूको शिक्षण गर्दा तलका विधिहरू अंगाल्नु उपयुक्त देखिन्छ:-

१) शिक्षकले श्यामपाटीमा कम्तीमा पांचवटा विभिन्न प्रकारका निपातहरू लेखी निपात के हो र यसका खास प्रकार के हुन् भनी विद्यार्थीहरूलाई स्पष्ट पारिदिने।

२) शिक्षकले श्यामपाटीमा विभिन्न प्रकारका पांचवटा निपात लेखी वा भनी टिपाई विद्यार्थीहरूलाई ती निपातहरूको अभिप्राय स्पष्टिने किसिमले वाक्य-प्रयोग गर्न मौखिक वा लेख्य रूपमा अभ्यास गर्न लगाउने र अशुद्ध वाक्यहरू शिक्षकले सच्याई दिने।

३) निपात लागेका र नलागेका दुई दुई वाक्यहरू दिई तिनको भिन्नता शिक्षकले उदाहरण कक्षामा बताई दिने। जस्तै:-

निपात नलागेका	अन्तर
उ जान्छ।	(सामान्य)
तिमी के गर्छौ	(प्रश्न)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निपात लागेका	अन्तर
उ जान्छ र ?	(शंडकास्पद प्रश्न)
तिमी के गर्छौ नि?	(प्रश्न:जोड र सावधानीको सूचक)

४) विद्यार्थीहरूलाई कुनै प्रसंग तोकी निपातहरूको स्वभाविक प्रयोग गर्दै ती निपातहरूको अभिप्राय अनुरूप कक्षा-कार्यका रूपमा बोल्न लगाउने । जस्तै :- साथीको घर जान लाग्दा एक साथी अर्को साथीलाई भन्छ -

लौ त, तिमी र म सँगै जाऊं । ऊ पनि आउंछ होला हगि ? कि तिमी जाऊ त म एक छिन पछि आउंछु, हं, भन न, [illegible] ऊ आए भने हाम्रो काम हुंदैन क्यारे । जानु मात्र हुन्छ नि, अलि विचार गर्नु पर्‍यो है ।

५) निपातहरू प्रशस्त परेको कुनै अनुच्छेद दिई(श्यामपाटीमा लेखी वा मौखिक रूपमा टिपाई वा लिथो गरिदिने) त्यसमा परेको निपात-हरूलाई रेखांकित गरी ती के कस्ता निपात हुन् शिक्षकले लेख्न वा भन्न लगाउने ।

६) निपात प्रशस्त परेका कुनै कृति (उपन्यास, कथा वा अन्य सामग्री) का आधारमा दशदशवटा निपात पत्ता लाई तिनलाई वाक्यमा समेत प्रयोग गर्न भनी विद्यार्थीलाई शिक्षकले गृहकार्य वा पुस्तकालय-कार्यका रूपमा दिने ।

७) विद्यार्थीहरूलाई कक्षाभित्र एउटालाई निपात भन्न लगाउने र अर्को-लाई ती [illegible] प्रयोग गर्न लगाउने । यसै गरी दश-बाह्रवटा निपात कसैलाई भन्न र कसैलाई वाक्यमा प्रयोग गर्न लगाउने र गल्ती भएका ठाउंमा शिक्षकले सच्याउंदै जाने ।

८) विभिन्न किसिमका निपातहरू तोकी तिनलाई ती निपातको अभिप्राय अनुरूप वाक्यमा प्रयोग गरी कक्षाकार्यका रूपमा विद्यार्थी-हरूलाई बोल्न लगाउने, ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

९) विद्यार्थीहरूलाई स-साना समूहमा बांडी प्रसंग वा विषय तोकिदिने र त्यस प्रसंग वा विषयमा निपातहरूको प्रयोग गरी संवाद गराउने तथा शिक्षकले निरीक्षण र टिप्पणी गर्ने ।

१०) विविध किसिमका निपातको उपयोग गरेर कुनै प्रसंगलाई आधार बनाई छोटो संवाद लेख्न गृहकार्य दिने ।

११) दिइएका निपातहरूलाई प्रसंग र अभिप्राय मिल्ने गरी छानेर खाली ठाउं भर्न लगाउने जस्तै:- त, ति, पो, है, कि, चाहिं, र, क्यारे, हगि, ए, नै, न आदि को ठाउं खाली राखी यसरी सोध्ने:-

आज कतै डुल्न जाऊं... । डुल्न जांदा त एउटा क्यामरा भए... बेस हुन्थ्यो । कमलबहादुर हीला... उ पनि जाने रहेछ भन्ने बोलाउ, नभए त्यो... लिएर आउ, हुन्न । तिमी न आई म यहांबाट हिड्दिन । के भयो म आउं। तिमी... जाऊ ... ।... एउटा कुरो झण्डै बिर्सेको, दुई चार रुपियां लिएर जानु पर्ला... ?

१२) निपातहरू प्रशस्त प्रयोग भएका उपयुक्त अनुच्छेद दिई शिक्षकले कक्षामा विद्यार्थीहरूलाई त्यसको सस्वरवाचन गर्न लगाउने ।

६.१२.३. मूल्यांकन विधि

निपातको मूल्यांकन निम्नलिखित तरीकाले गर्ने:-

१) कम्तीमा पनि पांच निपात भएको एक अनुच्छेद दिई ती कस्ता निपात हुन् र के कसरी र कहां त्यस अनुच्छेदमा आएका हुन्, विद्यार्थीलाई लेख्न लगाउने ।

२) विभिन्न प्रकारका पांच निपात दिई विद्यार्थीलाई अभिप्राय अनुरूप प्रयोग गर्न लगाउने वा तिनको प्रयोग गरी अनुच्छेद लेख्न लगाउने ।

३) निपात, संयोजक र उपसर्ग छ्यासमिसो पारी जम्मा दशवटा शब्द विद्यार्थीहरूलाई दिने र निपात छुटाई वाक्यमा प्रयोग गर्न लगाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४) निपात नराखी लेखिस्को स्उटा छोटो उपयुक्त अनुच्छेद दिने र त्यस अनुच्छेद पुरुमा पाँचवटा विभिन्न किसिमका निपात दिई त्यस अनुच्छेदका वाक्यहरू के कस्ता परिवेशमा (कुन स्थानमा) के कस्ता निपात ठीक हुन्छन्, थपी लेख्न लगाउने ।

६.१२.४. पाठ्यसामग्री

निपात पढाउँदा अध्ययन गर्नु पर्ने सामग्री अंशहरू-

(१) वृहत नेपाली व्याकरण ---------------- पृष्ठ ३५०-३५४

(२) शब्दरचना र वर्णविन्यास ------------ पृष्ठ १२२-१४१

(३) भाषातत्व ---------------------- पृष्ठ १६२-१६७

(४) नासो (कथा संग्रह)

---o---

:कमल:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७. पद विचार शिक्षण

सम्बन्धित पाठ्यांश	एकाइ	शीर्षक
नेपाली ३७१	(क)	(अ) पदहरूको वर्गीकरण
		(आ) संज्ञा र सर्वनामका प्रकार र तिनका कार्य
		(इ) विशेषणका प्रकार र कार्य।
		(ई) क्रियाका प्रकार (काल र पक्ष) तथा भाव (अर्थ) ।
		(उ) अव्ययका प्रकार र तिनका कार्य।

७.१. सैद्धान्तिक चर्चा

७.१.१. पद विचार के हो ?

शब्द-निर्माण प्रक्रिया अन्तर्गत कतिपय आधारपद (अव्युत्पन्न) नै स्वतन्त्र रूपमा शब्द भएर वाक्यमा आउन सक्छन् । त्यस्तै विभिन्न प्रकारका आधारपदहरू विभिन्न किसिमले व्युत्पन्न(उपसर्ग, परसर्ग समास, द्वित्व आदि) भएर शब्दका रूपमा आउन सक्छन् भन्ने कुरा उल्लेख भइसकेको छ । पद विचारमा वाक्य-अन्तर्गत आउने उपर्युक्त किसिमका शब्दहरूलाई तिनको व्याकरणात्मक कार्यका आधारमा के कति किसिमले के कसरी विभाजन गर्न सकिन्छ भन्ने कुराको वर्णन गरिन्छ ।

७.१.२. पद-विभाजन वा पदको वर्गीकरण

नेपाली भाषाका व्याकरणकारहरू (विशेषत: सोमनाथ) ले नेपाली शब्दहरूको जम्मा आठ पद-विभाग देखाएका छन् । जस्तै:

१. नाम
२. सर्वनाम
३. विशेषण
४. क्रियापद
५. क्रियायोगी
६. नामयोगी
७. संयोजक
८. विस्मयादिबोधक

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य

१. बृहद् नेपाली व्याकरणका ले 'निपात' लाई छुट्टै पद-विभाग मानी नौ पद-विभाग दर्शाएका छन् ।

२. परम्परावादी व्याकरणकारहरूले शब्दको रूपायन र व्याकरणात्मक कोटिका आधारमा यी पद-विभागका शब्दहरूलाई लिङ्ग, वचन, पुरुष, काल आदि प्रत्ययहरू लिई रूप चल्ने 'विकारी' र यी कुनै नलिई यथावत् रहने अर्थात् रूप नचल्नेलाई 'अविकारी' मानेका छन् । यस दृष्टिले नेपाली भाषाका यावत् शब्दहरू विकारी र अविकारी गरी दुई वर्गमा विभाजित हुन्छन् । जस्तै:-

(१) विकारी (रूप चल्ने): नाम, सर्वनाम, विशेषण र क्रिया

(२) अविकारी (रूप नचल्ने): अव्यय

संरचनावादी दृष्टिकोणबाट नेपाली शब्दलाई दुई आधारमा छुट्याउन सकिन्छ:

१. शब्दहरूको रूप चल्छ वा चल्दैन ?

२. वाक्य अन्तर्गत ती शब्दहरूको व्याकरणात्मक कार्य के कस्तो छ,

यी दुवै आधारलाई मिलाई जाँच्दा संपूर्ण नेपाली शब्दहरू केवल तीन पद-विभागमा अटाउन सक्छन्:

१. नामिक पद

२. क्रिया पद

३. अव्यय

यस वर्गीकरणमा नामिक पदभित्र नाम, विशेषण सर्वनाम तथा सार्वनामिक विशेषण पर्दछन् । यस विभाजनको, कारण के हो भन्ने कुरा यी पदहरूका व्यवहारलाई नियाल्दा स्वत: स्पष्ट हुन्छ ।

सर्वप्रथम नामिक पदका बारेमा विचार गरौं । सर्वनाम नामकै प्रतिनिधि भएको र विशेषणहरू नामको विशेषता जाहेर गर्ने मात्र नभई लिङ्ग, वचन, कारक (सरल-तिर्यक्) र विभक्ति लिनामा समेत नामकै अनुसरण गर्दछन् अर्थात् लिङ्ग, वचन र कारकमा रूपायन हुने धर्म सबै नामिक पदमा छ तथा सर्वनाम र विशेषणले यी कुरामा नामकै लिङ्ग, वचन, कारक र विभक्तिलाई लिन्छन् । तसर्थ यी तीनैलाई एकै समूहमा मिलाई 'नामिक पद' भन्ने नामकरण गर्नु उपयुक्त देखिन्छ ।

क्रमश: ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

द्रष्टव्य

संस्कृत मनीषीहरूले नाम, आख्यात, उपसर्ग र निपात गरी जम्मा चार प्रकारमा पदको वर्गीकरण गरेका छन् । यस विभाजन अनुसार नाम अन्तर्गत अविकारी अर्थात् अव्यय पनि पर्दछ र उपसर्ग र निपात लाई छुट्टै पदको रूपमा स्वीकारिएको छ । आख्यात भन्नाले क्रिया-पदलाई जनाउँछ ।

७.१.३. नामिक पदहरू:

यी नामिक पदहरू आफ्नो कार्यका निम्ति उपयुक्त विभिन्न रूपायन (रूप चल्ने) चिन्हकहरू (लिङ्ग, वचन आदि) लिन्छन् । वाक्य भित्र नामिक पदहरूले कर्ता, कर्म वा पूरकको कार्य सम्पन्न गर्छन् । नामिक पदलाई चार उपवर्गमा विभाजन गर्न सकिन्छ: १) नाम, २) विशेषण, ३) सर्वनाम, ४) सार्वनामिक विशेषण ।

१) नाम:

नामलाई पनि परम्परागत व्याकरणमा धारणागत आधारमा पाँच प्रकारमा विभाजन गरेको पाइन्छ । जस्तो:-
(१) जातिवाचक, (२) व्यक्तिवाचक, (३) समूहवाचक, (४) द्रव्य वाचक (५) भाव वाचक ।

यस विभाजनलाई कायम राखेर पनि नामलाई तल लेखे अनुसार यसका कार्य र बनोटका आधारमा बाँड्न सकिन्छ:

(१) नाम र क्रियाका बीच लिङ्गमा संगति के कस्तो छ ?

नाम र क्रियाका बीचको लिङ्गमा संगति वा मेल हेर्दा नेपाली नामका दुई किसिमका देखिन्छन्: मानवीय र मानवेतर । जस्तो:

मानव कर्ता	मानवेतर कर्ता
राम आयो ।	गोरु आयो ।
सीता आई ।	गाई आयो ।

यी उदाहरणबाट स्पष्ट छ, मानवेतर र नामहरूको व्याकरणमा लिङ्ग छुट्टिँदैन अर्थात् क्रियाले कर्तासँग लिङ्गमा सम्मति जनाउँदैन र

क्रमशः...

CC-0. In Public Domain. Digitization by eGangotri

क्रिया पुलिङ्गी नै रहन्छ ।

(२) नामलाई गन्न सकिन्छ कि सकिंदैन ? नामहरू संख्येय (गन्न सकिने) छन् कि असङ्ख्येय (गन्न नसकिने) छन् भन्ने आधारमा पनि दुवै किसिमका नामहरू देखिन्छन् । संख्येय र असंख्येय नामको परीक्षण गर्न परिमाणवचाक प्रश्नार्थक सर्वनाम `कति ?` शब्द र एक दुई आदि अंक प्रयोगगरी जाँच्नु पर्दछ । जस्तै:

संख्येय	असंख्येय
यहाँ कति जना केटा छन् ?	यहाँ कति पानी छ ?
यहाँ कति वटा गाई छन् ?	यहाँ कति धान छ ?
यहाँ तीन जना छोरी छन् ।	यहाँ कति पानी छ ?
यहाँ तीनवटा ढुङ्गा छन् ।	यहाँ कति सुन छ ?
यहाँ तीन मुरी धान छ ।	
यहाँ दुई भारी दाउरा छन् ।	

तर निम्नलिखित वाक्यहरू अशुद्ध छन्:

+ यहाँ कतिवटा सुन छन्?
+ यहाँ तीनवटा पानी छन् ।

उपर्युक्त उदाहरणहरूवाट मानवीय नाम संग मात्र `जना` शब्दको प्रयोग भएको छ `वटा` चाहिं मानव र मानवेतर संख्येय नामसित आएको छ तर पानी, सुन आदि नामसंग `वटा` लाग्न सक्दैन भन्ने देखिन्छ । अत: `जना` र `वटा` ले मानवीय र मानवेतर नामलाई छुट्याइरहेका छन् । प्राथमिक संख्या (एक, दुई, तीन....) को प्रयोग गर्दा एक थरी नाम गन्न सकिने र अर्काथरी नाम चाहिं गन्न नसकिने कुरा स्पष्ट थाहा पाइन्छ । त्यस्तै असंख्येय नामहरूले प्राय: एक वचन मात्र लिन्छन् भने संख्येय नामले दुवै वचन लिन्छन् ।

उपर्युक्त आधारमा नेपाली नामहरूको विभाजन एकातिर संख्येय र असंख्येयका रूपमा र अर्कातिर मानव र मानवेतरका रूपमा गर्न सकिने देखिन्छ । साथै मानववाची नामहरू संख्येय मात्र हुन सक्छन् भने मानवेतरवाची चाहिं संख्येय र असंख्येय दुवै प्रकारका हुन्छन् ।

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै:

१. संख्येय

(क) मानववाची: एउटा केटो

(ख) मानवेतरवाची: एउटा ढुङ्गा
तीनवटा ढुङ्गाहरू

२. असंख्येय

मानवेतर: सुन, चाँदी, धान, दुःख, सुख आदि

द्रष्टव्य

नामका वर्गीकृत अध्ययनका क्रममा एउटै खास कुरा बुझाउने हुँदा गन्ने आवश्यकता नपर्ने र बहुवचनमा पनि प्रयोग नहुने किसिमका नाम समेत देखा पर्छन् जसलाई व्यक्तिवाचक नाम भन्न सकिन्छ। यसलाई छुट्टै कोटिमा दर्ने सकिन्छ। यसरी नामहरू जम्मा निम्न प्रकारका हुन्छन्:

१. संख्येय: (क) मानववाची र (ख) मानवेतरवाची

२. असंख्येय: मानवेतरवाची

३. व्यक्तिवाची: (क) मानववाची (राम, कृष्ण, सीता आदि) र
(ख) मानवेतरवाची (काठमाडौं आदि)

७.१.४ विशेषण पदहरू

नाम पदको यस्तो, यति जस्तो गुण र संख्या बुझाउने शब्द नै विशेषण हो भनी परम्परागत नेपाली व्याकरणमा विशेषणको परिभाषा गरिएको छ र यस क्रममा नेपाली विशेषणलाई तल्का चार वर्गमा विभाजन गरिएको पाइन्छ:

(क) गुणबोधक (विशेष्यको यस्तो भनी गुण, अवस्थाहरू बुझाउने)।

(ख) परिमाणबोधक (विशेष्यको यति भनी परिमाण बुझाउने)।

(ग) संख्याबोधक (विशेष्यको संख्या बुझाउने)।

संख्याबोधक विशेषणलाई निम्नलिखित अनुसार विभाजन गरेको पाइन्छ।

१) निश्चित संख्या बोधक

(१) संख्यामात्र (एक, दुई, तीन ... आदि)

(२) क्रमबोधक (पहिलो, दोस्रो .... आदि)

(३) आवृत्ति बोधक (दुगुना, तेब्बर, चौबर, ...)

२) अनिश्चित संख्याबोधक: (अलिकति, थोरै, ...)

३) विभागबोधक (प्रत्येक, हरेक)

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७.१.५. सार्वनामिक विशेषण

(१) दर्शक, (२) सम्बन्धी र (३) प्रश्नार्थक

संरचनात्मक दृष्टिले चाहि नेपाली विशेषणलाई सरल-तिर्यक्का आधारमा दुई वर्गमा बाँड्न सकिन्छ:

(१) विकारी अर्थात् सरल-तिर्यक् भएका

(२) अविकारी अर्थात् सरल-तिर्यक् नभएको (सरल रूप मात्र भएका)

जस्तै:-

एक वचन	बहुवचन
सेतो ढुङ्गा	सेता ढुङ्गाहरू
असल केटो	असल केटाहरू

सेता किसिमका विशेषणले सरल-तिर्यक्को भेद खास परिवेशमा देखाउँछन् भने अफ` जस्ता विशेषण अविकारी अवस्थामा नै रहन्छन् ।

विशेषणहरू लिङ्ग, वचन र सरल-तिर्यक्मा नाम (जो विशेष्यछ) को लिङ्ग बचन र सरल-तिर्यक्का अनुसारनै शासित हुन्छन् । (सरल-तिर्यक्बारे हेर्नु: वाक्यान्तरगको संगति र शासन ।)

अर्थगत आधारमा चाहिं विशेषणहरूको विभाजन निम्न प्रकारले हुन सक्छ:

१. परिचय वाचक २. गुण बाचक ३. परिमाणबाचक

१. परिचयबाचक विशेषण ती हुन् जसले विशेष्यको विशेषतालाई औंल्याउँछन् । कुन विशेषण परिचयवाचक हो भनो छुट्याउनका निम्ति प्रश्नार्थक सर्वनाम `कुन``नाम` भन्ने प्रश्न गर्नुपर्दछ । त्यसको उत्तरमा आउने नाम यसै कोटिको हुन्छ । जस्तै:

प्रश्न	परिचय वाचक विशेषण
कुन चाहिं छोरो ?	जेठो
कुन चाहिं अंक ?	दश

यस्ता विशेषणहरू क्रमवाचक संख्या (अर्डिनल)हरू उमेरको प्राथमिकता बुझाउने क्रमबाचक विशेषणहरू (जेठो, माहिलो

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदि) हुन् ।

द्रष्टव्य:

१. परिचय वाचक विशेषण छुट्याउने प्रश्नार्थक सर्वनाम कुन + नाम' को प्रयोग त्यतिखेर गरिनु आवश्यक छ जब गुणवाचक कस्तो, कसो र परिमाणवाचक कति को प्रयोग भई ती दुई प्रकारका विशेषण छुट्टिइसकेका हुन्छन् ।

२. (क) परम्परागत नेपाली व्याकरणमा विशेष्यलाई अरूबाट छुट्याउने वा सीमित पार्ने विशेषणलाई 'व्यावर्तक विशेषण' भनिन्छ । जस्तै: 'घोडा' शब्दले घोडा जातिलाई बुझाउँछ भने 'रातो घोडा' भन्नाले केवल रातो रङ्गको सो घोडा मात्र बुझिन्छ । त्यस्तै विशेष्यलाई अरूबाट नछुट्याई आफ्नो विशेषता मात्र जाहेर गर्नेलाई 'समानाधिकरण-विशेषण' भनिन्छ । जस्तै: पतिव्रता सीता । यहाँ 'पतिव्रता' शब्दले केवल 'सीता' को आफ्नो विशेषता मात्र जनाउँछ ।

(ख) यो वर्गीकरण विशेष्यका आधारमा गरिन्छ । विशेष्य प्राय: जातिवाचक भए व्यावर्तक विशेषण र प्राय: व्यक्तिवाचक भए समानाधिकरण विशेषण लाग्न सक्छन् ।

३. गुण वाचक: विशेष्यको गुण जाहेर गर्ने विशेषणलाई गुणवाचक विशेषण भनिन्छ । कस्तो + 'नाम'? भन्ने प्रश्नको उत्तरमा यस्तो विशेषण पत्ता लाग्दछ । जस्तै:

प्रश्न	गुणवाचक विशेषण
कस्तो केटो ?	असल केटो
कस्तो कपडा ?	बाक्लो कपडा

यस्ता विशेषण हुन्: सेतो, कालो, राम्रो, नराम्रो, असल, खराब, बाक्लो, पातलो आदि ।

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्ट्रव्य

१) 'कत्रो + नाम'? भन्ने प्रश्नमा आउन उत्तरले चाहिं आकार बाचक विशेषण' को उदाहरण प्रस्तुत गर्दछ । जस्तै:

प्रश्न	आकारबाचक विशेषण
कत्रो घर ?	ठूलो घर
कत्रो रूख ?	सानो रूख इत्यादि ।

२) यो विशेषण पनि गुणवाचकको एक भेद मात्र हो । यसमा सानो, ठूला, अग्लो, होचो, जस्ता विशेषणहरू पर्दछन् ।

३) परिमाणवाचक विशेषण: यसले विशेष्यको परिमाणलाई जनाउँछ । यसको परीक्षा 'कति + नाम'? भन्ने प्रश्नबाट गर्न सकिन्छ । जस्तै:-

प्रश्न	परिमाणवाचक विशेषण
कति जना मान्छे ?	दशजना मान्छे ।
कतिवटा फूल ?	तीनवटा फूल ।
कति मन धान ?	तीन मन धान ।
कति पानी ?	अलिकति पानी ।

यस कोटिका विशेष्णहरू प्राथमिक (कार्डिनल) संख्याएक, दुई.... आदि र अलिकति, धेरै, थोरै जस्ता हुन् ।

द्रष्टव्य

१. नेपाली परम्परागत व्याकरणमा उपर्युक्त तीन प्रकारका विशेषण दिनाका साथै छुट्टै संख्याबोधक विशेषण र सार्वनामिक विशेषण पनि दिइएको छ । अर्थका दृष्टिले यी दुवै उपर्युक्त तीन प्रकारकै विशेषणमा पर्दछन् । यदि के कस्ता शब्द (संख्या वा सर्वनाम) बाट बनेका विशेषण हुन् भन्ने आधारमा त्यसरी वर्गीकरण गर्ने हो भने अर्थगत आधारबाट छुट्टै वर्गीकरण गरिदिनु बेश हुनेछ ।

२. सार्वनामिक विशेषणको वर्णन तल (४) मा गरिने छ।

क्रमश:...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७.१.३ सर्वनाम पदहरू

परम्परागत व्याकरणमा नामका सट्टामा आउने पद नै सर्वनाम हो भनी परिभाषा गरिएको पाइन्छ । सामान्यतः यो परिभाषा ठीक भए तापनि सर्वनामबारेको सोचाइलाई अझ विस्तृत पार्नु आवश्यक देखिन्छ ।

सर्वनाम केवल नामका सट्टामा मात्र नभई कुनै पनि पद, पदावली, वाक्यांश र वाक्यका सट्टामा पनि आउन सक्छ । उदाहरणार्थः नामका सट्टामाः राम आयो । राम गयो । राम आज ऊ गयो । वाक्यका सट्टामा राम बदमास छ । यो नराम्रो कुरा हो ।

नाम र सर्वनाममा ध्यान दिन-योग्य केही भिन्नताहरू छन् । सामान्यतया पुरुषका हिसाबले सबै नाम अन्य पुरुषमा आउँछन् तर सर्वनाम भने उत्तम, मध्यम र अन्य गरी तीनै पुरुषमा हुन्छन् । सर्वनाममा (अको, अर्को, बाहेक) नाममा जस्तो लिङ्गवाचक ई प्रत्यय लाग्दैनन् । केही सर्वनामले मानव र मानवेतर (का-के) लाई समेत छुट्याउँछन् । साथै यिनमा नामको जस्तो एउटै आकार नभई एकवचन र बहुवचनका निम्ति प्रायः छुट्टै आधार रूपहरू हुन्छन् र सर्वनामलाई [illegible] प्रयोग गर्न सकिन्न। सर्वनामको अगाडि प्रायः विशेषण लाग्दैनन् । त्यस्तै आदरका निम्ति छुट्टै सर्वनाम हुनु पनि सर्वनामको अर्को विशेषता हो ।

परम्परागत व्याकरणमा सर्वनामलाई तल लेखिएबमोजिम विभाजन गरिएको छ.

१) वसरूषवाचकः

प्रथम पुरुष
द्वितीय पुरुष

प्रथम पुरुष वाचक
द्वितीय पुरुष वाचक
तृतीय पुरुष वाचक
आदरार्थक
आत्मवाचक

२) दर्शक

३) सम्बन्धी

४) प्रश्नार्थक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली सर्वनामलाई निम्नलिखित ढङ्गले पनि विभाजन गर्न सकिन्छः

१. व्यक्ति वाचक	ए.व. ब.व.
क) उत्तमपुरूष	म हामी(हरू)
ख) मध्यम पुरूष	तँ तिमीहरू
क) सामान्य	तिमी तिमीहरू
ख) आदरार्थी - १	तपाई तपाईहरू
,, - २	यहाँ यहाँहरू
,, - ३	,,
ग) तृतीय पुरूष	ऊ उनीहरू
आदरार्थी	उनी, ऊ, उनीहरू
उच्च आदरार्थी	वहाँ, वहाँहरू, आफू, आफूहरू
घ) आत्मवाचकः	आफू आफूहरू। आ-आफूहरू
ङ) परस्पर वाचकः	एकआर्का, आपस-आपस
च) निश्चयवाचकः	निज, निजहरू
	अरू, अरूहरू

२. दर्शक

सामीप्यः	(क) सामान्य	यो यिनीहरू । यी
,,	(ख) आदरार्थी	यी यिनीहरू । यी
दूरताः	(क) सामान्य	त्यो तिनीहरू । ती
	(ख) आदरार्थी	ती तिनीहरू । ती
	(ग) सामान्य	ऊ उनीहरू
	(घ) आदरार्थी	ऊ।उनीहरू। उनी

३. सबन्धक वाचकः

सामान्यः मानब जो, जोजो

मानवेतरः जे, जजे

निश्चयः जुन, जुनजुन

अनिश्चय(मानव) जोसुकै

(मानवेतर) जेसुकै

(उभय) जुनसुकै

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४. प्रश्नार्थक

सामान्य मानव: को, कोको

मानवेतर: के, केके

निश्चय उभय: कुन, कुनकुन

अनिश्चय: मानव कोही, कोहीकोही

मानवेतर: केही, केहीकेही

उभय: कुनै, कुनैकुनै

द्रष्टव्य:

१. आदरार्थी सर्वनामको प्रयोगका बारेमा कथ्य-नेपाली शिक्षणका क्रममा चर्चा भइसकेको छ ।

२. उपर्युक्त सर्वनामका तिर्यक् रूपहरूका लागि प्रचलित पाठ्यपुस्तक नै पर्याप्त हुनाले यहाँ उल्लेख गरिएको छैन ।

३. अमुक, फलानो जस्ता शब्दलाई पनि व्यक्तिवाचक सर्वनाममा राख्न सकिन्छ ।

७.१.४. सार्वनामिक विशेषण

सार्वनामिक विशेषण पनि अर्थगत आधारमा निम्नलिखित अनुसार विभाजित हुन्छन्:-

१) परिचयवाचक २. गुणवाचक र ३. परिमाणवाचक

		दर्शक		सबन्धवाचक		प्रश्नवाचक		
		सामीप्य	दूरत्व	मावन	मानवेतर		मानव	मानवेतर
१.परिचय-वाचक:	सामान्य: निश्चय:	यो यी, यही, यिनै	त्यो, ती त्यही, तिनै उही, उनं	सामान्य जोजो	जे जेजे	सामान्य	को कोको	के, केके
				निश्चय जुन	जुन, जुन	निश्चय	कुन	कुन कुन
				अनिश्चय जासुकै	जेसुकै	अनिश्चय	कोही कोही कोही	केही केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

क्रमश:......

CC-0. In Public Domain. Digitization by eGangotri

२. गुणवाचक	यस्तो यस्ता यत्रो यत्रा	त्यस्तो त्यस्ता उस्तो उस्ता उत्रो उत्रा	जस्तो जस्ता जत्रो जत्रा	कस्तो कस्ता कत्रो कत्रा
३. परिमाण-वाचक	यति	त्यति उति	जति	कति

द्रष्टव्य;

१. उपर्युक्त सर्वनाम बाहेक आफू, निज, अरू, अर्को, अमुक, फलानो जस्ता सर्वनाम पनि विशेषण हुन्छन् । यिनलाई परिचय वाचक अन्तर्गत राख्न सकिन्छ ।

२. अर्थगत र पदगत दृष्टिले नामका पछि विशेषण तथा सर्वनामका पछि सार्वनामिक विशेषणको वर्णन गरिएको छ ।

७.१.५. क्रियापद

माथि नामिक पद अन्तर्गत नाम र विशेषण तथा सर्वनाम र सार्वनामिक विशेषणको तिनीहरूले वाक्य अन्तर्गत गर्ने कार्य र व्याकरणगत रूपहरू (लिङ्ग वचन र सरल-तिर्यक्) का आधारमा वर्णन गरियो । क्रियापद रूप चल्ने (विकारी) नै हो तापनि यसको व्याकारणात्मक कार्य अरू पद भन्दा स्पष्ट रूपमा भिन्ने छ । क्रियाले वाक्यको केन्द्र बिन्दु हुनाका नाताले कर्ता, कर्म, पूरक आदि लिन्छ । यसले नामिक पदमा झैं लिङ्ग र वचन बुझाउने प्रत्यय लिनाका साथै निजी प्रत्ययहरू पुरुष, काल, भाव, वाच्य, प्रेरणा जस्ता कुरा बुझाउने प्रत्यय समेत ग्रहण गरी रूपायित हुन्छ । यस कारण यसलाई छुट्टै पद-विभागमा राख्नु अनिवार्य हुन जान्छ ।

यस प्रसङ्गमा क्रियाबारे निम्नलिखित विषयका चर्चा गर्नु उपयुक्त देखिन्छ ।

१) समापिका क्रिया र कृदन्त वा असमापिक क्रियाका प्रसङ्गमा के कुरा स्पष्ट भइसकेको छ भने वाक्यमा प्रयुक्त समापिका क्रियाले पूरा कुरा बताउँछ भने कृदन्त क्रिया अर्थात् असमापिका क्रियाले पूरा कुरा बुझाउन सक्तैनन् । हुनत कृदन्त क्रिया पनि

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रिया नै हुन् र समापिका क्रियाले झैं नै यिनले पनि आफ्ना कर्ता, कर्म आदि लिन सक्तछन् तापनि कृदन्त क्रियाले वाक्यमा नामिक वा अव्यय पदसरह कार्य गर्ने भएकाले र आफ्नो अर्थ पूरा बुझाउन पनि नसक्ने भएकाले यिनलाई गुण क्रिया मान्नु नै उचित ठहरिन्छ ।

२) विभिन्न काल र तिनका पक्ष र भावमा प्रयोग हुंदा लिङ्ग, वचन, पुरूष, काल आदि प्रत्ययहरू क्रियामा लाग्न सक्छन् तर खासखास काल पक्षमा भने क्रियाहरू अर्को 'हुनु' क्रिया सहायक क्रियाका रूपमा लिई संयुक्त क्रियापद बनेर मात्र प्रयुक्त हुन्छन् । संयुक्त क्रियापदमा मुख्य र सहायक यी दुवै क्रियाका बीचको सम्बन्ध छुट्टाछुट्टै दुई क्रिया जस्तो नभई एउटै एकाइको जस्तो बन्दछ । जस्तै:

'राम भात खान्छ' मा 'खानु', मुख्य क्रियाका साथ 'छ' सहायक क्रिया आएको छ । यी दुबै क्रिया छुट्टाछुट्टै नभई 'छ' ले वर्तमान काल समेत जनाएको छ र यी दुवै एउटै एकाइ जस्ता भएका छन् ।

३) यसरी नै संयुक्त क्रियाको अर्को प्रकार हो नाम र केही धातु एउटै क्रिया जस्तर बन्नु जस्तै: पूजागर्नु, मनपर्नु, देखापर्नु आदि । यस्तालाई नामिक संयुक्त क्रियापद भन्न सकिन्छ ।

४) छुट्टाछुट्टै दुई क्रिया मिलेर एउटै क्रियाको अर्थ दिने प्रक्रिया पनि यसमा पहिलो क्रिया प्राय: मुख्य क्रिया हुन्छ र दोस्रो क्रिया चाहिं खासखास केही क्रिया मात्र हुन्छन् । यी दुवै मिलेर एउटै क्रियाको जस्तो विशेष अर्थ दिन्छन् । यसरी बनेका क्रियालाई मिलित क्रिया भनिन्छ । मुख्य क्रियाका अन्त्यमा न नु, नै ते । दै, ई जस्ता कृदन्त प्रत्यय लाग्दछन् । दोस्रो क्रिया आफ्नो मूल अर्थमा परिवर्तन भई सहायक क्रिया जस्तो बन्दछ । यसरी बनेका संयुक्त क्रियामध्ये केहीले क्रियाका कालका पक्षको जस्तो कार्य गर्दछन् भने केहीले चाहिं भाव वा अर्थ (सामर्थ्य, सम्भावना आदि) बुझाउंछन् । जस्तै:

क्रमश: ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुख्य क्रिया	कृत् प्रत्यय	अर्को क्रिया	मिलित क्रिया	यसको भाव
गर्	+ इ	हाल्नु	गरिहाल्नु	'तुरुन्तै कार्य गर्नु'
खा	+ ने	गर्नु	खाने गर्नु	'निरन्तर खानु'
खा	+ दै	गर्नु	खाँदै गर्नु	'केही समयका निम्ति खाने गर्नु'
खा	+ न	सक्नु	खान सक्नु	'खान समर्थ हुनु'

यस्ता मिलित क्रियाका मुख्य क्रियाले खास किसिमको अर्को क्रियालाई रोज्दछ र अर्को क्रियाले खास पहिलेको आफ्नो अर्थ छाड्छ र दुवै मिली विशेष अर्थ बुझाउँछन् भन्ने कुरा स्पष्ट छ ।

५) क्रियाको विभाजन 'कर्मकत्व' का आधारमा 'सकर्मक, द्विकर्मक र अकर्मक' आदि हुन् र क्रियाको काल, पक्ष, भाव तथा वाच्य र प्रेरणार्थका बारेमा वाक्यका आधारभूत तत्व र वाक्यान्तरण शिक्षणका क्रममा उल्लेख भइसकेकाले यहाँ चर्चा गरिन्न ।

७.१.६ अव्यय पद

रूप चल्ने अर्थात् लिङ्ग, वचन र सत्व-तिर्यकको भेद जनाउने नामिक पदहरू बाहेक तथा लिङ्ग र वचनका साथै पुरुष, काल, पक्ष, भाव, आदिको भेद जनाउने क्रियापद बाहेक अरू यावत् नेपाली पद अव्यय हुन् । नेपाली पद वा शब्दको विकारी (रूप चल्ने) र अविकारी (रूप नचल्ने) वर्गीकरणका आधारमा अव्यय पदहरू अविकारीमा पर्दछन् ।

सोमनाथको 'मध्यचन्द्रिका'ले अव्यय (अविकारी) पद-विभागको चार प्रकार मानेका छन्:

१) क्रियायोगी (क्रियासँग सम्बन्ध हुने)

२) नामयोगी (नामसँग मिलेर आउन सक्ने)

३) संयोजक (पद वा वाक्य खण्डलाई जोड्ने)

४) विस्मयादिबोधक (आश्चर्य, हर्ष, शोक आदि बुझाउने)

१) क्रियायोगी

मध्यचन्द्रिकामा क्रियायोगीलाई पुन: दुई भेदमा विभाजन गरिएको छ:

१) क्रियाविशेषण (क्रियाको विशेषता जाहेर गर्ने)

२) क्रियान्वयी (क्रियासँग सम्बन्ध मात्र भई अन्वय हुने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

क्रमश:..

CC-0. In Public Domain. Digitization by eGangotri

पुन: क्रिया विशेषणलाई मध्यचन्द्रिका मा अर्थका आधारमा चार प्रकारमा बाँडिएको छ:

(क) गुणबोधक (क्रियाको गुण जाहेर गर्ने) राम्ररी, बेसरी आदि ।
(ख) संख्याबोधक (संख्या बुझाउने): एकपल्ट, दशचोटि आदि ।
(ग) परिमाणबोधक (मात्रा बुझाउने): धेरै,थोरै आदि ।
(घ) अनुकरण (अनुकरण बुझाउने), सर्र, कप्प ।

क्रियान्वयीलाई पनि मध्यचन्द्रिका मा चार प्रकारमा बाँडिएको छ:

(क) स्थान : जहाँ, त्यहाँ आदि ।
(ख) काल : अहिले, अब ।
(ग) निषेधादि: न ।
(घ) क्रियान्तरबोधक (उत्तर क्रिया, पूर्वक्रिया, सङ्केत क्रिया) खाएर, खान, खाए आदि ।

यसरी परंपरागत व्याकरणमा क्रियायोगीलाई क्रिया-विशेषण र क्रियान्वयी गरी दुई किसिममा विभाजन गर्नाको मूल आधार अव्यय र क्रिया पद बीचको अर्थगत संबन्ध हो कि जस्तो अनुभव हुन्छ। क्रिया विशेषणभित्र यस्ता अव्यय पर्दछन् जसले क्रियाको विशेषता जनाउँछन् र क्रियान्वयी अव्यय चाहिँ ती हुन् जुन अव्यय क्रियाको आधारमा क्रियासँग अन्वित हुन्छन् ।

क्रिया विशेषणले क्रियाको विशेषता निम्नलिखित ढङ्गले प्रकट गर्ने कुरा मध्यचन्द्रिका मा मानिएको छ:

क) गुणबोधक ढिलो, चाँडो-जस्ता किसिमलाई बुझाई क्रियासित अन्वय हुने अव्यय: राम्ररी, छिटो, तुरुन्त आदि ।

ख) संख्या आवृत्तिबोधक (क्रियाको संख्याको आवृत्ति बुझाउने): एकपल्ट दशचोटि आदि ।

ग) परिमाणबोधक :(यति,उति,धेरै,थोरै आदि परिमाण बुझाउने): यति थोरै, अलिकति आदि ।

घ) अनुकरण क्रियाको अनुकरण बुझाउने: सर्र, च्याप्प आदि) क्रियान्वयीका चाहिं जम्मा चार भेद मध्यचन्द्रिका मा छुट्याइएका छन्:-

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क) स्थानबोधक (क्रियाको आधारस्थल बुझाउने): यहाँ, वहाँ, वहाँ, घर, वन आदि ।

ख) कालबोधक (क्रियाको आधार रहेको काललाई जनाउने): कहिले, हिजो आदि ।

ग) निषेधादि बोध (क्रियाको निषेध आदि बुझाउने): न ।

घ) क्रियान्तरबोधक (पूर्व वा उत्तर कालिक तथा सहनकतार्थ असमापिका क्रियालाई बुझाउने) खा-न, खा-एर, खा-ए आदि ।

द्रष्टव्य

क्रियान्वयीको उपर्युक्त वर्गीकरणमा कहीं अर्थगत (स्थान र कालबोधक) आधारमा कहीं कार्यगत र कहीं के कस्ता पदबाट यी क्रियान्वयी बनेको हो भन्ने विविध आधार लिइएको देखिन्छ । वास्तवमा क्रियान्तर-बोधक मानिएका क्रियान्वयीहरूबारे शुद्ध अर्थगत दृष्टिले चाहिँ चर्चा भएको पाइन्न ।

२) नामयोगी अव्यय:

नामसँग विभक्ति, झैं टाँसिन सक्ने र छुट्टै आफ्नो भाव बुझाउन सक्ने अव्यय नामयोगी अव्यय हुन् भन्ने मानी यिनमा तिर, तर्फ, सँग आदिलाई समावेश गरिएको छ ।

नेपाली भाषामा अव्ययलाई व्याकरणात्मक कार्य र अर्थगत आधारमा निम्नलिखित प्रकारमा पनि बाँड्न सकिन्छ:-

(१) क्रिया विशेषण
(२) सार्वनामिक क्रिया विशेषण
(३) विशेषार्थ द्योतक
(४) सार्वनामिक विशेषार्थ द्योतक
(५) विभक्तिक
(६) संयोजक
(७) निपात

(१) क्रिया-विशेषण:

क्रियासित सम्बन्धित भई क्रियाको आधारका रूपमा काम गर्ने वा क्रियाको अर्थको विशेषता जनाउने अव्ययलाई क्रिया-विशेषण भनिन्छ । संरचनात्मक र अर्थगत आधारमा क्रिया-विशेषणलाई मुख्य रूपमा निम्नलिखित अनुसार विभाजित गर्न सकिन्छ:

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क) काल वाचक: क्रियाको कार्य-व्यापारको आधारस्वरूप रहेको काललाई बुझाउने । जस्तै:-

राम भरे आउँछ ।

ख) देशवाचक:- क्रियाको कार्य व्यापारको आधार-स्वरूप जस्तै: राम घर जान्छ ।

ग) रीति वाचक: त्यस्तो क्रिया-विशेषण जसले क्रियाका कार्य-व्यापार हुने तरीका वा ढङ्गलाई प्रकट गर्दछ । जस्तै:

ऊ राम्री लेख्छ । (राम्रोसँग लेख्ने ढङ्ग)

ऊ तुरुन्तै गयो । (तुरुन्तै जाने काम)

द्रष्टव्य:

अनुकरणात्मक मूलबाट बनेका अव्यय यसै कोटिमा पर्छन् । जस्तै:

म तिमीलाई झलझली सम्झन्छु

आज झलमल्ल घाम लाग्यो

घ) परिमाणवाचक: क्रियाका कार्य-व्यापारको परिमाण बताउने जस्तै: ऊ कुरा धेरै गर्छ । ऊ अलिअलि बोल्छ

ङ) परिस्थिति वा हेतुवाचक: कारण, प्रयोजन, सङ्केत आदि बुझाउने । पानी पनाले बाटो हिलो भयो ।

मोटामोटीमा उपर्युक्त किसिमको विभाजनका आधारका रूपमा नेपाली भाषाका प्रश्नवाचक सार्वनामिक क्रिया विशेषणलाई लिन सकिन्छ । उदाहरणार्थ:

प्रश्न	क्रिया विशेषणको प्रकार	उत्तर
१. कहिले ?	समयवाचक	हिजो, बिहान, अहिले, भरे, भोलि आदि ।
२. कहाँ ?	स्थानवाचक	घर, वन, भित्र, बाहिर, तल, माथि..
३. कसरी वा कसो ?	रीतिवाचक	सम्हालेर, राम्रो, राम्रो गरी,
४. कति ?	परिमाणवाचक	धेरै, थोरै, अलिकति, ...
५. किन ?	कारण वा हेतुवाचक	खान, खानाले

द्रष्टव्य:

१-४ सम्मका अव्यय बाहेक अन्य सबै क्रियाविशेषण अव्ययलाई किन ? का महलमा राख्न सकिन्छ ।

क्रमशः....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) सार्वनामिक क्रिया विशेषण

यसलाई निम्नलिखित तालिकाद्वारा प्रस्तुत गर्न सकिन्छ:

	दर्शक	सम्बन्ध	प्रश्न	निश्चय	अनिश्चय
स्थानवाचक	यहाँ त्याहाँ वहाँ	जहाँ	कहाँ		
कालवाचक	कहिले, जब	जहिले, जुन	कहिले, कब		
परिमाण-वाचक	यति, त्यति, उति	जति	कति		
रीतिवाचक	यसो, उसो, यसरी, त्यसरी, उसरी	जसरी	कसरी		
कारणवाचक		जिन	किन		

(३) विशेषार्थद्योतक अव्यय: यस्ता अव्ययले क्रिया, क्रियाविशेषण र विशेषणको विशेषता प्रकट गर्छन् जस्तै:-

राम भन्न साह्रो कुद्यो (साह्रो क्रिया विशेषणको विशेषता जाहेर गर्ने)।

राम भन्न असल छ (असल विशेषणको विशेषता जाहेर गर्ने)

यस्ता अन्य शब्द हुन्: प्रशस्त, ज्यादै, धेरै, थोरै, इत्यादि।

(४) सार्वनामिक विशेषार्थद्योतक अव्यय

उ, कति कुदेको।

ऊ कति चाँडो कुदेको।

ऊ कति असल मान्छे।

अव्यय: कति, यति आदि।

(५) विभक्तिक अव्यय

नामिक पदका पछिल्तिर टाँसिई मूलत: कर्ता, कर्म आदि कारकको चिन्हस्वरूप हुने र कृदन्त वा अव्ययमा लागि विभिन्न प्रकारका विभक्तिगत पदावली बनाउने अव्यय नै विभक्तिक अव्यय हुन्।

क्रमश:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यिनका बारेमा वाक्य अन्तर्गत नै उल्लेख भइसकेको छ। विभक्तिको कार्य गर्ने तथाकथित 'नामयोगी' अव्यय पनि यसै अन्तर्गत आउँछन्।

(६) संयोजक अव्यय

संयोजक मूलतः स्वाधीन संयोजक (संयुक्त वाक्यका वाक्यखण्डलाई जोड्ने) र अधीन संयोजक (मिश्र वाक्यका वाक्य-खण्डलाई जोड्ने) गरी दुई प्रकारका छन्। कतिपय संयोजक पद, पदावली, र वाक्य-खण्डलाई जोड्ने हुन्छन् भने कतिपय चाहिँ वाक्य खण्डलाई मात्र जोड्ने पनि हुन सक्छन्। जस्तै:

स्वाधीन संयोजक	अधीन संयोजक
र, तथा, अनि परन्तु,	'कि....... भने
किन्तु, तर पनि.... पनि	कि
इत्यादि।	इत्यादि।

(७) निपात अव्यय:

वाक्य-अन्तर्गत वा वाक्य-स्थानिक भई वाक्यमा टुप्लुकिएर (नि + पात) विशेष अर्थद्योतन गर्ने अव्यय नै निपात हुन्। यिनको वर्गीकरण वाक्य शिक्षण अन्तर्गत नै गरिसकिएको छ। परंपरागत व्याकरणमा वा ग्रंत विस्मयादिबोधकलाई पनि निपात अन्तर्गत नै राखी कथ्य नेपाली शिक्षण अन्तर्गत नै केलाइएको छ।

७.१.७. पदकोटिकाहरूका बीच विचलन

माथिका पद विभाग अन्तर्गत पदहरूको वर्गीकरण संरचनात्मक र कार्यगत आधारमा गरिएको छ। परन्तु कुनै खास एउटा पद-विभागमा वा पद-विभागत अन्तर्गत एक कोटिमा पर्ने पदले अर्को पद विभागमा वा त्यस अन्तर्गत अर्को कोटिको कार्य खासखास परिस्थितिमा गर्न नसक्ने चाहिँ होइन। शिक्षकले यस्ता कुरामा राम्रो ध्यान पुर्याउनु पर्छ अन्यथा विद्यार्थीहरूमा ठूलो भ्रम हुन जान्छ। जस्तै:-

(१) विशेषण: राम छिटो छ।

(.. रीतिवाचक क्रिया विशेषण: राम छिटो कुद्छ।

(२) स्थानवाचक क्रिया विशेषण राम माथि गयो।

विभक्ति वा नामयोगी राम टेबुल माथि बस्यो।

जस्तै:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) सर्वनाम: हजुर, यता सवारी होस् ।

प्रतिक्रियार्थक निपात: हजुर । (ठूलाले सानालाई बोलाउँदा प्रतिक्रिया स्वरूप आउने निपात)

७.२. शिक्षण-विधि

१) शिक्षकले पदविचार के हो र के कस्ता आधारमा पद-विभागमा पदहरूको वर्गीकरण गरिन्छ भन्ने कुरा उदाहरणसहित विद्यार्थीलाई बताइदिने र कक्षामा प्रश्नोत्तर गरी थप उदाहरणद्वारा सो वर्गीकरण अझ स्पष्ट गरिदिने ।

२) छ्यासमिस रूपमा पर्याप्त विभिन्न उदाहरणहरू श्यामपाटीमा लेखी तिनको विश्लेषण र सामान्यीकरण गर्दै नेपाली पद-विभाग अन्तर्गतका नाम, विशेषण, सर्वनाम, सार्वनामिक विशेषण, क्रिया तथा अव्यय पदहरू (पदविभाग) लाई के कस्ता आधारमा के कति प्रकारमा विभाजित गर्न सकिन्छ भन्ने कुरा कक्षामा शिक्षकले स्पष्ट्याइदिने । कुनै एक पद विभाग र त्यसका भेदोपभेदबारे लेख्नाका निम्ति गृहकार्य पनि दिने ।

३) कुनै खास पद विभाग अन्तर्गतका विभिन्न प्रकारका पदहरू परेको अनुच्छेद श्यामपाटीमा लेखी वा लखाई वा थियो गरी विद्यार्थीहरूलाई वितरण गरी त्यस अनुच्छेदमा परेका पदहरू चिन्न वा चिनाउन शिक्षकले आफ्ना सुपरिवेक्षणमा कक्षा कार्य गराउने । यस्तै प्रकारको गृहकार्य पनि दिने ।

४) पद-विभागका दृष्टिले खास-खास समस्या जस्ता देखिएका पदहरू शिक्षार्थीलाई टिपाई तिनको वर्गीकरण गरी वाक्यमा प्रयोग समेत गर्नाका निम्ति कक्षाकार्य गराउने ।

५) कक्षामा पद-विचार अन्तर्गतका खास पदविभाग वा पदका प्रकारहरूमा पर्ने पदहरू श्यामपाटीमा लेखी शिक्षार्थीहरूलाई ती पदहरू के कस्ता हुन् चिन्हका निम्ति सोध्ने । सही उत्तर प्राप्त भए पछि त्यसको कारण सोधी छलफल गराउने ।

क्रमशः...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७.३. मूल्यांकन विधि

१) पद–विचार के हो र केकस्ता आधारमा पदहरूलाई खास पद–विभागमा राखिन्छ भन्नेबारे उदाहरण सहित लेख्न लगाउने ।

२) कुनै खास पद विभाग अन्तर्गतका पदहरूको संरचनात्मक वा अर्थगत वर्गीकरण उदाहरणसहित लेख्न शिक्षार्थीलाई लगाउने ।

३) कुनै पद-विभाग अन्तर्गतका खासखास पदहरू भएको अनुच्छेद दिई त्यसमा परेका पदहरू के कस्ता प्रकारका हुन् बताई वाक्यमा प्रयोग गर्न लाउने अथवा ती प्रकारबारे कारण सोध्ने ।

४) पदविभाग अन्तर्गतका खास प्रकारका दशबाह्र पदहरू दिई तिनका परिचयका साथै वाक्यमा प्रयोग गर्न सोध्ने । अथवा यसमा ६–७ पद दिई वाक्य-प्रयोगका साथै कारणसहित परिचय पनि सोध्ने ।

७.४. पाठ्य सामग्री (प्रस्तुत पाठ्यवस्तुका शिक्षणका निम्ति प्रमुख सामग्रीहरू:-

१. मध्यचन्द्रिका (बाह्रौं संस्करण), संबन्धित अंशमात्र ।
२. बृहत् नेपाली व्याकरण, संवन्धित अंशमात्र ।

::-हरि-::

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८. भाषा तत्व परिचयको शिक्षण निर्देशन

सम्बन्धित पाठ्यांश	एकाइ	शीर्षक
नेपाली ४७१	(क)	(१) भाषाका परिभाषा र विशेषता-को संक्षिप्त परिचय
		(२) भाषाका भेदहरूको संक्षिप्त परिचय
		(३) नेपाली भाषाको उद्भव र विकास-को संक्षिप्त परिचय
		(४) राष्ट्रभाषाका रूपमा नेपाली भाषाको अभ्युदय र वर्तमान स्थिति को परिचय

८.१ भाषा परिचयको शिक्षणको प्रयोजन

उक्त पाठ्यांशको एकाइ 'क' मा भाषापरिचय अन्तर्गत विभिन्न पाठ्यवस्तुहरू समावेश गरिएका छन् ती पाठ्यवस्तुहरूबाट भाषाका सम्बन्धमा गरिएका विभिन्न परिभाषा र,भाषाका विशेषताहरूको परिचयका साथै भाषामा देखा पर्ने विभिन्न भेद-हरूको परिचय विद्यार्थीहरूले प्राप्त गर्नेछन् भन्ने उद्देश्य राखिएको छ । यस अतिरिक्त उक्त एकाइका अन्य पाठ्यवस्तुहरूबाट नेपाली भाषाको उद्भव र विकासको सामान्य जानकारीका साथै राष्ट्र-भाषाका रूपमा नेपालीको अभ्युदय वर्तमान स्थितिको समेत सामान्य जानकारी प्राप्त होस् भन्ने लक्ष्य रहेको देखिन्छ ।

८.२. भाषाको परिभाषा र विशेषता बारे

भा भाषाको परिभाषा र विशेषताको शिक्षण गर्ने क्रममा पाठ्यपुस्तकमा नै विस्तार पूर्वक उल्लेख गरिएको छ । त्यसका साथै यी बुंदाहरूमा पनि शिक्षकले ध्यानदिनु उपयुक्त हुनेछ । भाषालाई व्यवहारका रूपमा हेर्नेहरू भाषालाई भाषिका समुदायका सदस्य-हरूले परस्परमा सम्पर्क गर्ने उच्चार्य श्रव्य, परम्परागत यादृच्छिक वाक्प्रतीकहरूको व्यवस्था मान्दछन् । संरचनात्मक भाषाशास्त्रीहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकारका परिभाषालाई महत्त्व दिए तापनि अन्य परिभाषा-हरू पनि छन् । भाषाका मूलभूत विशेषताहरूलाई पनि यस परिभाषाले केही हदसम्म समेटेको छ । संक्षेपमा भाषाका निम्नलिखित विशेषताहरूको चर्चा गर्नु सकिन्छ ।

(१) भाषा मूलतः उच्चार्य रूपमा प्रकट हुन्छ भने श्रव्य रूपमा त्यसको ग्रहण हुन्छ । यस अर्थमा भाषाका निम्ति वक्ता र श्रोताको आवश्यकता हुन्छ । कुनै वक्ता अर्को पटक श्रोता हुन सक्छ भने कुराकानीमा श्रोता पनि वक्ताको भूमिका खेल्न सक्छ । यसलाई पारस्परिक विनिमयले भनिन्छ।

(२) भाषा परम्परागत हुन्छ । व्यक्तिले अघिल्लो पुस्ताबाट भाषा सिक्छ र समाजमा प्रयोग गरी आउने पुस्तालाई हस्तान्तरण गरेर जान्छ ।

(३) भाषिक रूप र तिनले जनाउने अर्थका बीचमा भएको सम्बन्ध यादृच्छिक हुन्छ । उदाहरणका रूपमा 'टोपी' नामक वस्तु र त्यसलाई जनाउने 'टोपी' ध्वनिप्रतीकहरूबीच खास, नित्य वा सार्वभौमिक सम्बन्ध छैन । जुन वस्तुलाई नेपालीमा टोपी भनियो त्यसलाई अंग्रेजीमा क्याप भनिन्छ । यसै गरी 'टोपी' का निम्ति भिन्नाभिन्न भाषामा भिन्नाभिन्नै शब्द छन् ।

(४) भाषा मूलतः मुखोच्चारित ध्वनिका रूपमा अर्थात् वाक्का रूपमा प्रकट हुन्छ र यी ध्वनिसमष्टिले कुनै वस्तु, विचार भाव वा कार्यको संकेत गर्छन् । उदाहरणका रूपमा मुखोच्चारित 'कलम' शब्दले एक प्रकारको लेख्ने साधनलाई जनाउंछ । ध्वनि-प्रतीक भनेको कुनै विषय वा वस्तुलाई जनाउन उच्चारित वाक्स्वरूप हो । तर त्यसैलाई ती उच्चारित वाक्प्रतीक-लाई कागतका पानामा प्रस्तुत गर्दा लेख्य रूप दिइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५) भाषा व्यवस्था हो । यस्ता भाषिक व्यवस्थामा प्रत्येक भाषाका वर्ण, व्याकरण र अर्थ सम्बन्धी व्यवस्थालाई अघिसार्न सकिन्छ । नेपालीको वार्णिक व्यवस्थामा पदान्तमा संयुक्त व्यंजन आउन नसक्ने हुंदा त्यसपछि स्वर थपी उच्चारण गर्ने प्रक्रिया देखिन्छ । जस्तै:- वी रग)-ज, पोस्ट, । नेपाली व्याकरणको लिंग व्यवस्थामा क्रियापद र विशेषणले मानवलाई पुलिंगी र स्त्रीलिंगीमा भेद गर्छन । संस्कृतको तिङन्ती क्रियामा र अंग्रेजीको विशेषणमा यस प्रकारको भेद पाइन्न । नेपालीमा दाजु र भाइ भनेकोलाई अंग्रेजीमा ब्रदर र हिन्दीमा भई एवं शब्दद्वारा जनाउनु जस्ता कुरालाई उपार्थ व्यवस्थाभित्र राख्न सकिन्छ । यसरी प्रत्येक भाषामा व्यवस्था हुन्छ र भाषाअनुसार नै तिनका आ-आफ्ना विशेषता हुन्छन् । ती प्रत्येक व्यवस्थाका पनि एक वा अनेक उपव्यवस्था हुन सक्छन् ।

८.३ भाषाका भेदहरूको संक्षिप्त परिचय बारे ।

भाषाका भेदहरूको संक्षिप्त परिचयका बारेमा चर्चा गर्दा भाषिक भेद भनेका के कस्ता हुन् भन्ने कुरामा शिक्षक स्वयम् स्पष्ट हुनु आवश्यक छ । यस सन्दर्भमा पाठ्य सामग्रीमा विस्तारपूर्वक वर्णन पाइए तापनि निम्नलिखित बुंदाउपर विचार गर्नु यहां प्रासंगिक हुनेछ:

भाषा मूलत: अनेकात्मक हुन्छ र प्रयोगमा यो विभिन्न भेदहरूमा प्रकट हुन्छ । वस्तुत: विभिन्न भेदको समष्टि नै भाषा हो अर्थात् प्रत्येक भाषा विभिन्न भेदहरू मिलेर बनेको हुन्छ । यस्ता भेदहरू प्रयोग, प्रयोगकर्ता र परिस्थितिका विविधताबाट उत्पन्न भएका हुन्छन् र तिनेदताभित्र निश्चित व्यवस्था र ढांचा हुन्छन् । प्रत्येक भेदले भाषिक व्यवस्था अन्तर्गत नै आफ्नै उप-व्यवस्था बनाउंदछ । कसले कसलाई कुन परिस्थिति वा सन्दर्भमा कुन विषयमा कसरी के भन्छ भन्ने प्रश्नको उत्तरबाट भाषिक भेद-हरू छुट्याउन सकिन्छ । भाषाको प्रयोगकर्ताको पृष्ठभूमिका आधारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हामी भाषाको क्षेत्रीय र सामाजिक भेद छुट्याउन सक्छौं। कुनै पनि भाषाका वक्ताको सम्बन्ध जुनठाउंसित छ त्यस ठाउंमा बोलिने भाषिक भेद उसले सिकेको हुन्छ र सोही भेद उसले प्रयोग गर्दछ। यस्ता ठाउं वा क्षेत्रका आधारमा पाइने भाषिक भेदलाई क्षेत्रीय भाषिका भनिन्छ। क्षेत्रीय भाषिका के हुन् र नेपालीमा के कति छन् भन्ने बारे विस्तारका साथ जानकारीका लागि संबन्धित पाठ्यसामग्री मद्दत लिन सकिन्छ। त्यस्तै भाषाका प्रयोक्ताको सामाजिक पृष्ठभूमिमा आधारित भेदलाई सामाजिक भाषिका भनिन्छ। प्रयोक्ताको सामाजिक पृष्ठभूमि भन्नाले ऊ कुन वर्ग कुन जात वा जातिको हो वा शिक्षित-अशिक्षित, धनी-गरीब, उच्च कुलीन वा साधारण के कस्ता खानदानको हो वा कति उमेर र कुन लिंगको हो जस्ता कुराहरू आउंछन्। सामाजिक भेद छुट्याउन यी माथिका तथ्यहरूले सहायता पुऱ्याउंछन्। उदाहरणार्थ नेपाली भाषाका सामाजिक भेद वा भाषिकाहरू जात, जाति, कुलीनता, वर्ग आदिका आधारमा छुट्याउन सकिन्छ। उच्चकुलीन हरूले प्रयोग गर्ने भाषिक भेद र साधारणले प्रयोग भाषिक भेद छुट्टै छन्। (खासखास शब्दहरू (भुजा = भात, सुकला = सुत्नेकाम, सबारी = हिंड्नेकाम आदि) र विशेष आदरार्थी सर्वनाम र क्रियाको प्रयोगबाट उच्चकुलीन भाषिक भेद वा भाषिका अन्य भाषिक भेद वा भाषिकाबाट छुटिन्छ। जस्तै:-

कुलीन सामाजिक भेद वा भाषिका: आज हजुर बाहिर सवारी नहुने?

साधारण सामाजिक भेद वा भाषिका: आज तपाईं बाहिर नजाने?

त्यस्तै अन्य वर्ग, शिक्षा, जात, जाति आदिका आधारमा पनि सामाजिक भेद वा भाषिका छुट्याउन सकिन्छ। यी क्षेत्रीय र सामाजिक भाषिका भाषाको प्रयोक्ताका आधारित भेद हुन्।

भाषाको प्रयोगका आधारमा भाषाको प्रयोजनपरक भेद, लेख्य र कथ्य भेदका साथै भाषिक शैलीहरू छुटिन्छन्। भाषाको प्रयोग कुन विषयका निम्ति भएको छ सो अनुसार हुने भाषिक भेद नै प्रयोजनपरक भेद हो। एउटा कानुनी व्यक्तिले अर्को कानुनी व्यक्ति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सित कानुनका विषयमा प्रयोग गर्ने भाषा अन्य विषयमा प्रयोग हुने भाषा भन्दा छुट्टै विशेषता भएको हुन सक्छ । यस्ता भेदका वाक्यगठन, शब्द तथा शैली आदिमा आफ्नै पन हुन सक्छ। त्यस्तै जुन विषयमा प्रयुक्त भाषा हुन्छ सो विषयअनुसार त्यसमा प्रयुक्त भाषाको आफ्नै विशेषता हुन्छ । अखवारमा खबरका रूपमा दिइने भाषा र साहित्यमा प्रयोग हुने भाषा आफ्नै प्रकारका विशेषताले एक अर्कासित छुट्टिन्छन् ।

त्यस्तै भाषाको अर्को भेद त्यसलाई प्रकट गर्ने माध्यमका आधारमा छुट्टिन्छ । भाषालाई लेखेर वा बोलेर व्यक्त गर्न सकिन्छ अर्थात् लेखाइका वा बोलाइका माध्यमबाट भाषा अभिव्यक्त गरिन्छ। लेख्य र कथ्य भाषिक भेदका आ-आफ्नै विशेषता हुन्छन् । भाषाको लेख्य रूप कथ्यका अपेक्षा सोची विचारी लेखिनाले ज्यादा मिलेको, लामा वाक्य भएको र उच्चारणमा पनि केही मात्रामा कृत्रिमता (परिवर्तित ध्वनिको पनि लेखाइ अनुसारको उच्चारण हुन्, लेख्य= कोही, कथ्य - काई) जस्ता कुरा हुन्छन् (हेर्नु : स्तरीय कथ्य नेपाली) यस्तै प्रयोगका आधारमा छुट्टिने अर्को भेद शैली हो । वक्ता र श्रोताको सामाजिक सम्बन्ध र परिस्थितिका कारणले यस्तो विभेद छुट्टिन्छ । वक्ताको र श्रोताको पारस्परिक स्तर र सम्बन्ध अर्थात सानो-ठुलो, धनी-गरीब, हाकीम र तल्लो कर्मचारी, भारदार -साधार आदि) र परिस्थिति (औपचारिक अनौपचारिक, आत्मीय आदि) छुट्टिने कारण हुन् ।

उदाहरणार्थ, नेपाली शैलीहरू:

१. कृपया यो फूल नछुनुहोला विनम्र अनुरोध छ ।

२. कृपया यो फूल नछुनु होला ।

३. यो फूल नछुनु होस् ।

४. यो फूल नछोऊ ।

५. यो फूल नछो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालीमा उक्त पांच प्रकारका शैली मात्र छन् भन्ने होइन। यहां केवल उदाहरण मात्र दिइएको हो । नेपालीका शैलीगत भेद-को सूक्ष्म अध्ययन अपेक्षित छ ।

यी पांच किसिमका शैलीहरूको विभाजनमा वक्ता र श्रोताका बीचको सम्बन्धका साथै औपचारिक, अनौपचारिक, आत्मीय जस्ता परिस्थिति वा प्रसंगको समेत हात रहेको स्पष्ट देखिन्छ ।

(४) नेपाली भाषाको उद्भव र विकासको संक्षिप्त परिचय ।

संसारका भाषाहरूलाई ऐतिहासिक आधारमा वर्गीकरण गरिएको छ र विभिन्न परिवारमा छुट्याइएको छ । यी विभिन्न परिवारमध्ये नेपाली भाषा भारोपेली परिवार भित्र पर्छ । यस परिवारको सतम् वर्ग अन्तर्गत भारतीय आर्यभाषाको विकासक्रममा संस्कृत भाषा प्राकृत हुंदै नेपालीका रूपमा परिवर्तित भएको छ । यो पनि प्राचीन, मध्यकालीन र आधुनिक नेपालीका रूपमा विकसित भई अहिलेको स्थितिमा आएको छ। नेपाली भाषाको उद्भव र विकास प्रक्रियाको चर्चा गर्दा संक्षेपमा भारोपेलीदेखि अहिलेसम्मको ऐतिहासिक विकासक्रम देखाउनुका साथै नेपाली भाषाका विविध भौगोलिक भाषिकाहरूको चर्चा पनि प्रासंगिक नै देखिन्छ ।

८.४ राष्ट्रभाषाका रूपमा नेपाली भाषाको अभ्युदय र वर्तमान स्थितिको परिचय ।

नेपाली भाषा क्रमशः नेपालको पश्चिमी क्षेत्रबाट पूर्वतिर सर्दै आएपछि नेपालका अन्य भाषाभाषीहरूका बीच वैचारिक र भावात्मक सम्पर्कको माध्यमका रूपमा विकसित भयो । यस भाषाले आफ्नो विकास-को पुरुषेरि नै विभिन्न राज्यहरूको राजभाषा हुने गौरव पनि प्राप्त गर्दै आइरहेको थियो । यसरी नेपालको एकीकरण भन्दा अघि नै नेपाली भाषा विस्तृत क्षेत्रमा फैलेको र प्रयुक्त भएको भए तापनि नेपालको एकीकरण पछि नेपाली भाषाको प्रयोग अरू विस्तृत रूपमा प्रशासन, संचार र व्यापक सम्पर्कका रूपमा भएको पाइन्छ र प्रजातन्त्रपछि नेपाली भाषालाई नेपालको राष्ट्रभाषाका रूपमा सम्बैधानिक मान्यता प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको देखिन्छ । त्यसपछिका वर्षहरूमा प्रशासन,संचार, शिक्षा तथा व्यापक सम्पर्कको भाषाका रूपमा नेपालीको विकास र विस्तार हुँदै आइरहेको छ । नेपालका विभिन्न क्षेत्रमा बस्ने नेपालीहरूका आ-आफ्ना रीतिथिती, धार्मिक विश्वास परम्परा र भाषा छन् तापनि नेपाली भाषाले सबैलाई एकै सूत्रमा गाँस्ने काम गरेको छ । प्रशासनका विभिन्न तहमा र संचारको माध्यमका रूपमा नेपाली भाषा-को प्रयोगको निकै विस्तार हुनाका साथै शिक्षाका माध्यमका रूपमा उच्च शिक्षासम्म यसको प्रयोग क्रमिक रूपमा बढ्दै गरको छ । नेपाली भाषाले व्यापक सम्पर्कको भाषाका रूपमा विकास गरेको छ तापनि युगका आकांक्षा र विकासको गति भित्र नेपाली भाषाले अझ धेरै बढ्नु पर्ने देखिन्छ । नेपाली भाषाको वर्तमान स्थितिको चर्चा गर्दा नेपाली भाषा भाषीहरूको भौगोलिक वितरण, शिक्षा, प्रशासन संचार र सम्पर्कका माध्यमका रूपमा नेपालीको प्रयोगको वर्तमान स्थिति राष्ट्रिय जीवनका विविध क्षेत्रमा र देश बाहिर समेत यस्ले पाएको महत्वको समेतको व्याख्या गर्न उपयुक्त हुन्छ ।

८.५ भाषा परिचयको शिक्षण विधि

एकाइ `क` को भाषा परिचय अन्तर्गतका पाठ्यवस्तुहरूको शिक्षण गर्दा निम्नलिखित खालका कार्यकलाप गराउनु आवश्यक छ :

(१) कक्षामा शिक्षकले सर्वप्रथम भाषा के हो भन्ने प्रश्न गरी प्रत्येक विद्यार्थीलाई कपीमा भाषाबारे आफ्नै परिभाषाले लेखि सुनाउन प्रोत्साहित गर्ने र शिक्षकले विद्यार्थीहरूले गरेका ती सबै परिभाषा सुनी आवश्यक टिप्पणी र संशोधन समेत गरी सुनाइ-दिने गर्नु उपयुक्त हुन्छ ।

(२) त्यसपछि शिक्षकले भाषाका सम्बन्धमा विभिन्न विद्वानहरूले गरेका परिभाषाहरू सुनाइदिने तथा टिपाइदिने गर्नुपर्छ र ती प्रत्येक परिभाषाबारे विद्यार्थीहरूलाई सामान्य टिप्पणी गर्न प्रोत्साहित गर्नाका साथै शिक्षकले पनि उक्त परिभाषाबारे आवश्यक टिप्पणी गरिदिई उपयुक्त परिभाषा कुन हुन सक्छ सो समेत बताइदिनु आवश्यक हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) भाषाका विशेषताहरू सिकाउँदा भाषाबारे गरिएका परिभाषाहरू विद्यार्थीहरूलाई पढ्न लाउने र तिनबाट भाषालाई चिनाउन सक्ने विशेषताहरू टिप्न प्रोत्साहित गर्ने, उनीहरूलाई भाषाका विशेषता के के हुन् सक्छन् सोचेर संझेर टिप्न लाई उक्त टिपिएका विशेषताहरू कक्षामा सुनाउन लाउने र छलफल गराउनाका साथै भाषाका विशेषताहरूको अन्तिम सूची तयार पार्ने र पार्न लाउने ।

(४) शिक्षकले भाषाका प्रत्येक विशेषताहरूको परिचय, व्याख्या र स्पष्टीकरण दिने र उक्त क्रममा विद्यार्थीहरूलाई समेत ती विशेषताहरूको परिचय र स्पष्टीकरण दिने प्रोत्साहित गर्ने।

(५) भाषाका भेदहरूको परिचय सिकाउने क्रममा शिक्षकले पाठ्यांश-मा उल्लिखित प्रत्येक भाषिक भेद(सामाजिक र क्षेत्रीय भेद, कथ्य र लेख्य भेद, प्रयोजनपरक भेद आदि) लाई उल्लेख गरी तिनका सामान्य विशेषताबारे शिक्षकले कक्षामा बताइदिने तथा उक्त भाषिक भेद वा विविधतामाथि विद्यार्थीहरूका बीच प्रश्नोत्तर तथा छलफल गराउने ।

(६) नेपाली भाषाका विभिन्न भाषिक भेदका विशेषताक जनाउने शब्द, शब्दावली, तथा वाक्यहरू विद्यार्थीहरूलाई खोजी टिप्न र कक्षामा सुनाउन लगाइ उक्त सम्बन्धमा छलफल गराउने ।

(७) नेपाली भाषाको उद्भव र विकास बारे शिक्षकले व्याख्यान गरिदिने र उक्त व्याख्यानका बीच बीचमा प्रश्नोत्तर समेतको उपयोग गर्ने ।

(८) उक्त नेपाली भाषाको उद्भवका क्रममा भाषामा आएका परिवर्तनहरू झल्काउने र प्राचीन, माध्यमिक र आधुनिक नेपालीका विकासमा क्रमिक रूपमा आएका परिवर्तनहरू झल्काउने विभिन्न उदाहरणहरू शिक्षकले आफ्नो व्याख्यान-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(८) क्रममा उल्लेख गरी उक्त उद्भव र विकासको प्रक्रिया बुझाउनु आवश्यक छ ।

(९) नेपाली भाषाका क्षेत्रीय भाषिकाहरूको परिचय सिकाउंदा पनि ती भाषिकाहरूको वर्गीकरण गर्नाका साथै प्रत्येक भाषिकाका मुख्य विशेषता झल्काउने उदाहरणहरू पनि कक्षामा प्रस्तुत गरी एक-अर्का भाषिकामा देखा पर्ने खास भिन्नता निर्देश गरिदिनु पर्छ ।

(१०) राष्ट्रभाषाका रूपमा नेपालीको ऐतिहासिक र वर्तमान स्थितिबारे कक्षामा शिक्षकले व्याख्यान गरिदिने र सो उपर प्रश्नोत्तर गर्ने गराउने ।

८.६ मूल्यांकन विधि

भाषा परिचय एकाइ अन्तर्गत रहेका पाठ्यवस्तुहरूको मूल्यांकन गर्दा निम्नलिखित उपाय अपनाउनु पर्छ:

(१) भाषाको कुनै एक उपयुक्त परिभाषा लेखी त्यसको व्याख्या-विश्लेषण गर्ने प्रश्न सोध्ने ।

(२) भाषाको कुनै एक वा दुई विशेषता लेखी तिनको परिचय दिने प्रश्न सोध्ने ।

(३) भाषाका कुनै भेदको परिचय दिन प्रश्न सोध्ने ।

(४) भाषाका कुनै दुई भेदका बीचको भिन्नता देखाउने प्रश्न सोध्ने ।

(५) नेपाली भाषाको उद्भव वा विकासको वर्णन गरी लेख्न प्रश्न सोध्ने ।

(६) नेपाली भाषाका क्षेत्रीय भाषिकाको परिचय दिन प्रश्न सोध्ने ।

(७) भाषिकाहरू मध्ये कुनै दुईका प्रमुख विशेषताहरूको उल्लेख-का साथ तुलना गर्न प्रश्न सोध्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(८) राष्ट्रभाषाका रूपमा नेपाली भाषाको ऐतिहासिक र वर्तमान स्थितिको वर्णन गर्ने प्रश्न सोध्ने ।

८.७. पाठ्य सामग्री

(१) भाषा विज्ञान, ------------------ पृष्ठ... ..

(२) राष्ट्रभाषा, ------------------ पृष्ठ... ...

(३) नेपाली भाषाको उत्पत्ति, ------------ पृष्ठ... ..

(४) नेपाली भाषा र साहित्य, ------------ पृष्ठ... ...

---o---

:कमल:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाल्मीकि विद्यापीठ पुस्तकालयः

प्रत्यावर्तनतिथिः

१२३८८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Acc. No. 12344
Class No 491.495 Book No PAT...
Author पा.ठ्यक्रम विकास केन्द्र
Title अनिवार्य नेपाली शिक्षण

Due on	Borrower's Name	Returned on

12344
891.495
PAT



महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu